# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-II

# नेपाली निबन्ध साहित्य

**NEP (DE) -PG-C 202**

# BLOCK – 2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in; regnbu@nbu.ac.in

Website: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorized act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# नेपाली निबन्ध साहित्य

## BLOCK-1

एकाइ – 1, निबन्धको परिचय, अर्थ, परिभाषा र उद्भव ।

एकाइ - 2, निबन्धको सङ्घटक तत्वहरू ।

एकाइ – 3, निबन्धको प्रकार ।

एकाइ – 4, निबन्धको गठन र भाषाशैली ।

एकाइ – 5, निबन्धको विधागत स्वरूप र यसका अन्य विधासित तुलनात्मक अध्ययन ।

एकाइ – 6, नेपाली निबन्धको थालनी, स्वरूप र विकास ।

एकाइ – 7, नेपाली निबन्धका मुख्य मुख्य प्रवृत्ति र चरणगत मोडहरू

## BLOCK-2

**एकाइ – 8, नेपाली निबन्ध र निबन्धकारको अध्ययन........................8**

**एकाइ – 9, प्रमुख नेपाली निबन्धकारका निबन्धमा पाइने मुख्य विशेषताहरू47**

**एकाइ – 10, नेपाली निबन्धका प्रमुख उपविधाहरू प्रबन्ध, नियात्रा, दैनन्दिनी / दैनिकी, संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, पत्र साहित्य, रिपोतार्ज आदि। ...............................................................................89**

**एकाइ – 11, भारतीय नेपाली निबन्ध विकास परम्परा र केही प्रमुख भारतीय नेपाली निबन्धकारहरूको अध्ययन।..........................................127**

**एकाइ – 12, नेपाली निबन्ध लेखन परम्परामा पत्र – पत्रिकाको योगदान 164**

**एकाइ – 13, नेपाली समालोचनात्मक निबन्धको स्वरूप तथा विशेषता। 207**

**एकाइ 14, नेपाली निबन्धमा हास्य र व्यङ्ग्य।..............................251**

# BLOCK-2 नेपाली निबन्ध साहित्य

यस नपाली निबन्ध साहित्यअन्तर्गत रहेको यस प्रभाग - लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – 8, नेपाली निबन्ध र निबन्धकारको अध्ययन।** यस एकाइमा नेपाली निबन्धको उद्भव तथा लेखन परम्पराको चर्चा गरिनुका साथै नेपाली निबन्ध लेखनको दिशामा देखिने स्थापित निबन्धकारहरूका बारेमा परिचयातमक अध्ययन गरिने छ। यस अध्ययन गनार्थ नेपाली निबन्धको लेखन परम्परालाई यसको पृष्ठभूमि, निर्माणकाल अनि आधुनिकाकालमा यसको लेखन प्रारूपको विवेचना अनि मुख्य मुख्य निबन्धकारहरूको परिचयलाई मुख्य आधार गरी यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ।

**एकाइ – 9, प्रमुख नेपाली निबन्धकारका निबन्धमा पाइने मुख्य विशेषताहरू।** यस एकाइमा नेपाली निबन्धको उद्भव तथा लेखन परम्पराको इतिहासबारे सामन्य चर्चा गर्दै निबन्धको आवशकीय विविध प्रकारहरूबारे चर्चा गरिने छ। यसरी नै नेपाली निबन्ध लेखनको दिशामा देखिने स्थापित निबन्धकारहरूका मुख्य विशेषताहरूकाबारेमा गहन विवेचना गरिने। यस अध्ययन गनार्थ नेपाली निबन्धको लेखन परम्पराको इतिहास, निबन्धका विविध प्रकारहरू अनि नेपाली निबन्ध लेखनका क्षेत्रमा देखापर्ने मुख्य मुख्य निबन्धकारहरूको विशेषताहरूलाई मुख्य आधार गरी यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ।

**एकाइ – 10, नेपाली निबन्धका प्रमुख उपविधाहरू प्रबन्ध, नियात्रा, दैनन्दिनी / दैनिकी, संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, पत्र साहित्य तथा रिपोतार्ज आदि।**

यस एकाइमा निबन्धका प्रमुख उपविधाहरूबारे विषद रूपमा अध्ययन गरिने छ। यस अध्ययन गर्नार्थ निबन्धका विविध उपविधाहरूका स्वरूपगत विवेचनालाई आधार गरी ती उपविधाहरूका विस्तृत अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ।

**एकाइ – 11, भारतीय नेपाली निबन्ध विकास परम्परा र केही प्रमुख भारतीय निबन्धकारहरूको अध्ययन।**

यस एकाइमा भारतीय नेपाली निबन्धको लेखन परम्परालाई विवेचना गरिनेछ। यस अध्ययन गर्नार्थ भारतीय नेपाली निबन्ध साहित्यको सर्वेक्षनात्मक अध्ययन तथा यस विधामा कलम चलाउने प्रमुख भारतीय

नेपाली निबन्धकारहरूका लेखन विशेषतालाई आधार गरी अध्ययन र विश्लेषण यस एकाइमा गरिने छ।

**एकाइ –12, नेपाली निबन्ध लेखन परम्परामा पत्र - पत्रिकाको योगदान।**

यस एकाइमा निबन्धको लेखन परम्परालाई अघि बढाएर लैजानुमा पाश्चात्य मुलुकका तथा भारतीय मूलका पनि हिन्दी र बङ्गला हुँदै नेपाली भाषा-साहित्यका पत्र-पत्रिकाहरूले पर्याएको योगदान विषयक विवेचना गरिनेछ। यस अध्ययन गर्नार्थ पाश्चात्य नेपाली निबन्ध लेखन साहित्यको अध्ययन तथा निबन्ध लेखन परम्परामा त्यतातिर देखापर्ने प्रमुख पत्र-पत्रिका अनि भारतीय मूलमा पनि विशेष नेपाली भाषामा लिखित पत्र-पत्रिकाहरूले पुर्याएको योगदानलाई  आधार गरी अध्ययन र विश्लेषण यस एकाइमा गरिने छ।

**एकाइ – 13, नेपाली निबन्धको समालोचनात्मक निबन्धको स्वरूप तथा विशेषता।**

यस एकाइमा समालोचनात्मक निबन्धको परिचय तथा विशेषताको अध्ययन गरिने छ। यस अध्ययन गर्नार्थ नेपाली समालोचनात्मक निबन्धको परम्परागत लेखन अवस्थिति के कस्ता रही आएका छन् अनि प्रमुख समालोचनात्मक नेपाली निबन्ध लेखनको क्षेत्रमा देखापर्ने देखा प्रमुख निबन्धकारहरूका लेखन विशेषतालाई आधार गरी यस एकाइमा विशद् विवेचना गरिने छ।

**एकाइ – 14, नेपाली निबन्धमा हास्य र व्यङ्ग्य।** यस एकाइमा हास्य र व्यङ्ग्यको परिचय, नेपाली निबन्धमा हास्य व्यङ्ग्य लेखन परम्परा र नेपाली हास्य व्यङ्ग्य निबन्ध लेखनको परम्परामा देखापर्ने प्रमुख निबन्धकारहरूबारे विषद रूपमा अध्ययन गरिने छ। यस अध्ययन गर्नार्थ नेपाली हास्य र व्यङ्ग्य निबन्ध लेखन परम्परामा देखिएका विविध प्रवृत्तिहरूको परिचयात्मक विवेचना तथा निबन्धकारहरूका विशेषतालाई आधार गरी यस अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ।

# एकाइ – 8, नेपाली निबन्ध र निबन्धकारको अध्ययन

8.0 उद्देश्य

8.1 परिचय

8.2 नेपाली निबन्ध लेखनको परम्परा

8.3 नेपाली निबन्धकारको अध्ययन

8.4 उपसंहार

8.5 सार

8.6 अनुशीलनी

8.7 अतिरिक्त अध्ययन

8.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 8.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नेपाली निबन्धको लेखन परम्परा
- नेपाली निबन्ध लेखनमा देखिने मुख्य - मुख्य निबन्धकारहरूका परिचयात्मक अध्ययन

## 8.1 परिचय

हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो। निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो। पाश्चात्य जगतमा फ्रान्स, बेलाइत अनि भारतीयमूलमा हिन्दी, बङ्गलाहुँदै नेपाली भाषा – साहित्यमा भित्रिने यस विधाले विगतमा धेरै समस्याहरू तथा कठिन्याईँहरूको सामना गर्नु परेको पाइन्छ। तर विश्व समाजमा मानव सोंचको प्रगतीसितै विविध मूल्य र मान्यताहरूको उद्भवको परिणाम फलतः आज आएर यस विधाले पनि साहित्यका अन्य विधाहरू सरह झ्याँगिने र फस्टाउँने सुयोग पाएको देखिन्छ। आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै नेपाली निबन्ध लेखन परम्परालाई अघि बढाएर लगेका देख्दा यो विधाले निकट भविष्यमा अझ प्रगति गर्न सक्ने अधिक सम्भावना देखन्छ।

# 8.2 नेपाली निबन्ध लेखन परम्परा

नेपाली गद्यको प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहास कोट्ट्याउनुपर्ने हुन्छ। अहिलेसम्मको खोज अनुसार लेख्य सामग्रीको अध्ययन गर्दा नेपाली भाषा प्रारम्भमा गद्यरूपमै व्यक्त भएको देखिन्छ। यस कुराको उदाहरणका निमित्त प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ। शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं। शिलापत्र, ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले के स्पष्ट पार्दछ भने मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति

रहन्छ- त्यो वाणी जुनसुकै विषयसँग पनि सम्बद्ध किन नहोस्। प्रारम्भमा यो प्रवृति सीमित क्षेत्रभित्र खुम्चिएको हुन्छ तर कालक्रममा पछि त्यो क्रमशः विस्तारित हुँदै गएर साहित्यका क्षेत्रमा त्यसले प्रवेश पाउँछ। तसर्थ साहित्यिक निबन्धलाई अभिलेखको प्राचीन परम्परासँग सम्बद्ध गर्नु समीचिन हुन जान्छ।

विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली गद्यले साहित्यिक रूप पाउनुभन्दा पहिले कुन-कुन स्थितिलाई पार गर्दै इतिहासको निर्माण गऱ्यो त्यसको जानकारी प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूको विश्लेषण गर्दा प्राप्त हुन्छ। नेपाल एकीकरण अभियानबाट नेपाली मात्रमा जुन प्रकारको सांसकृतिक र राजनैतिक जागरण आयो त्यसको प्रतिबिम्ब समयसापेक्ष नेपाली निबन्धमा गद्यमा संस्कृतिकै प्रभाव प्रत्यक्ष रूपले पर्न थाल्यो। प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भए भने आख्यानेतर फाँटतर्फ अर्कातिर योग तथा अध्यात्म विषयका धार्मिक पुस्तकहरू अनूदित भएर गयो। प्रारम्भका लक्ष्मी-धर्म संवाद, तुलसीस्तव, गोरक्ष योगशास्त्र, राजधर्म, वाणोपनिषद्, आत्मबोध, योगवाशिष्ट सार, वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ। संस्कृतबाट सोझै गृहीत यी गद्यहरू तत्कालीन बौद्धिक परिवेशका अनुकूल थिए। त्यस बेला संस्कृत बाङ्मयको प्रभाव कति धेरै थियो। भने राजनैतिक शिक्षाको मूल स्रोतका रूपमा पनि संस्कृतलाई नै लिएको थियो। यसरी हेर्दा प्रारम्भका नेपाली गद्यमा तत्कालीन बौद्धिक वातावरण प्रतिबिम्बित भएको पाइन्छ।

नेपाली साहित्यमा माध्यमिक कालको प्रारम्भ सं. 1940 तिरदेखि भएको मानिन्छ। यसै कालमा नेपाली साहित्यले मुद्रण-युगमा प्रवेश गरेको र नेपाली पत्रकारिताको समेत उदय भएकाले यो युग धेरै महत्त्वपूर्ण रह्यो।

गोर्खापत्र, माधवी, चन्द्र, गोर्खाली, चन्द्रिका, जन्मभूमि, गोर्खा संसार, नेपाली साहित्य सम्मेलन पत्रिका आदिमा प्राकाशित भएका निबन्धहरू यस कुरामा प्रमाणका रूपमा हामी अघि उभिएका पाइन्छन्। त्यस बेला नेपालमा जहानियाँ राणाशासन भएको हुँदा बौद्धिक वातावरण शून्यप्रायःनै रहेको थाहा लाग्छ। नेपाली जनतालाई बौद्धिक वातावरणमा राख्नु राणशासनको नीतिको विरूद्ध थियो। त्यसैले गोरखापत्रले नेपाली निबन्धका निमित्त उल्लेखनीय ठोस योगदान दिन सकेन। तर भारतका दार्जीलिङ, बनारस देहरादूनतिर बस्ने नेपालीहरू भने जातीय उन्नतिको चेत्नाद्वारा प्रेरित थिए। भारतका ती ठाउँहरूमा बौद्धिक जागरणका लागि अनेक प्रयासहरू भए, जसमध्ये एउटा थियो पत्रपत्रिकाको प्रकाशन तथा सम्पादन। यस्ता प्रयासहरू नेपाली निबन्धको स्वरूपात्मक विकासका लागि वरदान सिद्ध हुँदै गएको देखिन्छ। त्यसैले नेपाली निबन्धको इतिहासमा सर्वप्रथम भारतबाट प्रकाशित भएका पत्रपत्रिकाहरूबाटै परम्पराको निर्माण भएको पाइन्छ।

गो. भा. प्र. स. (पछि ने. भा. प्र. स.) एक सक्रीय प्रकाशन संस्था पनि थियो, जसले प्रकाशित गरेका विभिन्न विषयका पाठय तथा अन्य पुस्तकहरूबाट तत्कालीन शैक्षिक वातावरणको परिचय पाउन सकिन्छ। यस समितिको कार्यक्षेत्र केवल काव्य वा साहित्यमा मात्र सीमित थिएन। वाङ्मयका प्रायः सबै पक्षमा यस समितिले तत्कालीन परिस्थितिअनुकूल योगदान दियो। यस समितिले नेपाली भाषाको स्तरीकरणका लागि गरेको प्रयास ऐतिहासिक महत्त्वको थियो। यसले प्रकाशित गरेका पुस्तकहरू हेर्दा के देखिन्छ भने नेपाली गद्यसाहित्यलाई शिक्षाका रूपमा प्रयोग गरेर अधिराज्यभर राष्ट्रभाषा नेपालीको प्रचार गर्ने सत्प्रयास यस संस्थाले प्रथमपल्ट गर्‍यो। सामजिक स्थिति र बौद्धिक चेतनाको प्रेरणाबाटै नेपाली निबन्धको मध्ययुगीन स्वरूप निर्मित भयो। सं. 1997 को शहीद काण्ड

देशमा चेतनाको वृद्धिका लागि उत्प्रेरक बन्यो। यसरी देशमा राजनैतिक वातावरण जटिल बनिरहेको र मध्यमवर्गीय चेतना बौद्धिकतातर्फ अग्रसर भइरहेको स्थितिमा सं. 1991 मा शारदाको प्रकाशन भयो। नेपाली साहित्यको इतिहासमा यस पत्रिकाको प्रकाशन एक सुनौला घटना थियो। नेपाली समाजलाई नै आधुनिकीकरण गर्ने जुन मनोकामना त्यस बेलाको चेतनशीलवर्गमा थियो, त्यसको मूर्तरूप यस पत्रिकामा प्रकाशित कृतिहरूमा देखा पर्‍यो। नेपाली कथाझैं नेपाली निबन्ध पनि आधुनिक स्वरूप लिएर प्रथमपल्ट यसै पत्रिकामा देखा पर्नु ऐतिहासिक घटना हो। राजनैतिक तथा सामाजिक सुधारवादी निबन्धको प्रकाशन शारदामा हुन सक्नु स्वाभाविकै थियो। ने. भा. प्र. स. को सेन्सरसीपको कैंची ज्यादै लाग्ने भएको हुँदा त्यस्ता सुधारवादी लेख-निबन्धहरू यस पत्रिकामा छापिनै पाउँदैनथे। परिस्थिति जटिल भए पनि दीर्घायुका लागि यो पत्रिका विवश थियो। त्यसैले एकातिर शासकवर्गको जय-जयकार गर्दै अर्कातिर यो पत्रिका राष्ट्रिय साहित्यको इतिहास- निर्माणमा परम्परालाई अघि बढाउँदै थियो। चेतनशील लेखकवर्गको सहयोग र योगदान पाएकैले गर्दा यो पत्रिका दीर्घकालतक जीवित रह्यो पनि। अधुनिक चेतना भएका लेखहरू शारदाका सहयोगी भएकाले आधुनिक निबन्धको पहिलो प्रकाशन पनि यसै पत्रिकामा भयो।

सं. 2007 सम्म शासकवर्गसङ्गको आन्तरिक सङ्घर्षमै नेपालीहरूको समय व्यतीत भयो। लेखकहरू विषयको व्यापकतातर्फ जान व्याकुल रहे, तर शासनतन्त्र व्यवधानका रूपमा खड़ा भयो। देशको इतिहास अँध्यारो बाटो भएर हिडिरहेको बखतमा लेखकहरूले प्रयास गर्दागर्दै पनि साँघुरो विषयमा सीमित हुनु स्वाभाविकै हो। सं. 2007 को क्रान्तिपश्चात् जब प्रजातन्त्रको ढोका खुल्यो, लेखकहरू बिषयको खुला मैदानमा उत्रिए। यस इतिहासलाई हेर्दा क्रान्तिपश्चात् आधुनिकताका विविध पक्ष र प्रवृत्तिहरू नेपाली निबन्धमा

देखा परेको पाइन्छ। प्रजातान्त्रिक वातावरणमा सबैका निम्ति सुधार शब्द प्रिय भयो। निषेधका सीमाहरू भत्किए। ज्ञान विज्ञान, कला, संस्कृति आदि सबै क्षेत्रतर्फको प्रवेश खुला भयो। चेतना र जागरणको नयाँ वातावरण नेपाली साहित्यको प्रगतिका लागि सौभाग्य थियो।

सुरूमा निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो। पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो। अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ। निबन्ध शब्दसङ्गै अर्को शब्द प्रबन्ध शब्दले केही समयपछि आख्यान वा कथात्मक काव्यलाई पन सङ्केत गर्न थालेको पाइन्छ। यसरी संस्कृत साहित्यमा प्रचलित यी दुवै शब्द एउटै तात्पर्यमा प्रयुक्त भए तापनि वर्तमान सन्दर्भमा लेखकले सविस्तार विवेचना गरेको ग्रन्थलाई प्रबन्ध शब्दले सङ्केत गरी थेसिसको पर्याय भएको छ भने विचार वा भावलाई बन्ध गरिएको रचना विशेषलाई निबन्धले बुझाएको पाइन्छ। फ्रान्सेली नागरिक निबन्घका जनक मिशेल दि मोतेञको प्रारम्भिक प्रयास नै पनि आफ्ना जीवनगत अनुभवजन्य कुराहरू थिए। यसरी विश्व साहित्य जगतमा शनैः शनैः निबन्ध शब्दले व्यापकता पाउँदै गयो।

आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक र सन्तुलित छ। तसर्थ निबन्धगत प्राचीन मान्यता स्वतः खण्डित भइसकेका छन्। निबन्धलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषित गरे पनि यो आख्याननिरपेक्ष गद्यरचनाका रूपमा देखिन्छ र यसको तात्पर्यगत अर्थ पनि यही हो। वैयक्तिकता निजात्मकता, आत्मप्रकटीकरण, सङ्क्षिप्तता, विषयवस्तुगत स्पष्टता, बौद्धिकता, हार्दिकता, विचारको प्रतिपादन आदि निबन्धका आधारभूत तत्त्व हुन् भने संवेदना र अनुभूतिको सहजता, भावको सघनता, तार्किकता पनि

निबन्धका उपकरण हुन्। आधुनिक साहित्यका विभिन्न विधागत रूपका जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो। विशेष फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेञ (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे। यसरी यो निबन्ध भन्ने आधुनिक विधा विश्वसाहित्यका अन्य प्रायः सबै भाषाका साहित्यमा प्रसिद्ध र प्रचलित हुनपुग्यो। वास्तवमा प्राचीन निबन्धमा अपूर्णता, अनियमितता, शिथिलता अतएव बकवास आदि दोष पाउँछौं, तर आधुनिक निबन्ध एक प्रौढ र परिपक्व काव्यविधा बनिसकेको छ। प्रारम्भिक निबन्धमा भावुकताको चञ्चल र निरङ्कुश प्रवाह पाइन्छ। तिनमा न विचारको सङ्गठन छ, न कुनै विषयको ठोस, वैज्ञानिक र यथार्थिक विश्लेषण। तिनमा मुक्तविचरण मात्र छ। उत्तरदायित्वको निर्वाह गर्ने सचेष्टता तिनमा छैन। देवकोटाका कैयौं निबन्धहरू यिनै दोषले ग्रस्त छन् परन्तु वर्तमान निबन्धकार विषयको पूर्णज्ञान राख्तछ, विचारमा सन्तुलन राख्छ र पक्षविपक्षको आवश्यक र उचित विवेचन गर्दछ। आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक र सन्तुलित रहेको थाहा पाइन्छ। तसर्थ निबन्धगत प्राचीन मान्यता स्वतः खण्डित भइसकेका बुझिन्छ। समग्रमा आधुनिक निबन्धमा यी गुण हुनु आवश्यक देखिएको कुरोहरू नकार्न सकिन्न – (क) – निबन्ध अपेक्षाकृत रूपमा सङ्क्षिप्त नै हुनुपर्छ, (ख) – यसमा कुनै पनि विषय प्रस्तुत गर्न सकिन्छ – प्रिस्ट्लेनुसार - सच्चा निबन्धकारका लागि कुनै विषय आवश्यक छैन, तर निबन्धकारको वैशिष्ट्य विषयलाई प्रस्तुत गर्दा त्यसमा व्यक्त गरिने तत्त्व निहित हुन्छ, (ग) – निबन्धमा कुनै एक

केन्द्रीय भाव वा विचार हुन नितान्त आवश्यक रहन्छ। (घ), यसमा व्यर्थको विस्तार, अव्यवस्थित वर्णन र शिथिलता अनावश्यक मात्र होइन, अवाञ्छनीय पनि मानिनुपर्छ। यसमा कार्यकारणको श्रृङ्खलाचाहिँ मिलेको हुनुपर्छ, (ङ) – यसमा हृदयपक्ष र बुद्धिपक्ष दुवैको सन्तुलित प्रयोग हुनुपर्छ, (च) – निबन्धमा लेखकले आफ्नो मान्यता, दर्शन वा विचार स्वच्छन्दतासाथ व्यक्त गर्न सक्छ, तर ऊ आफ्नो मान्यता पाठकमाथि थोपर्न सक्तैन। ऊ मित्रवत् आफ्नो विचार र अनुभव सुनाउन सक्छ, (छ) – निबन्ध विचारहीन बकवास प्रतीत नहोस, तर चिन्तनले थिचिएको पनि नहोस्, (ज) – निबन्ध स्वरूपमा सुगठित, भावले मुखरित, शैलीले समुज्जवल र विचारले पोषित हुनुपर्छ, तथा (झ) – यसमा अज्ञात र अनुभूत विषयलाई प्रस्तुत गर्नु उचित हुँदैन। आदि।

विशेष शारदा प्रकाशनपूर्व नेपाली निबन्धका विधोचित संरचना, शिल्प तथा शैलीको विशेषता थाहा पाउने व्यक्ति नेपालमा नगण्य थिए। अधिकांश साक्षर नेपाली हिन्दी भाषामा प्रकाशित धर्मग्रन्थ, किस्सा – कहानी अथवा जासूसी उपन्यास पढेर मनोरञ्जन गर्थे। यस्ता परिस्थितिमा शारदका प्रकाशन अर्थात 1991 साल मानस्तरीय गुणयुक्त नेपाली निजात्मक निबन्धका निम्ति सृष्टिलग्न भएर गयो। शारदा पत्रिकाले गर्दा आधुनिक नेपाली साहित्यले नाना दिशातिर हाङ्गा-विङ्गा फैलाउन पाउँदा निबन्धले पनि उद्भिन्न औ पल्लवित हुने सुयोग पायो। यसै पत्रिकाद्वारा निबन्धकारले व्यक्तिसत्ताको उद्भासन गर्न बाटो पइल्याए। यसका प्राथमिक कालदेखिका निबन्धले यो जाहेर गरेका छन्। नभन्दै 1991-2000 सम्मका अनेक निबन्ध उल्लेखनीय पाइन्छन्। जसमा बालकृष्ण समको वृत्तान्तधर्मी ‘बर्दहामा शिकार’, नरेन्द्रमणि आचार्य दीक्षितको आत्मालापी शैलीमा प्रस्तुत आध्यातमकि प्रवचन ‘संसार एक नाट्यशाला हो’, बोधविक्रम अधिकारीकृत

'कविता-मातासँग मेरो गन्थन' र 'फलामे औंठी', निजी पत्राचारका पारामा प्रेमराज शर्मा (पौडयाल) लिखित हास्यदीप्त व्यङ्ग्यगर्भ 'पण्डितजीको चिट्ठी', अदालती ढाँचामा सिल्वाल पण्डितविरचित वेदान्ती तत्तवचिन्तन 'वेदान्त विवादको मिसिल', लक्ष्मीप्रसाद देवकोटाका काव्यात्मक छटापूर्ण निजात्मक भावसंवलित 'आषाढको पन्ध्र', 'फूल', 'निद्रा', 'बेलामा' तथा परात्मक वृत्तान्तयुक्त 'भलादमी', सत्यनारायणको सरल हास्यव्यङ्ग्यको रचना 'पातमा भात', गङ्गाविक्रम सिजातिकृत 'निर्वासित विहग', रामजङ्गबहादुर सिंहलिखित 'जीवन रहस्य', हरिनाथ कनालको भावात्मक रम्यरचना, 'कुलबहादुरको कुटुरी', बाबुराम आचारयको शोधलेख 'सगरमाथा या झ्यामोलोङ्मा', सागरमणि आचार्य दीक्षितले प्रस्तुत गरेको 'कलङ्गा दुर्ग' नामक ऐतिहासिक वृत्तान्त, भिक्षुको यात्रानुभूति 'शिमलासम्म', रामकृष्ण शर्माका 'अङ्ग्रेजी साहित्यको प्रभाव', 'कविको धन', 'नाटकसंबन्धी छोटो लेख', 'जीवन र साहित्य' आदि समीक्षात्मक निबन्ध, भेषराज शर्माका अर्थशास्त्रसम्बन्धी नानीविध वैचारिक लेख इत्यादि। अतः समग्रमा के भन्न सकिन्छ भने निबन्धको आधुनिक काल वि. सं. 1991 देखि आरम्भ हुन्छ। निबन्धकारहरूले निजात्मकता, सामाजिक सोद्देश्यता औ रागतत्तवलाई समानतः सँगेट्ने चित्तवृत्ति देखाए। यसै कालमा हास्यवङ्ग्यको यथार्थतः विकास भएर गयो। निबन्धकारहरू कलात्मक शैलीतिर पनि क्रमशः ढल्कन थाले। वि. सं. 2007 मा राणातन्त्रको अवसान भएपछि निबन्धका निम्ति सारा पूर्वकालीन अवरोधक तत्व स्वतः पन्छिएर गएका जान्न पाइन्छ। निजात्मकताले बल्ल प्रश्रय पाउन थालेको बुझिन्छ। फलस्वरूप हास्यव्यङ्ग्यका निम्ति पनि यथापेक्षित अवकाश निबन्धकारहरूले पाउँदै गएका देखिन्छ। यसप्रकार नेपाली निबन्धको विकासका निम्ति सावधि पत्र- पत्रिकाको योगदानको फलस्वरूप पनि

विविध शैली औ आकार प्रकारका रचनाले निबन्धको फाँट प्रशस्त बढाइदिएका भेटिन्छ भने यसको लेखन स्वरूपमा पनि समयको गतिसितै विविधता र परिष्कार हुँदै वस्तुपरक अनि निजात्मक निबन्ध, सामाजिक निबन्ध, हास्य व्यङ्ग्यात्मक निबन्ध, प्रगतिवादी निबन्ध, यात्रा संस्मरणात्मक निबन्ध, राजनैतिक निबन्ध, धार्मिक निबन्ध, दार्शिनिक निबन्ध, समीक्षात्मक निबन्ध तथा आत्मकथात्मक निबन्ध आदि आदि निबन्धहरू नेपाली निबन्ध लेखनको क्षेत्रमा देंखिन्दै आएको थाहा लाग्छ।

सं. 2007 को क्रान्तिपश्चात् शैक्षिक सुधारअन्तर्गत अङ्ग्रेजी शिक्षाको प्रचार र सर्वसाधारणका निमित पाठशालाको स्थापना जस्ता महत्त्वपूर्ण कार्य भए। यस प्रकारको परिणाम स्वरूपग लेखकवर्गको मानसिक चेतनामा प्राश्चात्य साहित्यको जुन प्रभाव पर्‍यो, त्यसले नेपाली निबन्ध साहित्यलाई अरू प्रगतिपथमा अग्रसर गरायो। शिक्षाका रूपमा साहित्यलाई प्रयोग गर्ने प्रवृत्तिमा तीव्रता आउनु पनि नेपाली निबन्ध साहित्यको सौभाग्यको लक्षण थियो। क्रान्ति पश्चात् नेपाली पत्रकारितामा पनि सक्रियता आयो। यसले चिन्तन र विचारको संसारमा नयाँ हलचल ल्यायो। राजनैतिक र सामाजिक सुधारदेखि लिएर कुतत्त्व वा खराबीको कड़ा आलोचना गर्ने तथा असन्तोष र आक्रोश व्यक्त गर्ने व्यङ्गय प्रहार गर्नेजस्ता स्वतन्त्रताको जुन उपभोग नेपालीले गर्‍यो, नेपाली निबन्धमा ती कुराहरूको प्रतिबिम्ब नपरिरहन सकेन। व्यङ्गयको सशक्तता र व्यापकता नेपाली निबन्धले पायो। भाषिक सबलतालाई निबन्धकारहरूले झनै मन पराए।

साहित्यको समृद्धिमा प्रकाशन-व्यवस्थाको महत्त्वपूर्ण भूमिमा हुन्छ। निबन्ध-प्रकाशनका निमित्त एकातिर विभिन्न पत्रपत्रिकाहरू छँदै थिए, अर्कातिर नेपाली भाषा प्रचारक सङ्घ रोयल नेपाल एकेडेमी (अहिलेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), साभ्यता प्रकाशन र अरू प्राइवेट प्रकाशन

संस्थाहरूको स्थापनाले निबन्धसङ्ग्रहको प्रकाशनमा सहयोग पुग्यो। क्रान्ति पश्चात्को जागरण युगमा निबन्धकारहरूकै रूचिमा विविधता आयो। ज्ञानको खोजमा लेखहरू चारै दिशातर्फ हान्निए। यसो हुँदा इतिहास, संस्कृति, धर्म, समाजशस्त्र, कला दर्शन आदि सबै विषयका निबन्धकारहरू नेपाली वाङ्मयले भेट्टायो। यसरी नेपालको बौद्धिक वातावरणमा परिमाणका साथै गुणको वृद्धि हुँदै जानु नेपाली निबन्धको क्रमिक विकासको पृष्ठभूमि थियो।

वर्तमान स्थितिलाई हेर्दा नेपाली कविता, कथा र उपन्यास जति उन्नत अवस्थामा छ, त्यसको तुलनामा नेपाली निबन्धको स्थिति सन्तोषप्रद देखिदैन। पाठकको सङ्ख्यामा परिमितता हुनु नेपाली निबन्धको दुर्भाग्य हो। वहुविध लेखकहरूलाई मोहनी लगाएर आकर्षित गर्न नसक्नु यस विधाको कमजोरी हो। विषयलाई रूचिपूर्ण बनाउन सकिन्छ तर यसो गर्न गद्यलेखनको अभ्यास अनिवार्य हुन्छ भन्ने विश्वास लेखकहरूमा जन्माउन सक्यो भने यो विझा अझै विकासको सोपानमा उक्लँदै जान सक्छ।

नेपाली निबन्धको इतिहास नेपाली कथा र उपन्यासको इतिहास जत्तिकै लामो छ भने पनि हुन्छ। अधुनिक नेपालको जन्म हुनुभन्दा अघिमा अभिलेख तथा ज्योतिष, औषधिमूलो र नीति विषयक ग्रन्थादिलाई निबन्ध मान्न सकिदैन। यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन्। ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ बिन्दु पृथ्वीनारायण शाहदेवको 'दिव्योपदेश' (1831) मा फेला पर्दछ, किनभने साहित्यिक गुण र कलात्मक अभिव्यञ्जनाको संयोजन यसै गद्यकृतिमा भएको छ।

आधुनिक साहित्यशास्त्र अनुसार पृष्ठभूमिकालीन गद्यकृतिहरूलाई निबन्ध मान्न नसकिए तापनि ती कृतिहरू आख्यानेतर भएकाले विकासक्रमको

प्रथम चरणमा राख्नु उपयुक्त हुन्छ। नेपाली गद्यको विकासको क्रमसँगै नेपाली निबन्धको पनि इतिहास जोड़िएकाले ती आख्यानेतर कृतिहरूलाई पृथक् गर्नु उपयुक्त हुँदैन। यस दृष्टिबाट दिव्योपदेश (1831) बाटै चर्चा सुरू गर्नुपर्ने हुन्छ। विचारको प्रस्तुति र आन्तरिक सङ्गठनका दृष्टिले यो कृति ऐतिहासिक महत्त्वको छ। यसपछि रामभद्र पाध्या रेग्मीको लक्ष्मी - धर्म संवाद (1851) मा पनि गद्य-प्रयोगको राम्रो नमुना पाइन्छ। यसपछि दैवज्ञ ज्योतिनरसिंहको तुलसीस्तव (1866) देखा पर्‍यो। वाणीविलास पाँडेको बाग्मतीपुल स्तम्भअभिलेख (1838) लाई गद्यको सुन्दर नमुना मान्न सकिन्छ। यसपछिका महत्त्वपूर्ण गद्यकविहरूमा क्रमशः दैवज्ञकेसरी अर्ज्यालको गोरत्रयोग शास्त्र (1877), यदुनाथ उपाध्यायको रतिकोषसार (1885), ललितत्रिपुरसुन्दरीको राजधर्म (1888 पूर्व), सुन्दरानन्द बाँडाको त्रिरत्नसौन्दर्यगाथा (1881-90 तिर) र सन्त शशिधारको वाणोपनिषद् (1881) लाई लिन सकिन्छ। नेपाली आख्यानेतर गद्यमा भएको विविध शौलीको प्रयोगको चित्र यी कृतिहरूले प्रस्तुत गर्दछन्। पृष्ठभूमि कालमा आध्यात्मिक विषयवस्तु निकै लोकप्रिय रह्यो भन्ने कुराको प्रमाणस्वरूप योगी अम्बरगीरका ब्रह्ममयज्ञ उपनिषद् (1891), योगवाशिष्टसार (1912) आदि, भवानीदत्त पाँडेको आत्मबोध (1893 पूर्व), शशिधरका वैराग्याम्बर (1906 पूर्व) र जसमनि जोगशास्त्र (1900 पूर्व), रघुवीरसिंहको शान्तिशतक (1909) आदिलाई अघि सार्न सकिन्छ। साहित्यिक गुणका दृष्टिले यस कालमा देखा परेका महत्त्वपूर्ण गद्यकृतिहरू थिए- बेनामी जङ्गबहादुरको बेलायत यात्रा (1910), बेनामी बत्तीस सालको रोजनाम्चा (1932), मोतीराम भट्टको कवि भानुभक्त आचार्यको जीवन चरित्र (1948) र चिरञ्जीवी शर्माको आफ्नु कथा (1955)। यी कृतिहरू नेपाली गद्यको ऐतिहासिक विकासका महत्वपूर्ण उपलब्धि मान्नको कारण के हो भने यी कृतिहरूको

नेपाली गद्यको फाँटलाई विस्तारित गरेका छन्। यात्रा तथा जीवनी-साहित्यसँग नै सम्बन्धित भएतापनि नेपाली गद्यविकासको प्रावह यो कृतिहरूमा प्रतिबिम्बित भएको पाइन्छ। पृष्ठभूमि कालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ त्यससँग नेपाली निबन्धलाई श्रृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ।

यसरी नै पत्रकारितासँग सम्बद्ध हुन थालेपछि नेपाली निबन्धको इतिहासमा निर्माणकाल को निरूपण भयो। यस कुराको स्थापनाको आधारस्वरूप गोरखापत्र (1958) मा प्रकाशित गद्यकृतिहरूलाई लिन सकिन्छ। गोर्खा भारत जीवन (1943) र सुधासागर (1955) का प्रतिहरू अप्राप्य रहेको हुँदा यस निर्माण कालको इतिहासलाई लम्ब्याएर लान सकिन्दैन, जे भए पनि गोर्खापत्रमा प्रकाशित आख्यानेतर गद्यरचनाहरू निबन्ध वा प्रबन्धका निकै नजिक छन्। मौलिक नेपाली निबन्धको परम्परा यसै पत्रिकाबाट सुरू गरिएको पाइने हुनाले पनि ती गद्यरचनाहरूको ऐतिहासिक मूल्य छ। यसमा नीति र नैतिकताका साथै व्यावहारिक जीवनमा उपयोगी हुने विषयका निबन्धहरू पनि प्रकाशित भएका छन्। सं. 1966 मा मातृभाषाको उन्नति शीर्षकको एक ज्यादै महत्त्वपूर्ण लेख यसमा छापिएको छ। यसमा देखिएका धेरैजसो लेखहरू बेनामी भए तापनि शम्भुप्रसाद ढुङ्गेल र वैजनाथ सेढाईका लेखहरू पनि यसमा छापिएका छन्। मोटामोटी रूपमा यसमा प्रकाशित निर्माणकालीन गघरचनाहरू यस प्रकार छन्। छि मूर्ख पछि बुद्दिमान् (1959), नैराश्य परम सुखम् (1959), कृषि वृत्तान्त (1959), हिन्दुस्थानमा सुवीवरहरूको इतिहास (1960), वसन्तवर्णनम् (1961), शिक्षोपदेश (1966), निद्रा (1966), मातृभाषाको उन्नति (1966), बोलीको संस्कार (1966), श्रीवसन्त पञ्चमी (1966), दूधको गुण अवगुणप (1967), दुःख र सुख (1976), धन र त्यसको उपयोग (1967), व्यापार (1967), मासु (1967),

कर्महेतु (1968), भलाइ (1968), विज्ञापन शिल्प (1970), बफादारी (1970), शिशु शिक्षा (1970), मनको नाप (1970), हावा (1973), आदि। यी सबै कृतिहरू बेनामी छन्। नामाङ्कित गद्यकृतिहरूमा बेंकटेश्वरको सपना (1970), शम्भुप्रसाद ढुङ्गेलका समय (1976), प्रभात (1967), हर्दम याद राख्नुपर्ने कुरा (1976) र कविताको फल (1977) तथा वैजनाथ भएका छन्। यस पत्रिकाबाट नेपाली निबन्धको प्रारम्भिक रूपरेखा निर्माण भएको छ। यस रूपरेखालाई विस्तार रूप दिनमा यसपछिका पत्रिकाहरूको महत्त्वपूर्ण भूमिका छ।

नेपाली निबन्धको इतिहास पनि नेपाली पत्रकारिताको इतिहासँग सम्बद्ध छ। गोरखापत्रपछि क्रमशः सुन्दरी (1963) र माधवी (1965) यी दुई पत्रिकाहरूले यस बिधालाई विकसित अवस्थातिर अग्रसर गराए। सुन्दरी मा प्रकाशित बेसरी (1963-65) लाई उत्कष्ट गरी देशको उन्नति (1965)। यसरी यी प्रकाशित सामग्रीलाई हेर्दा सुन्दरीले नेपाली गघतर्फ दिएको योगदानलाई बिर्सन सकिदैन। यसरी नै माधवीमा प्रकाशित राममणि र रामप्रसाद सत्यालका निबन्धहरूमा गहन विचारको उद्रेक पाइन्छ। राममणिको कविता रीति ले नेपाली निबन्धलाई ऐतिहासिक महत्त्वको योगदान दिएको छ। यसमा प्रकाशित निबन्दहरू यस प्रकार छन्-

राममणि आ दी.का शरदऋतु चर्या (1965), भीष्म पञ्चक (1965), पृथिवी (1965), कविता रीति (1965-66), काश्मीरको वर्णन (1965), सत्य (1965), मातृभाषाको आवश्यकता (1965), विवेक (1965) आदि, पु. रामप्रसाद सत्यालका कुराको विचार (1965), श्रम (1965), माया (1965-66) आदि। नेपाली निबन्धको गघशैलीमा क्रमशः परिमार्जन उन थालेको तथ्यको सङ्केत यी कृतिहरूका साथै अन्य गघकारहरूका कृतिहरूले दिन्छन्। खास गरीकन त्यस कालमा जय पृथ्वीबहादुर सिंह मानसिह

Notes

अधिकारी हरिहर आचार्य दीक्षित, दुर्गादेवी आचार्य दीक्षित र कुलचन्द्र गौतमबाट नेपाली गद्यको विकासमा ठूलो योगदान भएको छ।

सं. 1971 मा चन्द्र पत्रिकाको प्रकाशन भयो। यो गद्यप्रधान पत्रिका थियो जसमा पद्मनाभ सापकोटा, सूर्यवित्रम ज्ञवाली, वैजनाथ सेढाई र पारसमणि प्रधानका लेख-निबन्धहरू छापिएका छन्। पठित नेपालीहरूका हातमा परेर नै नेपाली निबन्धमा कलात्मक सजीवता आयो र विषयगत विविधताको पनि प्रधान्य रह्यो। चन्द्रमा प्रकाशित निबन्धहरू यस कुराको साक्षी छन्। यसमा प्रकाशित निबन्धहरू यस प्रकार छन्—

सुकेशीको स्त्रीशिक्षा (1971), पद्मनाभ सापकोटाका नेपालको अर्थशास्त्र (1971), परिश्रमको विभाग (1979), र व्यापारे पर्द्धते लक्ष्मी...(1979), बेनामी मित्रता (1979) र भारतमा वीरपूजा (1979), सूर्यविऋम ज्ञवालीको सोक्रटिजको बहस (1979), बेनामी गोर्खा भाषाको उन्नति विवेचना (1979), वैजनाथ सेढाईको हेमन्त ऋतु वर्णन (1979), प्रसमान प्रधान उर्फ पारसमणि प्रधानका ध्यवसाय (1972) र विधा (1972), सुर्यनारायण प्रधानको सत्यता (1972) र वैजनाथ सेढाईको ईश्वरका उपरको विश्वास (1972)।

सं. 1972 मा प्रकाशित गोर्खाली पत्रिकामा पनि पद्मनाभ सापकोटा र सूर्यविक्रम ज्ञवालीको निबन्धहरू प्रकाशित भए। पद्मनाभ सापकोटाको मातृभाषा भन्ने निबन्ध निकै राम्रो छ। साथै देवीप्रसाद सापकोटा र मणिसिंह गुरूङका गहकिला लेख-निबन्धहरू पनि यसमा प्रकाशित भए। चन्द्रिका (1974) लाई निबन्ध प्रधान पत्रिका भन्न सकिन्छ। यसमा प्रकाशित निबन्धहरूले इतिहासलाई निकै नै विकसित तुल्याएको देखिन्छ। विशेष गरेर शम्भुप्रसाद ढुङ्गेलका निबन्धहरूमा निकै राम्रो गद्यशैलीको

प्रयोग भएको पाइन्छ। उनका 3 निबन्धहरू यसमा प्रकाशित भएका छन्, ती हुन्.

चन्द्रिका (1975), प्रेम (1975) र महेन्द्र मल्ली (1975)। यसमा मनुष्य खघोत र अरू छद्मनामका निबन्धहरू पनि प्रकाशित भएका छन्। जस्तै- जूनकीरी (1975), अब ता लाज भयो (1975), एक शेष (1975), धैर्य धारण गर (1975) आदि। मणिसिंह गुरूङ सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी. र मणिनारायण प्रधानका रोचक निबन्धका साथै मीनबहादुर भट्ट, प्रतिमान लामा, रामचन्द्र उपाध्याय, प्रभाकर आदिका निबन्धहरू पनि यसमा प्रकाशित छन्।

भारतका विभिन्न ठाउँहरूबाट जति पनि पत्रिकाहरू प्रकाशित भए तिनले नेपाली निबन्धको श्रृङ्खलालाई जोड्दै इतिहास निर्माण गरे। चन्द्रिकाको प्रकाशनपछिका जन्मभूमि (1979), गोर्खासंसार (1983), नेपाली साहित्य सम्मेलन पत्रिका (1985) आदि पत्रिकाहरूको योगदानलाई यस्तै ऐतिहासिक मूल्यका दृष्टिले हेर्न सकिन्छ। जन्मभूमिमा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारीजस्ताका विचारात्मक तथा भावात्मक निबन्धहरू प्रकाशित भए। गोर्खासंसारमा समाज र जातिको सुधार गर्ने विषययुक्त निबन्धहरू प्रकाशित भएः जस्तै-वेदनिधि शार्माको जातीय रोगको अचुक औषधि (1986), हैकमसिंह राईको गोर्खा समाज सुधारको आवश्यकता (1986) आदि। खड्गबहादुर क्षेत्रीको हाम्रो देश औ जातिको वर्तमान अवस्था (1986), विधावतीको उन्नतिको आवश्यक अङ्ग (1986) आदि दार्जीलिङबाट प्रकाशित भएको नेपाली साहित्य सम्मेलन पत्रिकामा त्यहाँका पठितहरूका बौद्धिक ओजयुक्त निबन्धहरू प्रकाशित भए। यस पत्रिकामा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान, रूपनारायण सिंहजस्ता भाषासेनानीहरूका निबन्धहरू प्रकाशित छन्।

निर्माणकाल मा चन्द्रिका पत्रिकाबाट नेपाली निबन्धमा आधुनिकताको सङ्क्रमण हुन थालेको देखिन्छ जसको अरू स्पष्ट आभास नेपाली साहित्य सम्मेलन पत्रिकामा प्रकाशित निबन्धहरूमा पाइन्छ।

नेपाली निबन्ध लेखनमा आधुनिकता भित्र्याउने लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन्। शारदा (1991) मा प्रकाशित उनको पहिले निबन्ध आषाढ़को पन्ध्र (1992) नै पहिलो आधुनिक निबन्ध हो। यसभन्दा अघि नै प्रकाशित भएको बालकृष्ण समको बर्दाहामा शिकार (1991) निबन्ध नभएर कथा थियो। सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए। उनको गद्यशैलीमा पद्धतिमूलक आधार पाइन्छ र विषयवस्तुमा नवीन मानसिक चेतना अभिव्यक्त भएको पाइन्छ। नीति, शिक्षा तथा सुधारका भावनालाई सूक्तिमय ढङ्गमा लिपिबद्ध गर्ने मध्ययुगी प्रवृत्तिको अन्त्य देवकोटाबाट भयो। उनले अन्तर्हृदयका भावनालाई कलात्मक मूल्यका साथ संयोजन गरे। यही नै नेपाली निबन्धको इतिहासमा आधुनिकताको प्रतिष्ठापनको समय थियो। आषाढको पन्ध्र पछि देवकोटाले आधुनिक भावनालाई अरू निबन्धहरूमा व्यक्त गर्दै जुन प्रकारको परम्पराको सिलसिला बसाए त्यसबाट नेपाली निबन्धको विकास प्रक्रियामा तीव्रता आयो।

सं. 1990 को दशक नेपाली गद्यको महत्त्वपूर्ण समय थियो, किनकि यो साहित्यक आधुनिक वादको युग थियो। यसै दशकको दोस्रो वर्षमा प्रथम बालकृष्ण समद्वारा लिखित बर्दहामा शिकार लाई कथा मान्नाको धार स्वयम् यो कृति शिकार-कथा हुनु नै हुँदै होः यसका साथै यो कृति कथा नै हो भन्ने स्वीकारोक्ति पनि स्वयम् लेखकद्वारा भएको पाइन्छ। समले नै मेरो कविताको आराधन (उपासना-2) मा मैले एउटा वर्णनात्मक कथा प्रारम्भ गरें- बर्दहामा शिकार। त्यो आफ्नै किसिमको पहिलो छोटो कथा थियो,

भनेका छन्। समले आफ्नो डायरी अप्रकाशितमा पनि यस कृतिलाई कथा नै भनेका छन्। शारदा पत्रिकाको जुन अङ्कको (अर्थात् वर्ष 1, अङ्क 1) जुन पृष्ठमा कथाहरूमध्येको एक टुक्रा भनेर लेखिएको पनि छ।

आधुनिक निबन्धकारका रूपमा लक्ष्मीप्रसाद देवकोटा देखा परेपछि अरू पनि थुप्रै प्रतिभाहरू यस विधातर्फ देखा परे, ती थिए- बालकृष्ण सम, रामकृष्ण शर्मा, ह्रदयचन्द्रसिंह प्रधान, भीमनिधि तिवारी, केशवराज पिंड़ाली, सागरमणि आ.दी., भवानी भिक्षु, बाबुराम आचार्य, रूपनारायण सिंह, बोधविक्रम अधिकारी, भेषराज शर्मा आदि। अग्रज निबन्धकारहरूमा वैजनाथ सेढाई, सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रघान पनि आफ्नो साहित्य साधनाको प्रक्रियामा यस दशकमा उत्कृष्ट निबन्ध लिएर देखा परे। निबन्ध प्रकाशनका दृष्टिले निकै उर्वर देखिएको यस दशकमा शुक्रराज शास्त्री, टुकराज पद्मराज मिश्र, कविप्रसाद गौतम, जनकराज श्रेष्ठ, पिनाकीप्रसाद शर्मा, प्रेमराज शर्मा, हरिनाथ खनाल, शेषरज दली, रामशङ्कर सेढाई जोशीका साथै भक्तबहादुर राणा, जितेन्द्रबहादुर शाह, गङ्गाविक्रम, फत्तेबहादुर सिंह, क्षितीशचन्द्र चक्रवर्ती, पूर्णबहादुर, भोजबहादुरसिंह न्यौपाने, दुर्गाप्रसाद भट्टाराई, ज्ञानप्रसाद शर्मा, सत्यनारायण, हरिप्रसाद राय, खगेन्द्रराज बी.ए., एल्.पी. सापकोटा, भरत जङ्गबहादुर बस्नेत, खडानन्द शर्मा, सिलवाल पण्डित आदिका वर्णनात्मक तथा भाव वा विचारप्रधान निबन्धहरू पनि देखा परे। यस दशकमा खास गरीकन शारदा र त्यसपछि उघोग, उदय, नेबुला, परिवर्तन, खोजी पत्रिकाहरूले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिएका थिए। यसै दशकमा लक्ष्मीप्रसाद देवकोटाद्वारा अनूदित प्रसिद्ध प्रबन्धसङ्ग्रह (1998) र ने. भा. प्र. स. द्वारा प्रकाशित नेपाली गद्य सङ्ग्रह (भाग 1) ले पनि नेपाली निबन्धको गतिशील स्वरूपमा मद्दत पुर्‍याए।

सं. 2000 को अघिल्लो दशकमै प्रसिद्ध निबन्धकारहरूको लेखनकार्य जारी नै भयो। यसबाट नेपाली निबन्धको आधुनिक इतिहास रूपायित हुँदै थियो भने नयाँ निबन्धकारहरूमा हास्यतर्फ अच्छा राई रसिक र विविध विषययुक्त फाँटतर्फ लवबहादुर कपिल, चूडानाथ, कृष्णबम मल्ल, माधवलाल कर्माचार्य, रत्नध्वज जोशी, सत्यमोहन जोशी, ईश्वर बराल आदि देखा परे। क्रान्तिपूर्वकालसम्म निजात्मकका साथै परात्मक निबन्धको परम्परामा एउटा राम्रो परम्परा बसिसकेको पाइन्छ। यस दशकमा एउटा महत्त्वपूर्ण कृति लक्ष्मी निबन्धसङ्ग्रह (2002) का साथै नेपाली गद्यसङ्ग्रह भाग 2 (2002) र भेषराज शर्माको के कस्तो ? (2003), हृदयचन्द्रसिंह प्रधानका भूस्वर्ग (2003) र तीस रूपियाँ नोट (2004) आदि पनि प्रकाशित भए। विशेष गरेर साहित्य स्रोत (2003 तिर) र युगवाणी (2004) पत्रिकाहरूको प्रकाशन यस दशकको नेपाली निबन्धको विकासका सन्दर्भमा विशेष उल्लेखनीय छन्।

नेपाली साहित्यका अरू विधाझैं निबन्धको गतिमा पनि सं. 2007 को क्रान्तिपछि यथेष्ट भिन्नता आयो। ज्ञानविज्ञानका हरेक क्षेत्रमा आएको जागरणले गर्दा क्रान्ति उत्तरकालमा खास गरीकन परात्मक निबन्धको फाँट विस्तृत हुँदै गयो। यस कालमा भाव संवेदनामूलक निबन्धभन्दा बौद्धिक घनत्वद्वारा सिञ्चित निबन्धहरू बढी फस्टाए। प्रजातान्त्रिक वातावरणमा स्वभावैले ध्ययन, मनन र नयाँ कुराको खोजप्रति झुकाउ रह्यो। त्यसैले नेपाली निबन्ध पनि बढी गाद्यिक इन्द्रबहादुर राई, तारानाथ शर्मा, बद्रीनाथ भट्टराई, महानन्द, कृष्णचन्द्रसिंह प्रधान, विपिनदेव ढुङ्गेल, कृष्णप्रसाद ज्ञवाली, भाइचन्द्र प्रधान कमलमणि दीक्षित, चितरञ्जन नेपाली, राजेश्वर देवकोटा, जनकलाल शर्मा छविलाल पोखे्रल, नयराज पन्त, शङ्कर लामिछाने, गोविन्दप्रसाद लोहनी, धर्मराज थापा, मदनमणि अग्निराज श्रेष्ठ,

हर्कजङ्गसिंह क्षेत्री, हरिप्रसाद प्रधान, श्यामप्रसाद, बालकृष्ण पोखरेल, भैरव आर्यल, एम.एम.गुरूङ आदि निबन्धकारहरू देखा परे। यी निबन्धकारहरूलाई सौन्दर्यमूलक भावना जति प्रिय छ त्यति नै प्रिय वस्तुतथ्यमूलक विचार पनि छ। वास्तवमा निबन्धका उपविधाहरूको खास विकास क्रान्तिउत्तर कालमा नै भएको देखिन्छ।

सं. 2007 पछिको उदार शिक्षा नीतिले गर्दा बौद्धिक वातावरणमा जुन प्रकारको उत्साह र गम्भीरता देखा पर्‍यो त्यसले गर्दा नेपाली निबन्धले पनि सम्पूर्ण वाङ्मयको परिक्रमा गर्न थाल्यो। कला, संस्कृति, इतिहास, समाजशास्त्र, नृतत्त्व शास्त्र आदिमा समेत चिन्तन-मननको प्रक्रिया सुरू भयो। भाषाशास्त्र र लोकसाहित्यका क्षेत्रमा अध्ययन तथा खोजको नयाँ जागृति आयो। यस्तो पृष्ठभूमिले गर्दा नेपाली निबन्ध झन् झन् सम्पन्न बन्दै गयो। नेपाली निबन्धलाई यसरी सम्पन्नतातिर अग्रसर गराउने निबन्धकारहरू थिए- धनवज्र वज्राचार्य, ढुण्डिराज भण्डारी, हरिहरराज जोशी, गोपालदास, अरूणचन्द्र प्रधान, नरबहादुर दाहाल, जगतबहादुर सिंह, ज्ञानमणि नेपाल, गणेशलाल सुब्बा, राजनारायण प्रधान, ईश्वरवल्लभ, देवीप्रसाद भण्डारी, गोविन्द भट्ट, टी. डी. लेप्चा, जी. छिरिङ, आनन्ददेव भट्ट, माधवप्रसाद देवकोटा, वल्लभमणि दाहाल, शिवगोपाल रिसाल, काजीमान कन्दङवा, रमेश विकल, माधव घिमिरे, देवेन्द्रराज उपाध्याय, गोपीमाधव देवकोटा, जगदीश शमशेर, जनार्दन सम, डिल्लीराम तिमिल्सिना, नीरविक्रम प्यासी, पारिजात, लोकराज बराल, लीलासिंह कर्मा, मोदनाथ प्रश्रित, शिवकुमार राई, नारदकुमार ओझा आदि। क्रान्तिउत्तर कालमा हास्य तथा व्यङ्गययुक्त निबन्ध जन् फस्टायो। राष्ट्रिय चेतनालाई वृद्धि गर्ने किसिमका निबन्धहरू पनि यथेष्ट देखा परे। देशको सांस्कृतिक महिमालाई उच्च पार्ने उद्देश्यभित्र बाँधिएका निबन्धहरू पनि देखा परे। अनि

लेखकको सिर्जनशील व्यक्तित्वको उद्घाटन गर्ने सौन्दर्यमुखी निबन्धहरूको पनि निकै राम्रो परम्परा देखा पर्‍यो। यस क्रममा निबन्धका क्षेत्रका एउटा फाँट लिएर श्याम गोतामे, रामकुमार पाँडे, घटोत्कच शर्मा, अनिकाले औझा, चोलेश्वर शर्मा, मोहनराज शर्मा, ध.च.गोतामे, विष्णु नवीन, विनोद तिमिल्सिना, विश्व शाक्य, खेममणि काफ्ले आदि देखा परे भने अर्को ज्यादै महत्त्वपूर्ण फाँट लिएर डोरबहादुर विष्ट, नगेन्द्र, साफल्य, राजेश्वर देवकोटा, हरिराम जोशी, दिनेशराज पन्त, महेशराज पन्त, रमेशजङ्ग थापा, धनशमशेर, शान्त सुरभ, ह्रपीकेश उपाध्याय, भूपहरि पौडेल, नयनाथ पौडेल, शङ्करमान राजवंशी, मोहनबहादुर मल्ल, रामजी तिवरी, कुमार प्रधान, चूडामणि बन्धु, शिवराज आचार्य, भैरवबहादुर थापा, रत्नाकर देवकोटा, सुवि शाह, प्रिन्सेप शाह, पूर्णप्रकाश नेपाल, टङ्क वी. आर्य आदि देखा परे। सङ्ख्याका दृष्टिले नेपाली निबन्धसङ्ग्रह ज्यादै कम मात्रामा प्रकाशित भएको भए तापनि नेपाली साहित्यमा यो एउटा साझा विधाजस्तो भएको छ। नेपाली कवि, कथाकार, उपन्यासकार तथा समालोचकहरूमध्ये धेरैले यसतर्फ कलम चलाएका छन्। फेरि साहित्यिक पित्रकाका अतिरिक्त समाचारपत्रहरूमा समेत निबन्ध प्रकाशित हुने गरेको पाइन्छ। प्रचार-प्रसारका जति पनि माध्यमहरू छन् तिनले निबन्धलाई नै बडी प्राथामिकता दिएको पाइन्छ। तर यसरी नेपाली साहित्यमा निबन्धको सङ्ख्यात्मक वृद्धि देखिए तापनि गुणात्मक स्तरका दृष्टिले नेपाली निबन्ध कम समृद्ध छैन। उत्कृष्ट निबन्ध लेखेर नेपाली निबन्धलाई समृद्ध तुल्याउने निबन्धकारहरूमा हामी नगेन्द्र शर्मा, गणेशबहादुर प्रसाई, दिलबहादुर नेवार, रामलाल धिकारी, नन्द हाङखिम, प्रबल गिरी प्रदीप, वैकुण्ठप्रसाद लाकौल, टेकबहादुर पन्थी, वासुदेव त्रिपाठी, राममणि रिसाल, नारायणबहादुर सिंह, कृष्णबहादुर देउजा, मोहन सिटौला, कुमारबहादुर जोशी, लोकेन्द्रबहादुर

चन्द, बाबुलाल प्रधान, नारायम तामाङ, अगमसिंह गिरी, कृष्णप्रसाद पराजुली, हर्षनाथ भट्टाराई, गुमानसिंह चामलिङ्ग, उत्तम कुँवर, युगेश्वरप्रसाद  वर्मा, तुलसी दिवस आदिको नाम लिन सक्तछौं। यसरी नै नेपाली निबन्धको विकासमा ठोस योगदान दिने निबन्धकारहरूमा छविरमण शर्मा, माधवप्रसाद भट्टराई, अमर गुरूङ, भि सुवेदी, योदनाथ प्याकुर्‌याल, ऋभदेव शर्मा, रामशरण दर्नाल, वासु रिमाल यात्री, श्रीप्रसाद गौतम, वरूणकुमार तिवारी, रामचन्द्र न्यौपाने, किशोर नेपाल, कृष्ण तिमिल्सिना, बद्रीनारायण प्रधान, रामचन्द्र गिरी, हरिभक्त न्यौपाने, लोकेशचन्द्र प्रधान, भरतराज पन्त, वीरेन्द्र सुब्बा, काशीनाथ तमोट, डिल्लीराम निर्भीक, आत्माराम शर्मा, रामप्रसाद पोखरेल, दुवसु क्षेत्री, लीला उदासी, वि. विकास, नन्दराम ल्मसाल, मोहनप्रसाद खनाल, ऋषिकेशवराज रेग्मी, राजकुमार पोखरेल, कृष्णप्रसाद काफ्ले, हंसपुरे सुवेदी, घनश्याम राजकर्णिकार, जगदीश घिमिरे, हरि वन्दी, वसन्तकुमार शर्मा, कुमारधर शर्मा ज्ञानी, जगन्नाथ त्रिपाठी, केदार न्यौपाने, कुलप्रसाद खनाल, श्याम धिकारी, देवीप्रसाद वनवासी, क महानन्द पौड्याल, विक्रम रूपासा, सूर्यकला, कृष्णाप्रसाद काफ्ले, जगत क्षेत्री, विश्व शाक्य, घनश्याम कँडेल, अच्युतरमण दिकारी, लक्खीदेवी सुन्दास, समीरण क्षेत्री, सूर्यकला, विष्णुराम राई, कुमार घिसिङ, रूपराम देवान, दिलप्रसाद राना, घटराज भट्टराई, शरद्‌चन्द्र भट्टराई, नरेन्द्रराज पौडेल, खेल कोइराला बन्धु, गणेस भण्डारी, रमा शर्मा, सरोजकुमार शाक्य, प्रकाश ए, राज, मुकुन्दशरण उपाध्याय, खेमराज केसवशरण, वासुदेव शर्मा, ध्रवकृष्ण दीप, कृष्ण धरावासी, मदनमोहन मिश्र, मनुजबाबु मिश्र, गणेश निरौला, जगमान गुरूङ, इमानसिंह चेमजोङ, खोमराज नेपाल, तारामणि दाहाल, प्रफुल्लकुमार मौन, दिनेश सत्याल, फणीन्द्र नेपाल, प्रतीक ढकाल, जैनेन्द्र जीवन, विमल निभा, राजव, राजेन्द्र

सुवेदी, वानीरा गिरि, सुनिल, जनार्दन आचार्य, सागर आदिलाई लिन सकिन्छ।

समग्रमा के भन्न सकिनछ भने नेपाली भाषाको भाषिक स्थिति, राजनैतिक तथा सांस्कृतिक परिवेशअनुकूल निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो। सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव  नेपाली निबन्धमा पर्‍यो। त्यसैले नेपाली निबन्ध गतिशील स्वरूपको बन्दै बिकासक्रममा अग्रसर भयो। सर्वप्रथम ख्यानेतर गद्यबाट प्रारमभिक रूपरेखा तयार भएको नेपाली निबन्धमा पत्रपत्रिकाको प्रकाशन आरम्भ हुन थालेपछि सिलसिलाबद्ध परम्पराको निर्माण भयो। यस विधासँग नेपाली मानसिकता तथा बौद्धिकता निरन्तर रूपले संलग्न हुँदै गएकोले खास गरीकन सं. 2007 को क्रान्तिपश्चात् वृहत् वाङ्मयको परिक्रमामा यो विधा विस्तारित भयो। समग्रह इतिहासको अवलोकन गर्दा लेखकको आत्मपरक भावक्रियाका साथै अर्जित ज्ञानको अभिव्यञ्जना आधुनिक नेपाली निबन्धमा भएको पाइन्छ। तर वर्तमान समयमा आख्यानको तुलनामा यसको गति मन्दझैं प्रतीत हुन्छ तैपनि एक-दुई उज्ज्वल प्रतिभा यस विधातर्फ बढि नै रहेको पाइन्छ।

अतः आजको सन्दर्भमा नेपाली निबन्धको खास प्रवृत्ति र प्राप्तिलाई बुँदागत रूपमा यसरी औंल्याउन सकिन्छ। ती हुन् - 1) वैयक्तिक अनुभूतिको प्राधान्य, 2) राष्ट्र, जाति, संस्कृतिर प्रकृति प्रेमको उद्घाटन, 3) विसङ्गत वर्तमानप्रति वितृष्णा, 4) स्वच्छन्दतावादी/प्रगतिवादी चेतको विस्तार, 5) सरल, सहज एवं प्रवाहशील काव्यात्मक भाषाशैली, 6) व्यङ्ग्य विद्रोह भावको प्रधानता र सुधारवादी चेतना, 7) जीवन जगतको यात्राबाट उत्पन्न परिस्थितिप्रतिको संवेदनशीलता, 8) कर्मशीलता एवं आशावादी दृष्टिकोणको प्रसार, 9) कतै अमूर्तता र दुरुहताको प्रदर्शन, 10) मानवीय मूल्य

मान्यताको वकालत तथा अस्मिताको खोजी, तथा 11) विश्वव्यापीकरणतर्फको अग्रसरता र विश्व बन्धुत्वप्रति आकर्षण आदि।

# 8.3 नेपाली निबन्धकारको अध्ययन

विगतका दिनदेखि नेपाली निबन्ध लेखनको परम्परालाई निक्र्यौल गर्दा यस विधामा कलम चलाउने अनेकौ स्थापित स्रष्टाहरू देखापर्दछन्। जसको योगदानको फलतः नेपाली निबन्ध लेखनको बघैँचा हराभरा रही आएको भेटिन्छ। यसबाहेक नेपाली निबन्धको वर्तमान अत्यन्त उर्वर, सशक्त एवं प्राप्तिपूर्ण बन्न पुगेको छ। असङ्ख्य निबन्धकारहरू निबन्ध सिर्जनामा कटिबद्ध बनेका छन्। एकातिर प्रौढ तथा युवा दुवै पुस्ताको उपस्थिति चर्चा योग्य छ भने अर्कातिर नारी र पुरुष दुवैवर्गका स्रष्टाहरू निबन्ध लेखनमा सक्रिय छन्। यो अत्यन्त प्रशंसनीय पक्ष हो। यहाँ तल नेपाली निबन्ध लेखनको क्षेत्रमा देखापर्ने जेठो निबन्धको बारेमा एवम् नेपाली निबन्ध विधामा निरन्तर कलम चलाउने केही प्रमुख स्थापित निबन्धकारहरूको परिचयात्मक अध्ययन यहाँ निम्न प्रकार गरिन्छ -

## 8.3.1 निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको परिचय

लक्ष्मीप्रसाद देवकोटा (जीवनीकाल – वि. सं. 1966 -2016) नेपाली निबन्ध फाँटका स्वच्छन्दावादी आत्मपरक निबन्धकार हुन्। वि. सं. 1993 सालमा 'शारदा' पत्रिकामा 'आषाढको पन्ध्र' शीर्षक निबन्ध प्रकाशित गरेर निबन्ध लेखनको आरम्भ गरेका देवकोटाको प्रसिद्धिको क्षेत्र कवितापिको निबन्ध हो। उनका 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' – 1998 –

अनूदित सङ्ग्रह, 'लक्ष्मी निबन्धसङ्ग्रह' – 2002, 'दाडिमको रूखनेर' – 2039, निबन्धसङ्ग्रहरू प्रकाशित छन्। यसका सातै विभिन्न पत्रपत्रिकामा उनका फुटकर निबन्धहरू प्रकाशित छन्। समष्टि साहित्ययात्राको 2223 वर्षे कालमा उनले लगभग 80 वटा जति निबन्धहरूको रचना गरेका न्। निबन्धका क्षेत्रमा देवकोटाले पाश्चात्य परम्पराबाट रूप, पूर्वीय परम्पराबाट मौलिक विचार र सामाजिक तथा वैयक्तिक शैलीको वैशिष्टयका साथ निबन्धमा आधुनिक मूल्य र मान्यता दिएका छन्।

देवकोटाको 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' मा अङ्ग्रेजी साहित्यका 13 जना निबन्धकारहरूका वस्तुपरक र आत्मपरक तेह्रवटा निबन्धहरूलाई नेपालीमा अनुवाद गरेका छन्। वि. सं. 1993 – 2002 साल पूर्वसम्म रचना गरिएका 37 वटा निबन्धहरू 'लक्ष्मी निबन्धसङ्ग्रह' मा सङ्कलित छन् भने प्रारम्भिक समयदेखिका 18 वटा निबन्धहरू 'दाडिमको रूखनेर' निबन्धसङ्ग्रहमा सङ्कलित पाइन्छन्।

## 8.3.2 निबन्धकार बदरीनाथ भट्टराईको परिचय

बदरीनाथ भट्टराईको जन्म वि. सं. 1965 कार्तिकमा काठमाडौंको इन्द्रचोकमा भएको थियो। संस्कृत साहित्यमा शास्त्री र धर्मशास्त्रमा आचार्यसम्मको औपचारिक अध्ययन पूरा गरेका भट्टराई नेपाली साहित्यमा निबन्धकारका रूपमा स्थापित एक सशक्त व्यक्तित्व हुन्। नेपाली भाषा प्रकाशिनी समितिको मुख्य पण्डित भएर काम गरेका यिनले केही समय त्रि. वि. मा नेपालीका प्राध्यापक भएर नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा महत्तवपूर्ण योगदान पुर्याएका थिए। यिनको पहिलो रचना वि. सं. 1998 तिर शारदा पत्रिकामा प्रकाशित भएको थियो। यिनका प्रकाशित निबन्धसङ्ग्रहहरू - 'पच्चीस प्रबन्ध' (2023), 'ईश्वर किन मान्ने' (2031),

'नेपालका तारा' आदि रहेका छन् भने 'पौराणिक कहानी' (2010), 'ऐतिहासिक कहानी' (2025), 'वैदिक कहानी' (2059), कथात्मक रचनासङ्ग्रह, 'सिन्धुलीको झलक' (2015), काव्य एवम् 'संस्कृत साहित्यको सिंहावलोकन' समालोचनात्मक ग्रन्थजस्ता कृतिहरू पनि प्रकाशित पाइन्छन्। यसप्रकार नेपाली भाषा र साहित्यको सेवा गरेवापत् यिनी आत्मपुराण (2031), गुणराज पुरस्कार (2038), वेदनिधि पुरस्कार (2045), र आदिकवि भानुभक्त स्मृति पुरस्कार (2051) आदि बाट सम्मानित भएका थाहा लाग्छ। यिनको मृत्यु वि. सं. 2052 मा भएको थियो।

## 8.4.3 निबन्धकार हृदयचन्द्रसिंह प्रधानको परिचय

हृदयचन्द्रसिंह प्रधान (जीवनकालः वि. सं. 1972-2016) नेपाली साहित्यका प्रसिद्ध निबन्धकार हुन्। औपचारिक शिक्षा नलिएका उनले स्वाध्ययन गरी शिक्षा हासिल गरेका हुन्। नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका प्रधानको एउटा महत्तवपूर्ण पाटो निबन्ध विधा पनि हो। 'भूस्वर्ग' (2003), 'तीस रूपियाँको नोट' (2004), 'जुँगा' (2009), 'कुरा साँचो हो' (2011), 'अफसोस' (2027) यिनका प्रकाशित निबन्धसङ्ग्रहहरू हुन्। नेपाली साहित्य परिषद्को संस्थापक सदस्य-सञ्चालक (2003), नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकार (2004), साहित्यस्रोत (2004), साप्ताहिक जागरण (2007), चेतना (2013), जनचेतना आदि पत्र-पत्रिकाहरूको सम्पादकलगायतका काम गरेका थिए। नेपाली साहित्यको विकासमा उच्च योगदान पुर्याएबापत यिनी वि. सं. 2005 सालमा नेपाली साहित्य परिषदद्वारा साहित्य सम्मेलनमा पुरस्कृत भएका थिए।

## 8.3.4 निबन्धकार शङ्कर लामिछानेको परिचय

शङ्कर लामिछाने (जीवनकाल – वि. सं. 1984 -2032) नेपाली साहित्यका आत्मपरक, निजात्मक शैलीका उत्कृष्ट निबन्धकार हुन्। वि. सं. 2003 सालमा 'साहित्यस्रोत' पत्रिकामा प्रकाशित 'हाम्रो समाजमा नारीको मूल्य' शीर्षकको लेखबाट आफ्नो लेखनयात्रा सुरू गरेका लामिछानेका 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' (2024), 'गोधूलि संसार' (2028), निबन्धसङ्ग्रह, 'शङ्कर लामिछानेः शङ्कर लामिछानेका दृष्टिमा' (2032) आत्मकथात्मक प्रबन्ध र 'गौंथलीको गुँड' (2025) कथासङ्ग्रहहरू प्रकाशित छन्।

## 8.3.5 निबन्धकार केशवराज पिंडालीको परिचय

केशवराज पिंडाली कथाकार-उपन्यासकार हुनाका साथै कुशल हास्यव्यङ्गयकार पनि हुन् र आधुनिक नेपाली साहित्यका हास्यव्यङ्गय निबन्धविधामा उनको विशेष योगदान रहेको छ। पिंडालीको जन्म वि.सं. 1977 साल माघ 16 गतेका दिन काठमाडौंको क्षेत्रपाटीमा भएको हो। पिंडालीका पुर्खाहरू धादिङ जिल्लाको गजुरी पिण्डाबाट काठमाडौंमा बसाइँ सर्न आएकोले उनको उपनाम पिंडाली रहे तापनि उनको खास थर 'लामिछाने' हो। दरबार हाई स्कूलबाट प्रवेशिका (म्याट्रिक) परीक्षा पास गरेको पिंडालीले जागीरे जीवनका सिलसिलामा सात-आठ वर्ष टेलिफोन विभागमा अप्रेटर भएर, केही समय नेपाल सरकारको वन सल्लाहकारका क्लर्क भएर, 2002 देखि 2008 सम्म भारतको उडिसा रैराखोर स्टेटकी महारानीका निजी सचिव भएर, 2011 देखि भारतको सम्बलपुरमा सिनेमा हलको म्यानेजर भएर र 2015 देखि 2017 सम्म तत्कालीन प्रधानमन्त्री वी.पी. कोइरालाका निजी सचिव भएर काम गरेको देखिन्छ। 2017 सालको भुँवरीमा परी देशबाट निर्वासित भएका पिंडाली

2017 देखि 2016 सम्म भारतमा निर्वासित जीवन बिताउन पुग्दछन् र यस बीचमा कलकत्ता र पटनाबाट 'आह्वान' पत्रिकाको सम्पादन गर्दछन्। प्रारम्भमा 'गाइजात्रा' (2008), 'नयाँ कदम' (2008) जस्ता हास्यव्यङ्गय पत्रिकाको सम्पादन गर्ने केशवराज पिंडाली स्वदेश फर्केपछि 2030 देखि 2038 सालसम्म 'गोरखापत्र' र 'मधुपर्क' को कार्यकारी सम्पादक भएर पत्रकारिता व्यवसायमा संलग्न देखिन्छन्। गोरखापत्र संस्थानमा आठ वर्षको अवधि पत्रकारिता व्यवसायमा समर्पित गर्ने पिंडाली हाल साप्ताहिक 'विमर्श' पत्रिकाका सम्पादक रहेका छन्। पिंडालीले स्वदेशका केही जिल्ला र विदेशका रूस, फ्रान्स, अमेरिका, क्यानडा जस्ता केही भूभागको भ्रमण पनि गरेका छन्।

'बालपन' (शारदा 1996) नामक कविता र 'गुण्टै र चरी' (1996) भन्ने सामाजिक कथाबाट आफ्नो साहित्यिकयात्रा प्रारम्भ गर्ने पिंडालीलाई हास्यव्यङ्गय लेखनको प्रेरणा शम्भुप्रसाद ढुङ्गेलबाट प्राप्त भएको बुझिन्छ। पिंडालीले 'बालपन' (1996), 'भग्नवीणा' (2000), 'जन्त जाँदा कविसम्मेलनको प्रस्ताव' (2025) जस्ता चार-पाँच कविता प्रकाशित गरे तापनि कविताविधामा उनको विशेष योगदान देखिन्न। त्यस्तै पिंडालीले 'नेपाली भाषाको प्राचीनता' (2011), 'खोला फर्किन्छ' (2030), 'जाडो छल्न जाँदा' (2031) प्रभृति दर्जनौं हास्यव्यङ्ग्येत र लेखनिबन्ध तथा 'गुण्टे र चरी' (1996), 'कलंकिनी' (1999), 'गोमा ' (2026), यो तिमीले के गर्‍यौ ? (2031), ऊ फेरि फर्की (2033) जस्ता थुप्रै कथाहरू पनि प्रकाशित गरेका छन्। उपन्यासविधातर्फ पिंडालीका 'एकादेशकी महारानी' (2026) र 'अन्त्यदेखि शुरु' (2034) दुई उपन्यासकृतिहरू देखापर्दछन्। रोमाञ्चकारी स्वच्छन्दतावादी प्रवृत्तिबाट मुक्त नभएकाले 'एकादेशकी महारानी' लाई पूर्ण ऐतिहासिक उपन्यास भन्न मिल्दैन तापनि इतिहासको आभासचाहिँ यसले दिएको छ। विफल दाम्पत्यजीवनको सामाजिक कथावस्तु प्रस्तुत गर्ने 'अन्त्यदेखि शुरु' उपन्यासको पनि संरचनापक्ष शिथिल छ। कविता र

उपन्यासविधामा पिंडालीले उच्चस्तरीय कलात्मक मूल्य प्राप्त गर्न नसकेको देखिए पनि उनको विधागत संलग्नता प्रशंसनीय मान्नुपर्दछ। कथा र निबन्धविधामा हास्यव्यङ्गयको सफल प्रयोग भएकाले हास्यव्यङ्गयकारितालाई नै पिंडालीका साहित्यिक व्यक्तित्वको विशेष प्रभावशाली पक्ष मानिन्छ। पिंडालीका हास्यव्यङ्गय सङ्कलनहरू हुन् 'खै खै '(2017) र ' फेरि उल्टै मिल्यो' (2032)। यी दुवै सङ्कलनमा 20-20 गरी जम्मा 40 वटा गद्यरचनाहरू सङ्कलित छन्। यसरी कथात्मक व्यङ्गय निबन्ध र व्यङग्यात्मक कथाहरूका माध्यमबाट केशवराज पिंडाली नेपाली हास्यव्यङ्गय विधाका अविस्मरणीय प्रतिभा मानिएका छन् र उनका हास्यव्यङ्ग रचनाहरूबाट नेपाली हास्यव्यङ्ग विधाको विकासमा उल्लेखनीय योगदान प्राप्त भएको देखिन्छ।

## 8.3.6 निबन्धकार श्यामप्रसाद शर्माको परिचय

श्यामप्रसाद शर्माको जन्म वि. सं. 1986 मा मकवानपुर जिल्लाको सोलिथुम भन्ने गाउँमा भएको थियो। साधारण विद्यालयबाट स्तरीय शिक्षा प्राप्त गरेका शर्माले नेपाली भाषा र साहित्यको क्षेत्रमा महत्तवपूर्ण योगदान पुर्याएका पाइन्छ। वि. सं. 2002 तिर 'उदय' नामक पत्रिकामा 'सन्देश' शीर्षकको कविता प्रकाशन गराएर नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका शर्माका 'बहिनीलाई चिट्ठी' भाग – 1 (2008), 'बहिनीलाई चिट्ठी' भाग – 2 (2012), 'तँ तिमी, तपाईं, हजुर' (2014), 'मेरी आमा' (2023), 'चीन जाँदाको डायरी' (2036), 'थुनुवाको डायरी' (2038), 'केही साहित्यकार र साहित्य' (2042) जस्ता निबन्धसङ्ग्रहहरू प्रकाशित छन्। विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गर्ने क्रममा यिनले 'सेवा' (2006), हस्तलिखित 'सन्देश' (2006) जस्ता किसिमका क्रान्तिकारी पत्रपत्रिकाहरूको सम्पादक

भएर काम गरेका पाइन्छन्। नेपाली साहित्यमा महत्तवपूर्ण योगदान पुर्याएवापत मुक्ति पुरस्कार (2050) र महेन्द्र प्रज्ञा पुरस्कार (2050) बाट शर्मालाई सम्मानितसमेत गरिएको छ।

## 8.3.7 निबन्धकार भैरव अर्यालको परिचय –

भैरव अर्यालको जन्म वि. सं. 1994 असोज 25, गते कुपन्डोल ललितपुरमा एक निम्नमध्यम परिवारमा भएको थियो। उनले नेपालीमा एम. ए. गरेर विभिन्न संघसंस्थामा आबद्ध भएर सेवा गरेका थिए। उनका निबन्ध, समीक्षा एवम् सम्पादित कृतिहरू प्रकाशित छन्। नेपाली साहित्यको निबन्ध फाँटका मूर्धन्य हास्यव्यङ्ग्यात्मक निबन्धकार हुन्। 'नवनिर्माण' (2013), शीर्षकको कविताबाट साहित्य यात्रा सुरू गरेका भैरव अर्यालको प्रथम निबन्ध 'खोलापारिका पुरेत बाजे' (2013) हो। उनका 'काउकुती' (2019), 'जयभुँडी' (2022), 'गलबन्दी' (2016), 'इतिश्री' (2028), 'दश औतार' (2033), निबन्धसङ्ग्रहहरू प्रकाशित पाइन्छन्। उनको मृत्यु वि. सं. 2033 असोज 19 गते गोकर्ण काठमाडौं भएको थियो।

## 8.3.8 निबन्धकार कृष्णचन्द्रसिंहको परिचय

कृष्णचन्द्रसिंह प्रधान (1982, काठमाडौं) नेपाली साहित्यका निबन्धकार, समालोचक र कवि हुन्। वि. सं. 2002 सालमा 'उदय' पत्रिकामा 'अश्रुधारा' कविता प्रकाशित गरी औपचारिक साहित्ययात्रा प्रारम्भ गरेका प्रधानको निबन्धयात्रा 2004 सालमा 'साहित्यस्रोत' पत्रिकामा प्रकाशित 'झुत्रो लुगा' निबन्धबाट भएको हो। उनका 'भञ्जायङ्निर' (2008) कवितासङ्ग्रह, कविव्यथित र काव्यसाधना (2015), नेपाली उपन्यास र उपन्यासकार (2037) र साझा समालोचना (2027, सम्पादित) समालोचनात्मक कृतिहरू हुन्। 'कवि व्यथित र काव्यसाधना' कृतिमा उनले मदनपुरस्कार

Notes

प्राप्त गरेका थिए। उनका 'सालिक' (2026), 'अनाम सत्य' (2043), 'पाइला आगतमा टेकेर' (2047) आदि निबन्धहरू प्रकाशित देखिन्छन्।

### 8.3.9 निबन्धकार बालकृष्ण पोखरेलको परिचय

बालकृष्ण पोखरेलको जन्म वि. सं. 1990 श्रावणमा चिसापानीगढी, मकवानपुर जिल्लामा भएको हो। उनले एम. ए. द्वयः भाषाविज्ञान र नेपालीमा उच्च शिक्षा लिएका छन्। नौला पाइलोको प्रधान सम्पादक (2013) बाट सेवा र पेशामा पसेका पोखरेलले इन्स्ट्रक्चर र पछि लेक्चरर (2018), त्रिभुवन विश्वविद्याल कलेजका लेक्चेरर (2020), विराटनगर कलेजमा प्राध्यापन (2025), नेपाल राजकी प्रज्ञाप्रतिष्ठानको सदस्य (2036) तथा हाल स्वतन्त्र लेखन गरिरहेका थाहा पाइन्छन्। उनका कलेज स्तरका 'निबन्धै निबन्ध' (2027), 'उकुस मुकुस' (2029), तेस्रो 'एकमुखे रूद्राक्षको खोजी' (2040) र 'हिमाली रचना' (बालनिबन्ध) प्रकाशित निबन्ध सङ्ग्रहहरू हुन्। 'सोधाइ र जवाफ' (2021), 'सुनगाभा' (2026), 'सुनगाभा' (2026), 'फुटेको ऐना' (2027), 'कानेखुशी' (2033), प्रकाशित कथासङ्ग्रहहरू हुन्। 'हस्ताक्षर हुन नपाउँदै' (2044), नाटक 'कावुङलाभ' (2009), 'शान्तिसेना' (2010), र सौरी कविता / काव्य हुन्। 'म्याक्सिक गोर्की महान रसियाली लेखक' (2013), जीवनी 'बारूद र चेरीका फूलहरू' (अनु. 2027), 'कालो भूत' (सम्पा. 2011), 'पच्चीस वर्षका भाषिक चर्चा' (सम्पा. 2039), 'बृहद नेपाली शब्दकोश' (सम्पा. 2040), 'नेपाली भाषाको कथा' (सम्पा. 2019), 'पाँच सय वर्ष' (सम्पा. 2020), 'प्राकृतिक पाठ' (2020), 'नेपाली भाषा र साहित्य' (2021), 'राष्ट्रभाषा' (2022), 'ध्वनि प्रक्रिया र केही ध्वनि सिद्धान्त' (2027), 'नेपाली निर्वचन' भाग -1 (2046), 'नेपाली निर्वचन' भाग -2, 'नेपाली भाषाको उत्पत्ति' (2047),

'खस जातिको इतिहास' आदि भाषिक कार्यहरू हुन्। यिनलाई नेपाली भाषा र साहित्यको असाधारण सेवा गरेकाले 'मदन पुरस्कार' (2011), 'रत्नश्री' (2022), 'शिक्षा पुरस्कार' (2022), 'महेन्द्र विद्याभूषण' (2032), 'सार्वजनिक अभिनन्दन' (2041), 'पूर्वाञ्चल प्रतिष्ठान पुरस्कार' (2044), 'प्रतिभा पुरस्कार' (2044), 'सार्वजनिक रथयात्रा' (2051) आदिबाट सम्मान गरिएको पाइन्छ।

## 8.3.10 निबन्धकार तारानाथ शर्माको परिचय

तारानाथ शर्माको जन्म वि. सं. 1991 मा इलाममा भएको थियो। उनी नेपाली साहित्यमा निबन्धकार समालोचक कथाकार र उपन्यासकारका रूपमा परिचित छन्। वि. सं. 2008 सालमा साथी पत्रिकामा इलाम शीर्षकको लेख प्रकाशित गरी आफ्नो औपचारिक साहित्ययात्रा सुरू गरेका तारानाथ शर्माका 'नमस्ते' (2018), 'बेलाइततिर बरालिँदा' (2026), 'जीवनका छाल' (2030), 'पाताल प्रवास' (2042), 'श्रद्धाका सुमन' (2044), 'आँसु छचल्किन्दै जान्छ' (2055), 'निबन्धसङ्ग्रह ओझेलपर्दा' (2023), 'मेरा कथा' (2024), 'सुली' (2030), 'झझल्को' (2045), 'नेपालदेखि अमेरिकासम्म' (2049), उपन्यास – 'दुई पोका चुरा' (2026) आदि कथा प्रकाशित पाइन्छ। यसबाहेक उनका भाषा-व्याकरण र समालोचनात्मकसम्बन्धी पुस्तकका साथै सम्पादन र अनुवाद गरिएका विभिन्न पुस्तक प्रकाशित देखिन्छ।

## 8.3.11 निबन्धकार पारसमणि प्रधानको परिचय

पारसमणि प्रधान भारतीय नेपाली जाति र समाजको निम्ति एक त्यस्तो व्यक्तित्व मान्न सकिन्छ, जसबाट नेपाली भाषा, साहित्य र शिक्षाको पर्यावलोकन गर्न सकिन्छ। भारतीय नेपाली जाति र समाजनिहित अभाव र

आवश्यकतालाई ध्यानमा राखेर जाति र भाषा – साहित्यकै हितार्थ पाठ्यपुस्तक, शब्दकोश, व्याकरणको पुस्तक, स्तरीय साहित्यिक पत्रिका लेखन र प्रकाशन गरे। उनको कुशल सम्पादनमा प्रकाशित भएको सन् 1918 मा 'चन्द्रिका' र सन् 1948 देखि सन् 1957 सम्म प्रकाशित भएको 'भारती' नामक पत्रिकाले साहित्यको परिप्रेक्ष्यमा आफ्नो ऐतिहासिक मोड स्थापित गर्दछ। पारसमणि प्रधानले शब्दकोश, व्याकरणका पुस्तकबाहेक कविता (जपमाला, बटुल – बाटुल सन् 1957, 1967 क्रमशः) का पुस्तक र साथै निबन्धका पुस्तकहरू लेखी प्रकाशित गरेका पाइन्छ। उनका आफ्ना निबन्धगत विषयहरूमा विशेष ऐतिहासिक, भाषिक र साहित्यिक विषयहरू छन्। प्रधानबाट रचित प्रसिद्ध निबन्धका पुस्तकहरूमा – 'टिपन टापन' 1969, 'रोचक संस्मरण' 1969, 'क्वाँटी' 1972, 'काठे झाँक्री' 1974 आदि उपलब्ध पाइन्छ। 'टिपन टापन' निबन्धको पुस्तकले उनलाई मदन पुरस्कार दिलाएको हो।

## 8.3.12 निबन्धकार राजनारायण प्रधान (सेप्टेम्बर 1967) को परिचय

सन् 1956 / 57 मा साहित्यिक जगतमा प्रवेश गर्ने प्रतिष्ठित साहित्यिक राजनारायण प्रधानको 'फिचर' लेखन कलाले सबैको ध्यान आकर्षित गरेको थियो। 'आफूमा सृजनात्मक प्रतिभा छैन' भनेर स्वीकार गर्ने राजनारायण प्रधानले निबन्ध क्षेत्रमा भने मौलिक लेखन प्रतिभाको परिचय दिएका छन्। विभिन्न पत्रिका र ग्रन्थहरूको कुशल सम्पादन गरेका राजनारायण प्रधानले पन्ध्र प्रसिद्ध पुरुष, नौ नामी नेता, नेपाली निबन्ध जस्ता जीवनीपरक र साहित्यिक निबन्धका पुस्तकहरू प्रकाशित गरिसकेका छन्। विभिन्न पत्रपत्रिकाहरूमा पनि यिनका साहित्यिक निबन्धहरू छरिएका छन्। 'नेपाली निबन्ध' जम्मै स्तरका विद्यार्थी मात्रका निम्ति लिखित नभएर साहित्यिक

कृति पनि हो। प्रस्तुतिकरणको नवीनतम प्रयोग, आकर्षक भाषा, माधुर्यपूर्ण र सरस शैली, विषयलाई सरलतासाथ टिपेर हास्यरस सिञ्चन गर्दै सुस्पष्टसँग प्रतिपादन गर्ने चूडान्त निष्कर्षमा पुर्‍याउनु यिनको आफ्नै विशेषता हो। यिनको आलोचनात्मक कृति 'केही कृति : केही स्मृति' सन् 1973 मा प्रकाशित छ। सन् 1983 मा प्रकाशित 'दश महान नाटक' नामक आलोचनात्मक पुस्तकले 'भानुभक्त पुरस्कार' प्राप्त गरेको छ।

## 8.3.13 निबन्धकार रामलाल अधिकारी (सन् 1941) को परिचय

साहित्यका विविध विधामा कलम चलाउने तर निबन्धमा प्रतिभाको चमत्कार देखाउने रामलाल अधिकारीको पहिलो निबन्ध सङ्गालो हो – 'भोकाएको कुकुर के भन्छ?' (सन् 1962)। यसपछि लेखेका प्रायः एक दर्जन निबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन्। 'रवि सप्तमो' नामक पुस्तकमा पनि विभिन्न लेखसँगै केही निबन्धहरू पनि सङ्कलित छन्। नेपाली समाज कुप्रथा, जातिगत विशेषता, मानव-स्वभाव साथै आत्मपरक निबन्धमा विशेष कलम चलाउन रुचि लिने अधिकारीको निबन्धमा शिष्ट हास्य लुकेको हुन्छ। यिनको निबन्धको अर्को सङ्ग्रह हो – 'अलौटा र ठेटना' (1976), जसमा 21 वटा निबन्धहरू छन्।

## 8.3.14 निबन्धकार आच्छा राई 'रसिक' को परिचय

आच्छा राई 'रसिक' को जन्म दार्जीलिङको धोवीतलाउ भन्ने ठाउँमा विक्रम सम्वत 1985 असोज 26 गते (सन् 1928) का दिन निम्न वर्गीय परिवारमा भएको थियो। पाँच वर्षकै उमेरमा आमाको ममताबाट बञ्चित हुन पुगेका आच्छा राई रसिक रणधोज राईका एकमात्र सन्तान थिए। सन् 1946 तिर कुनै एक हस्त लिखित पत्रिकामा उनको पहिलो कथा रचना

'पूर्णिमाको रात' प्रकाशित भएको थियो। अतः राईको साहित्यिक यात्राको प्रारम्भ यसै रचनाको माध्यम भएको देखिन्छ। सन् 1946-47 को दशकतिर दार्जीलिङबाट प्रकाशित हुने 'गोर्खा', 'हाम्रो कथा', 'साथी', 'उत्थान', 'छात्र' आदि पत्र पत्रिकाहरूमा उनका थुप्रै कथा, हास्यव्यङ्ग्य निबन्ध, प्यारोडी शैलीका कविताहरू प्रकाशित पाइन्छन्। उनको 'वसुधैव कुटुम्बकम' नामक साहित्यिक हास्यव्यङ्ग्य निबन्ध सर्वप्रथम 'गोर्खा' मा सन् 1948 मा प्रकाशित भएको थियो। पुस्तकाकारकारूपमा रसिक का कृतिहरू उनको मृत्युपछि मात्र प्रकाशित भएका देखन्छ। जसमा 1. सप्तकोसी (2011), 2. रसिक र चनावली (2037), 3. लगन (2012), 4. दोभान (2021) आदि हुन्।

## 8.4 उपसंहार

विगतका दिनदेखि नेपाली निबन्ध लेखनको परम्परालाई निक्यौंल गर्दा यस विधामा कलम चलाउने अनेकौ स्थापित स्रष्टाहरू देखापर्दछन्। जसको योगदानको फलतः नेपाली निबन्ध लेखनको बघैंचा हराभरा रही आएको भेटिन्छ। यसबाहेक नेपाली निबन्धको वर्तमान अत्यन्त उर्वर, सशक्त एवं प्राप्तिपूर्ण बन्न पुगेको छ। असङ्ख्य निबन्धकारहरू निबन्ध सिर्जनामा कटिबद्ध बनेका छन्। एकातिर प्रौढ तथा युवा दुवै पुस्ताको उपस्थिति चर्चा योग्य छ भने अर्कातिर नारी र पुरुष दुवैवर्गका स्रष्टाहरू निबन्ध लेखनमा सक्रिय छन्। यो अत्यन्त प्रशंसनीय पक्ष हो।

## 8.5 सार

● नेपाली भाषाको भाषिक स्थिति, राजनैतिक तथा सांस्कृतिक परिवेशअनुकूल निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो।

● सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव नेपाली निबन्धमा पर्‍यो। त्यसैले नेपाली निबन्ध गतिशील स्वरूपको बन्दै बिकासक्रममा अग्रसर भयो।

● सर्वप्रथम ख्यानेतर गद्यबाट प्रारमभिक रूपरेखा तयार भएको नेपाली निबन्धमा पत्रपत्रिकाको प्रकाशन आरम्भ हुन थालेपछि सिलसिलाबद्ध परम्पराको निर्माण भयो।

● यस विधासँग नेपाली मानसिकता तथा बौद्धिकता निरन्तर रूपले संलग्न हुँदै गएकोले खास गरीकन सं. 2007 को क्रान्तिपश्चात् वृहत् वाङ्मयको परिक्रमामा यो विधा विस्तारित भयो।

● समग्रह इतिहासको अवलोकन गर्दा लेखकको आत्मपरक भावक्रियाका साथै अर्जित ज्ञानको अभिव्यञ्जना आधुनिक नेपाली निबन्धमा भएको पाइन्छ।

● वर्तमान समयमा आख्यानको तुलनामा यसको गति मन्दझैं प्रतीत हुन्छ तैपनि एक-दुई उज्ज्वल प्रतिभा यस विधातर्फ बढि नै रहेको पाइन्छ।

# 8.6 अनुशीलनी

(1) निबन्धको लेखन परम्पराको इतिहासलाई विस्तारपूर्वक चर्चा गर्नुहोस्।

(2) नेपाली निबन्ध लेखनको इतिहासमा लक्ष्मीप्रसाद देवकोटाको स्थान निर्धारण गर्दै एक विवेचनात्मक टिप्पणी लेख्नुहोस्।

(3) नेपाली निबन्धको विकासमा शङ्कर लामिछानेको योगदानको मूल्याङ्कन गर्नुहोस्।

(4) नेपाली निबन्धको विकासमा आच्छा राई 'रसिक' को योगदानको मूल्याङ्कन गर्नुहोस्।

(5) नेपाली निबन्धको विकासमा रामलाल अधिकारी र राजनारायण प्रधान को योगदानको मूल्याङ्कन गर्नुहोस्।

# 8.7 अतिरिक्त अध्ययन

1 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

2 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

3 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

4 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

5 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

# 8.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. निबन्ध लेखन परम्परामा पत्र-पत्रिकाको योगदान।

........................................................................................

........................................................................................

........................................................................................

.........................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. नेपाली निबन्ध लेखनको निर्माणकालका निबन्धकारहरू।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.3 कै परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. निबन्धकारको रूपमा लक्ष्मीप्रसाद देवकोटा।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. निबन्धकारको रूपमा तारानाथ शर्मा।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**Notes**

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निबन्धकारको रूपमा राजनारायण प्रधान, रामलाल अधिकारी र भैरव अर्याल, केशवराज पिँडाली।

........................................................................................

........................................................................................

........................................................................................

.........................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.4 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 9, प्रमुख नेपाली निबन्धकारका निबन्धमा पाइने मुख्य विशेषताहरू


9.0 उद्देश्य

9.1 परिचय

9.2 प्रमुख नेपाली निबन्धकारका निबन्धमा पाइने मुख्य विशेषताहरू

9.3 उपसंहार

9.4 सार

9.5 अनुशीलनी

9.6 अतिरिक्त अध्ययन

9.7 मुल्यबृद्धिका निम्ति उत्तर


## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नेपाली निबन्ध लेखनको दिशामा देखिने स्थापित निबन्धकारहरूका सामान्य परिचय
- नेपाली निबन्ध लेखनको परम्परामा देखिने मुख्य - मुख्य निबन्धकारहरूको निबन्धगत विशेषता
- पाठ्यचर्यासित सम्बन्धित कतिपय चर्चित निबन्धहरूको विश्लेषणात्मक अध्ययन

# 9.1 परिचय

मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो। हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो। निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो। मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो। समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो। पाश्चात्य जगतमा फ्रान्, बेलाइत अनि भारतीयमूलमा हिन्दी, बङ्गलाहुँदै नेपाली भाषा – साहित्यमा भित्रिने यस विधाले विगतमा धैरै समस्याहरू तथा कठिन्याईँहरूको सामना गर्नु परेको पाइन्छ। तर विश्व समाजमा मानव सोंचको प्रगतीसितै विविध मूल्य र मान्यताहरूको उद्भवको परिणाम फलतः आज आएर यस विधाले पनि साहित्यका अन्य विधाहरू सरह झ्याँगिने र फस्टाउँने सुयोग पाएको देखिन्छ। आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै निबन्ध लेखन परम्परालाई अघि बढाएर लगेको थाहा पाइन्छ।

# 9.2 प्रमुख नेपाली निबन्धकारका निबन्धमा पाइने मुख्य विशेषताहरू

विगतका दिनदेखि नेपाली निबन्ध लेखनको परम्परालाई निक्यौंल गर्दा यस विधामा कलम चलाउने अनेकौ स्थापित स्रष्टाहरू देखापर्दछन्। जसको योगदानको फलतः नेपाली निबन्ध लेखनको बघैँचा हराभरा रही आएको भेटिन्छ। यसबाहेक नेपाली निबन्धको वर्तमान अत्यन्त उर्वर, सशक्त एवं प्राप्तिपूर्ण बन्न पुगेको छ। असङ्ख्य निबन्धकारहरू निबन्ध सिर्जनामा कटिबद्ध बनेका छन्। एकातिर प्रौढ तथा युवा दुवै पुस्ताको उपस्थिति चर्चा योग्य छ भने अर्कातिर नारी र पुरुष दुवैवर्गका स्रष्टाहरू निबन्ध लेखनमा सक्रिय छन्। यो अत्यन्त प्रशंसनीय पक्ष हो। यहाँ तल नेपाली निबन्ध विधालाई मल जल गरी यसलाई फुलाउनमा सहयोग पुर्याउने केही प्रमुख स्थापित निबन्धकारहरूका निबन्धगत विशेषता लगायत पाठ्यचर्यामा आधारित कतिपय निबन्धहरूबारे पनि विश्लेषण गरिन्छ –

## 9.2.1 पृथ्वीनारायण शाह – दिव्योपदेश

समालोचक डा ईश्वर बरालद्वारा (वि. सं. 1980 -2054 ) सम्पादित र सङ्कलित गद्य 'सङ्ग्रह' सयपत्री वि. सं. 2013 खोजपूर्ण गद्य – लेखनको सङ्ग्रह हो। यो गद्य सङ्ग्रह चार खण्डमा विभाजित पाइन्छ। प्रथम खण्डका सङ्कलित गद्य भाषिक स्वरूपका नमूनाका लागि रहेका देखिन्छ। दोस्रो खण्डको गद्य लेखन प्रकीर्णिकाभित्र राखिएको पाइन्छ। तेस्रो खण्ड नेपालबाहिर गद्यमा सङकलित र चौथो खण्ड आधुनिक निबन्धका स्वरूपमा प्रस्तुत पाइन्छ।

पृथ्वीनारायणको 'दिव्योपदेश' प्रकीर्णिका दोस्रो खण्डमा सङ्ग्रहीत रहेको छ। यताउता छरिएर रहेका नेपाली गद्य – लेखनको यो एक नमुना हो। 'दिव्योपदेश' लेखमा पाइने प्रमुख विशेषताहरूमा एक साहित्यिक गुण, दुई राजनैतिक, सामजिक, प्रशासनिक, सांस्कृतिक कुराहरूका दृष्टान्त र तेस्रो भाषाको सुन्दर गद्य प्रयोजनको नमूना आदि हुन्। 'दिव्योपदेश' लेखको सन्दर्भमा समालोचक तारानाथ शर्माको दृष्टि उदाहरणमा केही उल्लेख योग्य देखिन्छ –

(क) 'दिव्योपदेश' – आजसम्म आविष्कार हुन सकेका नेपाली गद्यका प्राचीनतम नमूनाहरूमा पृथ्वीनाराण शाहकृत दिव्योपदेश नै साहित्यिक गुणहरूले युक्त प्रथम कृति हो।

(ख) 'दिव्योपदेश' चाहिँ राजनैतिक, आर्थिक, प्रशासनिक र सांस्कृतिक कुराहरूको नमूना हो। उपमाहरू पनि यसमा प्रशस्त छन् र भाषासम्बन्धि चेतना पनि यहाँ पाइन्छ।

(ग) 'दिव्योपदेश' पृथ्वीनारायण शाहको मौखिक रचना थियो भनिन्छ, जसलाई पछि अरूले लिखित रूप दिए।

(घ) 'दिव्योपदेश' नेपाली गद्य साहित्यको इतिहासमा अमूल्य उपलब्धि हो। अभिव्यक्तिको सरसता, उपमा प्रयोगको सरलता, विषयवस्तुको राष्ट्रियता र भा,को सुन्दरता आदि यस रचनाका विशेषता हुन्।

नेपाली गद्य लेखनको क्रममा दिव्योपदेशको गरिमामय भूमिकाकै निरमितमा आधुनिक निबन्ध लेखनको शिलान्यास भएको कुरा गर्दा अत्युक्ति हुने छैन। कुमारबहादुर जोशीनुसार - 18 औं शताब्दीको तेस्रो दशकतिर रचित पृथ्वीनारायण शाहको दिव्योपदेशमा निबन्धका धेरै सहयोगी तत्वहरू देखिन्छन्। यसमा प्रयोग भएको रागात्मक तथा बिम्बमूलक भाषाले नेपाली

निबन्धलाई आवश्यक पर्ने शिल्प प्राप्त गरिसकेको अनुभव हुन्छ। यति मात्र होइन, दिव्योपदेशको ऐतिहासिक पृष्ठभूमि नेपाली गद्य अथवा निबन्ध लेखनमा एक महत्वपूर्ण घटना नै हो। किनभने पृथ्वीनारायण शाहको 'दिव्योपदेश' लाई नेपाली निबन्ध लेखनको पृष्ठभूमिकाल अथवा प्रारम्भिक काल पनि मानिलिएको छ। यही सन्दर्भमा कुमारबहादुर जोशीको विचार यहाँ उद्धृति योग्य देखिन्छ। उनी भन्छन् – 'नेपाली निबन्धको इतिहास नेपाली आख्यानेतर निबन्धबाट एकदमै पृथख राख्नु कदापि उपयुक्त हुँदैन। यस दृष्टिकोणबाट हेर्दा श्री 5 पृथ्वीनारायण शाहको 'दिव्योपदेश' 1831 बाटै नेपाली निबन्धको ऐतिहासिक चर्चा शुरू गर्नुपर्ने हुन्छ।' डा जोशी यसको ऐतिहासिक महत्तव मान्नुको तात्पर्यमा 'दिव्योपदेश' भित्र निहित साहित्यिक गुण विशेष र त्यसको लेखन संरचनाप्रति पनि रहेको वैशिष्ट्यतालाई इङ्गित गर्दै अझ थप टिप्पणी गर्छन् – 'श्री 5 पृथ्वीनारायण शाहको उक्त 'दिव्योपदेश' वास्तवमा नेपाली भाषाको भाषिक सामर्थ्य, साहित्यिक गुण र कलात्मक अभिवय्न्जनको संयोजन मात्र होइन, अपितु विचारको प्रस्तुति र आन्तरिक सङ्गठनको दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण छ। अतः नेपाली निबन्धको पृष्ठभूमिकालको प्रारम्भ यही गद्यकृतिबाट भएको मान्नु सर्वथा उपयुक्त ठहर्छ। पृथ्वीनारायण शाहको 'दिव्योपदेश' निश्चय नै गद्य लेखनप्रतिको एक महत्तवपूर्ण उपलब्धि नै हो। यसको ऐतिहासिक गरिमा मात्र होइन तर साहित्यिक वैशिष्टयताको पनि महत्तवपूर्ण योगदान छ।'

## 9.2.2 शम्भुप्रसाद ढुङ्गेल 'महेन्द्रमल्ली'

शम्भुप्रसाद ढुङ्गेल माध्यमिक कालको मोतीराम पछिको अत्यन्त कीर्तिमान साहित्यिक व्यक्तित्व हुन्। शम्भुप्रसाद ढुङ्गले (वि. सं. 1946 - 1986) ले फारसमीका नीति कथाहरू नेपाली भाषामा अनुवाद गरेर

जनसाधारण नेपाली पाठकलाई पढने बानी बसाएको थाहा लाग्छ। उनका रोचकपूर्ण नीतिकथाहरूमा 'हातिमताईको कथा', 'तोता-मैनाको कथा', 'बैताल पच्चीसी', 'लालहीराको कथा', 'सत्य मधुमालती', 'सुनकेशरी रानी', 'गुलबकावली' इत्यादि रहेका देखिन्छन्। यी सबै फारसी नीतिकथाहरूशमभुप्रसाद ढुङ्गेलले सुन्दर र सहज गद्यमा अनुवाद गरेर नेपाली गद्य लेखनको स्वरूप निर्धारणमा थप योगदान दिएका पनि देखिन्छ। उपर्युक्त नीति कथाहरू नेपाली जनसाधारण पाठकमा अति नै प्रिय भएर गयो। उनको सुन्दर नेपाली गद्य लेखनको नमूनामा पारसमणि प्रधानद्वारा सम्पादित 'चन्द्रिका' पत्रिकामा (सन् 1918 - 11975) 'महेन्द्रमल्ली' शीर्षकको प्रकाशित निबन्ध उल्लेखनीय रहेका छन्। यसप्रकार माध्यमिक कालमा छापिएको यही 'महेन्द्रमल्ली' गद्य लेखनबाट नै नेपाली निबन्धमा आत्मपरक निबन्धको लेखन परम्परा प्रारम्भ भएको मानिन्छ। शब्दकोशको आधारम 'महेन्द्रमल्ली' को शाब्दिक अर्थ यस प्रकारले रहेको थाहा पाइन्छ - 'महेन्द्रमल्ली' (ना.) मध्यकालीन राजा महेन्द्र मल्लीले सर्वप्रथम प्रचलनमा ल्याएको मोहर, नेपाली मोहर। अनि यही मोहन एक चाँदीको टुक्रा हो भन्ने सत्य कुरा निबन्धकार स्वयंले बताइसकेको पाइन्छ नै। उनको प्रारम्भिक वाक्य नै यस्तो स्वयंले छ – 'समयका परिवर्तनले गर्दा म एक चाँदीका टुक्रका पनि परिवर्त्तन भयो।' वस्तुतः 'महेन्द्रमल्ली' त्यही एक चाँदीको टुक्राको आत्मकथत्मक निबन्ध हो। समयको परिवर्तन यहाँ मूल भाव स्रोत भएर उभिएको पाइन्छ। समयको अधीनमा चल्ने यो सांसरिक जैविक व्यवस्थापनको वृतान्त आत्मकथात्मक रूपमा निबन्ध 'महेन्द्रमल्ली' ले प्रस्तुत गरेको देखिन्छ। नियतिसङ्ग कमजोर भएर जता पायो त्यतै, जस्तोसङ्ग पायो त्यस्तै अनुरूप ढालिनु पर्ने प्रारब्ध लेखकले खुब रोचकशैलीमा लेखेका छन्। प्रारब्ध

पनि राजादेखि चोर, डाकु, शोचनीय अवस्थामा पुगेर पनि एब उपरान्त कहाँ के हुने हो? जस्ता अनिश्चित भाग्य निधान प्रस्तुत निबन्धले व्यक्त गरेको पाइन्छ। उदाहरणमा एक ठाउँमा व्यक्त भएको अनिश्चित प्रारब्ध '........राजा महेनद्रमल्लले मलाई टक्सरमा पठाईदिए। मेरा टाउकामा टक पर्यो, त्यहाँदेखि आजसम्म म कहां कहाँ डुले, कहाँ कहाँ पुगें, चोरका हातमा पनि परें, साहुका हातमा पनि परे, कस्ता कस्ता देख्न नपाइने ठाउँमा म पनि पुगे, राजकोषमा बसें, रङ्ग महलमा बसें, अप्सराका थैलीमा पनि परें, रण्डीका हातमा पनि नाँचे, देवताका मन्दिरमा पनि चढाउये, गुण्डाका खल्ती पनि चहारें, माटोमा पनि गाडिये, फलामका सन्दकुपमा पनि कोचिये, के के भये के के? दुनियाँ यस्तै रहेछ, सबैले अनेक तरहका दुःख – सुख खानुपर्दो रहेछ।' निबन्धको मूल सारभूमि वास्तवमा यती नै हो। यो ढुङ्गेलको एउटै निबन्धले पनि साहित्यको इतिहासमा एक अलग स्थान ओगट्न पुगेको छ। डा ईश्वर बरालको शब्दमा – 'शम्भुप्रसाद ढुङ्गेलले आत्मकथा लेखिने शैलीमा रोचक निबन्धको एउटा मात्र रचना गरे तापनि त्यसले आफ्ना खालको पहिलो रम्यरचनाको अवतारण गर्यो।' निबन्ध लेखनका विशेष कतिपय लक्षणहरूमा रम्य – सृजन पनि एक हो। विषय, भाषा र प्रस्तुतिकरणमा निबन्धले आफ्नो लेखनमा रम्यपन सृजन गर्ने गर्दछ, शम्भुप्रसादको 'महेन्द्रमल्ली' ले त्यही गुण पालन गरेको बुझिन्छ। त्यसरी नै निबन्धको रोचक गुण विशेष प्रतिपादन भएकै छ। त्यही निबन्ध लेखनको एकप्रकारले साहित्यिक गुण पनि मानिन्छ। उनका लेखन कालसम्ममा यसरी वैशिष्ट्यता प्राप्त गर्ने निबन्ध प्रथम हो भने विद्वान समालोचकहरूले मानेर आएको सर्वविदित नै पाइन्छ। डा ईश्वर बराल अझ थप लेख्छन् – 'यतिञ्जेलका नेपाली निबन्धमध्ये 'महेन्द्रमल्ली' नै सबैभन्दा बढी साहित्यगुणविशिष्ट रचना हो भन्न अत्युक्ति ठहरिएओइन।'

'महेन्द्रमल्ली' प्रथम मौलिक निबन्धले बोकी ल्याएको रोचक विषय, रम्य भाषा-शैली, साहित्यिक गुण विशेषले परिपक्व, आत्मपरक निबन्ध लेखनको परम्परा शुरू गर्ने आदि विशेषताहरूका आधारमा यसले निबन्ध विधामा आफ्नो छुट्टै स्थान राख्न सफल बनेको कुरो अब ध्रुव सत्य बन्न पुगेको बुझिन्छ।

### 9.2.3 निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धगत विशेषता

लक्ष्मीप्रसाद देवकोटा (जीवनीकाल – वि. सं. 1966 -2016) नेपाली निबन्ध फाँटका स्वच्छन्दावादी आत्मपरक निबन्धकार हुन्। वि. सं. 1993 सालमा 'शारदा' पत्रिकामा 'आषाढको पन्ध्र' शीर्षक निबन्ध प्रकाशित गरेर निबन्ध लेखनको आरम्भ गरेका देवकोटाको प्रसिद्धिको क्षेत्र कवितापिको निबन्ध हो। उनका 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' – 1998 – अनूदित सङ्ग्रह, 'लक्ष्मी निबन्धसङ्ग्रह' – 2002, 'दाडिमको रूखनेर' – 2039, निबन्धसङ्ग्रहरू प्रकाशित छन्। यसका सातै विभिन्न पत्रपत्रिकामा उनका फुटकर निबन्धहरू प्रकाशित छन्। समष्टि साहित्ययात्राको 2223 वर्षे कालमा उनले लगभग 80 वटा जति निबन्धहरूको रचना गरेका न्। निबन्धका क्षेत्रमा देवकोटाले पाश्चात्य परम्पराबाट रूप, पूर्वीय परम्पराबाट मौलिक विचार र सामाजिक तथा वैयक्तिक शैलीको वैशिष्टयका साथ निबन्धमा आधुनिक मूल्य र मान्यता दिएका छन्।

देवकोटाको 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' मा अङ्ग्रेजी साहित्यका 13 जना निबन्धकारहरूका वस्तुपरक र आत्मपरक तेह्रवटा निबन्धहरूलाई नेपालीमा अनुवाद गरेका छन्। वि. सं. 1993 – 2002 साल पूर्वसम्म रचना गरिएका 37 वटा निबन्धहरू 'लक्ष्मी निबन्धसङ्ग्रह' मा सङ्कलित छन् भने

प्रारम्भिक समयदेखिका 18 वटा निबन्धहरू 'दाडिमको रूखनेर' निबन्धसङ्ग्रहमा सङ्कलित पाइन्छन्।

निबन्धकार लक्ष्मीप्रसाद देवकोटा आत्मपरक निबन्धकार हुन्। देवकोटाले आफ्ना वैयक्तिक र सामाजिक जीवन भोगाइका क्रममा भोगेका, देखेका अनुभवहरूलाई आत्मरागले रङ्ग्याएर निजात्मक ढङ्गले प्रस्तुत गर्दछन्। देवकोटाले आफ्ना निबन्धको विषय आफैंलाई बनाएका छन् र आफ्ना जावनका सुख दुःख, हाँसो, आँसु, हर्ष – विस्मात् आदिलाई प्रस्तुत गरेका छन्। कल्पनाका कुबेर देवकोटाले कुनै विषयलाई टिप्छन् र त्यसले आफ्नो हृदयलाई कसरी छोयो त्यसैलाई लहडी ढङ्गले व्यक्त गर्छन्। देवकोटा भन्छन् – 'म त्यसका कन्सिरीका रौं तताउन्न, म त्यसको सिङ पक्रेर पुच्छरको टुप्पोसम्म जाँच्दिन।.........कहीँ म प्रबन्धभित्र आफै घुसेको छु – व्यक्तित्वको रंग रंगाएर आफूसँग खेल्न र आफूलाई चिन्न र चिनाउनका लागि। कलालाई जीवनको आत्मप्रकाशन ठान्ने देवकोटा निबन्धमा पाठकसँग गफगर्दै, साउती मार्दै ठट्टा गर्दै आफ्ना निजी विचारहरू व्यक्त गर्छन्। कुनै विषयलाई टिपेर त्यसको गरिराइसम्म पुग्ने देवकोटा भन्छन् – 'मेरो परिचय मेरै प्रबन्धहरूले साफसँग त्यस पाठकलाई दिने छन्, जो सच्चा श्रद्धाको आँखा लगाएर तिनलाई पङ्कतिका बीच – बीचमा पढ्ने छ।

निबन्धकार देवकोटा विषयको वर्णनतर्फ नलागी निजी व्यक्तित्वको प्रकाशनमा मस्त रहन्छन्। तर्क – वितर्क, बुद्धि – विवेक एवम् बौद्धिक कसरत नपाइने उनका निबन्धमा रमरम बौद्धिकता पाइन्छ। उनका निबन्दमा कवितामा जस्तै चरीको चिरीबिरी गुञ्जन पाइन्छ, भावना र अनुभूतिको स्वस्फूर्त अभिव्यक्ति पाइन्छ। देवकोटा प्रकृतिप्रेमी निबन्धकार हुन्। प्रकृतिका पुजारीका रूपमा देखिने देवकोटा नेपाली प्रकृति. नेपाली जनमानसको सरलता र पवित्रता र प्राकृतिक निष्कलङ्कपनालाई निबन्घमा

प्रस्तुत गर्छन्। प्रकृतिका विविध पक्षको र प्राकृत जीवनको सुन्दर वर्णन उनका निबन्धमा पाइन्छ। देवकोटाले नेपाली जातिको स्वाभिमान, वीरताका गाथा, राष्ट्रप्रेम, जातिप्रेम, भाषाप्रेमलाई निबन्धमा प्रकट गर्छन्। प्राकृतिक सभ्यताको सरलताभित्र आधुनिकताका नाममा विकृति भित्रिएकोमा आक्रोश व्यक्त गर्दै आधुनिकताको अन्धानुकरणबाट सभ्य बन्न नसकिने भएकाले हाम्रै प्राचीन मूल्य र मान्यताको परिष्कार गर्नुपर्ने धारणा राख्छन्।

देवकोटाले निबन्धमा शिक्षा, साहित्य, ईश्वर, जीवन जगत्, यान्त्रिकता, आडम्बर, आधुनिकता, प्राचीन आदर्श, संस्कृति, मानवीय स्वभाव क्रियाकलापबारे आफ्ना विचार र धारणा पोखेका पाइन्छ। निबन्धकार देवकोटा निबन्धमा सशक्त व्यङ्ग्यकारका रूपमा पनि देखिन्छन्। सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रका विकृति , यान्त्रिक बन्दै गएको मानवीय जीवन, महान् व्यक्तिको उपेक्षा हुने प्रवृत्ति, मूर्ख सम्मानित हुने परम्परा, बाह्य तडकभडकमा विश्वास गर्ने समाजप्रति व्यङ्ग्यवाण हानेका छन्। परम्परागत मूल्य र मान्यताका नाममा मान्छेका मनमस्तिष्कमा जरो गाडेर बसेको रूढि र विकृतिको आलोचना गर्न पुग्छन्। नगर र ग्रामीण सभ्यताका बीचमा देखिएको सङ्कटलाई पनि प्रकाश पार्ने काम निबन्धले गरेका छन्। उनी भन्छन् – 'यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिँडदा कहिले – कहिले ढुङ्गा हान्छ .......।'

देवकोटा कवितामा जस्तै निबन्धमा पनि स्वच्छन्दतावादी भएर देखापर्छन्। वस्तुपरकभन्दा आत्मपरक अभिव्यक्ति, विवेकको नियन्त्रणभन्दा स्वतः स्फूर्त भावप्रवाह, सचेत शिल्पभन्दा प्राकृतिक अभिव्यक्ति, बौद्धिकताभन्दा हार्दिकता, सहरियाभन्दा ग्रामीण जीवनतर्फका आकर्षण, मानवतावाद, प्राचीन अतीतको आर्य संस्कृतितर्फको झुकाव, ईश्वर, प्रकृति र मानवबीचको सम्बन्ध, असीमित कल्पनाको उडानजस्ता पक्षहरू देवकोटाका निबन्धमा

पाइने स्वच्छन्दतावादी प्रवृत्ति हुन्। प्रकृतिलाई गुरू मान्ने देवकोटाका निबन्धहरू रूसोको 'प्रकृतितर्फ फर्क' बाट अनुप्राणित पाइन्छन्। स्वतः स्फूर्त रूपमा मनका निजी अनुभूतिलाई पोखिएका देवकोटाका निबन्धहरू बुझ्न (केही निबन्धबाहेक) पाठकले बौद्दिक कसरत गर्नुपर्दैन, मथिङ्गल खियाउनु पर्दैन, निबन्धले पाठक हृदयलाई छुन्छ र हृदयसँग साइनो लगाउन पुग्छ।

देवकोटा रहस्यमूलक निबन्धकारका रूपमा देखिन्छन्। मान्छे, प्रकृति र अज्ञात शक्तिसमेतका रहस्यात्मक तथ्यलाई कार्य र कारणको सम्बन्ध देखाएर सिद्ध गर्न देवकोटा सफल छन्। एउटा अज्ञात शक्तिको प्रेरणामा विश्व सञ्चालित हुन्छ भन्ने देवकोटाको रहस्यमय अभिव्यकति व्यक्त भएको देखिन्छ। देवकोटाका निबन्धमा प्रकृति, ईश्वर र मानवबीचको त्रिकोणात्मक सहसम्बन्ध पाइन्छ।

शैलीशिल्पका दृष्टिले हेर्दा देवकोटा रूपवाद र शिल्पवादका विरोधी देखा पर्छन्। कृत्रिम यान्त्रिकतामा विश्वास नराख्ने देवकोटाका निबन्धमा स्वतः स्फूर्त अभिव्यक्ति पाइन्छ। निजात्मक शैलीको देवकोटा कृत्रिम सजधज, अलङ्कारको सचेत आयोजना स्वीकार गर्दैनन् तर असचेत रूपमा स्वतः यिनका निबन्धहरू सिंगारिन पुग्छन्। बुद्धि र विचारभन्दा हृदयको प्रस्तुति पाइने उनका निबन्धमा व्याकरणात्मक अनुशासित भाषाभन्दा भिन्न भावलाई टपक्क टिप्ने क्रममा आएका नयाँ शब्दले भाषिक नवीनता देखिन्छ। नारीसुलभ कोमलता व्यञ्जित हुने गद्यका स्रष्टा देवकोटा पोथी गद्यका निबन्धकार हुन्। देवकोटा भन्छन् ......... 'मर्द गद्य लेख्ने अरूहरू पछि आउनेछन्, तर यहाँ शायद पोथी गद्य गुण होल्.......।'गफ वा कुरा गराइको शैली, काव्यात्मकता, कवितामय गद्य, लयात्मक प्रस्तुति, नवनवशब्द प्रयोग, शाब्दिक र वार्णिक पुनरावृत्ति, सौन्दर्यात्मकता उनका निबन्धका शैलीगत विशेषता हुन्।

निबन्ध-लेखनका सन्दर्भमा आत्मपरकता, निश्चल, आत्मोद्घाटन, अन्तः प्रेरणा, कल्पनाजस्ता तत्वलाई समेट्न सफल देवकोटाले नेपाली साहित्यमा छायावाद, प्रतीकवाद एवम् रहस्यवादको सफल नेतृत्व गरे र उनकै केन्द्रीयतामा नेपाली साहित्यमा स्वच्छन्दतावाद जन्मने र हुर्कने मौका पायो, तसर्थ नेपाली निबन्ध लेखन परम्परामा देवकोटा प्रथम र अन्तिम सफल स्वच्छन्दतावादी निबन्धकार हुन् भन्न सकिन्छ। निव देवकोटाका कतिपय निबन्धहरू (पाठ्यचर्यामा सङ्कलित) का विश्लेषण गरिन्छ।

**9.3.3.(क) – 'कल्पना' निबन्धको सङ्क्षिप्त विश्लेषण –** निबन्धकार देवकोटाले आफ्ना निबन्धहरूमा विभिन्न आधारबाट मनोविज्ञानको उपयोग गरेका छन्। मनोविज्ञानको उपयोग गर्ने क्रममा एकातिर उनले आफ्नो मानसिक व्यक्तित्वको विश्लेषण गरेर त्यसको परिचय प्रस्तुत गरेको देखिन्छ भने अर्कोतिर मनोविज्ञानका विभिन्न पद्धतिको अवलम्बन गरेर सामाजिक मनोजगतको विशद् पक्षलाई उद्घाटन गरेको पाइन्छ। प्रस्तुत निबन्ध 'कल्पना' मा सत्यका तीनवटा अवस्था जस्तै व्यावहारिक, दार्शनिक र काल्पनिक अवस्थामध्ये काल्पनिक सत्यतामै आनन्दको सत्ता पाइने हुनाले निबन्धकार देवकोटाले काल्पनिकलाई आनन्दको आत्मा भनेर घोषणा गरेको देखिन्छ।

**9.3.3.(ख) – 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरूष' निबन्धको विश्लेषण –** प्रस्तुत निबन्धमा देवकोटाले नेपाली भाषा वीगतका दिनमा जनबोलीमा मात्र सीमित रहेको र विद्वानहरूद्वारा अवहेलित बनेको, अतः नेपाली भाषामा 'रामायण' जस्तो महनीय ग्रन्थ रचेर भानुभक्तले देश र जनताप्रतिको आफ्नो कर्तव्य निभाएको विचार प्रकट गरेका छन्। यसै 'रामायण' को कथाले नेपाली हृदय छोएकै कारण कतिपय

नेपालीहरूबाट नै नेपाली सभ्यतामा कवितारूपी नयाँ पालुवा पलाएको विचार निबन्धकार देवकोटाको रहेको देखिन्छ। 'रामायण' लाई कल्पद्रुमका रूपमा प्रस्तुत गर्दै देवकोटाले यसैमार्फत नेपाली हृदयका सर्वोच्च भावना र कल्पनाहरू फले – फुलेको विचार राखेका छन्।

प्रस्तुत निबन्धमा देवकोटाले अग्रज कवि भानुभक्तप्रतिको उच्च श्रद्धाभाव व्यक्त गरेका छन्। भानुभक्तको 'रामायण' महाकाव्यमा पाइने सरलता, सहजता, मधुरता, प्रभावकारिता, प्राकृतिकता, आडम्बर-विहीनता, नेपाली भाषाप्रतिको मोह, नेपाली जनजीवनकको सहज प्रस्तुति, सत्यको मोहनी आदिजस्ता विशेषताले प्रभावित बनेका निबन्धकार देवकोटाले उक्त कृतिको मुक्तकण्ठले प्रशंसा गर्दै अतुलनीय ठानेका छन् र त्यही कृतिका माध्यमबाट कवि भानु नेपाली साहित्यमा सर्वश्रेष्ठ पुरूषका रूपमा स्थापित भएको विषय उल्लेख गरेका छन्। समग्रमा सरल र सहज एवम् कवितात्मक भाषाको प्रयोग रहेको यस निबन्धमा देवकोटाका विचारहरू अत्यन्त सशक्त ढङ्गमा प्रस्तुत भएका छन्, फलतः निबन्धले निजात्मक स्वरूप पाएको छ। यसप्रकार अग्रज कवि भानुभक्तप्रतिको देवकोटाको श्रद्धाभाव व्यक्त भएको यो निबन्ध विषयवस्तुअनुकूलकै देवकोटेली भाषाशैलीले थप उत्कृष्ट बनेको पाइन्छ।

**9.3.3.(ग) – 'बेलामा' निबन्धको विश्लेषण –** 'बेलामा' निबन्धमा देवकोटाले सङ्गीतको रूझुनाहट सुतेको पाएका बुझिन्छ। तारका रन्काइले ब्यूझने स्वर लहरीमा अनेकौं भाव र अनेकौं तात्पर्यहरू रहेका छन्। लेखक आफ्नो विचार पोख्दछन् – 'गाना नहुनु मुर्दापनको लक्षण हो। जावन न खानुमा छ, न पिउनुमा छ, छ खाली लयदार सङ्गीतमा।' यसरी लयदार सङ्गीतमा जीवनको सार – ध्वनि देख्नु नै देवकोटाको दूरदर्शिता हो।

Notes

मानवचेतको सौन्दर्य सङ्गीतमा नै आग्रहित भएको लेखकको भावात्मक अनुभव यस निबन्धमा पाइन्छ। लय. ताल र गाना जीवन प्रेमका असिम चाह्नाहरू बन्दछन्। देवकोटा यस निबन्धमा भावुक चिन्तनले ओतप्रोत देखा पर्दछन्। भाषाको कवितात्मक गद्यले पोथी शैलीलाई पुरावृत गरेको बुझिन्छ।

**9.3.3.(घ) – 'साँढ़े' निबन्धको विश्लेषण –** प्रस्तुत निबन्ध कथात्मक शैलीमा लेखिएको पाइन्छ। साँढ़ेको व्यक्तित्वले लेखकलाई अधिक प्रभाव पारेको छ। त्यसको भीमकाया शारीरिक गठन नै पनि अरूलाई त्यसै हाँक दिन सक्ने भयभीत पार्ने क्षमताको गुणग्राह्यता देवकोटाका कलमका फूर्ती र आँट भएको देखिन्छ। प्रस्तुत निबन्धको शीर्षक प्रतिकात्मक रहेको बुझिन्छ। देवकोटाले साँढ़े – को वस्तुपरक वर्णन गरेको छैन, आत्मपरक कवितात्मक विम्ब उतारे तापनि प्रारम्भदेखि नै निबन्धको रूपमा कथा पढेको जस्तो अनुभव हुन्छ। जसरी एक समय नेपालका नागरिकहरू शारीरिक गठमा साँढ़ेकै प्रतीक मानिने गरिन्थ्यो। तर अहिले प्रजातान्त्रिक वातावरणमा गगनचुम्बी महँगाईले मान्छेको व्यक्तित्व क्षीण बनाईदिएको छ। साँढ़े बल हो चरम बिलास लिने, तृप्तिको मीठो सपना देख्ने। यो सङ्ग्रामभूमि संसारमा योद्धा भएर लड्ने पुर्ख्यौली राजा – महाराजाहरू साँढेको बीऊ मान्छन्। तर अहिले त्यस्ता लडाकु योद्धा राजा महाराजाहरू होइनन् साँढ़ेका रूपमा एक शमशेर, एक शाहा, एक साहू एक विर्तावार एक भण्डारखोर बलको देवता मानिएको छ रहल नागरिक  भोको। संसारको कोलाहल र विसंगतिसँग त्यो साँढ़ेलाई कुनै फिर्क्री, चिन्ता र दुःख न सरोकारै नै छ। बेफिक्री राल निकालुञ्जेल चपाउँदै उगार्दै ढसमस्त मस्त आनन्दमय छ। ऐनसङ्ग पनि यसलाई कुनै डर छैन। देवकोटा त्यस्तै

साँढेको सुखभिमुखी जीवन आदर्श प्रत्येक नागरिकले चाहन्छन भनेर प्रस्तुत निबन्धमार्फत आह्वान गर्छन्।

## 9.2.4 निबन्धकार पारसमणि प्रधानको निबन्धगत विशेषता

पारसमणि प्रधान भारतीय नेपाली जाति र समाजको निम्ति एक त्यस्तो व्यक्तित्व मान्न सकिन्छ, जसबाट नेपाली भाषा, साहित्य र शिक्षाको पर्यावलोकन गर्न सकिन्छ। भारतीय नेपाली जाति र समाजनिहित अभाव र आवश्यकतालाई ध्यानमा राखेर जाति र भाषा – साहित्यकै हितार्थ पाठ्यपुस्तक, शब्दकोश, व्याकरणको पुस्तक, स्तरीय साहित्यिक पत्रिका लेखन र प्रकाशन गरे। पारसमणि प्रधानका निबन्धगत विशेषताहरूलाई निम्नप्रकार अवलोकन गर्न सकिन्छ –

1. पारसमणि प्रधानका निबन्धहरू वर्णनात्मक, विवरणात्मक र विचारात्मक तत्तवहरू पाइन्छन्।

2. पारसमणिका निबन्धहरूमा बढी मात्रामा संस्मरणात्मक प्रवृत्तिहरू समाहित भएको देखिन्छ।

3. भाषा र साहित्य सम्बन्धीकै अनुभवहरूका व्याख्या र विश्लेषण उनका निबन्धहरूमा पाइने विषय विशेष हुन्।

4. कतिपय भाषा र साहित्यप्रतिको घटनाहरूका रोचक संस्मरण सरल र सहज शैलीमा प्रस्तुत गर्नु उनको अर्को विशेषता पनि हो।

5. विभिन्न जीवनगत अनुभव गरेका घटनाहरूका मनमोहक वर्णन गर्नु र साथै रूढीग्रस्त समाजप्रति जागृत पाठ सिकाउनु पनि उनको विशेषता हो।

Notes

6. उनका निबन्धहरू शिक्षात्मक, उपदेशात्मक, सूचनात्मक एवम् ज्ञानप्रद हुँदछ।

7. उनका विचारमा मूलतः साहित्य नै सामाजिक सुधारको एक हतियार वा माध्यम हो। नेपाली हाम्रो मातृभाषामा यही रूप पाइन्छ।

8. उनका निबन्धगत विशेषताहरूमा व्याकरणिक शुद्धता, शैलीगत एकरूपता पाइन्छ।

9. उनका निबन्धहरू प्रमुखः ऐतिहासिक, भाषिक र साहित्यिक विषयहरूमा प्रवृत्त भएका हुन्छन्।

## 9.2.5 निबन्धकार हृदयचन्द्रसिंह प्रधानको निबन्धगत विशेषता

हृदयचन्द्रसिंह प्रधान मूलतः आत्मपरक निबन्धकार हुन्। उनले सामाजिक क्षेत्रमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण, रूढि, असमानता आदि नकरात्मक प्रवृत्तिहरूका वरूद्धमा आफ्नो लेखनीलाई क्रान्तिकारी ढङ्गले चलाएका छन्। मानवीय जीवनका पीडाहरूको अभिव्यक्ति दिन प्रखर यिनका निबन्धहरूमा सामाजिक यथार्थवादी प्रवृति मुख्य रूपमा प्रस्फुटन भएको देखिन्छ। राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय त्रासदी परिदृश्य र सामाजिक विसङ्गतिप्रति असन्तुष्ट रहने निबन्धकार प्रधानमा विद्रोहका स्वरहरू क्रान्तिकारी ढङ्गले बुलन्द भएका छन्। हृदयचन्द्रसिंह प्रधान वैचारिक निबन्धकार भएकाले उनका निबन्धकार विचारको प्रधानता पाइन्छ। निम्न वर्गीय व्यक्तिहरूमा विद्यमान समस्याहरूप्रति सङ्केत गर्दै ती समस्याहरूको समाधानका लागि सबै सक्रिय रूपमा लाग्नुपर्ने विचार यिनका निबन्धमा यत्रतत्र छरिएको पाइन्छ। हल्का हास्य र गहन व्यङ्ग्य गर्ने यिनका निबन्धहरू समाजमा व्याप्त विसङ्गतिप्रति प्रहार गर्ने धारिलो

अस्त्र बन्न सफल भएका छन्। प्रधानले समाजमा रहेका शोषक र सामन्त र समुन्नत समाजको निर्माण गर्न चाहन्छन्। यथार्थताप्रतिको झुकाव एवम् मानवीय अस्तित्वको खोजीतर्फ आकृष्ट रहने निबन्धकार प्रधानले समाजमा विद्यमान कार्यशैलीप्रति असन्तुष्टि राख्दै प्रगतिवादी विचारसमेत प्रस्तुत गर्दछन्। निजात्मक प्रस्तुतिमा सफलता पाएका प्रधानले सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग आफ्ना निबन्धहरूमा गरेका छन्। भाषिक शैलीका कारण यिनका निबन्धहरू भावलाई सहज रूपमा ग्रहण गर्न सफल छन्। वर्तमानको तितो यथार्थलाई निबन्धकारले आलोचनात्मक तरिकाले आफ्ना निबन्धहरूमार्फत प्रस्तुत गरेका छन्। समग्रमा आत्मपरकता, प्रगतिवादी विचार, हास्यव्यङ्ग्यात्मक, सरलता, सहजता, सम्प्रेष्यता, वैचारिकता आदि विशेषताहरू अँगाली उत्कृष्ट निबन्धहरूको लेखनमा निबन्धकार हृदयचन्द्रसिंह प्रधानले नेपाली साहित्यमा आफ्नो उच्च स्थान सुरक्षित गरेका छन्।

## 9.2.6 निबन्धकार केशवराज पिँडालीको निबन्धगत विशेषता

समाजका अनियमित पक्षहरूलाई आफ्ना निबन्धको विषयवस्तु बनाएर प्रस्तुत गर्ने पिंडाली हास्यव्यङ्ग्यात्मक निबन्धकार हुन्। यिनले समाजमा व्याप्त विकृति र विसङ्गतिपूर्ण व्यवहारहरूको चित्रण गर्दै ती नकारात्मक पक्षहरूप्रति तिखो व्यङ्ग्य गरेका छन् भने समाज-सुधारको पक्षमा दह्रो वकालत गर्नसमेत पछि परेका छैनन्। अन्याय-अत्याचार र रूढि परम्पराले थिचेको समाजलाई उकास्न समाजभित्रैबाट सुधारको पहल थाल्नुपर्ने सन्दर्भमा यिनका निबन्धहरू सशक्त र चोटिलासमेत रहेका छन्। समाजप्रति अत्यन्त भावुक र संवेदनशील देखिने यिनका निबन्धहरूले पाठकहरूलाई पेट मिचीमिची हाँस्न बाध्य पार्दछन्। समाजमा रहेका तथाकथित ठूला

भनाउँदाहरूप्रति मुख्य रूपमा हास्य व्यङ्ग्य गर्दै हास्यको भाव सिर्जना गर्नमा पिँडाली सफल देखिन्छन्। पिँडालीले सहरकेन्द्री वर्तमान समाजलाई व्यङ्गय गर्दै ग्रामीण समाजलाई आदरपूर्वक हेर्न पुग्दछन्। सामाजिक र आर्थिक असमानतालाई जसैदेखि नउँखेलेसम्म कुनै पनि राष्ट्रको विकास हुन सक्दैन भन्दै यिनले सामाजिक र आर्थिक असमानताको व्यङ्ग्यात्मक पाराले विरोध गरेका छन्। झिनो विषयवस्तुलाई लिएर निबन्ध लेख्ने पिँडालीले समाजको यथार्थलाई राम्रैसँग टिपेका छन्। यिनका निबन्धहरूमा रमरम बैद्धिकता पाइन्छ तर उनको त्यो बौद्धिकता हृदयसंवेद्य पनि छ। निबन्धहरूमा विभिन्न किसिमका उखान-टुक्काहरूको प्रयोग गरेर पाठकलाई आफूतिर आकर्षित गर्न सक्नु पिँडालीको प्रमुख पक्ष हो।

न ज्यादा लामा न ज्यादा छोटा किसिमका अथवा मझौला आयामका निबन्धको रचना गर्नु पिँडालीको अर्को प्रवृत्ति हो। अनुप्रासयुक्त सरल र सम्प्रेष्य खालको भाषाको प्रयोग यिनका निबन्धहरूमा गरिएको छ। छोटाछोटा वाक्यको प्रयोग गर्न रूचाउने पिँडालीका निबन्धको भाषा प्रभावपूर्ण र गहन देखिन्छ।

पिंडालीका अधिकांश व्यङ्गयनिबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन्। निजात्मक अनुभूतिको जलप दिएर कथात्मक पारामा वर्णन गर्दै गई सामाजिक विकृति-विडम्बनाको उद्घाटन गर्नु र तिनमाथि व्यङ्गयास्त्र प्रहार गर्नु पिंडालीको हास्यव्यङ्गयको आफ्नो  विशेषता हो। भैरव अर्यालको जस्तो लच्छेदार शब्दानुप्रास मिलाउने वाक्चातुर्य पिंडालीका गद्यशैलीमा पाइन्न। उखानटुक्काको प्रयोगका साथ उपमा र दृष्टान्त दिएर अभिव्यक्तिलाई सुरूचिपूर्ण बनाउनु पिंडालीको गद्यशैलीको विशेषता हो। पिंडालीका हास्यव्यङ्गयहरूमा विद्रोहभन्दा करूणा मिसिएको हुन्छ र तिनमा कथात्मक तत्वको प्रबलता पाइन्छ। कथात्मक तत्व र निबन्धात्मक प्रवृत्तिको अन्तमिश्रणले गर्दा उनका हास्यव्यङ्गयात्मक

कथा र निबन्धका बीच भेदक रेखा खिच्न गाह्रो पर्ने स्थिति देखिन्छ। सामाजिक रूग्णता र विकृतिहरूमाथि व्यङ्गय गर्ने पिंडालीका व्यङ्गयनिबन्धहरूमा कथात्मक र निजात्मक वा आत्मकथात्मक शिल्पपद्धतिकै बाहुल्य रहेको छ। तिनमा हास्य र व्यङ्गयको सन्तुलित रूप पनि कमै भेटिन्छ। हास्यतत्त्व प्रवल भए व्यङ्गयात्मक पक्ष प्रबल भए हास्यतत्त्व कमजोर देखापर्दछ। पिंडालीमा व्याजस्तुतिका माध्यमबाट व्यङ्गय गर्ने कलाका साथै निजित्वमा प्रचेतन जडपदार्थलाई मानवीकरण गर्ने प्रवृत्ति पनि विद्यमान छ। शिल्पपद्धतिमा विविधता अपनाइएकाले उनका हास्यव्यङ्गयहरूमा परिहास, व्यङ्गय, अतिरञ्जना वा व्याजोक्तिजस्ता व्यङ्गयका सूक्ष्मविभेदहरू देखिन्छन्। सामाजिक पर्यावरण या परिवेशलाई सजीवरूपमा प्रस्तुत गर्नु पिंडालीको निजी वैशिष्टय हो। सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्यका माध्यमबाट धारिलो प्रहार गरी समतामूलक, सभ्य र शिक्षित समाज-निर्माणप्रति प्रतिबद्ध देखिने केशवराज पिँडाली नेपाली साहित्यका उत्कृष्ट निबन्धकारहरूमध्येका एक हुन्।

समग्रमा भन्न पर्दा पिंडालीका हास्यव्यङ्गयरचनाहरूले पनि विस्तृत, व्यापक परिवेश ओगटेका छन्। देशको प्रशासन, राजनीति, अर्थव्यवस्था, साहित्य, संस्कृति, रूढिवादी परम्परा, सामाजिक, पारिवारिक स्थिति,मानव स्वभाव आदि विविध क्षेत्रमा देखापर्ने विकृति, बेथिति, शोषण, अनाचार, भ्रष्टाचार, बाह्याडम्बर र भित्री स्वभावका बीचको विरोधाभास,स्वार्थ, छलकपट, दुर्व्यसनजस्ता खराबीहरू तिनमा राम्ररी छर्लङ्गिएका छन्। यस्ता जीवनका विसङ्गत र विकारग्रस्त पक्षको उपहास उडाउनु र व्यङ्गयद्वारा त्यस्ता पक्षहरूमाथि प्रहार गर्नु नै ती हास्यव्यङ्गयहरूको मूल लक्ष्य हो।

## 9.2.7 निबन्धकार शङ्कर लामिछानेको निबन्धगत विशेषता

शङ्कर लामिछाने (जीवनकाल – वि. सं. 1984 -2032) नेपाली साहित्यका आत्मपरक, निजात्मक शैलीका उत्कृष्ट निबन्धकार हुन्। वि. सं. 2003 सालमा 'साहित्यस्रोत' पत्रिकामा प्रकाशित 'हाम्रो समाजमा नारीको मूल्य' शीर्षकको लेखबाट आफ्नो लेखनयात्रा सुरू गरेका लामिछानेका 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' (2024), 'गोधूलि संसार' (2028), निबन्धसङ्ग्रह, 'शङ्कर लामिछानेः शङ्कर लामिछानेका दृष्टिमा' (2032) आत्मकथात्मक प्रबन्ध र 'गौँथलीको गुँड' (2025) कथासङ्ग्रहहरू प्रकाशित छन्।

निबन्धकार शङ्कर लामिछानेले वैयक्तिक जीवन – भोगाइका क्रममा सँगालेका अनुभवहरू, संस्मरणहरू, साहित्य, कला, सङ्गीत, ज्ञान-विज्ञान, ज्योतिषशास्त्र, मनोविज्ञान, जीवनजगत् आदिलाई आफ्ना निबन्धको विषय बनाएका छन्। आफूले निबन्धका लागि चयन गरेको विषयको नालीबेली खुट्याउनतर्फ नलागी त्यसलाई आफ्नो अनुभव र अनुभूतिका रङ्गमा मुचेर नजात्मक पाराले प्रस्तुत गर्ने काममा लामिछाने खप्पिस छन्। उनले आफ्ना जावनका सुख दुःख, हर्ष, विस्मात, उतारचढाव आदिलाई पनि निबन्धको विषय बनाएका छन्। लामिछाने आत्मपरक शैलीका निबन्धकार हुन्। कुनै विषयलाई निजी अनुभूतिका साथ प्रस्तुत गर्ने लामिछानेले आफ्ना विचारको पुष्टिका लागि तर्क र प्रमाणहरू पेश गर्छन् र पाठकलाई सोच्न बाध्य बनाउँछन्। सांस्कृतिक र प्राकृतिक सौन्दर्य, विज्ञानको आविष्कार, ऐतिहासिक तथा राजनैतिक विषयको कथात्मक अभिव्यक्ति उनका निबन्धमा पाइन्छ। जीवनको गतिशीलता र व्यापकताको चित्रण गर्ने लामिछानेका निबन्धमा जीवनका निस्सारता र विसङ्गतिलाई प्रस्तुत गरिएको पाइन्छ। उनले आफ्ना पूर्ववर्ती र समवर्ती साहित्यकार एवम्

कलाकारको व्यक्तिवृत प्रस्तुत गरेका छन्। जीवनका विविध पक्षलाई देखाउँदै जीवनलाई अमूर्त रूपमा चित्रण गर्ने काम उनका निबन्धले गरेका छन्। निबन्धकार देवकोटापछिका सशक्त आत्मपरक निबन्धकारका रूपमा परिचित लामिछानेले जीवन-भोगाइका कटु सत्यलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन्। साहित्यलाई आत्माभिव्यक्ति वा स्रष्टाको जीवन-भोगाइको अभिव्यक्ति मान्दै भावपूर्ण वैयक्तिक आत्मानुभूतिलाई आत्मसात् गरेर व्यक्ति लामिछाने (स्वयम्) लाई निबन्धमा भित्र्याउनु उनको सफलता हो। व्यक्ति लामिछाने नै स्रष्टा लामिछानेको मूल कथ्य बनेको छ र लामिछानेले निबन्धमा आफूलाई प्रस्तुत गरेका छन्।

लामिछानेका निबन्धमा चिन्तन र भावनाको सन्तुलन पाइन्छ। निजी विचार र वैयक्तिक भावहरूलाई चिन्तनका कसीमा घोटेर प्रस्तुत गर्ने लामिछानेका निबन्धहरू बौद्धिक खालका देखिन्छन्। पूर्वीय र पाश्चात्य साहित्य, दर्शनको अध्ययनबाट प्राप्त चिन्तनलाई नयाँ शैलीका साथ निबन्धमा प्रस्तुत गर्ने भएकाले उनका निबन्ध दुर्बोध्य बन्न पुगेका छन्। उनी भन्छन् – 'मेरा निबन्धहरू सामान्य पाठकका लागि होइन, बौद्धिक पाठकका लागि लेखेको हुँ, अतः उनीहरूका लागि हो। जो अहिले नभएर 50 वर्षपछि जन्मनेछन्।' उनको आत्मपरक अभिव्यक्तिले निबन्धलाई मनोरम तुल्याएको छ भने वैचारिक चिन्तनको प्रस्तुतिले गम्भीर बनाएको छ। आफ्ना विचार र चिन्तनलाई तार्किक ढङ्गले भावकै परिधिभित्र घुमाउन उनी सफल देखिन्छन्। विचार चिन्तनलाई भावपूर्ण ढङ्गले वैयक्तिक अनुभूतिमा रङ्ग्याएर सघन रूपमा प्रस्तुत गर्नु उनको विशेषता हो।

चेतनप्रवाह शैलीका सफल प्रयोक्ता निबन्धकार लामिछानेले मनमा उब्जेका विश्रृङ्खलित भावहरूलाई नव-नव विम्बप्रतीकको प्रयोग गरी प्रस्तुत गर्छन्। चेतनप्रवाह मस्तिष्कमा रहेको विषयवस्तुको श्रृङ्खलित, विश्रृङ्खलित

वैविध्य स्वरूप र त्यसको प्रकटीकरणको पद्धति हो भने चेतनाको प्रवाहलाई पाठक सामु प्रस्तुत गर्ने अपनाइने आत्मपरकता एउटा शैली हो। यही पद्धति र शैलीको प्रयोग उनका निबन्धमा  पाइन्छ। चेतनप्रबाहमा आएका चिन्तन वैय्क्तिक अनुभूतिलाई क्रमहीन, श्रृङ्खलाहीन र सीमाहीन रूपमा प्रकट गर्दा छरपष्ट हुन पुगेका छन्। चेतनप्रवाह शैलीका कारण उनका निबन्ध अमूर्त बन्न पुगेका छन्। विभिन्न समस्याका बीचमा बाँचेको मान्छेको मस्तिषकबाट सृजित साहित्य स्वतः अमूर्त हुन्छ, जीवन अमूर्त भएकाले जीवनलाई प्रस्तुत गरिएको साहित्य पनि अमूर्त हुन्छ भन्ने धारणा उनका निबन्धमा पाइन्छ।

प्रयोगशीलता लामिछानेका निबन्धको मूल प्रवृत्ति हो। निबन्धमा प्रयुक्त विषयगत चिन्तन प्रक्रिया, रचनागत तथा अभिव्यक्तिगत शिल्पशैली, भाषा आदि सबै पक्षमा पाइएको वैचित्रय एवम् विवाधतागत प्रयोग नै उनका निबन्धको प्रयोगशीलता हो। शैलीशिल्पगत वैचित्र्य नै लामिछानेका निबन्धको विशिष्ट योगदान हो। मूलतः नेपाली निबन्दखा फाँटमा लामिछाने नवीनशैलीका प्रयोक्ता र चमत्कारपूर्ण शैलीका चटकी छन्। चेतनप्रवाहपद्वति, आत्मपरक चिन्तनपरक शैली, लेखनी चित्र, मिश्रित भाषा भएर पनि कतै काव्यात्मक, कतै भाषमात्मक एवम् कतै कुरा गराइको शैली, उनका निबन्धका विशेषता हुन्। प्रत्येक निबन्धलाई भिन्नभिन्न शैलीमा प्रस्तुत गर्ने लामिछानेले भाषालाई सीमामुक्त ठान्छन् र आफ्ना निबन्धमा नेपाली र अनेपाली दुवै किसिमका शब्दको प्रयोग गर्न पुग्छन्।

परम्परागत मूल्य र मान्यताको विरोध एवम् नयाँ मूल्यको खोजी, नयाँ जीवनमूल्यको अन्वेषण, तार्किकता, चिन्तनशीलता, व्यक्तित्वको आत्मप्रकाशन, चेतनप्रवाह, पद्धतिको प्रयोग, कथ्य, विषय र शैलीमा नवीनता, प्रयोगशीलता, आत्मपरक अभिव्यक्ति, भावना र चिन्तनको

सन्तुलन, युगीन चेतना, अन्धपरम्पराको विरोध, भौतिकवादी, वैज्ञानिक र यथार्थवादी दृष्टिकोण, आयामगत सङ्क्षिप्तता, जीवनका व्यापकता, गतिशीलता र निस्सारताको अभिव्यक्ति आदि उनका निबन्धमा पाइने मूलभूत विशेषता हुन्। समग्रमा देवकोटाले सुरू गरेको निबन्ध – परम्परामा देखा परेका लामिछानिले गद्य लेखनको नवीन शैलीशिल्प एवम् चिन्तनपद्धतिलाई अरूको भन्दा अलग र मौलिक रूपमा प्रयोग गरेर आफ्नो निजी पहिचान कायम गरेका छन्। अर्थगत जटिलता, शैलीगत वैचित्र्य, भाषिक मिश्रण र प्रयोगशीलताजस्ता विशेषताले उनी नेपाली निबन्धको इतिहासमा बौद्धिक चिन्तक एवम प्रयोगशील निबन्धकारका रूपमा चिनिन पुगेका छन्।

### 9.3.7 (क) एब्स्ट्रयाक्ट चिन्तनः प्याज निबन्धको विश्लेषण -

प्रस्तुत निबन्ध कथात्मक ढाँचामा, सम्बादात्मक गद्य शैलीमा रचिएको छ। यसमा विशेष तीन प्रमुख पात्रहरू देखा पर्दछन् – स्वयं लेखक, लैनसिंह बाङ्गदेल र केदारमान व्यथित। निबन्धको प्रसङ्ग परस्परका बातचीतबाट उठेका छन्। बातचीत कतै अहमको द्वन्द्वमा देखा परेको छ त कतै व्यङ्ग्य बनेर लेखनको स्रोत बनेको देखिन्छ। नेपाली साहित्यका उद्धृत पात्रहरू प्रसिद्ध कवि, चित्रकार र निबन्धकार हुन्। निबन्धले उठान गर्ने घटना छ निबन्धकार लामिछानेको आफ्नै लेख, ‘शङ्कर लामिछाने शङ्कर लामिछानेको दृष्टिमा’। बीसौं शताब्दीको मान्छे पनि पत्रैपत्राले जडिएको एक प्याज जस्तै हो। जसमा अनन्त दुर्गन्ध र गहिर्याइ छ। प्याजलाई पत्रैपत्र पार्दै जाँदा त्यसको अस्तित्व पनि शून्य हात लाग्दा भोगेका अनुभूति त्यसको गहिर्याइ नै जीवनप्रतिको अमूर्त रूप हो। अहिलेको मान्छे दुई सिमानामा बीच जटिल रूपमा बाँच्न परेको छ एक पुर्खाको विश्वास र अर्को सन्तानको विश्वासमा। जुन सिमानाहरूबीच दसगजे किनारा स्वरूप लेखकको

व्यक्तित्व संचित, जसबाट उ पन्छिन पनि चाहन्छ त्यो उसैको एउटा एब्स्ट्रयाक्ट जीवन हो। यस निबन्धले लामिछानेलाई एक स्वतन्त्र चिन्तक, मानवीय आस्था एवम् विश्वजनीय स्परूपाधीन एक प्रबुद्ध निबन्धकारको तहमा चिन्न सकिन्छ। 'एब्स्ट्रयाक्ट चिन्तनः प्याज' निबन्ध शैली, बोध र विषयको सन्दर्भमा एक सफल आत्मपरक निबन्ध भन्न सकिन्छ। युगीन भाव, निस्सार यथार्थता, जीवनका अनगन्ति समस्याहरू, समाज र व्यक्ति विशेषबाट एक परिपक्व, अभिव्यक्तिको कलात्मक संयोजना यस निबन्धको एक दरिलो पक्ष पनि हो। लेख, लेखक र पाठकमाझको पारस्परिक विनिमय, आत्म-लोचन र आत्म विश्लेषण यसका अर्को आकर्षक परियोजना पनि भेटिन्छ। देवकोटापछि नेपाली निबन्धको क्षेत्रमा अत्याधुनिक शैली र सोचको पृष्ठभूमिमा एक अर्को आयाम लामिछानेको निबन्धकारितामा आउन सकेको पाइन्छ।

**9.3.7 (ख) 'देवताको काम' निबन्धको विश्लेषण** – प्रस्तुत निबन्धमा कतै बाल – मनोविज्ञानले हस्तक्षेप गरेको छ र त्यही हस्तक्षेपबाट नै वर्तमान र अतीत कलात्मक लेखनका आरोपिच छ। यसमा सानो घटना छ, लेखकको पाँच वर्षको शिखा नाउँ भएकी छोरी जसलाई उनका मास्टरनीले बाबुको काम विषयमा सोध्छन्। वालिकाको उत्तरमा उसले बाबुलाई जस्तो रूपमा देखेकी छे – हुन्छे त्यस्तै अनुरूपन जवाफ दिन्छे – देवताको काम गर्छ। यसरी पाएको उत्तरमा मास्टरनीले निश्चय नै पुरोहित बाजोक नक्सा आफ्नो मन – मस्तिष्कमा उतार्न सक्छ। तर सत्यता छ बाबुले पसलमा (क्यूरियो पसल) मा भगवानको थरीथरीको मूर्ति बेच्ने काम गर्छ। यो सत्य उद्घाटन निबन्धकारको नस्टाल्जिक शैलीमा अवतरित पाइन्छ। निबन्धकार अतीतको यादमा पौडी खेल्दछ। आफ्नी आमासँग जो क्षयरोगले पीडित र परित्यक्त एक मास्टरनी नै थिइन्। यस्ता झल्याणसम्म

सम्झेको घटनाले व्यथा र वेदनाको चर्को घाव बोकेर आई दिने हुन्छ। आफू बालक हुँदाको चक्चक्ले आमाको व्यथिपूर्ण डायरी हात लागेको नस्टालजिक वेदना आज पनि समुद्रको छाल जस्तै उर्लेर बल्झ्याउँदछ। यो पन सत्य हो कि छोरीको उत्तरमा उनकी मास्टरनीले बाबुलाई देवताको काम गर्ने पुरोहितको चित्र पनि सत्य हो, बाबुले देवताको काममा भगवानको मूर्ति बेच्ने पसले पनि सत्य हो आमाको मृत्यु पनि सत्य  हो। यसप्रकार सानो विषय वा घटना छोएर गहन अभिव्यक्तिको कलात्मक एवम् सुन्दर स्वरूप निर्माण गर्नमा शङ्कर लामिछानेको गद्यात्मक लेखनको अटूट विशेषता हो। विषयमा पौडी खेल्न सक्नु र समुद्रका गहनतालाई तरङ्ग – तरङ्गमा टिप्न सक्ने प्रतिभाका धनी लामिछाने निबन्ध 'देवताको काम' को प्रसङ्ग व्याख्या छ तर अनुभूतशून्य छैन। बाल तरङ्गबाट उठेका प्रसङ्ग समुद्रको गहनतासम्म जोख्न सक्छ भने बौद्धिक सोच र हार्दिक अभिव्यक्ति यस निन्धन लेखनका प्राण पक्षहरू हुन्।

## 9.2.8 निबन्धकार राजनारायण प्रधानको निबन्धगत विशेषता

सन् 1956 / 57 मा साहित्यिक जगतमा प्रवेश गर्ने प्रतिष्ठित साहित्यिक राजनारायण प्रधानको 'फिचर' लेखन कलाले सबैको ध्यान आकर्षित गरेको थियो। 'आफूमा सृजनात्मक प्रतिभा छैन' भनेर स्वीकार गर्ने राजनारायण प्रधानले निबन्ध क्षेत्रमा भने मौलिक लेखन प्रतिभाको परिचय दिएका पाइन्छ। विभिन्न पत्रिका र ग्रन्थहरूको कुशल सम्पादन गरेका राजनारायण प्रधानले 'पन्ध्र प्रसिद्ध पुरुष', 'नौ नामी नेता', नेपाली निबन्ध जस्ता जीवनीपरक र साहित्यिक निबन्धका पुस्तकहरू प्रकाशित गरिसकेका छन्। विभिन्न पत्रपत्रिकाहरूमा पनि यिनका साहित्यिक निबन्धहरू छरिएका छन्। 'नेपाली निबन्ध' जम्मै स्तरका विद्यार्थी मात्रका निम्ति लिखित नभएर

Notes

साहित्यिक कृति पनि हो। प्रस्तुतिकरणको नवीनतम प्रयोग, आकर्षक भाषा, माधुर्यपूर्ण र सरस शैली, विषयलाई सरलतासाथ टिपेर हास्यरस सिञ्चन गर्दै सुस्पष्टसँग प्रतिपादन गर्ने चूड़ान्त निष्कर्षमा पुर्‍याउनु यिनको आफ्नै विशेषता हो।

यिनको आलोचनात्मक कृति ‘केही कृति : केही स्मृति’ सन् 1973 मा प्रकाशित छ। सन् 1983 मा प्रकाशित ‘दश महान नाटक’ नामक आलोचनात्मक पुस्तकले ‘भानुभक्त पुरस्कार’ प्राप्त गरेको थाहा पाइन्छ।

## 9.2.9 निबन्धकार रामलाल अधिकारीको निबन्धगत विशेषता

साहित्यका विविध विधामा कलम चलाउने तर निबन्धमा प्रतिभाको चमत्कार देखाउने रामलाल अधिकारीको पहिलो निबन्ध सङ्गालो हो – ‘भोकाएको कुकुर के भन्छ?’ (सन् 1962)। यसपछि लेखेका प्रायः एक दर्जन निबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन्। ‘रवि सप्तमो’ नामक पुस्तकमा पनि विभिन्न लेखसँगै केही निबन्धहरू पनि सङ्कलित छन्। नेपाली समाज कुप्रथा, जातिगत विशेषता, मानव-स्वभाव साथै आत्मपरक निबन्धमा विशेष कलम चलाउन रुचि लिने अधिकारीको निबन्धमा शिष्ट हास्य लुकेको हुन्छ। यिनको निबन्धको अर्को सङ्ग्रह हो – ‘अलौटा र ठेटना’ (1976), जसमा 21 वटा निबन्धहरू छन्।

## 9.2.10 निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निबन्धगत विशेषता

कविता लेखेर 2007 सालपूर्वकै समयमा आफ्नो परिचय दिने प्रधान 2015 सालमा आइपुग्दा समालोचक र 2018 सालतिर पुग्दा निबन्धकार पनि बनिसकेका हुन्छन्। 'कवि व्यथित र काव्यसाधना' शीर्षकका लागि 2015

सालको मदन पुरस्कार प्राप्त गर्ने प्रधान 2015 पूर्व कविका रूपमा मात्र परिचित छन् भने 2015 पछि समालोचक र निबन्धकारसमेत भएर काम गर्दछन्। 2017 सालपछिका वर्षहरूमा प्रधानको समालोचक र निबन्धकार व्यक्तित्व सँगसँगै मुखरित हुँदै गयो। प्रधान नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सहसदस्य र साझा प्रकाशनका महाप्रबन्धकसमेत बन्न पुगे। यस समयक्रममा उनका दुई समालोचनाकृति 'साझा समालोचना' र नेपाली उपन्यास र उपन्यासकार का साथै दुई निबन्धकृति 'सालिक' र 'अनाम सत्य' प्रकाशित भएका छन्। 2017 सालपछि नै निजात्मक निबन्धलेखनमा प्रवृत्त प्रधानका 10 वटा निबन्धहरूको सङ्कलन हो 'सालिक'। यसमा 2026 सालसम्मका निबन्धहरू सङ्कलित छन्। 2043 सालसम्मका 14 वटा निबन्धहरूचाहि अनाम सत्य सङ्ग्रहमा समाविष्ट छन्। उनको कटुपक्षप्रतिको टिप्पणीकार आलोचनाक्षेत्रमा जति सबल हुँदै गएको छ त्यत्तिकै तीव्र व्यङ्गयकार निबन्धक्षेत्रमा सबल हुँदै गएको छ।

प्रधानको लेखक व्यक्तित्वलाई जम्मा तीन खण्डमा बाँड्न सकिन्छ। पहिलो कवि व्यक्तित्व, दोस्रो समालोचक व्यक्तित्व र तेस्रो निबन्धकार व्यक्तित्व। प्रारम्भिक चरणले कविताक्षेत्रमा बढी सक्रियता देखाएको छ र यो समय 2007 सम्म बढी केन्द्रित छ। 2007 पछिको समयचाहिँ समालोचना र निबन्धतिर बढ्दै गएको छ। नेपाली समाज र जीवनमा बढ्दै गएको विकृतिलाई र विसङ्गतिलाई निराकरण गर्नुपर्ने तथ्य निबन्धका माध्यमले पेश गर्न प्रयत्नरत देखिन्छन् प्रधान। उनका पूर्ववर्ती निबन्धकार पिंडाली र हृदयचन्द्रसिंहको हास्यमिश्रित व्यङ्गयको कलाग्रहण गर्दै समसामयिक मूल्यमा थपिन आएका विकृतिलाई गहन व्यङ्गय प्रस्तुत गर्दै निबन्धको निर्माण गर्दछन्। आफ्ना समवर्ती निबन्धकार शङ्कर लामिछानेमा प्रयुक्त प्रयोगमूलक चेत र भैरव अर्यालमा पाइने हास्यव्यङ्गयको गम्भीर पक्षलाई पनि सचेततापूर्वक आफ्नै मूल्य र मौलिकता दिएर प्रस्तुत गरेका छन्।

'शव सालिक विद्रोह' सङ्ग्रहमा सङ्कलित निबन्धमा व्यङ्गयात्मक चेतनाले विद्रोहात्मक भावना जन्माउन प्रयत्न गरेको छ। पछिल्लो सङ्ग्रहमा रहेका 'लौ आयो साबुन सेर्पा यो' र 'रात ओढेर जागेको छु, रात ओढेर निधाइदिन्छु' जस्ता शीर्षकका निबन्धमा नेपाली समाज र जीवनमा देखिने विकृतिलाई कलात्मक दृष्टिले समाजका विकृतिलाई निराकरण गर्नुपर्ने कुरा प्रस्तुत भएको छ। यसरी नेपाली निबन्धक्षेत्रमा हास्यव्यङ्गय दृष्टिले समाजका विकृतिलाई निराकरण गर्नुपर्ने कुरा प्रस्तुत भएको छ। यसरी नेपाली निबन्ध क्षेत्रमा हास्यव्यङ्गयात्मक मूल्य स्थापित गर्न प्रधानको गहकिलो योगदान रहेको छ।

## 9.2.11 निबन्धकार श्यामप्रसाद शर्माको निबन्धगत विशेषता

श्यामप्रसाद शर्मा सङ्ख्यात्मक एवम् गुणात्मक दृष्टिले पनि उल्लेखनीय निबन्धलेखनमा क्रियाशील सशक्त प्रगतिवादी निबन्धकार हुन्। विभिन्न किसिमका अनुभूतिहरूलाई यथार्थको रङमा घोलेर निबन्ध लेख्ने वस्तुवादी निबन्धकार हन् – श्यामप्रसाद शर्मा। नेपाली समाजले भोग्नुपरेका वर्गीय असमानताका सन्दर्भहरूलाई टिपेर वस्तुपरक ढङ्गले निबन्धमा प्रस्तुत गर्नु शर्माको मूल प्रवृति हो। समाजमा व्याप्त विकृति, विसङ्गति, असमानताजस्ता सडलपडलहरूलाई बढारेर स्वस्थ, सुन्दर र समुन्नत समाजको निर्माण गर्ने आग्रह यिनका निबन्धहरूमा जोडदार रूपमा गरिएको हुन्छ। प्रगतिवादी विचारप्रति प्रतिबद्ध शर्माका निबन्धहरूमा समाजका विभिन्न खराबीहरूलाई विषयवस्तु बनाउँदै समातामूलक समाज-निर्माणको आग्रह गरिएक देखिन्छ। राष्ट्रवादी विचारधारातर्फ केन्द्रित शर्माका निबन्धहरूले निम्न वर्गीय समाजको यथार्थप्रति सहानुभूति प्रकट गरेका छन्। नारीजातिमाथि गरिने असमानतको विरोध यिनका निबन्धहरूमा प्रखर ढङ्गले आएको छ भने सङ्कीर्ण सामाजिक कुसंस्कार

र रूढिवादी मान्यताको अन्त्य गर्ने इच्छा पनि सँगसँगै आएको छ। यिनका निबन्धहरू निकै व्यङ्ग्यात्मक पाराका पनि छन्। जुनसुकै विषयवस्तुलाई पनि आफ्ना निजी अनुभूतिसँग मुछेर निजात्मक पाराका निबन्ध लेख्ने एक सशक्त निजात्मक निबन्धकारका रूपमा यिनले आफूलाई उभ्याएका छन्। यिनका निबन्धको भाषाशैली ज्यादै सरल, सरस, काव्यात्मक र चित्ताकर्षक छ। मार्क्सवाद चिन्तनबाट प्रभावित र प्रेरित भएका निबन्धकार शर्माले प्रगितिवादी चिन्तनलाई प्रस्तुत गरी निकै गहकिला निबन्धहरू लेखेर नेपाली निबन्ध लेखन परम्परालाई अग्रगति दिएका थाहा लाग्छ। खासगरी समाजका विविध पक्षहरूलाई विषयवस्तु बनाई निबन्ध लेख्ने शर्माले आफ्ना निबन्धमा समाजप्रति गहिरो चिन्तन गरेका छन्। आत्मपरकता, प्रगतिवादी विचार, समतामूलक समाज निर्माणको आग्रह, सामाजिक असमानताको विरोध, सरल, सहज र सम्प्रेष्य भाषाशैलोको प्रयोग निबन्धकार शर्माका मुख्य प्रवृत्तिहरू हुन्। निष्कर्षतः सरल, सहज र सम्प्रेष्य भाषाशैलीका माध्यमबाट नेपाली समाजमा व्याप्त विकृति – विसङ्गति एवम् वर्गीय, जातीय, लैङ्गिक विषमताहरूप्रति प्रहार गर्ने निबन्धकार श्यामप्रसाद शर्मा उत्कृष्ट प्रगितवादी निबन्धकारका रूपमा स्थापित देखिन्छन्।

## 9.2.12 तारानाथ शर्माको निबन्धगत विशेषता

नेपाली निबन्ध फाँटका सशक्त निबन्धकारका रूपमा परिचित तारानाथ शर्मा समाजका यथार्थ विषयलाई टिपेर निबन्ध रचना गर्ने निबन्धकार हुन्। उनका निबन्धमा समाजमा विद्यमान विसङ्गति, मानवको दानवीय व्यवहार, समसामयिक वस्तु यथार्थ, राष्ट्रिय संस्कृति, सम्पदा, पुरातात्त्विक सम्पदा आदिलाई विषयका रूपमा प्रस्तुत गरिएको पाइन्छ। सामाजिक

विसङ्गति र विकृतिप्रति व्यङ्ग्यवाण हान्नु तथा राष्ट्रप्रेमको स्वर मुखरित गर्नु उनको निबन्धगत वैशिष्ट्य हो। उनले आफ्ना निबन्धमा स्वदेश तथा विदेश भ्रमण गर्दाका अनुभव र अनुभूतिलाई संस्मरणात्मक शैलीमा प्रस्तुत गर्छन्। स्वदेशभित्र नेपालीले भोग्नु परेका पीडा, अभावलाई उनले निबन्धमा प्रस्तुत गरेका छन्। व्यक्तिवादी समाजको क्रूर स्वभाव, सम्मान र श्रद्धामा देखिएको ह्रास, ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक मूल्यको विनाश र मानव समुदायमा पलाएको दुष्चरित्रलाई देखाउँदै त्यसप्रति विद्रोह प्रकट गरेका छन्। स्वदेश तथा विदेश भ्रमणका क्रममा सँगालेका अनुभव र यान्त्रिक जीवनका निस्सारतालाई निजात्मक भावका साथ प्रस्तुत गर्ने तारानाथ शर्मा निजात्मक शैलीका निबन्धकार हुन्।

तारानाथ शर्मा राष्ट्रप्रेमी निबन्धकार हुन्। उनले आफ्ना निबन्धमा नेपाली प्रकृति, संस्कृति, सभ्यता, रीतिरिवाजप्रति मोह प्रकट गरेका छन्। विदेशभ्रमणको अनुभवबाट सिर्जित निबन्धमा समेत नेपालीपन झल्काउने प्रयास यिनले गरेका छन्। यात्राका क्रममा देखेका वस्तु-दृश्यहरूलाई सजीव रूपमा वर्णन गर्दै यिनले पाठकलाई नै त्यस ठाउँमा विचरण गराउन पुग्छन्। इलामको सुन्दर प्राकृतिक परिवेशमा जन्मेका शर्माले सहरिया यान्त्रिक सभ्यतामा रम्न पुगे पनि नेपाली प्रकृतिको विविध पक्षको चित्रण गर्न बिर्सेका छैनन्। उनले आफ्ना नियात्रामा एकातिर नेपालका विभिन्न भू-भागको भ्रमण गर्दा देखेका, अनुभव गरेका प्राकृतिक स्थल, दृश्य एवम् सामाजिक – सांस्कृतिक सभ्यतालाई प्रस्तुत गरेका छन् भने अर्कातिर विदेशयात्राका अनुभव र सन्दर्भहरूलाई प्रस्तुत गर्दा नेपाली सन्दरभहरू जोडदै देशप्रतिको अगाध श्रद्धा, प्रकट गरेका छन्। शर्मा वि. सं. 2030 सालमा नेपाली नागरिता त्यागेर परिवारसहित अमेरिका गए पनि सातवर्ष पछि पुनः नेपाल फर्केका थिए। यही आफ्नो जीवनका

अस्थिरता र विसङ्गतिपूर्ण जीवनका अनुभूतिहरूलाई निबन्धमा पोख्ने काम यिनले गरेका छन्। उनका स्वदेश तथा विदेशयात्राका अनुभवबाट सिर्जित निबन्धहरू बेलाइततिर बरालिँदा, जमर्काहरू, जीवनका छाल, पाताल प्रवास निबन्धसङ्ग्रहमा सङ्कलित छन्। यिनका यी नियात्राले नेपाली नियात्रा साहित्यको भण्डार समृद्ध बन्न पुगेको छ। त्यस्तै गरी नेपाली भाषा र साहित्यको सेवामा अनवरत रूपमा लागेका राष्ट्रिय प्रतिभाहरूको योगदानको कदर गर्दै उनीहरूप्रति श्रद्धाभाव अर्पण गर्ने काम आफ्ना निबन्धमा गरेका छन्। यसको ज्वलन्त नमुनाका रूपमा श्रद्दासुमन निबन्धसङ्ग्रहलाई लिन सकिन्छ।

नेपाली साहित्यको निबन्ध फाँटमा चर्चित बनेका तारानाथ शर्मा रमरम बौद्धिकताको प्रयोग गरी हार्दिकताको अनुभूति गराउने आत्मपरक शैलीका निबन्धकार हुन्। बौद्धिकताका धनी शर्माको शैली खरो तर लचकदार र आकर्षक छ। राजनीतिक विकृति र यसले जन्माएका चाकरी, चाप्लुसी, कृपावाद, नातावादप्रति झटारो हान्ने शर्माका निबन्धहरू मर्मस्पर्शी खालका छन्। आफूले जे देख्छन् त्यसलाई स्पष्ट रूपमा प्रस्तुत गर्ने शर्मा खरा निडर निबन्धकार  हुन्। सरल, सहज अभिव्यिक्त दिने शर्माका निबन्धमा झर्रा शब्दको अत्याधिक प्रयोग पाइन्छ। कृतिमताभन्दा स्वाभाविकता र जटिलताभन्दा सरलता पाइनु तथा निबन्ध पढेपछि पूर्ण सन्तुष्टी दिनु यिनका निबन्धको विशेषता हो। नेपाली निबन्धलाई थुप्रै निबन्धहरू दिइसकेका शर्माका यात्रासंस्मरणमा आधारित निबन्धहरू निकै रोचक छन्। यिनले यात्रासाहित्यमा पुर्याएको योगदान अविस्मरणीय छ। समग्रमा निबन्धकार तारानाथ शर्माका निबन्धकारका निबन्धगत प्रवृत्तिहरूलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ – क) आत्मपरक निबन्धकार, ख) प्रकृतिप्रेमी निबन्धकार, ग) राष्ट्रवादी निबन्धकार, घ)

नियात्राकार, ङ) सामाजिक - सांस्कृतिक विकृतिप्रति व्यङ्ग्य गर्ने व्यङ्ग्य निबन्धकार, च) स्वाभाविकता र सरलताभित्रबाटै पाठकलाई पूर्ण सन्तुष्ट दिने निबन्धकार, तथा छ) समाजका यथार्थ विषयलाई निबन्ध लेख्ने निबन्धकार आदि।

## 9.2.13 निबन्धकार बदरीनाथ भट्टराईको निबन्धगत विशेषता

बदरीनाथ भट्टराई नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्। कथा, कविता, नाटक, समालोचना आदि विविध विधामा कलम चलाएका यिनी मुख्यतः निबन्धकार हुन् र त्यसमा पनि मुख्यतः वस्तुपरक निबन्धकार हुन्। ऐतिहासिक विषयवस्तु र अतीतका अनुभवहरूलाई समेटेर निबन्ध लेख्नु यिनको मूल अभीष्ट रहेको देखिन्छ। विकृति, विसङ्गति, अन्याय, अत्यचार, शोषण, दमन आदिप्रति व्यङ्ग्यको झटारो हान्दै देशभक्तिपूर्ण भावना प्रस्तुत गर्नु यिनको मुख्य प्रवृत्ति हो। इतिहास, समाज र अनुभवलाई आफ्ना निबन्धकारहरूको स्रोत बनाएका भट्टराईले स्वस्थ समाज-निर्माणका लागि ठूलाठूला भाषण होइन, व्यवहारमै देशप्रेमको भावना झल्किनु पर्दछ भन्ने राष्ट्रवादी स्वर पोखेका छन्। सरल र उदार हृदय लिएर देश-विकासमा लाग्नुपर्ने बताउने निबन्धकार भट्टराईले नैतिक र औपदेशिक निबन्ध-लेखनतर्फ विशेष रूचि देखाएका छन्। यिनका निबन्धहरूमा विचार र भावको सम्मिश्रण पाइन्छ, साथै ती विचार र भावनाहरूलाई वस्तुपरक ढङ्गले प्रस्तुत गरिएको छ। परम्परागत संस्कार, संस्कृति र सांस्कृतिक वैभवप्रतिको आस्था राख्नु यिनको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो। यिनका निबन्धहरूमा आदिदेखि अन्त्यसम्म नै क्रमबद्धता पाइन्छ। शब्दचयन, वाक्यगठन, अनुच्छेदयोजना तथा भाषिक प्रयोगका क्षेत्रमा यिनले उल्लेख्य सफलता

हात पारेका छन्। मुख्यतः वर्णनात्मक शैलीको प्रयोग गर्ने निबन्धकार भट्टराईले सरल र सहज भाषाको प्रयोग आफ्ना निबन्धहरूमा गरेका छन्। संस्कृतका सूक्तिहरूको प्रयोग गर्दै निबन्धलाई आकर्षक तुल्याउनु यिनको अर्को प्रवृत्ति हो। समग्रमा भन्नुपर्दा देशप्रेमको उच्च भावना, विकृति र विसङ्गतिहरूप्रतिको व्यङ्ग्य, प्रगतिवादी चिन्तन, अतीतप्रतिको उच्च आस्थाजस्ता विषयवस्तुगत विशेषताहरू अँगाल्ने भट्टराई विषयानुकूल भाषाशैलीको प्रयोग गर्ने सशक्त निबन्धकार रूपमा नेपाली साहित्यमा प्रसिद्ध छन्।

## 9.2.14 निबन्धकार भैरव अर्यालको निबन्धगत विशेषता

भैरव अर्यालले नेपाली समाजका सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक, प्रशासनिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा देखा परेका विसङ्गति र विकृति तथा अन्तर्राष्ट्रिय जगतमा देखा परेका षढयन्त्र, विज्ञानको विध्वंश, आपसी खिचातानी, खस्कँदो मानवीय मूल्यजस्ता कुराहरूले जन्माएका विकृतिहरूलाई निबन्धको विषयवस्तु बनाएर त्यसप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन्। नेपाली साहित्यका अनेकौं पक्षहरूमा नेपाली जीवनशैलीका सेरोफेरोमा देखापरेका विसङ्गति, विकृति, दुराचार, दुस्थितिहरूलाई प्रकाश पार्ने काम यिनका निबन्धले गरेका छन्। मान्छेमा रहेको दुर्बलता, खोक्रोपन र आडम्बरको भण्डाफोर गर्ने अर्यालका निबन्धमा मानवतावादी-समानतावादी धारणा पाइन्छ। बेरोजगारी, गरिबी, व्यभिचार, भ्रष्टाचार, सामन्ती संस्कार, अन्धविश्वास, दुर्व्यसन, वेश्यावृत्तिजस्ता समाजका खराब पक्षको सूक्ष्म तरिकाले उद्घाटन गरी त्यस्ता क्रियाकलापप्रति घोचपेच गर्नु उनका निबन्धको विशेषता हो।

यसरी नै नेपाली समाजका विकृति र नेपाली जनताका नैतिक चरित्रलाई उद्घाटन गरेर झापड दिने भैरव अर्यालका निबन्धमा आधुनिक समाजका सभ्य र सम्पन्न व्यवहारभित्रका विकृतिलाई नङ्ग्याउने काम भएको छ। पूर्वीय र पश्चिमी सभ्यताको मिश्रणले ल्याएका विषमताको उछित्तो काड्ने काम यिनका निबन्धले गरेका छन्। शस्त्रअस्त्रको निर्माणले मानव सभ्यताको सम्भावित विनाशवाट त्रसित र भयभीत विश्वमानव परिवेश तथा चिकित्साशास्त्रको वैज्ञानिक आविष्कारका नाममा मानव अङ्गहरूको प्रत्यरोपणजस्ता विषयलाई संवेदनशील रूपमा प्रस्तुत गरेका छन्। 2007 सालको परिवर्तनपछिको सङ्क्रमणकालीन अवस्थाले जन्माएका सामाजिक, आर्थिक, राजनैतिक विकृति अनि 2017 सालको राजनैतिक परिवर्तनले ल्याएका सांस्कृतिक, आर्थिक, प्रशासनिक विकृतिलाई खोतलेर देखाउने काम भैरव अर्यालले आफ्ना निबन्धमा गरेका छन्। पुराना पुस्ताका परम्परागत मूल्य र मान्यता तथा नयाँ पुस्ताका नवीन मान्यता बीचको द्वन्द्वलाई हास्यव्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्ने काम यिनले गरेका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विकृति र विसङ्गतिलाई कोट्याएर त्यसप्रति असहमति प्रकट गर्ने अर्याल व्यङ्ग्यका फाँटमा व्यङ्ग्यको धारिलो हतियार लिएर उभिएका छन् अनि रूढिवाद, अन्धविश्वास, ढिलासुस्ती, मिथ्या चालचलन, झूठो सम्मान, अशान्ति, विध्वंश, भ्रष्टाचार, कुसंस्कारका विरूद्ध प्रहार गर्छन्।

नेपाली हास्यव्यङ्ग्य निबन्धका फाँटमा भैरव अर्यालको स्थान उच्च रहेको छ। नेपाली समाजको शाश्वत पक्षको चित्रण गरी त्यसप्रति तीव्र व्यङ्ग्य गर्न सक्नु यिनको विशेषता हो। अँध्यारा भण्डारमा लुकेका विविध कुराहरूलाई बाहिर आँगनमा छरपष्ट पारी स्पष्ट रूपमा प्रस्तुत गरिदिने अर्यालका निबन्ध पढ्दा कतै पाठकले आफैँलाई नै भेटाउन सक्छ। हास्य

र व्यङ्गय्को सन्तुलित प्रयोग पाइने यिनका निबन्धमा शिष्ट व्यङ्ग्य पाइन्छ। विकृतजन्य विषयवस्तु, विरोधाभासपूर्ण परिस्थिति, खस्कँदो र खोक्रो सभ्यताजन्य विषयजन्य टिपेर हास्यात्मक शैलीको प्रयोग गरी सुधारको सन्देश दिने अपेक्षा अर्यालका निबन्धमा भेटिन्छ। आत्मपरक शैलीका निबन्धकार भैरव अर्यालले झिनो टुक्रे आख्यान टिपेर सुरूमा पाठकलाई पेट मिचीमिची हसाउँछन् र पछि मुटु नै छेड्ने गरी व्यङ्ग्य वाण प्रहार गर्छन्। क्रान्ति र विद्रोहको स्वर तथा प्रगतिवादी चेत यिनका निबन्धमा पाइन्छ।

कथ्य निकट भाषाको प्रयोग पाइने यिनका निबन्धमा उखानटुक्का, निपात, मार्मिक सूक्तिहरूको प्रयोग पनि  भेटिन्छ। सामान्य कुरालाई पनि विलक्षण बनाएर प्रस्तुत गर्ने अर्यालको निबन्धमा उक्तिवैचित्र्य भेटिन्छ। स्वैरकल्पना, चेतनप्रवाह पद्धति, रोचक र चमत्कारपूर्ण शैली, अनुप्रासमय भाषिक प्रस्तुति, आलङ्कारिकता र आख्यानात्मकता, व्यङ्ग्यात्मकताले गर्दा उनका निबन्ध सशक्त र उत्कृष्ट बन्न पुगेका छन्। यसरी हास्यव्यङ्ग्यात्मक निबन्धकलाका दृष्टिले नेपाली निबन्धलाई सर्वोच्च उचाइमा पुर्याउने भैरव अर्याल नेपाली हास्यव्यङ्ग्य निबन्ध फाँटका मूर्धन्य र सशक्त प्रतिभा हुन्।

## 9.2.15 निबन्धकार आच्छा राई ‘रसिक’ को निबन्धगत विशेषता

दार्जीलिङको धोवीतलाउ भन्ने ठाउँमा आच्छा राई ‘रसिक’ को जन्म विक्रम सम्वत 1985 असोज 26 गते (सन् 1928) का दिन निम्न वर्गीय परिवारमा भएको थियो। पाँच वर्षकै उमेरमा आमाको ममताबाट बञ्चित हुन पुगेका आच्छा राई रसिक रणधोज राईका एकमात्र सन्तान थिए। सन्

1946 तिर कुनै एक हस्त लिखित पत्रिकामा उनको पहिलो कथा रचना 'पूर्णिमाको रात' प्रकाशित भएको थियो। अतः राईको साहित्यिक यात्राको प्रारम्भ यसै रचनाको माध्यम भएको देखिन्छ। सन् 1946-47 को दशकतिर दार्जीलिङबाट प्रकाशित हुने 'गोर्खा', 'हाम्रो कथा', 'साथी', 'उत्थान', 'छात्र' आदि पत्र पत्रिकाहरूमा उनका थुप्रै कथा, हास्यव्यङ्ग्य निबन्ध, प्यारोडी शैलीका कविताहरू प्रकाशित पाइन्छन्। उनको 'वसुधैव कुटुम्बकम' नामक साहित्यिक हास्यव्यङ्ग्य निबन्ध सर्वप्रथम 'गोर्खा' मा सन् 1948 मा प्रकाशित भएको थियो। पुस्तकाकारकारूपमा रसिक का कृतिहरू उनको मृत्युपछि मात्र प्रकाशित भएका देखन्छ। जसमा 1. सप्तकोसी (2011), 2. रसिक र चनावली (2037), 3. लगन (2012), 4. दोभान (2021) आदि हुन्।

निबन्धकार आच्छा राई रसिक सम सामयिक यथार्थ चित्रणमा लक्ष्मीप्रसाद देवकोटाका नजिक छने भने बौद्धिकताका दृष्टिले बालकृष्ण समका छेउ रहेका छन्। यस्तै गरेर चिन्तनका दृष्टिकोँणले हृदयचन्द्र सिंह प्रधानका नजिक रहेका छन्। हास्यव्यङ्ग्य निबन्ध लेखनको थालनीमै देखिएका आच्छा राई रसिक अनुसन्धानकै गर्भमा रहेका एक होनहार प्रतिभा हुन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विकृति र विसङ्गतिलाई कोट्याएर त्यसप्रति असहमति प्रकट गर्ने रसिक रूढिवाद, अन्धविश्वास, ढिलासुस्ती, मिथ्या चालचलन, झूठो सम्मान, अशान्ति, विध्वंश, भ्रष्टाचार, कुसंस्कारका विरूद्ध प्रहार गर्छन्। नेपाली हास्यव्यङ्ग्य निबन्धका फाँटमा आच्छा राई रसिकको स्थान उच्च रहेको छ। हास्य र व्यङ्गग्यको सन्तुलित प्रयोग पाइने यिनका निबन्धमा शिष्ट व्यङ्ग्य पाइन्छ। विकृतजन्य विषयवस्तु, विरोधाभासपूर्ण परिस्थिति, खस्कँदो र खोक्रो सभ्यताजन्य विषयजन्य टिपेर

हास्यात्मक शैलीको प्रयोग गरी सुधारको सन्देश दिने अपेक्षा अर्यालका निबन्धमा भेटिन्छ।

### 9.2.16 निबन्धकार गणेशलाल सुब्बाको निबन्धगत विशेषता

नेपाली साहित्यमा गणेशलाल सुब्बा यथार्थवादी समालोचक, प्रबुध्द चिन्तक, तार्किक, कानुनी वकिल प्रथम पङ्क्तिका वक्ता गणेशलाल सुब्बा दार्जिलिङका प्रथम पङ्क्तिका आलोचक, निबन्धकारका रूपमा चिनिन्छ हुनुहुन्छ। उनका समालोचना, समीक्षा, चिन्तन युक्त निबन्धहरू, भारती, दियालो र दार्जिलिङीय समसामयिक पत्र- पत्रिकातिर छरिएका छन्। उहाँका लेखन औँलामा भाँच्दा गन्ति गर्न सकिने भए पनि ती भाव, भाषा, शैली र विषयमा चिन्तनयुक्त, गहन, बौध्दिक र मननयुक्त छन्। समग्रतः निबन्धमा उनी कलामा यथार्थवाद र प्रकृतिवीदमाथि विश्लेषणात्मक र तुलनात्मक ढङ्गमा आलोचना गर्दछन्।

## 9.3 उपसंहार

विश्व समाजमा मानव सोंचको प्रगतीसितै विविध मूल्य र मान्यताहरूको उद्भवको परिणाम फलतः आज आएर यस विधाले पनि साहित्यका अन्य विधाहरू सरह झ्याँगिने र फस्टाउँने सुयोग पाएको देखिन्छ। आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै निबन्ध लेखन परम्परालाई अघि बढाएर लगेको थाहा पाइन्छ। विगतका दिनदेखि नेपाली निबन्ध लेखनको परम्परालाई निक्यौंल गर्दा यस विधामा कलम चलाउने अनेकौ स्थापित स्रष्टाहरू देखापर्दछन्। जसको योगदानको

फलतः नेपाली निबन्ध लेखनको बघैँचा हराभरा रही आएको भेटिन्छ। यसबाहेक नेपाली निबन्धको वर्तमान अत्यन्त उर्वर, सशक्त एवं प्राप्तिपूर्ण बन्न पुगेको छ। असङ्ख्य निबन्धकारहरू निबन्ध सिर्जनामा कटिबद्ध बनेका छन्। एकातिर प्रौढ तथा युवा दुवै पुस्ताको उपस्थिति चर्चा योग्य छ भने अर्कातिर नारी र पुरुष दुवैवर्गका स्रष्टाहरू निबन्ध लेखनमा सक्रिय छन्। यो अत्यन्त प्रशंसनीय पक्ष हो।

## 9.4 सार

- 'दिव्योपदेश' – आजसम्म आविष्कार हुन सकेका नेपाली गद्यका प्राचीनतम नमूनाहरूमा पृथ्वीनाराण शाहकृत दिव्योपदेश नै साहित्यिक गुणहरूले युक्त प्रथम कृति हो।

- शम्भुप्रसाद ढुङ्गेल माध्यमिक कालको मोतीराम पछिको अत्यन्त कीर्तिमान साहित्यिक व्यक्तित्व हुन्।

- माध्यमिक कालमा छापिएको यही 'महेन्द्रमल्ली' गद्य लेखनबाट नै नेपाली निबन्धमा आत्मपरक निबन्धको लेखन परम्परा प्रारम्भ भएको मानिन्छ।

- लक्ष्मीप्रसाद देवकोटा (जीवनीकाल – वि. सं. 1966 -2016) नेपाली निबन्ध फाँटका स्वच्छन्दावादी आत्मपरक निबन्धकार हुन्।

- पारसमणि प्रधान भारतीय नेपाली जाति र समाजको निम्ति एक त्यस्तो व्यक्तित्व मान्न सकिन्छ, जसबाट नेपाली भाषा, साहित्य र शिक्षाको पर्यावलोकन गर्न सकिन्छ।

- हृदयचन्द्रसिंह प्रधान मूलतः आत्मपरक निबन्धकार हुन्।

- समाजका अनियमित पक्षहरूलाई आफ्ना निबन्धको विषयवस्तु बनाएर प्रस्तुत गर्ने पिंडाली हास्यव्यङ्ग्यात्मक निबन्धकार हुन्।

● लामिछानेका निबन्धमा चिन्तन र भावनाको सन्तुलन पाइन्छ। निजी विचार र वैयक्तिक भावहरूलाई चिन्तनका कसीमा घोटेर प्रस्तुत गर्ने लामिछानेका निबन्धहरू बौद्धिक खालका देखिन्छन्।

● सन् 1956 / 57 मा साहित्यिक जगतमा प्रवेश गर्ने प्रतिष्ठित साहित्यिक राजनारायण प्रधानको 'फिचर' लेखन कलाले सबैको ध्यान आकर्षित गरेको थियो।

● मानव-स्वभाव साथै आत्मपरक निबन्धमा विशेष कलम चलाउन रुचि लिने रामलाल अधिकारीको निबन्धमा शिष्ट हास्य लुकेको हुन्छ।

● आफ्ना समवर्ती निबन्धकार शङ्कर लामिछानेमा प्रयुक्त प्रयोगमूलक चेत र भैरव अर्यालमा पाइने हास्यव्यङ्गयको गम्भीर पक्षलाई पनि सचेततापूर्वक आफ्नै मूल्य र मौलिकता दिएर प्रस्तुत गरेका छन्।

● निबन्धकार आच्छा राई रसिक सम सामयिक यथार्थ चित्रणमा लक्ष्मीप्रसाद देवकोटाका नजिक छने भने बौद्धिकताका दृष्टिले बालकृष्ण समका छेउ रहेका छन्। यस्तै गरेर चिन्तनका दृष्टिकोँणले हृदयचन्द्र सिंह प्रधानका नजिक रहेका छन्।

● गणेशलाल सुब्बा यथार्थवादी समालोचक, प्रबुध्द चिन्तक, तार्किक, कानुनी वकिल प्रथम पङ्क्तिका वक्ता गणेशलाल सुब्बा दार्जिलिङका प्रथम पङ्क्तिका आलोचक, निबन्धकारका रूपमा चिनिन्छ हुनुहुन्छ।

# 9.5 अनुशीलनी

(1) नेपाली गद्य लेखनको दिशामा पृथ्वीनारायण शाहको 'दिव्योपदेश' ले पुर्याएको योगदानमाथि विवेचनात्मक टिप्पणी गर्नुहोस्।

(2) 'महेन्द्रमल्ली' निबन्धमाथि आफ्नो विचार खुलस्त पार्नुहोस्।

(3) आधुनिक नेपाली निबन्धका विकासमा लक्ष्मीप्रसाद देवकोटाको योगदानको मूल्याङ्कन गर्नुहोस्।

(4) आधुनिक नेपाली निबन्धका विकासमा शङ्कर लामिछानेको योगदानको मूल्याङ्कन गर्नुहोस्।

(4) हास्यव्यङ्ग्य नेपाली निबन्धका विकासमा केशवराज पिँडालीलाई चिनाउनुहोस्।

(5) हास्यव्यङ्ग्य नेपाली निबन्धका विकासमा भैरव अर्यालको योगदानको चर्चा गर्नुहोस्।

## 9.6 अतिरिक्त अध्ययन

1 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

2 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

3 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

4 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

5 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

6 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

7 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

8 – रत्नध्वज जोशी **आधुनिक नेपाली साहित्यको झलक**

9 – ठाकुरप्रसाद पराजुली **नेपाली साहित्यको परिक्रमा**

## 9.7 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

३. 'कल्पना' निबन्धका आधारहरू।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.3.3.(क) को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरूष' निबन्धभित्रको सर्वश्रेष्ठ पुरूष।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.3.3.(ख) को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. एब्स्ट्रयाक्ट चिन्तनः प्याज निबन्धका आधारहरू।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.3.7 (क) को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

Notes

4. निबन्धकार भैरव अर्याल।

.............................................................................

.............................................................................

.............................................................................

.........................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.3.14 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निबन्धकार आच्छा राई 'रसिक'।

.............................................................................

.............................................................................

.............................................................................

.........................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.3.15 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 10, नेपाली निबन्धका प्रमुख उपविधाहरू प्रबन्ध, नियात्रा, दैनन्दिनी / दैनिकी, संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, पत्र साहित्य, रिपोतार्ज आदि।

10.0 उद्देश्य

10.1 परिचय

10.2 नेपाली निबन्धका प्रमुख उपविधाहरू –

10.3 उपसंहार

10.4 सार

10.5 अनुशीलनी

10.6 अतिरिक्त अध्ययन

10.7 मुल्यबृद्धिका निम्ति उत्तर

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धका प्रमुख उपविधाहरूबारे परिचय
- निबन्धका प्रमुख उपविधाहरूबारे चर्चा

# 10.1 परिचय

निबन्ध विधा अरू विधाजस्तै संस्कृत साहित्यबाट हिन्दी, बङ्गला हुँदै नेपाली साहित्यमा आएको होइन। यो विधा अङ्ग्रेजी र त्योभन्दा पनि अघि फ्रान्सेली साहित्यबाट भारतीय र नेपाली साहित्यमा प्रवश गरेको वा गराइएको हो। यसरी फ्रान्सेली, अङ्ग्रेजी र भारतीय हिन्दी साहित्यको खुढकिलो उक्लँदै नेपाली साहित्यमा निबन्ध विधाले प्रवेश गरेको हो। निबन्ध लेखनको इतिहास पहिल्याउँदै जाँदा प्लेटो, प्लुटार्क, प्लिनी, मार्कुस, थियोफ्रेसटससम्म पुग्नु पर्छ। तर तिनीहरू सबैले निबन्धलाई चरित्र, संवाद, दीर्घपत्र, प्रबन्ध, चिन्तन आदि नामहरू दिए। यसरी निबन्ध विधाको जन्म पश्चिममै भएको देखिन्छ र विशुद्ध निबन्ध लेखन परम्परा भने फ्रान्सबाटै मोतेञको प्रयासमा 15 औं शताब्दीको अन्तिम दशकतिरदेखि भएको भेटिन्छ।

हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो। निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो। पाश्चात्य जगतमा फ्रान्स, बेलाइत अनि भारतीय मूलमा हिन्दी, बङ्गलाहुँदै नेपाली भाषा – साहित्यमा भित्रिने यस विधाले विगतमा धेरै समस्याहरू तथा कठिन्याईँहरूको सामना गर्नु परेको पाइन्छ। तर विश्व समाजमा मानव सोंचको प्रगतीसितै विविध मूल्य र मान्यताहरूको उद्भवको परिणाम फलतः आज आएर यस विधाले पनि साहित्यका अन्य विधाहरू सरह झ्याँगिने र फस्टाउँने सुयोग पाएको देखिन्छ। विशेष आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै नेपाली निबन्ध लेखन परम्परालाई अघि बढाएर लगेका देख्दा यो विधाले

निकट भविष्यमा अझ प्रगति गर्न सक्ने अधिक सम्भावना देखन्छ। मूलतः निबन्ध विधाकै समकक्षी भएर उभिएका थुप्रै विधाहरू पनि स्रष्टाहरूले रच्दै आएका पाइन्छ। एवम् जसरी निबन्ध विधाको स्वरूपगत अध्ययन विद्वानहरूले गरेका छन् त्यसरी नै निबन्धकै उपविधाहरूका परिचित विधाहरूका पनि स्वरूपगत अध्ययन आवश्यक ठहर्दछ।

# 10.2 नेपाली निबन्धका प्रमुख उपविधाहरू

प्रबन्ध, नियात्रा, दैनन्दिनी / दैनिकी, संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, पत्र साहित्य, रिपोतार्ज आदि निबन्ध विधाकै समकक्षी भएर उभिएका थुप्रै उपविधाहरू आज हामीले पाएका छौं। निबन्ध लेखनको परम्परामा स्रष्टाहरूले उपर्युक्त रचनाहरू पनि रच्दै आएका थाहा लाग्छ। अतः विद्वानहरूले जसरी निबन्ध विधाको आफ्नै छुट्टै स्वरूपगत अध्ययन गरेका छन् त्यसरी नै निबन्धकै स्वरूपमा हाराहारी उभिन आउने उपर्युक्त उपविधाहरूका पन विवेचनात्मक अध्ययन समय सापेक्ष रहेको बुझिन्छ।

### 10.2.1 प्रबन्ध

फ्रान्सेली लेखक मोतेञले निबन्ध लेखनको इतिहासमा सर्वप्रथम निबन्ध भन्न सुहाउने खाले गरी निबन्ध लेख्न सुरू गरेपछि वर्तमान युगसम्म चार सय वर्षसम्म धेर अवधिको दीर्घ विकास क्रम चलिसकेको र यसले व्यवस्थित रूप लिएर साहित्यको एउटा प्रतिष्ठित विधा भनेर सम्बोधन गरिइसकेको भए तापनि निबन्ध विधा अझ विवादास्पद नै छ। यो विवाद भारतीय साहित्यमा विशेष रूपले निबन्ध र प्रबन्ध शब्दमाथि छ। यो

भनाइको पुष्टिका निम्ति रवीन्द्रनाथ ठाकुरले आफ्ना आत्मपरक निबन्धहरू 'नवपर्षी', 'श्रावण - सन्धया', 'पागल' इत्यादिलाई प्रबन्ध भनेरै सम्बोधन गरेकालाई यहाँ प्रस्तुत गर्न सकिन्छ। यसबाहेक पनि आफ्ना धेरै आत्मपरक निबन्धहरू पनि परेका सङ्ग्रहको नाउँ उनले 'विचित्र प्रबन्ध' राखेका छन्। नेपाली निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले पनि 'लक्ष्मी निबन्ध सङ्ग्रह' को भूमिकामा सङ्ग्रहीत निबन्धहरूलाई प्रबन्ध कै संज्ञा दिएका भेटिन्छ। तथापि यता केही कालदेखि भने यी दुईको भेद पालन गर्ने दिशातिर धेरै विद्वानहरू अग्रसर छन्। अतः यी दुईका भेद स्पष्ट गर्न यिनका व्युत्पत्तिलभ्य अर्थ केलाउन चासोपर्दो देखिन्छ। निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो। यसरी व्युत्पादित निबन्ध शब्दका विविध अर्थहरू प्रचलित छन्। यज्ञवल्क्य स्मृतिमा निबन्धो द्रव्यमेव तथा अमरकोशमा अनाहीतस निबन्ध : स्मात् भनेको पाइन्छ। यसका अतिरिक्त साहित्यिक तात्पर्यमा पनि निबन्ध शब्दको प्रयोग भएको छ। साहित्यिक सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ। प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो। पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो। अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ। निबन्ध शब्दसङ्गै अर्को शब्द प्रबन्ध शब्दले केही समयपछि आख्यान वा कथात्मक काव्यलाई पन सङ्केत गर्न थालेको पाइन्छ। यसरी संस्कृत साहित्यमा प्रचलित यी दुवै शब्द एउटै तात्पर्यमा प्रयुक्त भए तापनि वर्तमान सन्दर्भमा लेखकले सविस्तार विवेचना गरेको ग्रन्थलाई प्रबन्ध शब्दले सङ्केत गरी थेसिसको पर्याय भएको छ भने विचार वा भावलाई बन्ध गरिएको रचनाविशेषलाई निबन्धले बुझाएको पाइन्छ। अङ्ग्रेजीमा यो 'निबन्ध'

शब्दलाई 'एसे' वा 'एसाइ' (Essai) को शाब्दिक अर्थ अनुभवजन्य (Experiment) र प्रयास (attempt) हुँदछ। अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो।

प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ। यसको मूल अर्थ बलियोसङ्ग बाँध्नु हो र यो निबन्धकै समानार्थी छ। अमरकोशको माहेश्वरी टीकामा प्रबन्धको व्याख्या र वाक्यविस्तारका रूपमा गरिएको पाइन्छ। काव्यालङ्कारमा नबाँधिएको रचना मुक्तक र बाँधिएको (परस्पर सुसम्बद्ध) रचना प्रबन्ध हो भनिएको भेटिन्छ। (अनिबद्धं मुक्तकम्, निबद्धम प्रबन्ध मिति प्रसिद्धिः)। प्रबन्धका पनि बन्धनका साथै गाँस, योजना, व्यवस्था आदि अनेक अर्थ छन्। साहित्यका सन्दर्भमा कुनै विषय वा कथाको गद्यात्मक वा पद्यात्मक प्रस्तुति प्रबन्ध भनिन्थ्यो पछि यस शब्दको प्रयोग आख्यान (कथा) को राम्रो तारतम्य मिलेर लेखिएको काव्यलाई बुझाउनका लागि मात्र भएको थाहा पाइन्छ। महाकाव्य, खण्डकाव्य आदिलाई प्रबन्धकाव्य भनिएबाट यो स्पष्ट हुन्छ तर संस्कृत वाङ्मयमा प्रबन्ध शब्दको प्रयोग शास्त्रीय, ग्रन्थहरूका लागि पनि हुने गरेको कुरो स्मरणीय छ। अतएव निबन्धमा लेखक आफ्नै सुख दुःख, हार – विजय, र दैनिक अनुभवका आधारमा स्वकीय जीवन घटनाहरूका सम्मिश्रणद्वारा खुकुलो र हलौ प्रकारले पाठकसँग गफ गर्न चाहन्छ। निबन्धमा आफूले भन्न लागेको कुरामा सबै पाटकहरू सहमत हुनैपर्छ भन्ने ढिपी लेखक गर्न सक्तैन तसर्थ नै निबन्धको वर्ण्य विषयको परिपुष्टिका निम्ति यताउताका तथय्हरू सङ्कलन गर्ने झिजो पनि उसलाई पर्दैन। निबन्धकार आफ्ना निबन्धकहरूमार्फत पाठकसङ्ग केवल गफ गर्न चाहन्छ र आफ्ना पीर उल्लास सबै प्रकारका अनुभूति र बाह्य वस्तुहरूद्वारा

उसमा भएको प्रतिक्रिया मानसिक सङ्घर्ष इत्यादिका बारेमा पाठकसङ्ग धक फुकाएर बातचीत गर्छ। यो एक प्रकारको स्वगत कथन पन हो जहाँ लेखकले आफू र आफूसङ्ग सम्बन्धित सबै कुराको यथार्थ वर्णन नालिबेलीसहित गर्छ। यसरी निबन्धमा निबन्धकारको वक्यक्तिको छाप परेकै हुन्छ। यसरी साँचो र सफल निबन्धमा व्यक्तित्वको छाप परेकै हुनुपर्छ र निबन्ध निजात्मक नै हुनुपर्छ भन्ने कुरामा प्रायः सबै विद्वानहरू एकमत छन्। निबन्ध त्यो विश्लेषणात्मक साहित्यिक रचना हो जसको सीमित विस्तारमा व्यक्तिगत दृष्टिकोण रहन्छ। हडसनले पनि असलमा निबन्ध आत्मपरक नै हुनुपर्छ भन्ने स्वीकार गरेका छन्। यस प्रकारका निबन्धलाई बङ्गला साहित्यमा हिजआज 'रम्य रचना' भन्ने नवीन संज्ञा दिइँदैछ र नेपालीमा चाहिँ झर्रो भाषावादी ताना शर्मा, बालकृष्ण पोखरेल इत्यादि 'जमर्को' भन्न नै धेर इच्छुक देखिन्छन्। तर प्रबन्धमा भने त्यस प्रबन्धका मार्फत पाठकले लेखकको व्यक्तित्व बारे कुनै परिचय पनि पाउँदैनन्। प्रबन्धका कुनै एक विषय लिई त्यसको पोषणका निम्ति विभिन्न बाह्य तथ्य सङ्ग्रहको आवश्यकता पर्छ र ती तथ्यहरूलाई तर्कसम्मत युक्तिले परिवेष्टित गरी कथ्य विषयप्रति पाठकहरूको सहमति पनि प्राप्त गर्ने दिशातिर प्रबन्धकार लाग्नुपर्छ। तसर्थ नै निबन्ध सरलतापूर्वक, प्राकृतिक र रमणीय शैलीमा सोझै पाठकको हृदय र मस्तिष्कमा पुग्छ। अतः निबन्धका पाठक विभिन्न रूचि भएका अल्पशिक्षितदेखि लिएर पूर्ण शिक्षित र प्रबुद्ध मानिस जो पनि हुन सक्छन्। प्रबन्ध चाहिँ अल्पशिक्षितहरूका निम्ति र विभिन्न रूचि भएका पाठकहरूका निम्ति उपयुक्त हुँदैनन्। प्रबन्धका पाठकहरू केही हदसम्म शिक्षित र विविध ज्ञानोपार्जन गर्ने इच्छा भएकाहरू मात्रै हुन सक्छन्। प्रबन्ध अझ क्लिष्ट र सीमित लक्ष्य लिएर लेखिएपछि त्यो समालोचनामा

गृहीत विषयसम्बन्धी केही ज्ञान भएका र प्रबुद्धवर्गका हुनु वाञ्छनीय छ। प्रबन्ध बाह्य सन्दर्भ, वैज्ञानिक तथ्य, इत्यादि उद्धृत गरी वा आफूभन्दा अघिका एक वा अनेक पुस्तक पत्र – पत्रिका इत्यादिमा भएका तथ्यादि र यसप्रकारका कुनै पनि अन्य लेखकहरूका विचारादिलाई आफ्नू रचनमा वर्ण्य विषयलाई पुष्टि गर्न वा खण्डन गर्नलाई समावेश गरिएको हुन्छ तर निबन्धमा चाहिँ यसो गरिन्दैन। वस्तुतः निबन्धमा पनि यस्ता प्रकारका तथ्यादि उद्धृत गर्न सकिन्छन् तर ती स्वत स्फूर्त र प्राकृतिक हुनुपर्छ। अझ यो भनौ निबन्ध लेख्दा आफूले पहिल्यै पढेका वा हृदयङ्गम गरेका तथ्यादि सिलसिलासङ्ग मिल्न आए भने राखिहाल्यो नत्र पुस्तकहरू बटुलेर त्यसभित्रका उद्धरणहरू कृत्रिमतापूर्वक समावेश गरिन्दैन। समग्रमा निबन्ध भनेको लेखकका मस्तिष्कको छिपछपे ज्ञानको सम्मिश्रण र हृदयपक्षको चाहिँ विशाल उद्घाटन हो औ प्रबन्धचाहिँ हृदयपक्षभन्दा बढी बुद्दिपक्षको व्यायाम हो। निबन्धकार रामलाल अधिकारी अनुसार शैलीका आधारमा बङ्गला साहित्यमा विषयनिष्ट (वस्तुपरक) प्रबन्धका चार भेद बताएका छन् भन्ने जानकारी थाहा पाइन्छ जो क्रमैले -

(क) विवृतिप्रधान प्रबन्ध वा विवरणात्मक (Narrative Essay), (ख) तथ्यप्रधान वा वर्णनात्मक (Descriptive or Informative Essay), (ग) तत्व वा भावनाश्रित वा भावात्मक (Argumentive or Reflective Essay), (घ) समालोचना, व्याख्यामूलक वा समालोचनात्मक (Critical or Expository Essay) आदि हुन्। यसरी नै अधिकारी अनुसार पनि प्रबन्धका कतिपय उपभेदहरू विषयक जानकारी गराइएको थाहा पाइन्छ, जसमा- Monograph, लेख (Article), जीवनी (Biography), आत्मकथा (Autobiography), यात्रा विवरण (Travel Account), शोधलेख (Thesis),

खोज प्रबन्ध (Dissertation), भूमिका (Preface), सम्पादक्यौली (Editorial), टिप्पणी (Commentary), उपोद्घात, आमुख इत्यादि हुन्।

## 10.2.2 नियात्रा

यात्रावृतान्तलाई नेपालीमा 'नियात्रा' भन्ने गरिएको पाइन्छ। यात्रावृतान्त संस्मरणभित्रै पर्ने कुरो हो र यो आत्मपरक शैलीमा लेखिन्छ तापनि यो स्वतन्त्र रूपमा विकसित हुनाले यसलाई नियात्राका रूपमा पृथक् विधा मान्न सकिन्छ। यात्रासाहित्य निकै रोचक र शिक्षाप्रद हुनाले विश्वसाहित्यमा यसलाई निकै महत्तव दिइन्छ। आज यातायातको बढ्दो सुगमताले गर्दा विश्वको कुनै पनि एक कुनामा बसोबासो गर्ने मानिस अर्को कुनामा बस्ने मानिसबीचको दूरी दिनोदिन कम हुँदै गएको छ। भनौ विज्ञानको विकासले संसार ज दिन-प्रतिदन खुम्चिँदै गएको छ, एक छेउ र अर्को छेउबीचको पर्खाल तोड्दिँदै गएको छ। यात्रा साहित्य आजको सन्दर्भमा देश- देशान्तरको निस्तो वर्णन-विवरणमा मात्र रमाउँदैन यतिमै सीमित रहेको देखिँदैन बरू कुनै एउटा मानिसले यात्राबाट आर्जन गरेको ज्ञान-अनुभव-अनुभूति अन्य मानिसहरूले त्यसबाट सिक्नुपर्ने, मार्ग निर्देशन गर्ने कार्यहरूमा सहयोगी सिद्ध भएको हुन्छ। अधिकांश यात्रासाहित्य निजात्मक अनुभूतिले भरिएका भए पनि नियात्राहरूबाट मानिसलाई रमाइलो सँगसँगै प्रत्यक्ष-परोक्ष रूपमा विविध ज्ञान-गुणका सिँढीहरू उक्लनमा र गन्तव्य पथमा लम्कनका निम्ति समेत धेरथोर रूपमा प्रोत्साहन-प्रेरणा तथा मार्ग-निर्देशन आदि जस्ता कार्यकारी भूमिका निर्वाह  गर्दछ।

**10.2.2 (क) नेपाली नियात्रा लेखन परम्परा –** नेपाली वाङ्मय यात्रावृतान्तका दृष्टिले अनुर्वर नै थियो, तर विगतका केही दशकदेखि यस विधाको क्रमिक विकास हुँदै आएको जान्न पाइन्छ र अचेल यो

लेखकहरूका लागि प्रिय र पाठकहरूलाई रोचक विधा हुन पुगेको बुझिन्छ। यात्रामा आधारित गद्यरचनादिलाई नेपाली साहित्यमा यात्राविवरण, यात्रावर्णन, यात्रावृतान्त, यात्रासंस्मरण, नियात्रा, यात्रानिबन्ध आदिजस्ता विविध नामले सम्बोधन गरिएको पाइन्छ। नेपाली नियात्रा लेखनको इतिहासमा ताना सर्मा (तारानाथ शर्मा) को 'बेलायततिर बरालिँदा' नियात्राको सर्वोत्कृष्ट उदाहरणको रूपमा रहेको पाइन्छ साथै पातालप्रवास पनि लेखेर नियात्रासाहित्यलाई समृद्ध पार्ने तारानाथ अहिलेसम्मका अन्यतम नियात्राकार हुन्। बालकृष्ण पोखरेलले तानासर्माको 'बेलायततिर बरालिँदा' – को भूमिकामा कृतिभित्र समाविष्ट यात्रानिबन्धहरूलाई प्रथमपल्ट 'नियात्रा' नामले सम्बोधन गर्दै नियात्रा शब्दको व्याख्यामा यसो भनेका पाइन्छ – 'सत्यको निस्तो वर्णन छ भने यो 'यात्रा लेख' (Travel Account) र रमरमको आन्दबाट मुछिएको छ भने चाहिँ 'नियात्रा' कहलाउँछ।' पोखरेलले तानासर्मा नेपाली भाषामा लेख्ने नियात्रा साहित्यका जन्मदाता मान्न सक्छौं समेत भनेका थाहा पाइन्छ। नेपाली साहित्यमा य़ात्रासाहित्यलाई छुट्टै शीर्षकमा अध्ययन गर्ने कार्य भने 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास' नामक पुस्तकमा पहिलो चोटी भएको भेटिन्छ। नेपाली यात्रा साहित्य शीर्षकमा साहित्येतिहासकार डा दयाराम श्रेष्ठलाई यात्रासाहित्यका सन्दर्भमा आफ्नो मन्तव्य यसरी पोखेको पाइन्छ – 'कुनै भूखण्डको स्थलरूप, लोकजीवन, रीतिपरम्परा आदिसँग साक्षात्कार गराउने र तद्विषयक अनुभव र ज्ञानलाई व्यक्त गर्ने अभिप्रायले मूलतः तथ्य र अंशतः भावनाको आनुपातिक संयोजन गरी चित्रोपम शैलीमा स्मरणस्वरूप लेखिएको गद्य़ रचनालाई यात्रासाहित्य भनिन्छ।' यात्रासाहित्य भनेर बुझिने यात्राविवरण, यात्रावृतान्त, यात्रासंस्मरण, यात्रावर्णन तथा नियात्रामा पाइने अन्तर चारित्रिक विशेषतालाई प्रकाश पार्दै

समालोचक प्रमोद प्रधानको विचार यसप्रकार रहेको पाइन्छ - वास्तवमा यात्रासाहित्य अन्तर्गत यात्रावर्णन, यात्राविवरण, यात्रावृतान्त र यात्रासंस्मरणमा यात्राका विषयवस्तु र घटनाक्रमहरूको उपस्थिति भए पनि निजात्मक अनुभव र अनुभूतिका प्रसङ्गहरू कि त हुँदै हुँदैनन् कि त ज्यादै कम हुन्छन्। तर नियात्रामा यात्रासँग सम्बद्ध सूचना, यात्राका विषय र घटनाक्रमसँगसँगै लेखकका अनुभव, अनुभूति र विचारहरूको मनोरम प्रस्तुति समेत गरिएको पाइन्छ। त्यसैले लेखकका प्रस्तुतिका सीप र शैलीले त्यो रचना यात्रावर्णन, विवरण, संस्मरण हो या नियात्रा हो भन्ने निर्धारण गर्छ। यसर्थ मानिसहरू शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, धार्मिक आदि उद्देश्यबाट अभिप्रेरित भएर देश-देशान्तर गरिरहन्छन्, या भ्रमण गरिरहन्छन्। विभिन्न नौलो ठाँउतिर भ्रमण गरिरहने मानिसहरूको यो क्रम विगतदेखि आज सम्म चलेरनै आएको थाहा पाइन्छ। नेपाली साहित्यमा यात्रा-नियात्रा लेखनको दिशामा निरन्तर लागिपर्ने स्रष्टाहरूको सङ्ख्या कम छैन तर अन्य विधा क्षेत्रको तुलनामा सङ्ख्यात्मकरूपमा भने केही कम भएको बुझिन्छ। अन्वेषकहरूको अध्ययन, अनुसन्धानअनुसार 'राजा गगनीराजको यात्रा' (सन् 1803 मा प्रकाशित र वि. सं. 1950 तिर लेखनसमय अनुमानित) पछि सन् 1853 सालतिर प्रकाशनमा आएको 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. 1910 को लेखन तर प्रकाशन भने वि.सं. 2014 सालतिर भएको) आदिजस्ता कृतिको प्रकाशन कालावधिलाई नेपाली यात्रासाहित्यको प्रारम्भिक चरण मान्नुपर्छ। अतः विद्वानहरूले 'जङ्गबहादुरको बेलायत यात्रा' लाई यात्रापरक साहित्यलेखनको पहिलो दस्तावेज मान्दै आइरहेका थाहा लाग्छ। प्रस्तुत रचनाका स्रष्टाबारे सठिक टुङ्गो नलागेका भए तापनि समालोचक कमलमणि दीक्षितले लप्टन लालसिंह खत्री, सुब्बा सिद्धिमान सिंह र सुब्बा

शिवनरसिंह यी तीनजनामध्ये कुनै एकजनाले लेखेको हुनुपर्छ भन्ने आफ्नो मत जाहेर गरेका पाइन्छ। यसरी नै समालोचक तथा इतिहासकार कुमार प्रधानले कुनै व्यक्तिवेशषको नाम उल्लेख नगरी श्री ३ जङ्गबहादुर राणाको सहयोगीका रूपमा उनी सँगै यात्रामा गएका कुनै एक व्यक्तिले लेखेको हुनुपर्छ भन्ने विचार व्यक्त गरेका थाहा पाइन्छ। 'जङ्गबहादुरको बेलायत यात्रा' को शीर्षक कै सिखो गर्दै हुनसक्छ पछिबाट तानासर्माको 'बेलायततिर बरालिँदा', केदारमणि आचार्य दीक्षितको 'हिउँदमा बेलायत', विजय चालिसेको 'अप्रिलको बेलायत', केदारमणि आचार्य दीक्षित को 'बेलायत जाँदा', शेरसिंह रानामगरको 'मेरो लंदन राजतिलक यात्रा', मुक्तिनाथ शर्माको 'बेलायततिरको झलक', हरिहर खनालको 'बेलायतको दैनिकी' आदि कृतिहरू नेपाली यात्रासाहित्यमा देखा परेका पाइन्छ। यसप्रकार यात्रा साहित्यलेखनमा तानासर्मा, घनश्याम राजकर्णिकर, लैनसिंह बाङ्देल र मञ्जुल आदिको सक्रियताले झन यो विधालाई अझ गतिप्रदान गरेर लगेको बुझिन्छ। यात्रा साहित्यलेखन क्षेत्रमा विशेष उल्लेखनीय भूमिका निर्वाह गर्ने सर्जकहरूमा चिरञ्जीवी पौडयाल, केदारमणि आ. दी. , शेरसिंह रानामगर, तानासर्मा, जनकलाल शर्मा, लैनसिंह बाङ्देल, धर्मराज थापा, रमेश विकल, हर्क गुरूङ, देवेन्द्रराज श्रेष्ठ, घटराज भट्टराई, निर्मोही व्यास, वासु रिमाल 'यात्री', देवीचन्द्र श्रेष्ठ, पूर्णप्रकाश नेपाल, वाणीरा गिरी, विजय चालिसे, मञ्जुल नेपाल, प्रकाश ए. राज, युवराज नयाँघरे, रामदयाल राकेश, यादव खरेल, गङ्गाप्रसाद उप्रेती, जय छाङ्छा, घनश्याम राजकर्णिकर, सलोन कार्थक, एम.बी. (मनबहादुर) प्रधान, शान्ति छेत्री, दिलबहादुर नेवार आदिले महत्वपूर्ण योगदान पुर्याइआएका भेटिन्छ। तानासर्माको 'पाताल प्रवास', लैनसिंह बाङ्देलका 'स्पेनको सम्झना','यूरोपको चिट्ठी', 'रोमको एउटा फूल प्यारिसको एउटा काँडा', जनकलाल शर्माको 'कौतुकमय डोल्पो', धर्मराज

थापाको 'मेरो नेपाल भ्रमण', देवीचन्द्र श्रेष्ठका 'काठमाण्डू बाहिर', 'हुम्ला बोल्छ मानसरोवरमा', 'जुम्लाको छापविदो', रमेश विकलका 'सात सूर्य एक फन्को', 'नीलगिरीको छाँयामा', मञ्जुलको 'सम्झनाका पाइलाहरू', घनश्याम राजकर्णिकरका 'विदेशको यात्राः स्वदेशको सम्झना', 'देश पर्देशको भ्रमण केही संस्मरण', 'सम्झनाको रहरमा लहरिँदै जाँदा', विजय चालिसेका 'अप्रिलको बेलायत', 'मनका तूलिकामा स्मृतिका बिम्बहरू', निर्मोही व्यासका 'नौ पाइला', 'ठोरीको एलबम', सुधा त्रिपाठीको 'बादल, धर्ती र आस्थाहरू', पूर्णप्रसाद ब्राह्माणको 'मेरो जुम्ला यात्रा', मातृकाप्रसाद कोइरालाको 'मेरो असम यात्रा', चेतनाथ आचार्यको 'काशीयात्रा', यादव खरेलको 'समुन्द्रपारि', योगी नरहरिनाथको 'हाम्रो देश दर्शन', हरिनाथ प्याकुरेलको 'तीर्थ जाँदाको वृत्तान्त', गङ्गाप्रसाद उप्रेतीका 'स्मृतिका छालमा इटाली', 'तिब्बतमा दश दिन', 'देश-देशान्तर', हेमराज पाण्डेको 'साइत जुरेको डाँफे', मदनमणि दीक्षितको 'बर्लिन डाइरीको पाना', मोहन सिटौलाको 'परिभ्रमण', श्रीकृष्ण गौतमको 'माल्दिभ्सको प्रेम कथा र अन्य यात्राहरू', भीष्म उप्रेतीका 'यात्राका केही थुँगा फूल', 'तेहरानको डाइरीको एक साता', 'घर फर्किने दि', प्रदीप नेपालको 'अमेरिकी वासः मातृभूमिको सम्झना', 'परदेशमा देश', ध्रुवचन्द्र गौतमका 'घड़ीहरूको देशमा समय खोज्दै', 'जर्मनीः नयाँ आँगनमा पाइला टेक्दा', 'रूसतिर रूमलिँदा', जय छाङछाका 'कङ्गारूको देशदेखि आइफल टावरसम्म', 'चाँप फुल्ने पहाड़मुन्तिर', 'बादल रूँदाको जुरिच', 'बिब्ल्याँटो आखासको धरातलतिर', पोष चापागाईका 'पश्चिम अस्ट्रेलियाको यात्रा संस्मरणः सरोफोरो पर्थको', 'गोसाइँकुण्डदेखि चेन्नईसम्म', 'मौन चुल्ठो', विश्वम्भर चञ्चलको 'वारिदेखि पारिसम्म', रवीन्द्र समीरको 'ग्रेटवाल ग्रेट अनुभूति', पवन आलोकको 'यूरोपको झझल्को', हेमराज पहारीको 'उत्तरी गोलार्द्धको एक फन्को', नगेन्द्र न्यौपाने 'यात्राको बङ्गलादेश', जीवनाथ

धामालाको 'बर्लिनतिरका झझल्काहरू', युवराज नयाँघरेको 'अनाम पहाड़मा फनफनी', सिर्जन लम्सालको 'आँगनोदेखि सागरसम्म' आदि। यी यात्रावृतान्तहरू लेखकहरूले स्वदेश र विदेश भ्रमण गरी अनुभूत गरेका यात्रा संस्मरणहरूलाई लिपिबद्ध गरी प्रकाशनमा ल्याई नेपाली नियात्रा साहित्यको भण्डारलाई समृद्ध तुल्याउने महत कार्य गरेका हुन् भनी बुझ्न सकिन्छ। यसरी नै भारतीय नेपाली नियात्रा साहित्यलेखनको सन्दर्भ अवलोकन गर्दा भाग्सुका शेरसिंह रानामगरको मेरो लंदन राजतिलक यात्रा (सन् 1913 मा प्रकाशित) प्रथम प्रकाशित कृतिको रूपमा देखा पर्दछ। सन् 1911 मा पञ्चम जर्जको राजतिलक समारोहमा ब्रिटिस सरकारको विशेष निम्तोमा लण्डन पुगेका 1/4 गोर्खा रिफल्सका शेरसिंह रानामगरले लण्डन प्रवासको समय त्यहाँको भू-प्रकृति र जलवायु, अङ्ग्रेजहरूको सामाजिक रहनसहन, आर्थिक, शैक्षिक, वैचारिक उन्नति र गतिविधिबारे डाइरीमा टिपेर पछिबाट पुस्तकाकार रूप दिएका हुन भन्ने जान्न पाइन्छ। यसप्रकार शेरसिंह रानामगरको लंदन राजतिलक यात्राबाट लेखन शुभारम्भ भएको भारतीय नेपाली साहित्य लेखनयात्रामा पछिबाट लैनसिंह बाङ्देल, डिल्लीराम तिमसिना, दिलबहादुर नेवार, शान्ति छेत्री, सलोन कार्थक, एम.बी.प्रधान, सानु लामा, जय नारायण लुइँटेल, कविता सुब्बा, चन्द्रकुमार राई, कुमार घिसिङ, के. पी. मल्ल, एम. 'पथिक' आदिले पुर्याएको योगदानलाई भारतीय नियात्रा लेखनको निर्माणकालको अन्यतम उपलब्धि मान्न सकिन्छ। यसप्रकार भारतीय नियात्रा लेखनको दिशामा आजको सन्दर्भमा देखिएका नियात्राकार एवम् कृतिहरूमा दिलबहादुर नेवारको 'यात्रा सङ्कलन', शान्ति छेत्रीको 'मेरो यूरोप यात्रा र अरब सागरको सूर्यास्त', सलोन कार्थकको 'विदेशतिर रिङदै जाँदा', 'पदयात्रा गाउँको फन्को विदेशको' र 'समुद्रवारि समुद्रपारि' (सम्पादित), 'विश्व एउटा पल्लो गाउँ', जयनारायण

लुइँटेलको 'दुबइ हुँदै अमेरिकासम्म', सानु लामाको 'आँगन परतिर', कविता सुब्बाको 'शैक्षिक भ्रमण र संस्मरण', कुमार घिसिङको 'दुनघाँटी र नालापानी', चन्द्रकुमार राईको 'भ्रमण' र 'जीवनयात्रा', के. पी. मल्लको 'यात्रा', एम. पथिक को 'पथिकका पाइलाहरू', एम. बी. प्रधानको 'मनका लहर र रहरहरू' र हस्त नेचाली कृत - समयको बालुवामाथि केही पाइलाछापहरू- पुस्तकभित्र प्रकाशित रचना 'पटनाको सम्झना' आदिले भारतीय नियात्रा लेखन परम्परालाई गति प्रदान गरेका थाहा लाग्छ।

## 10.2.3 दैनन्दिनी / दैनिकी (Diary)

दिन – प्रतिदिनको घटना र कार्यव्यापारसम्बन्धी टिपोटलाई दैनिकी वा दैनन्दिनी भनिन्छ। यो डायरीको नेपाली पर्यायका रूपमा प्रचलित शब्द हुन्। नेपालीमा दैनिक (दैनन्दिन) का लागि रोजनाम्चा शब्द पन प्रयुक्त रहेको पाइन्छ। दैनिकी संस्मरण, यात्रावृतान्त आदि लेख्नका लागि औधी नै उपयोगी हुन्छ भने कसै – कसैले लेखेको दैनिकी महत्तवपूर्ण साहित्यिक विधा बन्न जान्छ। यसैपनि यो विधामा कलम चलाउने थोरै हुन्छन् नै त्यसमाथि यसलाई प्रकाशन गर्ने परम्पराको स्थिति त झन अति नै शोचनीय रहेको थाहा पाइन्छ। साहित्यिक विधाका रूपमा डायरी अर्थात् दैनिकीलाई साहित्यकारको निजी व्यक्तिपरक गहिरो संवेदनापरक अनुभूतिको सबलतम, सर्वाधिक, प्रामाणिक र सशक्त गद्यरूप भन्न सकिन्छ। आफ्नो सीमित अर्थमा दैनिकीको तात्पर्य यो काफी छ नोटबुक या यस्तो पुस्तिका जसमा दिनभरका कार्य, गतिविधि, घटना अथवा विशिष्ट दायित्यको विवरण क्रमशः राखिएको हुन्छ। पुलिसको डायरी, मालको आवत जावतको डायरी, समुद्री जहाज, हवाइ जहाज आदिको यात्रा विवरणको दैनिकी आदि यसै वर्गमा पर्दछन्। दैनिकीमा व्यक्तिले आफ्नो दिनभरको कार्य विवरणलाई, या

कुनै विभाग अथवा कुनै संस्थाविशेषको दैनिकी लेख्नेवाला व्यक्ति उसको कार्य-विवरणको उल्लेख गर्दछ। परन्तु साहित्यिक विधाका रूपमा यसमा प्रतिदिन लेखिने अर्थ त अवश्य संलग्न हुन्छ तर त्यहाँ आत्मकथावर्गको त्यो भावनापूर्ण र संवेदनापूर्ण अभिव्यक्ति हुन्छ, जसका माध्यमले लेखक आफ्नो प्रतिदिन र प्रतिक्षणको सत्य एवम् संवेद्य अनुभवलाई भाषिक रूपमा अभिव्यक्ति गरेर साहित्य रूपमा सम्प्रेषणीय एवम् संरक्षणीय बनाउँछ। यस नवीन विधामा साहित्यको सर्वाधिक वैयक्तिक बोध विद्यमान मानिएको छ। दैनिकीका माध्यमबाट लेखकको स्वतः स्फुरित भाव र विचारलाई अभिव्यक्ति प्राप्त हुन्छ। दैनन्दिन अथवा रोज – रोज नयाँभन्दा नयाँ रूपमा नयाँभन्दा नयाँ अनुभवका रूपमा अभिव्यक्तिका कारण यस विधाका लेखकका साथ निकटता, उसको आत्मीयता र संवेदनाका गुणको स्पष्टीकरण हुन्छ। लेखकका मनमा पर्ने प्रभाव त्यसै दिन दैनिकीमा लिखित रूप प्राप्त गर्नेका कारण त्यसको शुद्धतम र पवित्रतम अभिव्यञ्जना रूप हुन्छ। यदि परवर्ती अनुभवका आधारमा उसको पूर्वअनुभवसम्बन्धी धारणाहरू र प्रतिक्रियाहरूका आमूल परिवर्तनको स्थिति पनि आएको भए त दैनिकी उसको व्यक्तित्व विकासको सर्वाधिक प्रामाणिक अभिलेख मान्न सकिन्छ। यो लेखकको आत्मप्रकाशनको सर्वाधिक प्रामाणिक रूप हुन्छ। प्रामाणिक यस अर्थमा कि प्रायः दैनिकीहरू आफ्नो निजी भाव र विचारलाई लिपिबद्ध गर्ने उद्देश्यबाट नै रचिएको हुन्छ, पुस्तक – प्रकाशन गर्ने उद्देश्यले होइन। विशुद्ध डायरी शायद कहिल्यै पनि यस उद्देश्यवाट लेखिंदैन, भविष्यमा त्यसलाई पुस्तकका रूपमा प्रकाशित गरियोस तर यहाँ त त्यसको प्रामाणिकता, भावुकता, शैलीको उत्कृष्टता र सम्प्रेषणीयताका गुणका कारणले केही दैनिकीहरू पुस्तकाकार रूपमा प्रकाशित हुन्छन् र साहित्यमा तिनको महत्तवपूर्ण स्थान प्राप्त हुन्छ। डायरी लेखकको अत्याधिक निकट

हुन्छ। यसका लागि यस्तो पनि सम्भव छ कि उसले कलात्मक तटस्थताको अभाव हुन्छ। सामान्य रूपमा राखिने दैनिकी अनिवार्य रूपमा साहित्यिक हुँदैन पनि। यस्ता दैनिकीहरूमा साहित्यिक दृष्टिले भावात्मकता, संवेदना, सम्प्रेषणीयता र सङ्गतिको अभाव हुन सक्छ। तर, यदि त्यसमा निकटता र आत्मीयताका साथसाथ शिल्पगत कलात्मकताको तत्तव विद्यमान भए त निश्चित रूपमा त्यसलाई साहित्यको व्यक्तिपरक विधाअन्तर्गत स्वीकार गरिनु आवश्यक ठहर्दछ। दैनिकीलाई आत्मकथाको नै एक रूप मान्न सकिन्छ। दैनिकीमा सामान्यतः ताजा अनुभवहरू लेखिन्छन्। कहिलेकाहीं अतीतको घटनालाई पनि समकालीन सन्दर्भमा पूनर्मूल्याङ्कन सम्भव हुन्छ। आत्मकथामा लेखक अधिक सन्तुलित दृष्टिले आफ्नो सम्पूर्ण जीवनमा दृष्टिपात गरेर एक विशेष विकास-दर्शन र विकास-दिशाअनुरूप कथाको विकास गराउँछ। यसको परिणामस्वरूप आत्मकथा बढी व्यवस्थित बढी सन्तुलित र बढी प्रभावपूर्ण विधा हुन सक्छ। तर अनुभूतिको निकटता, प्रामाणिक र दैनन्दिनका तथ्यपरकताका दृष्टिले निश्चित रूपमा दैनिकी अधिक सार्थख रचना मानिन्छ। नेपालीमा दैनिकी शैलीको प्रचलन प्रशस्त नयाँ हो। केही उच्च राष्ट्रिय र सामाजिक स्तरका व्यक्तिहरूले दैनिकी नै प्रकाश्य र प्रसारणीय स्तर प्राप्त गर्न सकेका थाहा पाइन्छ। साहित्यकारहरूको सङ्ख्या त यस दृष्टिले अझ सोचनीय नै रहेको देखिन्छ। अधिकांशतः राजनीतिक क्षेत्रमा दैनिकी विधाको राम्रो प्रयोग गरिएको जान्न पाइन्छ। 'बत्तीस सालको रोजनाम्चा' (सं.1932), काशीनाथ आ. दी. को 'दैनन्दिनी वृतान्त', इन्दुकान्त शर्माको 'हस्पिटलको शैय्याबाट', भिक्षु अमृतानन्दको 'जापान भ्रमणको डायरी', मदनमणि दिक्षितको 'बर्लिन डायरीको पाना', आदि यस दिशामा देखापर्ने अन्यतम कृतिहरू हुन भन्न सकिन्छ। समग्रमा भन्ने हो भने आज पनि दैनिकी

लेखक भए पनि सम्बन्धित कृतिहरूको प्रकाशनको दिशामा भने अति नै दुःखमय स्थिति रहेको बुझिन्छ।

## 10.2.4 संस्मरण

कुनै घटना, कुनै स्थान, कुनै व्यक्ति, कुनै महत्त्वपूर्ण अनुभव तथा कुनै यात्रा आदिबारे आत्मपरक शैलीमा लेखिने सीमित वा संक्षिप्त आकार-प्रकारको रचनालाई संस्मरण भनिन्छ। संस्मरणको प्रकृति कथात्मक हुन्छ र यो कथाझैं रोचक हुन्छ। संस्मरण भावात्मक हुनाका साथै विवरणात्मक, सूचनात्मक र विचारात्मक पनि हुन्छ, तर यो कल्पनात्मक नभएर यथार्थपरक हुन्छ। संस्मरणको अर्थ नै भएको वा भइसकेका कुराको सम्झना हो। संस्मरण आधुनिक गद्य विधा हो। यसलाई व्यापक रूपमा आत्मचरित्रकै वृहत्तर वर्गमा स्वीकार गर्न सकिन्छ। तर यी दुवैमा केही मौलिक अन्तर पनि देखिन्छ। आत्मचरित्रको लेखकको उद्देश्य आफ्नो जीवन - कथा भन्ने हुन्छ। यस जीवन – कथाका कालमा यो बाह्य इतिहास वा समाजलाई तथा त्यसको घटनालाई त्यहीसम्म ग्रहण गर्दछ जसले उसको जीवन – दशालाई दिशा दिन सक्छ, प्रभावित गर्न सक्छ वा जसलाई प्रभावित गर्न यो समर्थ हुन्छ। संस्मरणको दृष्टिकोण यसभन्दा फरक हुन्छ। संस्मरणको लेखक एक दर्शख हो, एक साक्षी हो, एक प्रत्यक्षदर्शी हो। उसले केवल आफ्ना बारेमा कुरा गर्दैन। ऊ कुनै अन्य व्यक्ति, उससँग सम्बन्धित कुनै रोचक, आकर्षक र प्रेरक घटनालाई पनि पूर्ण आत्मीयताका साथ याद गर्न सक्छ। जहाँ आत्मचरितका लेखकको आफ्नो जीवन र त्यसको पनि वस्तुपरक इतिहास वृत्तप्रधान हुन्छ, यहाँ संस्मरणमा त्यो व्यक्ति (लेखक) आफ्नो भावना र संवेदनकाको सूक्ष्म र ज्यादै गहिरोस्तरमा विलक्षणसँग सम्बन्धित आफ्नो अनुभव तथा

Notes

अनुभूतिलाई पनि अभिव्यक्ति दिन सक्छ। संस्मरण रेखाचित्रको पनि निकटतर विधा हो। रेखाचित्रमा यो अनिवार्य छैन कि लेखकद्वारा स्वानुभूत तथ्य या विषयको चित्रण  होस। यसले कल्पनाका आधारमा कुनै पनि तथ्य, घटना, व्यक्ति, अथवा वस्तुको साङ्केतिक, शब्द चित्रात्मक खाका बनाउन सक्छ। संस्मरणमा स्वाअनुभूतिको तत्त्व ज्यादै मुख्य हुन्छ। व्यक्तित्वको प्रधानता यस तत्तवका कारण संस्मरण निबन्धको संस्मरणमा अभाव र आत्म – तत्वको प्राधान्य हुनाका कारण यसबाट अलग, स्वतन्त्र र स्वतः पूर्ण गद्य विधा मान्नु नै समीचीन हुन सक्छ। यसैगरी संस्मरणको कलाकार भावुक हुन्छ। उसले अतीतको सहारा लिन्छ। आफ्नो अतीतको स्मृतिमा त्यो केही आफ्नो स्मरणीयताका आधारमा चयन गर्दछ। यस्तो स्मृतिलाई आफ्नो निजी अनुभूति, व्यक्तित्वको विशेषता र संवेदनाद्वारा रञ्जित  गराउँछ। फेरी यसलाई उसले व्यञ्जनामूलक सङ्केत – शैलीमा रोचक विधिले व्यक्ति गराउँछ। संस्मरण-लेखक स्वयम् प्रायः महत्तवपूर्ण तथा प्रसिद्ध व्यक्ति हुन्छ। संस्मरणमा निकटतर गद्य – विधाहरूबाट प्रशस्त स्थितिमा साम्य हुनाका कारण केही विद्वान यसलाई अलग, स्वतन्त्र विधा मान्नका लागि तयार देखिन्दैन। यसलाई उनीहरूले संस्मरणात्मक निबन्ध, संस्मरणात्मक रेखाचित्र, संस्मरणात्मक आत्मकथा, संस्मरणात्मक जीवनी आदि भन्न ज्यादै उपयुक्त सम्झिन्छन्। तर नामकरणको यो प्रयास मात्र हो, सम्भवतः संस्मरणको महत्व, उपयोगिता, उपादेयता र निजी विशेषतालाई रेखाङ्कित गर्नका लागि पर्याप्त छ। यो मान्नमा कुनै सङ्कोच छैन, शैली रूपमा संस्मरणात्मक पद्धतिलाई निबन्ध, जीवनी, आत्मकथा, रेखाचित्र र कहानी आदिमा प्रशस्त सफलताका साथ प्रयुक्त गरिएको छ र यस्तो शैली ती विधाहरूको प्रभविष्णुताका दृष्टिले ज्यादै महतत्वपूर्ण सिद्ध भएको छ। पश्चिममा साहित्यकारका अतिरिक्त

सुप्रसिद्ध सैनिक, राजनेता, प्रसिद्ध उद्योगपति र जीवनका विविध क्षेत्रमा सफलता जीवनका विविध क्षेत्रमा सफलता, प्रसिद्ध र विशिष्टता प्राप्त गेराक अनेक मानिसले आफ्नो संस्मरण लेखेको पाइन्छ। जसको आत्मीयता, भावात्मकता र संवेदनाका कारण त्यसको साहित्यमा ठूलो महत्तव छ। नेपालीमा यो विधा निश्चित रूपमा पश्चिमको देन मान्न सकिन्छ। संस्मरणलाई दुई दृष्टिले विभाजन गर्न सकिन्छ। जब व्यक्ति आफ्नो स्मृतिद्वारा चुनिएको जीवन-प्रसङ्गमा स्वयम् आफ्नो बारेमा कुरा गर्छ भने त्यसलाई 'रेमिनिसेन्सिज' भनिन्छ। यो वर्ग निश्चित रूपमा आत्मकथाको निकटतर हुन्छ। यसका विपरीत आफ्ना संस्मरणमा जब ऊ कुनै अन्य व्यक्तिलाई आफ्नो भाववूर्ण अभिव्यक्तिको आधार बनाउँछ भने त त्यसलाई 'मेम्वायर्स' भन्न सकिन्छ। यो वर्ग जीवनीकै धेरै निकट हुन्छ।

यसरीनै जब आफ्नो जीवनमा आउनेवाला कुनै व्यक्ति, घटना या स्थितिसम्बन्धी कुनै आत्मगत अनुभूति स्थिर अथवा गतिहीन अनुभवका रूपमा व्यक्त गरिन्छ त्यसलाई संस्मरण भनिन्छ, र यही स्मृति जब आफ्नो यात्राको अनुभव र अनुभूतिपूर्ण वृतान्त या वर्णनका रूपमा लेखिएको भए त्यसलाई यात्रा-विवरण, यात्रा वृत्तान्त अथवा यात्रा-साहित्य भन्न सकिन्छ। सौन्दर्यबोधका दृष्टिले उल्लासको भावना र प्रकृतिको सौन्दर्य तथा वैविध्यले प्ररित भएर यायावर आफ्नो साहित्यक मनोवृत्तिका आधारमा जुन व्यक्तिपरक मुक्त अभिव्यक्ति गराउँछ, त्सलसाई यात्रा-साहित्य भन्न सकिन्छ। एक व्यक्तिद्वारा जीवनको एक खण्डलाई, संस्मरणद्वारा भावात्मक विधिले अभिव्यक्ति गराउनका कारण यात्रा-साहित्यलाई निश्चित रूपमा संस्मरणको नै एक रूपमा स्वीकार गर्न सकिन्छ। यात्रासाहित्यमा सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक र भौगोलिक सूचानाको प्राधान्य हुन सक्छ र त्यसका यी अंशहरू जो आन्तरिक प्रेरणा, भावना,

भावुकाता र संवदेनाले युक्त हुन्छ, त्यही संस्मरमात्मक साहित्य अथवा साहित्यिक यात्रा विवरणका रूपमा स्वीकृत हुन्छ। यसरी नै संस्मरणमा चरित्र-नायकको शील-गुण, उसका कार्यव्यापारका प्रति लेखकको आफ्नो रागात्मक प्रतिक्रियाहरू अवश्य सन्निहित हुन्छन्। किन्तु, यही लेखकका तर्फबटा सावधानीको आवश्यकता पर्दछ। त्यो कार्य आफ्नो चरित-नायकको जीवनमा प्रकाश पार्दछ, आफ्नो भावको व्यञ्जना होइन। यसबाट आफ्नो भाव र प्रतिक्रियालाई त्यति नै मात्रामा व्यक्त गराउँछ, जतिले चरित-नायकको व्यक्तित्वको उद्घाटन मार्मिक ढङ्गबाट हुन सकोस भन्ने अभिप्राय हुन्छ।

## 10.2.5 आत्मकथा

आत्माकथालाई अङ्ग्रेजी भाषामा 'अटोबायोग्राफी' भनेर बुझिन्छ। आत्माकथामा लेखकको निजी जीवनका घटनाहरूको विवरण र मूल्यङ्कन रहेको पाइन्छ। आत्मकथाद्वारा लेखक आफ्नो व्यतीत जीवनको सिंहावलोकन र सामूहिक पृष्ठभूमिमा उसको मूल्याङ्कन गर्दछ। यसलाई आत्मचरित पनि भन्ने गरिन्छ। आत्मकथानक साहित्य किन लेखिन्छ, यो तर्कसङ्गत प्रश्न हो। सोच्ने हो भने दुई भिन्न दृष्टिकोण परिलक्षिति हुन्छन्। एक प्रकारको आत्मकथात्मक साहित्यको उद्देश्य हुन्छ – आत्मनिर्णय, आत्मपरीक्षण या आत्मसमर्पण। अतीतको स्मृतिलाई पुनर्जीवित गराउने मोह वा जटिल विश्वको उल्झनमा आफूले आफैलाई अन्वेषित गराउने सात्विक प्रयास। यस प्रकारका आत्मकथात्मक साहित्यका पाठकहरूमा सर्वप्रमुख स्वयम् लेखक हुन्छ, जो आत्माङ्कनद्वारा आत्मपरिष्कार एवम् आत्मोननति गराउन चाहन्छ। आत्मसम्बन्धी साहित्य लेख्नुको दोस्रो उद्देश्य पनि लेखकको अनुभवको लाभ अन्य पाठकले उटाउन सकोस्। महान

ऐतिहासिक आन्दोलन र घटनाहरूका सम्पर्कमा रहनाले आत्मकथा लेखकलाई यो आशा हुनु स्वाभाविक छ कि आगामी युगमा उसको रचना उसको युग अथवा समयको प्रमाणका रूपमा पढियोस्। आत्माकथाकार आफ्नो जीवन र व्यक्तित्वको एवम् उद्घाटन स्वयम् आलोचना गर्न चाहन्छ। जीवनी – लेखनका समान आत्मकथाकार पनि आफ्नो विगत जीवनलाई सम्पूर्णतामा चित्रित गराउने प्रयास गर्दछ। जीवनीमा लेखक आफ्नो प्रतिक्रियाको वर्णन समीमा नै गर्न सक्दछ। चरित-नायकमा कलागत व्यवधान पनि हुनसक्छ र भवगत पनि। उसले आफ्नो अन्तरङ्गभन्दा अन्तरङ्ग भित्रको भावजगतको पनि प्रामाणिक द्रष्टा पूर्णतः मान्न सकिंदैन। त्यसले यति नै निर्देश गराउन सक्छ जति नायकको चेष्टा, उक्ति र कार्यबाट वयक्त हुन सक्छ। उसको प्रतिक्रया धैरै नै अनुमान-सापेक्ष हुन्छ। आत्मकथाकारको आत्मविवेचन प्रामाणिक र विश्वस्त हुन्छ। यसको वर्णनमा सरसता पनि धैरै रहन्छ। यद्दपि यसमा यो कुरोको त्रास रहन्छ कि आत्मकथाकार आत्म्भीलाषाका लाभले आफ्नो जीवनका ती घटनाहरू या आप्नो चारित्र्यको ती अंशको साक्षात्कार गराउन चाहँदैन, जसले पाठकका मनमा उसका प्रति अरूचि या अन्यथा भाव उत्पन्न होस्। आफ्नो नै चारित्र्य या क्रियाका प्रति तटस्थ अनुशीलनको भाव राख्न सजिलो भने हुँदैन।

## 10.2.6 जीवनी

अङ्ग्रेजी भाषामा 'बायोग्राफी' भनेर बुझिने, कुनै व्यक्तिवेशेषको जीवन-वृत्तान्तलाई जीवनी भनिन्छ। यसलाई जीवन-चरित वा मानव-वृत्ति पनि भन्न सकिन्छ। जीवनी या जीवन-चरित्रमा कुनै मानिसको बहिरङ्ग र अन्तरङ्ग दुवैको बोध र विवरण हुन्छ। यसमा उक्त व्यक्तिका जीवनको बाह्य

घटनाहरू र चरितको आन्तरिक वेशेषताहरूको विवेचन हुन्छ। नामका अनुसार यसमा चरित-नायकको सम्पूर्ण जीवन अथवा उसको अधिकांश मागको चर्चा गरिनु पर्दछ। तर यस्तो कुनै नियम छैन जसको पालन हर जीवन-चरितका लागि आवश्यक होस्। यसमा कुनै व्यक्तित्वको जीवनको ती महत्तवपूर्ण अंशको विवरण हुन्छ जुन सामाजिक दृष्टिले उपादेय र सङ्ग्रणीय छ। यसमा समसामयिक सामाजिक र सांस्कृतिक जीवनको परिचय पनि दिइएको हुन्छ जसबाट नायकको चरित्र-विकास र कार्यव्यापारको यथेष्ट व्याख्या र मूल्याङ्कन हुन सकोस्। अतः जीवनीमा इतिहास, रेखाचित्र र कथाकाव्यको मेल भएको बुझिन्छ।

## 10.2.7 अन्तर्वार्ता

अन्तर्वार्तालाई अङ्ग्रेजी भाषामा 'इन्टरभिउ' भनिन्छ। साहित्य, कला, राजनीति, धर्म, समाजसेवा आदि विविध क्षेत्रका विशिष्ट प्रतिभा वा व्यक्तित्वसँग साक्षात्कार गरी तिनीहरसित गरिएको अन्तरङ्ग वार्तालाप-लाई अन्तर्वार्ता भनिन्छ। विशेष सञ्चार-माध्यमको विकास र प्रसारका साथसाथै अन्तर्वार्ताको यो तथ्यतम गद्य विधा आधिकाधिक महत्त्वपूर्ण हँदै गएको देखिन्छ। पत्र-पत्रिकाको विकासका साथसाथै जीवनका विविध क्षेत्रसँग सम्बद्ध महत्तवपूर्ण एवम् विचारवान व्यक्तिका विवध घटनाहरू, स्थितिहरू, व्यवस्थाहरू एवम् व्यक्तित्वसम्बन्धी विचार र प्रतिक्रिया जान्नका लागि पत्रकारहरू उनीसित भेट गरी उनको प्रतिक्रिया जन्न चाहन्छन्। उनीहरूबाट प्राप्त सूचनालाई तथ्यात्मक रूपमा वा सम्पादित रूपमा साहित्यिक भाषा तथा शैलीमा पत्र-पत्रिकाहरूमा प्रकाशित गर्दछन्। आफ्नो तथ्यपरकता र रोचकताका कारण यो विधा ज्यादै लोकप्रिय हुँदै गइरहेको पाइन्छ। रेडियो, टेलिभिजन तथा एफ. एम्. मा प्रसारका सुविधाका कारण श्रव्य रूपमा

भेटवार्ताको अधिक विस्तृत श्रोतावर्ग प्राप्त हुनाले यो विधा अरू बढी विकसित भएको छ। यसमा वैधुतिक तकनीकिका विकासले त झन् क्रान्ति नै जन्माइ दिएको देखिन्छ। अब भेटवार्ता (साक्षात्कार) को आयोजना गर्नेवाला र भेटवार्ताको आधार व्यक्तिको मूल प्रश्नोत्तरलाई यथातथ्य सञ्चारका साधन (रेडियो, टेलिभिजन, एफ. एम.) बाट प्रसारित गरिन्छ। दूरदर्शनको विकास र प्रसारका कारणले त भेटवार्ता एक अत्याधिक महत्तवपूर्ण विधा बन्दै गइरहेको बुझिनछ। यसमा वार्ताकार र वार्ताको आधार दुवैलाई प्रत्यक्ष देख्न र सुन्न सकिन्छ। उनीहरूको प्रश्नतेत्तरले दर्शक पाठक स्वयं आफ्नो निर्णय पनि प्राप्त गर्न सक्छ र त्यसबाट काव्यात्मक आनन्द पनि प्राप्त गर्न सक्छ। अन्तर्वार्ताका प्रकार मुख्य गरी दुई थरीका पाइन्छ, जसमा – 1) कुनै सामाजिक समस्यामा कुनै व्यक्तिवेशेष, वर्गविशेष या वृहत्तर जनसमुदायको निजी प्रतिक्रिया जान्नका लागि आयोजित साक्षात्कार, जसको प्रभाव र महत्तव केवल सामाजिक हुन्छ। अनि 2 ) क्षेत्रविशेषको विशेषज्ञ अथवा विशेषज्ञ –समूहद्वारा विषयविशेषको समस्या या पक्षविशेषमा लिइएको भेटवार्ता, जसको प्रशस्त स्थायी महत्तव हुन्छ।

साक्षात्कारहरू विषय, शैली र मागका आधारमा विविध प्रकारका हुन सक्छन्। यिनको प्रकाशन, प्रसारण अथवा प्रदर्शनका आधारमा पनि यिनको विविध वर्ग हुन सक्छन्। यिनको आकार-विस्तार र सीमाका आधारमा पनि यिनको विविध रूप हुन सक्छन्। अन्तर्वार्ताका सम्बन्धमा केही नियम, व्यवस्ता र परम्पराको विकास भएको देखिन्छ। पत्रकारितासम्बन्धी औपचारिक प्रशिक्षणमा भेटवार्ता लिने र दिनेको विशेष प्रविधिको विकास भइरहेको पाइन्छ। माग, आवशय्कता, भेट दिनेवालाको व्यक्तित्व, पद र महत्तव तथा वाञ्छित सूचनाका आधारमा प्रश्नावलीको पूर्वनियोजन हुन्छ। केही वार्तामा निश्चित प्रश्न सोध्न सकिन्छ र निश्चित उत्तर लिएर पाठक-

दर्शकका सामुन्ने प्रस्तुत गरिन्छ। अन्य वर्गका आधारमा प्रशनको उत्तरबाट प्राप्त सूत्रका अनुसार क्रमशः विकास भएको छ र अन्ततर्वार्ता अन्तः कुनै निर्णय या परिणति प्राप्तितिर अघि बढ्दछ। कैयौंपटक प्रश्नोत्तर प्राप्त गरेर भेट गर्नेवाला स्वयम् सारा बातचितको विवरण र विवेचन प्रस्तुत गर्ने निर्णय दिने प्रयास गर्दछ। केही भेटवार्तामा समाजको ज्यादै ठूलो वर्गीय समुदाय वा विवध वर्गीय समुदायसँग साक्षात्कार प्राप्त गरेर निश्चित प्रश्नको विवधमुखी उत्तर प्राप्त गरेर साक्षात्कार या पाठक दर्शकमा निर्णय छोड्छन् या स्वयम् सङ्केतित या निर्देशित गर्ने प्रयास गर्दछन्। यसप्रकार अन्तर्वार्ताको स्तऱ या प्रकाशन या प्रसारका ग्रहणकर्ता अर्थात् पाठक, दर्शक या श्रोताका स्तरअनुरूप रचित हुन्छ। साहित्यिक, रोचक र ललित भाषाशैली हुनाले पनि साक्षात्कारको प्रश्नोत्तर सहज, सरल, सठीक तथा संक्षिप्त हुनुपर्दछ। यो क्रमिक उत्तरोत्तर विकासमान हुनुपर्छ, यो तिखो र अन्तर्मनको रहस्यलाई उद्घाटित गराउने खालको हुनुपर्छ। साहित्यिक हुनका लागि यसको साहित्यिक शैली तथा भावपूर्ण हुनु अनिवार्यता छ। केही अन्तवार्ताको मूल्य यति दीर्घकालीन हुन्छ यो पुस्तकाकार रूपमा प्रकाशित भएर यो कालातीत भएको थाहा लाग्छ।

समग्रमा भन्नुपर्दा प्रश्नोत्तर शैलीमा तयार पारिने यो विधा (अन्तर्वार्ता) लाई पूर्णता दिनलाई वार्ताकारले अन्तर्वार्ता लिइने व्यक्ति, स्थान, समय मिति आदिको पनि वर्णन र विवरण समेत प्रस्तुत गरेको हुन्छ। अन्त्वार्ता कसैको व्यक्तित्व, कृतित्व र विचारली झान्न विशेष प्रामाणणिक मानिन्छ र यो नाटकीय शैलीमा लेखिने हुँदा लेखप्रिय पनि छ। पत्रपत्रिकाहरूमा प्रायः कसै न कसैका अन्तर्वार्ता प्राकशित भइ नै रहन्छन्। उत्तम कुँवर नेपालीका सर्वश्रेष्ठ अन्तर्वार्ताकार मानिन्छन् र उनको 'स्रष्टा र साहित्य' (सं. 2023) अन्तर्वार्ताको सर्वोत्तम नमुना ग्रन्थ हो। यसबाहेक आनन्ददेव भट्टको 'हाम्रा

प्रतिभाहरू' (सं. 2019), शङ्कर लामिछानेको 'बिम्बप्रतिबिम्ब' (सं. 2028), क्शोर कुँवरको 'व्यक्तित्व र विचार' (सं. 2014) आदि आदि ग्रन्थहरू यस विधाका अन्यतम उदाहरणका रूपमा रहेका जान्न पाइन्छ।

## 10.2.8 पत्र साहित्य

कुनै एकजना व्यक्तिले अर्को व्यक्तिका लागि प्रेषित गरेको लिखित सन्देसलाई पत्र भनिन्छ। नेपालीमा अखबार-म्यागजिन आदिलाई समाचार-पत्र, पत्रिका, नियतकालीन, शोधपत्र, सिनेपत्रिका आदि भन्ने गरेको पाइन्छ। यसमा पनि एक व्यक्तिद्वारा अर्को व्यक्तिसम्म आफ्नो विचार लिखित रूपमा पुर्याउने भाव स्पष्ट हुन्छ। पत्र पायः सरल र सुबोध शैलीमा लेखिन्छ। सम्बोधन अथवा संववादका शैलीमा बोलचालको भाषामा लेखिनु यसको विशेषता हो। पत्रको यस आत्मीयता र संवाद शैलीका कारण, प्रत्यक्ष उपस्थित नभए पनि दुई व्यक्तिहरू (लेखक र पत्र प्राप्तकर्ता) को सीधा सम्पर्क हुन्छ र बीचमा कुनै तेस्रो व्यक्ति (सन्देशवाहक) को अभाव हुन्छ। यही तत्व, तिनको अनौपचारिकता र वैयक्तिकताको आधार हो। जबसम्म पत्रमा केवल तथ्य सूचना, आदेश, निर्देश अथवा उपदेश निहित रहन्छ त त्यसमा केवल मानवीय व्यावहारिक जीवनको उपक्रम मात्र मानिन्छ। परन्तु यिनै पत्रमा आत्मीयता भावात्मकता, भावुकता, संवेदना र सम्प्रेषणीयताको तत्वको समन्वय र यिनको शैलीमा लालित्य तथा शिल्पगत वैशिष्टय आउनाले यो साहित्य रूपमा पनि विशिष्ट एवम् स्वीकार्य भएको बुझिन्छ। यूरोपमा क्लासिक कालमा पत्र मैत्रीपूर्ण भावनाले सम्पन्न र शैलीका दृष्टिले सच्चा, सरल, संक्षिप्त र सादा भएर पनि भव्य हुन्थे। डेमेट्रियस यसको कथ्य र शैली तत्वका दृष्टिले काव्य गुणको रेखाङ्कन गर्दछन्। मध्ययुगमा पनि पश्चिममा पत्र-लेखनलाई लिएर प्रशस्त मात्रमा

Notes

साहित्य रचिएको पाइन्छ। क्लासिक आभिजात्यका स्थानमा रूढिवादिताका प्राधान्यका कारण यस कालका पत्रमा मैत्री भावना र सुबोध संवाद शैलीका ठाउँमा वक्तृत्व-कला र अलङ्करणका तत्तवको प्राध्यान्य हुँदै गयो। यो स्थिति यस कालमा पश्चिमको लगभग सबै साहित्य विधाहरूमा रह्यो। आधुनिक कालमा पत्रले फेरि सहजता, स्वाभाविकता, सरलता, सुर्बोधता र आत्मीयताको गुणलाई प्राप्त गरेर एकपटक फेरि आफ्नो सम्बन्ध क्लासिक धारणसँग जोड्न पुग्यो। गद्य र पत्र-पत्रिकाहरूको विकासको परिणामस्वरूप वैयक्तिक जीवन र सामाजिक जीवनमा पनि पत्रलेखनका कार्य मात्रात्मक र गुणात्मक दुवै रूपमा ज्यादै विकसित र परिष्कृत भएको पाइन्छ।

पत्रको रचना साहित्यिक विधाका रूपमा हुँदैन, हो, उपन्यास-कहानी जस्तो समाख्यानात्मक विधाहरूमा वस्तु-विस्तार र चरित्र-विकासका दृष्टिले पत्रको प्रयोग हुन्छ। पत्र शैलीमा पनि यस वर्गका रचनाहरू लेखिएका छन्। यसप्रकार यो एक स्वतन्त्र साहित्यिक विधाका रूपमा पनि स्थापित देखिन्छ। तर जब कुनै शिक्षित व्यक्तिद्वारा परस्पर सन्देश, सूचना, विचार या भावहरूको आदान-प्रदान गर्नका लागि पत्रहरूमा यस्तो तथ्य सम्बोधित हुन्छ जसको कालविशेषको संस्कृति, सभ्यता, सौन्दर्यबोध अथवा सामाजिक, राजनीतिक इतिहासका दृष्टिले स्थायी महत्तव देखिन्छ र यसको अभिव्यक्ति पनि कलात्मक भएकाले यसको महत्तव स्थायी भएको हो। यस्ता पत्रको सम्पादन र प्रकाशन त्यस भाषाको साहित्यको निधि बन्न सक्ने देखिन्छ।

कुनै व्यक्ति र उसको जीवन, उसको चिन्तन-धारा, तथा उसको संवेदनाको गहिराईलाई सम्झिनका लागि ऊबाट लेखिएको पत्रले धेरै महत्तवपूर्ण र उपयोगी सूत्रको भूमिका निर्वाह गर्दछ। नेपाली साहित्यमा पत्र लेखन साहित्यले आफ्नो महत्तव शनैः शनैः बनाउँदै लगेको थाहा लाग्छ। विशिष्ट

लेखक, जन-नेता तथा अन्य समाजका विभूतिहरूको पत्रको सङ्कलन, संरक्षण, सम्पादन र प्रकाणको कार्यले प्रगति सिँढ़ी उक्लन्दै गरेको थाहा पाइन्छ। समग्रमा भन्नुपर्दा रोम्या रोलाँ, लियो टाल्स्टाय, मेक्सिक गोर्की, अन्तोन चोखव, रवीन्द्रनाथ ठाकुर, जवाहरलाल नेहरू आदिका पत्र विश्वसाहित्यका अमूल्य सम्पत्ति मानिन्छन्। सुन्दर र सुरूचिपूर्ण शैलीमा लेखिएको पत्र नै साहित्यक दृष्टिले महत्तवपूर्ण हुन्छ। पत्रमा घटना, भावना र विचार प्रस्तुत हुन्छन्। पत्रका माध्यमबाट कुनै पनि किसिमको सूचना, मन्तव्य र सन्देश सम्बन्धित व्यक्तिलाई सोझै पठाउन सकिन्छ। पत्रलेखक पत्रप्रापकका बीच एक सहज र मधुर सम्बन्ध स्थापित हुन सक्छ र लेखकले आफ्नो कथ्य सम्बन्धित पात्रसम्म बढी प्रभावकारी रूपमा सम्प्रेषित पनि गर्न सक्छ। पत्र प्रायः वास्तविक व्यक्तिलाई नै लेखिन्छ, तर यो काल्पनिक पात्रलाई पनि लेख्न सकिन्छ। नेपालीमा पाइने हृदयचन्त्रसिंह प्रधानको 'भूस्वर्ग' (सं 2003), श्यामप्रसाद शर्माको 'बहिनीलाई चिट्ठी' भाग 1 र भाग 2 (क्रमशः सं. 2008 र 2012), डिल्लीराम तिमिल्सिनाको 'बनारसको चिट्ठी' (सं. 2025), जवहरलाल नेहरूद्वारा अङ्ग्रेजीमा लिखित पत्रलाई नेपाली भाषामा इन्द्र सुन्दासद्वारा अनुवादित 'पिताका पत्र छोरीलाई' आदि पत्रसाहित्यका अन्यतम नमुनाका रूपमा देखिन्छन्।

## 10.2.9 रिपोतार्ज

रिपोर्ताज फ्रान्सिसी भाषाको शब्द हो, यसको अर्थ रोचक र भावात्मक विवरण हुन्छ। यसको अङ्ग्रेजी शब्द रिपोर्ट सँग गहिरो सम्बन्ध छ। जसको अर्थ हुनेछ – कुनै विषयको यतातथ्य विवरण। रिपोर्ट सामान्यतः समाचारपत्रका लागि लेखिन्छ र त्यसमा तथ्यपरकता र विवरणको सूक्ष्मता त हुन्छ तर साहित्यिकता र भावात्मकताको अभाव हुन्छ। यदि यो रिपोर्ट

कलात्मक, साहित्यिक र भावपूर्ण पनि भएको खण्डमा यसलाई रिपोतार्ज भन्न सकिन्छ। वस्तुगत तथ्यलाई जब रेखाचित्रका शैलीमा प्रभावोत्पादक ढङ्गले अङ्कित गरिन्छ तब रिपोतार्ज अस्तित्वमा आउँछ। यसमा तथ्यको आग्रह त हुन्छ तर व्यक्तिगत रूचि, प्रकृति, भाव र कल्पनाको परित्याग अनिवार्य हुँदैन। संवेदनाको पुट यसको शर्त हो। तथ्यात्मक सूचनालाई संवेद् दृष्टिले हेरर यस प्रकार प्रभावोत्पादक शैलीमा यसलाई प्रस्तुत गरिन्छ। पाठक तथ्यसँग परिचित हुन्छ। साथै पाठकलाई साहित्यिक रचाको आनन्द पनि प्राप्त हुन्छ। दोस्रो माहयुद्धमा यो साहित्यिक गद्यरूप पाश्चात्य साहित्य र विशेषतः रूसी साहित्यमा बढी मात्रमा विकसित र लोकप्रिय भएको थाहा पाइन्छ। एलिया परनवर्गलाई रिपोर्ताज लेखकका रूपमा बढी ख्याति प्राप्त भएको  पाइन्छ। नेपालीमा यो साहित्य रूप मूलतः पाश्चात्य साहित्यका  प्रभावस्वरूप आएर विकसित भएको देखिनोछ। सफल रिपोर्ताज रचना गर्दै हुँदो रचनाकारले निम्नलिखित आवश्यक कुरोहरुमाछि ध्यान दिन अति नै अनिवार्य देखिन्छ –

क) प्रत्यक्षदर्शन एवम् स्वानुभूति तथ्य नै रिपोतार्जको आधार हो। इतिहासकारका समान घटित घटनाहरू अथवा उपन्यासकारका समान विशुद्ध काल्पनिक कथानकका आधारमा रिपोर्ताज - सृजन सम्भव छैन।

ख) घटनाको प्राधान्य हुन्छ र घटना–चित्रण कथात्मक पद्धतिबाट हुन्छ।

ग) घटना एवम् वृत्तसम्बन्धी ज्ञान लेखकको अनिवार्यता हो। ज्ञानको अभावमा, केवल अनुमान या कल्पनाका आधारमा रिपोतार्ज सम्भव छैन।

घ) तथ्यपरकताका लागि लेखकमा सूक्ष्म दृष्टिको विवेक त आवश्यक छन् नै , तर साहित्यिक विधा हुनका कारण लेखकमा गहिरो भावुकता र संवेदनाको तत्व अनिवार्य हुन पर्छ।

ङ) रचनामा प्रवाह हुनपर्छ जसबटा जिज्ञासा, उत्सुकता र आकर्षण उत्पन्न होस्। यसबाट रसात्मकता र काव्यानन्दको सिद्धि सम्भव  हुन्छ।

च) आकारका दृष्टिले नो यो अत्यधिक ठूलो विधा हो न अत्यन्त सानो, यसैले यो ठिक्कको हुनपर्दछ। उपन्यासकै समान जीवनको सर्वाङ्ग यसमा अपेक्षित छैन, तर एक सूचना, समाचार या टिप्पणीका समान यो लघु पनि हुनुहुँदैन। यो कुनै घटना या स्थितिको भावपूर्ण विवरण हुनका कारण यसको पृष्ठभूमि, समकालीन स्थिति, घटनाको घटक, त्यसको वृत्त, उसका उपाङ्ग र त्यसको परिणतिको दिग्दर्शक त हुन्छ नै। अतः यो यथावश्यक रूपमा कथाकै समान स्वतः पूर्ण, नातिदीर्घ, नातिलघु हुछ। वाक्य-पृष्ठ आदिमा आकार-निर्धारण अवश्य सम्भव छैन।

छ) स्थिति या घटनाका पात्रहरू धेरै सजीव, यथार्थ र सटीक चित्रण अवेक्षित हुन्छ। पूर्ण चरित्र- विकास न अपेक्षित छ न सम्भव तर यथाप्रसङ्ग पूर्ण चित्रण अवश्य अपेशित हुन्छ। यसमा मनोविज्ञानको सिद्धान्त र यथार्थताको मागको भावात्मक एवम् संवेध्य तत्वहरूका साथ समन्वय आवश्यक हुन्छ।

# 10.3 उपसंहार

विशेष आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै नेपाली निबन्ध लेखन परम्परालाई अघि बढाएर लगेका देख्दा यो विधाले निकट भविष्यमा अझ प्रगति गर्न सक्ने अधिक सम्भावना देखन्छ। मूलतः निबन्ध विधाकै समकक्षी भएर उभिएका थुप्रै विधाहरू पनि स्रष्टाहरूले रच्दै आएका पाइन्छ। एवम् जसरी निबन्ध विधाको

स्वरूपगत अध्ययन विद्वानहरूले गरेका छन् त्यसरी नै निबन्धकै उपविधाहरूका परिचित विधाहरूका पनि स्वरूपगत अध्ययन आवश्यक ठहर्दछ। प्रबन्ध, नियात्रा, दैनन्दिनी / दैनिकी, संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, पत्र साहित्य, रिपोतार्ज आदि निबन्ध विधाकै समकक्षी भएर उभिएका थुप्रै उपविधाहरू आज हामीले पाएका छौं। निबन्ध लेखनको परम्परामा स्रष्टाहरूले उपर्युक्त रचनाहरू पनि रच्दै आएका थाहा लाग्छ। अतः विद्वानहरूले जसरी निबन्ध विधाको आफ्नै छुट्टै स्वरूपगत अध्ययन गरेका छन् त्यसरी नै निबन्धकै स्वरूपमा हाराहारी उभिन आउने उपर्युक्त उपविधाहरूका पन विवेचनात्मक अध्ययन समय सापेक्ष रहेको बुझिन्छ। हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो। विशेष आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै नेपाली निबन्ध लेखन परम्परालाई अघि बढाएर ल्याएका देखिन्छ। प्रबन्ध, नियात्रा, दैनन्दिनी / दैनिकी, संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, पत्र साहित्य, रिपोतार्ज आदि निबन्ध विधाकै समकक्षी भएर उभिएका थुप्रै उपविधाहरू आज हामीले पाएका छौं। प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ। यसको मूल अर्थ बलियोसङ्ग बाँध्नु हो र यो निबन्धकै समानार्थी छ। अमरकोशको माहेश्वरी टीकामा प्रबन्धको व्याख्या र वाक्यविस्तारका रूपमा गरिएको पाइन्छ। यात्रावृतान्तलाई नेपालीमा 'नियात्रा' भन्ने गरिएको पाइन्छ। यात्रावृतान्त संस्मरणभित्रै पर्ने कुरो हो र यो आत्मपरक शैलीमा लेखिन्छ तापनि यो स्वतन्त्र रूपमा विकसित हुनाले यसलाई नियात्राका रूपमा पृथक् विधा मान्न सकिन्छ। यात्रामा आधारित गद्यरचनादिलाई नेपाली साहित्यमा यात्राविवरण, यात्रावर्णन, यात्रावृतान्त,

यात्रासंस्मरण, नियात्रा, यात्रानिबन्ध आदिजस्ता विविध नामले सम्बोधन गरिएको पाइन्छ। अन्वेषकहरूको अध्ययन, अनुसन्धानअनुसार 'राजा गगनीराजको यात्रा' (सन् 1803 मा प्रकाशित र वि. सं. 1950 तिर लेखनसमय अनुमानित) पछि सन् 1853 सालतिर प्रकाशनमा आएको 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. 1910 को लेखन तर प्रकाशन भने वि.सं. 2014 सालतिर भएको) आदिजस्ता कृतिको प्रकाशन कालावधिलाई नेपाली यात्रासाहित्यको प्रारम्भिक चरण मान्नुपर्छ। दिन – प्रतिदिनको घटना र कार्यव्यापारसम्बन्धी टिपोटलाई दैनिकी वा दैनन्दिनी भनिन्छ। कुनै घटना, कुनै स्थान, कुनै व्यक्ति, कुनै महत्त्वपूर्ण अनुभव तथा कुनै यात्रा आदिबारे आत्मपरक शैलीमा लेखिने सीमित वा संक्षिप्त आकार-प्रकारको रचनालाई संस्मरण भनिन्छ। आत्माकथालाई अङ्ग्रेजी भाषामा 'अटोबायोग्राफी' भनेर बुझिन्छ। आत्माकथामा लेखकको निजी जीवनका घटनाहरूको विवरण र मूल्यङ्कन रहेको पाइन्छ। अङ्ग्रेजी भाषामा 'बायोग्राफी' भनेर बुझिने, कुनै व्यक्तिवेशेषको जीवन-वृत्तान्तलाई जीवनी भनिन्छ। यसलाई जीवन-चरित वा मानव-वृत्ति पनि भन्न सकिन्छ। अन्तर्वार्तालाई अङ्ग्रेजी भाषामा 'इन्टरभिउ' भनिन्छ। साहित्य, कला, राजनीति, धर्म, समाजसेवा आदि विविध क्षेत्रका विशिष्ट प्रतिभा वा व्यक्तित्वसँग साक्षात्कार गरी तिनीहरसित गरिएको अन्तरङ्ग वार्तालाप-लाई अन्तर्वार्ता भनिन्छ। कुनै एकजना व्यक्तिले अर्को व्यक्तिका लागि प्रेषित गरेको लिखित सन्देसलाई पत्र भनिन्छ। नेपालीमा अखबार-म्यागजिन आदिलाई समाचार-पत्र, पत्रिका, नियतकालीन, शोधपत्र, सिनेपत्रिका आदि भन्ने गरेको पाइन्छ। रिपोर्ताज फ्रान्सिसी भाषाको शब्द हो, यसको अर्थ रोचक र भावात्मक विवरण हुन्छ। यसको अङ्ग्रेजी शब्द रिपोर्ट सँग गहिरो सम्बन्ध छ। जसको अर्थ हुनेछ – कुनै विषयको यतातथ्य विवरण। रिपोर्ट

सामान्यतः समाचारपत्रका लागि लेखिन्छ र त्यसमा तथ्यपरकता र विवरणको सूक्ष्मता त हुन्छ तर साहित्यिकता र भावात्मकताको अभाव हुन्छ। यदि यो रिपोर्ट कलात्मक, साहित्यिक र भावपूर्ण पनि भएको खण्डमा यसलाई रिपोतार्ज भन्न सकिन्छ।

## 10.4 सार

- हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो।

- विशेष आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर

- निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै नेपाली निबन्ध लेखन परम्परालाई अघि बढाएर ल्याएका देखिन्छ।

- प्रबन्ध, नियात्रा, दैनन्दिनी / दैनिकी, संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, पत्र साहित्य, रिपोतार्ज आदि निबन्ध विधाकै समकक्षी भएर उभिएका थुप्रै उपविधाहरू आज हामीले पाएका छौं।

- प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ। यसको मूल अर्थ बलियोसङ्ग बाँध्नु हो र यो निबन्धकै समानार्थी छ। अमरकोशको माहेश्वरी टीकामा प्रबन्धको व्याख्या र वाक्यविस्तारका रूपमा गरिएको पाइन्छ।

- यात्रावृतान्तलाई नेपालीमा 'नियात्रा' भन्ने गरिएको पाइन्छ। यात्रावृतान्त संस्मरणभित्रै पर्ने कुरो हो र यो आत्मपरक शैलीमा लेखिन्छ

तापनि यो स्वतन्त्र रूपमा विकसित हुनाले यसलाई नियात्राका रूपमा पृथक् विधा मान्न सकिन्छ।

● यात्रामा आधारित गद्यरचनादिलाई नेपाली साहित्यमा यात्राविवरण, यात्रावर्णन, यात्रावृतान्त, यात्रासंस्मरण, नियात्रा, यात्रानिबन्ध आदिजस्ता विविध नामले सम्बोधन गरिएको पाइन्छ।

● अन्वेषकहरूको अध्ययन, अनुसन्धानअनुसार 'राजा गगनीराजको यात्रा' (सन् 1803 मा प्रकाशित र वि. सं. 1950 तिर लेखनसमय अनुमानित) पछि सन् 1853 सालतिर प्रकाशनमा आएको 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. 1910 को लेखन तर प्रकाशन भने वि.सं. 2014 सालतिर भएको) आदिजस्ता कृतिको प्रकाशन कालावधिलाई नेपाली यात्रासाहित्यको प्रारम्भिक चरण मान्नुपर्छ।

● दिन – प्रतिदिनको घटना र कार्यव्यापारसम्बन्धी टिपोटलाई दैनिकी वा दैनन्दिनी भनिन्छ।

● कुनै घटना, कुनै स्थान, कुनै व्यक्ति, कुनै महत्त्वपूर्ण अनुभव तथा कुनै यात्रा आदिबारे आत्मपरक शैलीमा लेखिने सीमित वा संक्षिप्त आकार-प्रकारको रचनालाई संस्मरण भनिन्छ।

● आत्माकथालाई अङ्ग्रेजी भाषामा 'अटोबायोग्राफी' भनेर बुझिन्छ। आत्माकथामा लेखकको निजी जीवनका घटनाहरूको विवरण र मूल्यङ्कन रहेको पाइन्छ।

● अङ्ग्रेजी भाषामा 'बायोग्राफी' भनेर बुझिने, कुनै व्यक्तिवेशेषको जीवन-वृत्तान्तलाई जीवनी भनिन्छ। यसलाई जीवन-चरित वा मानव-वृत्ति पनि भन्न सकिन्छ।

● अन्तर्वार्तालाई अङ्ग्रेजी भाषामा ‘इन्टरभिउ’ भनिन्छ। साहित्य, कला, राजनीति, धर्म, समाजसेवा आदि विविध क्षेत्रका विशिष्ट प्रतिभा वा व्यक्तित्वसँग साक्षात्कार गरी तिनीहरसित गरिएको अन्तरङ्ग वार्तालाप-लाई अन्तर्वार्ता भनिन्छ।

● कुनै एकजना व्यक्तिले अर्को व्यक्तिका लागि प्रेषित गरेको लिखित सन्देसलाई पत्र भनिन्छ। नेपालीमा अखबार-म्यागजिन आदिलाई समाचार-पत्र, पत्रिका, नियतकालीन, शोधपत्र, सिनेपत्रिका आदि भन्ने गरेको पाइन्छ।

● रिपोर्ताज फ्रान्सिसी भाषाको शब्द हो, यसको अर्थ रोचक र भावात्मक विवरण हुन्छ। यसको अङ्ग्रेजी शब्द रिपोर्ट सँग गहिरो सम्बन्ध छ। जसको अर्थ हुनेछ – कुनै विषयको यतातथ्य विवरण।

● रिपोर्ट सामान्यतः समाचारपत्रका लागि लेखिन्छ र त्यसमा तथ्यपरकता र विवरणको सूक्ष्मता त हुन्छ तर साहित्यिकता र भावात्मकताको अभाव हुन्छ। यदि यो रिपोर्ट कलात्मक, साहित्यिक र भावपूर्ण पनि भएको खण्डमा यसलाई रिपोतार्ज भन्न सकिन्छ।

# 10.5 अनुशीलनी

(1) प्रबन्धको व्युत्पति मूलक अर्थ लेखेर प्रबन्धको स्वरूप र प्रकारहरूबारे चर्चा गर्नुहोस्।

(2) दैनन्दिनी / दैनिकी भन्नाले साहित्यमा कस्तो विधा बुझिन्छ ? यसको स्वरूपगत विशेषताबारे उदाहरण सहित विवेचना गर्नुहोस्।

(3) नेपाली साहित्यमा संस्मरण लेखनको परम्परा र यसको स्वरूपगत चर्चा गर्नुहोस्।

(4) आत्माकथा लेखनको स्वरूपबारे खुलस्त पारेर चर्चा गर्नुहोस्।

(5) रिपोर्ताज लेखनको स्वरूपगत विशेषतामाथि उदाहरणसहित प्रकाश पार्नुहोस्।

(6) पत्र साहित्य - को स्वरूपगत विशेषतामाथि उदाहरणसहित प्रकाश पार्नुहोस्।

(7) अन्तर्वार्ता भनेको के हो ? यसको प्रकारहरू चिनाउँदै अन्तर्वार्ताको स्वरूपगत विशेषताबारे उदाहरण सहित विवेचना गर्नुहोस्।

# 10.6 अतिरिक्त अध्ययन

1 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

2 - प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

3 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

4 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

5 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

6 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

7 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

8 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

9 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

10 – रत्नध्वज जोशी **आधुनिक नेपाली साहित्यको झलक**

## 10.7 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

५. 'प्रबन्ध' बारे परिचय।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.1 खण्डमा उत्तर खोज्न सक्नेछन् )**

६. 'नियात्रा' को स्वरूप।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. दैनन्दिनी / दैनिकी लेखनबारे परिचय।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. संस्मरणको स्वरूपगत परिचय।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. आत्मकथा लेखनबारे चर्चा।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. जीवनी लेखनको परिचय।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.6 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

7. अन्तर्वार्ता लेखनको स्वरूपबारे परिचर्चा।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 7 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.7 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

8. पत्र साहित्यको स्वरूपगत विशेषता।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 8 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.8 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

9. रिपोर्ताज लेखनबारे परिचर्चा।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 9 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3.9 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 11, भारतीय नेपाली निबन्ध विकास परम्परा र केही प्रमुख भारतीय नेपाली निबन्धकारहरूको अध्ययन।

11.0 उद्देश्य

11.1 परिचय

11.2 भारतीय नेपाली निबन्ध विकास परम्परा

11.3 उपसंहार

11.4 सार

11.5 अनुशीलनी

11.6 अतिरिक्त अध्ययन

11.7 मुल्यबृद्धिका निम्ति उत्तर

## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नेपाली गद्य लेखनको आदि स्रोत।
- भारतीय नेपाली निबन्धको लेखन परम्पराको परिचय।
- भारतीय नेपाली गद्य लेखनमा पारसमणि प्रधानको योगदान।

- भारतीय नेपाली निबन्ध साहित्य विधामा कलम चलाउने प्रमुख निबन्धकारहरू।

## 11.1 परिचय

भाषा मात्र एउटा यस्तो साझा स्रोत हो जहाँ विश्व समाजका कुनै पनि जातिको साहित्य, संसकृति, र त्यसको इतिहासको लेखाजोखा आदि स्रोत बाँचेको हुन्छ। नेपाली साहित्यकै सन्दर्भमा पनि कुरा गर्नुपर्दा नेपाली गद्यको एक प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहास नै खोतल्नुपर्ने हुन्छ। अहिलेसम्मको खोज अनुसार लेख्य सामग्रीको अध्ययन गर्दा नेपाली भाषा प्रारम्भमा गद्यरूपमै व्यक्त भएको देखिन्छ। यस कुराको उदाहरणका निमित्त प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ। शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं। शिलापत्र, ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले के स्पष्ट पार्दछ भने मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति रहन्छ- त्यो वाणी जुनसुकै विषयसँग पनि सम्बद्ध किन नहोस्। प्रारम्भमा यो प्रवृति सीमित क्षेत्रभित्र खुम्चिएको हुन्छ तर कालऋममा पछि त्यो क्रमशः विस्तारित हुँदै गएर साहित्यका क्षेत्रमा त्यसले प्रवेश पाउँछ। तसर्थ साहित्यिक निबन्धलाई अभिलेखको प्राचीन परम्परासँग सम्बद्ध गर्नु समीचिन हुन जान्छ। विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली गद्यले साहित्यिक रूप पाउनुभन्दा पहिले कुन-कुन स्थितिलाई पार गर्दै इतिहासको निर्माण गऱ्यो त्यसको जानकारी प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूको विश्लेषण गर्दा प्राप्त हुन्छ। नेपाल एकीकरण अभियानबाट नेपाली मात्रमा

जुन प्रकारको सांसकृतिक र राजनैतिक जागरण आयो त्यसको प्रतिबिम्ब समयसापेक्ष नेपाली निबन्धमा गद्यमा संस्कृतिकै प्रभाव प्रत्यक्ष रूपले पर्न थाल्यो। प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भए भने आख्यानेतर फाँटतर्फ अर्कातिर योग तथा अध्यात्म विषयका धार्मिक पुस्तकहरू अनूदित भएर गयो। प्रारम्भका लक्ष्मी-धर्म संवाद, तुलसीस्तव, गोरक्ष योगशास्त्र, राजधर्म, वाणोपनिषद्, आत्मबोध, योगवाशिष्ट सार, वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ। संस्कृतबाट सोझै गृहीत यी गद्यहरू तत्कालीन बौद्धिक परिवेशका अनुकूल थिए। त्यस बेला संस्कृत बाङ्मयको प्रभाव कति धेरै थियो। भने राजनैतिक शिक्षाको मूल स्रोतका रूपमा पनि संस्कृतलाई नै लिएको थियो। यसरी हेर्दा प्रारम्भका नेपाली गद्यमा तत्कालीन बौद्धिक वातावरण प्रतिबिम्बित भएको पाइन्छ।

सन्दर्मा भारतीय नेपाली निबन्ध साहित्यको इतिहास सन् 1947 को भारत-स्वतन्त्र र सन् 1950 को नेपालमा राणा शासनको उन्मूलनले नयाँ चेतना र विचारको फैलाई ठूलो अवदान गरेको कुरालाई लत्याउन सकिन्न। अझ सम्पूर्ण अखिल भारतीय गोर्खालीगको स्थापनाले ल्याएको जनचेतनाको प्रतिनिधित्व गर्न सन् 1945 मै 'गोर्खा'को प्रकाशन शुरु भइसकेको थियो। त्यसरी 'गोर्खा' प्रकाशनपछि सामाजिक सुधार र राजनैतिक विषयका लेखहरू भटाभट निस्कन थाले। अझ सन् 1948 मा 'युगवाणी' सन् 1949 मा 'भारती', 'हिमाद्रि' (आसाम), 'हाम्रो कथा', 'साथी', 'प्रभात', 'स्वतन्त्र नेपाली' (देहरादून), 'अग्रदूत', 'जागृत गोर्खा' (देहरादून), 'दीयो, जनदूत', 'गोरेटो', 'साहित्य-संगम', 'दियालो', 'हाम्रो संसार', 'आमा', 'सुमन', 'मालिंगो', 'हाम्रो संकेत', 'हिमालोक', 'खोजी', 'अस्तित्व', 'मादल', 'पूर्णिमा', 'सयपत्री', 'पश्चिम बंगाल', 'अकादमी

पत्रिका' आदि पत्रिकाहरूको प्रकाशनले ट्यासिएको नेपाली साहित्यले विकसित भएर फुल्न र फल्न सकेका देख्छौं। नेपाली कथा र कविता विधालाई उन्नत र हराभरा बनाउनमा नेपाली प्रतिभाहरूले जे-जति सहयोगदान गरे निबन्ध साहित्यले त्यो योगदान पाउन सकेन। उता नेपालमा निबन्ध धरतीलाई उकेरा लगाउन बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, शंकर लामिछाने, ताना शर्मा, बालकृष्ण पोखरेल आदि सशक्त महान विभूतिहरू अग्रसर भए थोरै समयमा उर्वरीत पारे भने निबन्ध क्षेत्रमा अगुवा नै भएर पनि भारतीय निबन्ध साहित्य भने जस्तो मौलाउन सकेन।

## 11.2 भारतीय नेपाली निबन्ध विकास परम्परा

सन् 1947 पछिका सशक्त निबन्धकारको रूपमा हाम्रा प्रतिभाहरू हुन् – इन्द्रबहादुर राई, नगेन्द्र शर्मा, तारानाथ शर्मा, मनबहादुर प्रधान, नारायण तामाङ, गणेशलाल सुब्बा, जगत छेत्री, कुमार प्रधान, राजनारायण प्रधान, नन्द हाङखिम गाब्रियल राणा, डिल्लीराम तिमसिना, शान्तिराज शर्मा, गुमानसिंह चामलिङ, सूर्यकला थापा, कमला सांस्कृत्याय, फटिकधर ब्राह्मण, टीका प्रसाद राई, बाबुलाल प्रधान, प्रेम प्रधान, रामलाल अधिकारी, तिलक राई, सानुभाइ शर्मा, दिलप्रसाद राणा, आइ.के. सिंह, गोकुल सिन्हा, हस्त नेचाली, दिनेश कुमार खालिङ, धर्मराज बमजन, कुमार घिसिङ, के. राज सिंह, ग्याल्पो लामा, जस योन्जन प्यासी, रूपराम देवान, बी. योन्जन, विष्णुराम राई, अगमसिंह गिरी, आर मोक्तान, एस. एन. छेत्री, शरद छेत्री, एन. बी. भण्डारी, दिलबहादुर नेवार, कृष्णप्रसाद

ज्ञवाली, रामचन्द्र जोशी, गुरुप्रसाद उपाध्याय, हरिश बमजन, मोदनाथ प्रश्रित, शान्ति देवी राई, श्याम 'लिवाङ', मनबहादुर मुखिया, प्रेम थापा, टी. मनेन, सी.डी. राई, प्रभावती रोका, हरिप्रसाद 'गोर्खा' राई, खिदमत सुब्बा, प्रभाकर गुरुङ, समीरण छेत्री, दुर्गा प्रसाद श्रेष्ठ, भरत यादव, अमृता देवी छेत्री, नीलम प्रधान, मनबहादुर गुरुङ, आर्नोल्डा रोगोंग, ईश्वर बल्लभ, टीकाराम शर्मा, दलसिंह 'अकेला', नरा गुरुङ, रत्न बान्त्वा, असीत राई, बद्रीनारायण प्रधान, डी.के. श्रेष्ठ, जीवन नाम्दुङ, हर्कबहादुर कुमाई, रामचन्द्र गिरी, उपरोक्त निबन्धकारहरूमध्ये आफ्ना निबन्धहरूलाई सङ्गृहीत गरेर पुस्तकाकारमा प्रकाशित गर्ने निबन्धकारहरू हुन् – नगेन्द्र शर्मा, रामलाल अधिकारी, ईश्वर बल्लभ, शान्तिराज शर्मा, दिलबहादुर नेवार, कृष्ण प्रसाद ज्ञवाली, कमला सांस्कृत्यान, डिल्लीराम तिमसिना, जगत छेत्री, डा. बी. पी. राई, टीकाप्रसाद राई, राजनारायण प्रधान, आर. पी. लामा, केदार गुरुङ, बी. एम. प्रधान।

भारत स्वाधीनतापछि निबन्ध-साहित्यमा देखापरेको भेलमा परेका निबन्धका यी रचनाकारहरूमध्ये पनि थोरै मात्र निबन्धमा सम्पूर्ण रूपले समर्पित हुने निबन्धकारहरू छन्, नत्र 2 / 4 निबन्ध लेखेर थकाई मार्ने, निबन्धको रूपमा साहित्यिक आलोचना र निरूपण गर्ने मात्र अधिक देखिन्छन्। यसप्रकार यी निबन्धकारहरूलाई निबन्धको कसीमा जाँच्दा निःखुर निस्केका थोरै र उल्लेखयोग्य निबन्धकार हुन् – इन्द्रबहादुर राई, नन्द हाङखिम, सूर्यका थापा, प्रेम प्रधान, तिलक राई, आर. मोक्तान, दिलप्रसाद राणा, हस्त नेचाली आदि। प्रसिद्ध निबन्धकार तारानाथ शर्मा, बालकृष्ण पोखरेलले पनि भारतवर्षमा प्रशस्त निबन्ध लेखेका थाहा पाइन्छ। यहाँ पुस्तकाकारमा प्रकाशित गर्न पाउने सौभाग्यशाली

निबन्धकार र निफन-नाफनमा खरो उत्रेका निबन्धकारहरूको संक्षिप्त परिचय यहाँ दिइन्छ।

### 11.2.1 निबन्धकार पारसमणि प्रधान

पारसमणि प्रधान भारतीय नेपाली जाति र समाजको निम्ति एक त्यस्तो व्यक्तित्व मान्न सकिन्छ, जसबाट नेपाली भाषा, साहित्य र शिक्षाको पर्यावलोकन गर्न सकिन्छ। भारतीय नेपाली जाति र समाजनिहित अभाव र आवश्यकतालाई ध्यानमा राखेर जाति र भाषा – साहित्यकै हितार्थ पाठ्यपुस्तक, शब्दकोश, व्याकरणको पुस्तक, स्तरीय साहित्यिक पत्रिका लेखन र प्रकाशन गरे। पारसमणि प्रधानका निबन्धगत विशेषताहरूलाई यसप्रकार अवलोकन गर्न सकिन्छ – 1. पारसमणि प्रधानका निबन्धहरू वर्णनात्मक, विवरणात्मक र विचारात्मक तत्तवहरू पाइन्छन्। 2. पारसमणिका निबन्धहरूमा बढी मात्रामा संस्मरणात्मक प्रवृत्तिहरू समाहित भएको देखिन्छ। 3. भाषा र साहित्य सम्बन्धीकै अनुभवहरूका व्याख्या र विश्लेषण उनका निबन्धहरूमा पाइने विषय विशेष हुन्। 4. कतिपय भाषा र साहित्यप्रतिको घटनाहरूका रोचक संस्मरण सरल र सहज शैलीमा प्रस्तुत गर्नु उनको अर्को विशेषता पनि हो। 5. विभिन्न जीवनगत अनुभव गरेका घटनाहरूका मनमोहक वर्णन गर्नु र साथै रूढीग्रस्त समाजप्रति जागृत पाठ सिकाउनु पनि उनको विशेषता हो। 6. उनका निबन्धहरू शिक्षात्मक, उपदेशात्मक, सूचनात्मक एवम् ज्ञानप्रद हुँदछ। 7. उनका विचारमा मूलतः साहित्य नै सामाजिक सुधारको एक हतियार वा माध्यम हो। नेपाली हाम्रो मातृभाषामा यही रूप पाइन्छ। 8. उनका निबन्धगत विशेषताहरूमा व्याकरणिक शुद्धता, शैलीगत एकरूपता पाइन्छ। 9. उनका निबन्धहरू

प्रमुखः ऐतिहासिक, भाषिक र साहित्यिक विषयहरूमा प्रवृत्त भएका हुन्छन् आदि।

## 11.2.2 निबन्धकार राजनारायण प्रधान

सन् 1956 / 57 मा साहित्यिक जगतमा प्रवेश गर्ने प्रतिष्ठित साहित्यिक राजनारायण प्रधानको 'फिचर' लेखन कलाले सबैको ध्यान आकर्षित गरेको थियो। 'आफूमा सृजनात्मक प्रतिभा छैन' भनेर स्वीकार गर्ने राजनारायण प्रधानले निबन्ध क्षेत्रमा भने मौलिक लेखन प्रतिभाको परिचय दिएका पाइन्छ। विभिन्न पत्रिका र ग्रन्थहरूको कुशल सम्पादन गरेका राजनारायण प्रधानले 'पन्ध्र प्रसिद्ध पुरुष', 'नौ नामी नेता', नेपाली निबन्ध जस्ता जीवनीपरक र साहित्यिक निबन्धका पुस्तकहरू प्रकाशित गरिसकेका छन्। विभिन्न पत्रपत्रिकाहरूमा पनि यिनका साहित्यिक निबन्धहरू छरिएका छन्। 'नेपाली निबन्ध' जम्मै स्तरका विद्यार्थी मात्रका निम्ति लिखित नभएर साहित्यिक कृति पनि हो। प्रस्तुतिकरणको नवीनतम प्रयोग, आकर्षक भाषा, माधुर्यपूर्ण र सरस शैली, विषयलाई सरलतासाथ टिपेर हास्यरस सिञ्चन गर्दै सुस्पष्टसँग प्रतिपादन गर्ने चूडान्त निष्कर्षमा पुर्‍याउनु यिनको आफ्नै विशेषता हो। यिनको आलोचनात्मक कृति 'केही कृति : केही स्मृति' सन् 1973 मा प्रकाशित छ। सन् 1983 मा प्रकाशित 'दश महान नाटक' नामक आलोचनात्मक पुस्तकले 'भानुभक्त पुरस्कार' प्राप्त गरेको थाहा पाइन्छ।

## 11.2.3 निबन्धकार रामलाल अधिकारी

रामलाल अधिकारीको जन्म इलामको कोतबुङ मार्से भन्ने गाउँमा सन् 1941 अथवा वि. सं. 1998 मा भएको थियो। पेशाले दार्जीलिङ सरकारी महाविधायलमा धेरै वर्ष प्राध्यापनको पेशामा कार्यरत रहे। उनी भारत र नेपाल दुवैतिरका कतिपय साहित्यिक र सामाजिक संस्थासँग समेत

सङ्गलग्न थिए। सन् 2005, 18 जुलाईको दिन यिनको देहावासन भयो। साहित्यका विविध विधामा कलम चलाउने तर निबन्धमा प्रतिभाको चमत्कार देखाउने रामलाल अधिकारीको पहिलो निबन्ध सङ्गालो हो – 'भोकाएको कुकुर के भन्छ?' (सन् 1962)। यसपछि लेखेका प्रायः एक दर्जन निबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन्। 'रवि सप्तमो' (सन् 1973) नामक पुस्तकमा पनि विभिन्न लेखसँगै केही निबन्धहरू पनि सङ्कलित छन्। नेपाली समाज कुप्रथा, जातिगत विशेषता, मानव-स्वभाव साथै आत्मपरक निबन्धमा विशेष कलम चलाउन रुचि लिने अधिकारीको निबन्धमा शिष्ट हास्य लुकेको हुन्छ। यिनको निबन्धको अर्को सङ्ग्रह हो – 'अलौटा र ठेटना' (1976), जसमा 21 वटा निबन्धहरू छन्। निबन्धविधामा लेखिएका उनका अन्य पुस्तकहरू हुन् - 'निसंस्मरण' (1995), 'विदित अविदित' (1998), 'भैरवको भूत' ( सन् 1976) आदि।

वरिष्ठ समालोचक घनश्याम नेपाल अनुसार- 'समसमयिक प्रसङ्गलाई आलोचनात्मक ढङ्गसित आत्मपरकताको चास्नीमा चोबेर कतै सलामी पर्दै केही ठोको इतिबृत्तको आढमा त कतै वर्णात्मक तटस्थतासित तर्कपूर्ण ढङ्गले प्रस्तुत गर्नमा निबन्धकार अधिकारीको आफ्नै विशिष्टता छ। यस दृष्टिले उनी देवकोटाका भन्दा हृदयचनद्रका निकट देखिन्छन्। देवकोटा कुरा कल्पन्छन्, हृदयचन्द्र कुरा पगार लाउँदै आफूभित्रबाट दुहुन्छन्। लामिछाने लेखाइको साचेत्यले विचार बढी खिप्तै शैलीका फिलुङ्गा उडाउँछन् र कतै सङिलन्छन् कतै खज्मजिन्छन् भने अधिकार चाहिँ भएको वा घटित वास्तवतालाई ठाउँठावैं त्रको गाँठेलौरी टेक्दै सहज स्वाभाविक गद्यमा आफ्ना निबन्धको बिस्कुन फिँजाउँछन्। यसमा उनको निजस्विता छ। आफूले भन्न ताकेको कुरा गुजुल्टो नपारीकन र कुनै अध्ययन – दर्शनको प्रदर्शन नगरीकन स्पष्टसँग भन्नसक्नु उनको आफ्नो

सीप हो। यसैमा उनको आफ्नो व्यक्तित्वको झलक पनि खिलिएको छ। यही उनको निबन्दकारिताको चूडान्त परिचय स्वरूप उभिन्छ।' समग्रमा भन्न सकिन्छ निबन्धकार राम अधिकारी सजग र सक्रीय निजात्मक निबन्धकार हुन्। चिन्तनलाई भावात्मक र निजात्मक रूपमा प्रसतुत गर्नु यिनको निबन्धकारिताको विशेषता हो। सरल भाषाशैली, झर्रो नेपाली शब्द (जस्तै- हातो, जाँतो, उभिण्डो, खरकुँडो, बिँड, ताई, हलो, अनौं, छाउरी इत्यादि) सुबोध गद्यशैली, मौलिक विचार निष्कर्ष अधिकारीको निबन्धहरूमा पाइने गुण हुन्। समाजका बेथितिहरू, असामानता, विसङ्गत र विश्रृखलित व्यवस्थाप्रति विद्रोह र सुधारको भावना पनि रामलालका निबन्धमा पाइन्छ। ससाना, सूक्ष्म विषयबाट कुरा झिकेर सरल र वार्तालापको भाषामा रोचक वर्णन, तर्क गर्दै कौतुहल उब्जाउने प्रवृत्ति पनि यिनमा देखिन्छ। मानवीय गुण-अवगुणलाई धक्का दिँदै त्यसको निष्कर्षमा मौलिक विचार प्रकट गर्नुमा नै यिनको सिपालुपन र योग्यता झल्किन्छ।

## 11.2.4 निबन्धकार आच्छा राई 'रसिक'

नेपाली साहित्यका इतिहासमा अच्छा राई 'रसिक' साहित्यकारका रूपमा सुपरिचित छन्। नेपाली साहित्यका कविता, कथा, निबन्ध र उपन्यासबिधामा उनले दिएको सृजनात्मक योगदान उल्लेखनीय रहेको छ। साहित्यकार रसिकको जन्म वि. सं. 1985 साल आश्विन 26 गतेका दिन दार्जीलिङकी धोवी तलाउ, कृष्ण भिल्ला भन्ने ठाउँमा भएको हो। उनी रणधीज राईका जेठा सुपुत्र थिए। 'रामकृष्ण वेदान्त आश्रम ' मा प्राथमिक शिक्षा प्राप्त गरेपछि 'रसिक' ले स्थानीय सरकारी उच्च विद्यालयबाट अण्डर म्याट्रिकसम्मको औपचारिक शिक्षा प्राप्त गरेका छन्। कक्षा पाँचदेखि नै विद्यालयमा पहिलो वा दोस्रो स्थान प्राप्त गर्दै

आएको मेधावी छात्र रसिकलाई आफ्नो पारिवारिक आर्थिक कारणबाट अण्डरम्याट्रिकभन्दा माथिल्लो तहको शिक्षा प्राप्त गर्ने सौभाग्य मिलेन तापनि उनले स्वाध्ययनबाटै व्यावहारिक जीवनमा आवश्यक पर्ने साहित्य, दर्शन, राजनीति आदिकी ज्ञान आर्जन गरेका थिए। जातीय जागरण, समाजसुधार र साहित्य सिर्जनामा समर्पित अच्छा राई 'रसिक' जण्डिसको रोगबाट आक्रान्त भई 23 वर्षको अप्ल उमेरमै यस लोकबाट विदा भए। आफ्नो जीवनकालको स्वल्प अवधिभित्र उनले दिएको सामाजिक-साहित्यिक योगदान अविस्मरणीय रहेको छ। विद्यार्थी अवस्थादेखि नै साहित्यप्रति गम्भीर अभिरूचि राख्ने अच्छा राई 'रसिक' ले आफ्नो छोटो जीवनकालमा भानुभक्त प्राथमिक विद्यालयबाट प्रकाशित हुने हस्तलिखित पत्रिका 'कमल' को सम्पादन, 'प्रगतिशील नेपाली साहित्य परिषद्' को स्थापना, 'गोर्खालिग' को मुखपत्र 'गोर्खा' को सम्पादनमा सहयोग, गोर्खा दुःखनिवारक सम्मेलनको नाटक विभागका मन्त्रीका रूपमा रही अनेकौं शिक्षाप्रद नाटकहरूको प्रदर्शन आदि कामहरू गरेर जनचेतना उकास्न र साहित्यिक वातावरण सिर्जना गर्न ठूलो उघाउ पुर्‍याएको देखिन्छ। 'गोर्खा' पत्रिकामा प्रकाशित शंकरलाई प्रश्न (1946) भन्न व्यङ्गय कविता र चन्द्रमा पुस्तकालयबाट निस्कने हस्तलिखित पत्रिका 'चन्द्रमा' मा प्रकाशित 'पूर्णिमाको रात' कथा रसिकका प्रारम्भिक रचनाहरू हुन् र यिनलाई उनका साहित्यिक-यात्राको प्रस्थानबिन्दु मान्न सकिन्छ। अच्छा राई 'रसिक' को साहित्यिक व्यक्तित्व चतुष्कोणात्मक देखिन्छ। प्रा. रामलाल अधिकारीको सम्पादनमा प्रकाशित 'रसिक रचनावली' (1982) बाट उनको व्यक्तित्वका पृथक कोणहरू स्पष्ट रूपमा देखिएका छन्। 'रसिक रचनावली' मा उपन्यासबाहेक कविता, कथा र निबन्धविधाका समग्र फुटकर रचनाहरू सङ्कलित छन्। 'रसिक रचनावली' मा सङ्ग्रहीत शङ्कर स्तुति, इन्जेक्सन झट्टै चाहियो, इन्दुमती, गोर्खा सङ्गीत आदि 22 वटा कविताहरूका माध्यमबाट अच्छा राई 'रसिक' कविका रूपमा देखा

पर्दछन्। उनका कवितामा अंग्रेजी भाषाका प्रचुर शब्दहरूको प्रयोगबाट हास्यरसको सृष्टि हुनुका साथै तिनमा सामाजिक कुरीति र राजनैतिक अवसरवादितामाथि व्यङ्गय पनि छ। त्यस्तै पूर्णिमाको रात, सालीनानी, औठी, चपरासी, कान्छी जस्ता एक दर्जनभन्दा बढी कथाहरूबाट रसिक कथाकार पनि हुन् भन्ने कुरा प्रमाणित हुन्छ। उनका कथाहरूमा हास्यव्यङ्गयको मिश्रण छ र तिनमा दार्जीलिङको सामाजिक परिवेश प्रतिबिम्बित छ। अच्छा राई 'रसिक' नेपाली साहित्यमा कथाकार र कविका रूपमा भन्दा उपन्यासकार र व्यङगय निबन्धकारका रूपमा बढी परिचित छन्। रसिकका 'लगन' (2012) र 'दोभान' ( 2021) दुई उपन्यासहरू प्रकाशित छन्। दार्जीलिङकै सामाजिक परिवेशमा आधारित यी दुवै उपन्यासमा आदर्शोन्मुख प्रवृत्ति र सुधारवादी चेतना मुखरित भएको छ। कथानक संरचना शिथिल भएकाले समकालीन उपन्यासकारका उपन्यासहरूका तुलनामा उच्चकोटिको कलात्मकउन्मेष प्राप्त गर्न नसके पनि यिनमा दार्जीलिङ नेपाली समाजको जीवनपद्धति प्रतिबिन्धित भएको छ।

उपर्युक्त विधागत संलग्नता र रचनागत अवदानका अतिरिक्त रसिकका मपाई, अनुहार, भुँडी, हिन्दी सिनेमा र हामी, वसुधव कुटुम्बकम् प्रभृति 17 वटा हास्यव्यङ्गय रचनाहरू पनि छन्। 'रसिक रचनावली' मा सङ्कलित हास्यव्यङ्गय रचनाहरूबाट रसिकका हास्यव्यङ्गयकारिताको पहिचान प्राप्त गर्न सकिन्छ। वास्तवमा रसिक हास्यव्यङ्गयनिबन्धकार पनि हुन् र दार्जीलिङको साहित्यिक जगतमा हास्यव्यङ्गयको परम्परा उनबाटै प्रारम्भ भएको हो। निबन्धकार अच्छा राई 'रसिक' का निबन्धहरूमा कथात्मकता र हलुका हास्यका साथै जातीय जागरणको उन्मेष र रूढिवादी सामाजिक कुसंस्कारमाथि व्यङ्गय पनि छ। पतलुङ, नारी समस्याका हल, कुन पहिला अण्डा कि कुखुरा ? जस्ता व्यङ्गयनिबन्धमा रसिकका तर्कपूर्ण विश्लेषणक्षमताको आभास पाइन्छ भने त्र, व, व, जस्तो निबन्धमा भाषिक

व्यङ्गय भेटिन्छ।' हिन्दी सिनेमा र हामी' मा उनका सुधारवादी चेतना र जातीय अस्मिताबोधका भाव व्यञ्जित भएको छ भने अनुहार र भुँडी जस्ता निबन्धमा व्यङ्गय र हास्य दुवै तत्व प्रबल छन्। मपाई र लोभी बाहुन वैयक्तिक कमजोरीमाथि गरिएका निष्करूण व्यङ्गयका नमूना हुन्। स्थानीय परिवेशका अङ्कन, परम्परामुक्त नयाँ नयाँ उपमाको प्रयोग, तर्कपूर्ण अभिव्यक्ति र कथात्मकता निबन्धकार रसिकका शलीगत विशेषताहरू हुन् भने सुधारवादी चेतना, जातीय अस्मिताबोध सामाजिक विकृति र व्यक्तिका चारित्रिक दुर्बलतामाथि कठोर व्यङ्गय उनका प्रवृत्तिगत विशेषताहरू हुन्।

वसुधैव कुटुम्बकम् - स्वर्गलाई पृष्ठभूमि र देवगणलाई पात्र बनाएर लेखिएको प्रस्तुत 'वसुधैव कुटुम्बकम्' नामक व्यङ्गयनिबन्धमा परिहास र व्यङ्गयको सन्तुलन छ। धार्मिक विसङ्गति र विकृतिहरूमाथि कडा प्रहार गर्ने प्रस्तुत व्यङ्गयरचना धर्मका अन्धभक्तहरूका लागि एउटा गम्भीर चुनौती पनि हो। धार्मिक आदर्शको सुकिलो घुम्टो ओढेर निहित स्वार्थ साध्न पल्कैका विविध धर्मावलम्बीहरूको छद्मवेशी चरित्रलाई उदाङ्ग पार्ने प्रयास यस निबन्धमा भएको छ। निबन्धकारले यसमा धर्मको आडमा गरिने शोषण, उत्पीडन, दुराचार र साम्राज्यवादी-विस्तारवादी नीतिको तीब्र भर्त्सना गरेका छन्। विविघ धर्मावलम्बीहरूका आचरण र व्यवहारमा देखिने कुटिल स्वार्थ, धार्मिक आदर्श र त्यसको व्यवहारपक्षमा देखापर्ने विसङ्गति, विरोधाभास, धर्मका नाममा गरिने कुकृत्यलाई सम्बन्धित धर्मको अवतारहरूकै मुखबाट व्यक्त गराएर धार्मिक अन्धभक्तिको खिल्ली उडाइएको छ। बुद्धको अहिंसाधर्म पालन गर्नेहरूलाई मासु नभई भात नरूच्नु, इस्लाम धर्मावलम्बीहरू विधर्मीको उन्मूलनका लागि खूनखराब गर्न तम्सिनु, इसाइ धर्मप्रचारकहरू धर्मप्रचारको बहाना बनाई विश्वमा साम्राज्यवाद-विस्तारवाद फैलाउन उद्यत रहनु, हिन्दूधर्मावलम्बीहरूले धर्मलाई शोषणको माध्यम बनाउन खोज्नु यी सबै

निबन्धकारका दृष्टिमा धार्मिक विसङ्गति र विरोधाभासहरू हुन्। जबसम्म विभिन्न मतवाद र धार्मिक विचारहरूमा विश्व विखण्डित भइरहन्छ, तबसम्म विश्व-बन्धुत्वको भावना साकार हुन सक्तैन भन्नु नै 'वसुधैव कुटुम्बकम्' को मूल कथ्य हो। 'वसुधैव कुटुम्बकम्' को परिकल्पनालाई साकार पार्न भोकानाङ्गा, अशक्त र दीनदुःखीको उद्धार गर्न सक्ने एउटै मानवधर्म विश्वमा पालन गरिनुपर्छ भन्ने सन्देशात्मक स्वर पनि निबन्धमा मुखरित भएको छ। कथ्यको नाटकीय प्रस्तुति, नयाँ नयाँ व्यङ्गयोक्तिमूलक उपमाहरूको प्रयोग, प्रगतिशील युगचेतना, भाषिक शिल्प र अभिव्यक्तिकौशलद्वारा हास्य रसको सृष्टि र धार्मिक पाखण्डप्रति निर्मम व्यङ्गय प्रस्तुत निबन्धका मुख्य मुख्य विशेषताहरू हुन्।

## 11.2.5 निबन्धकार इन्द्रबहादुर राई (सन् 1928)

भारतका शीर्षस्थ कथाकार र समालोचक इन्द्रबहादुर राईलाई वरिष्ठ निबन्धकारको रूपमा चिन्हाउने प्रशस्त 'भारती', 'हाम्रो कथा', 'ऐना', 'दीयो', 'घाँसी' आदि पत्र पत्रिकाहरूतिर प्रकाशित भएका छन्। आफ्नै मौलिक लेखन पद्धतिका धनी इन्द्रबहादुर राईका विचरात्मक, वस्तुपरक, आत्मपरक निबन्धहरू बौद्धिक तर्क प्रबुद्ध चिन्तन, मर्मस्पर्शी अभिव्यक्ति कलात्मक भाषा र भावनात्मक शैलीले प्रभावशाली छन्। आयामिक साहित्यका प्रणेता इन्द्रबहादुर राईका सचेत आयामिक चिन्तनले यिनको निबन्धमा उदभासित भएको पाइन्छ। एक दर्जन अधिक यिनका निबन्धहरूमध्ये केही प्रसिद्ध छन् – 'मेरो जन्म', 'मृतहरूको बीच', 'सौद्धै सौद्धै जीवनसम्म', 'चाखलाग्दो हुनु कसरी', 'आधुनिक शिक्षक' आदि।

## 11.2.6 निबन्धकार नगेन्द्र शर्मा (सन् 1931)

एम. ए. बी. एल. सम्मको उच्च शिक्षा - प्राप्त नगेन्द्र शर्मा निबन्ध साहित्यका वरिष्ठ स्तम्भ हुन्। यिनको पन्ध्रवटा निबन्धहरूको सङ्गालो 'नगेन्द्रका निबन्ध' सन् 1968 मा प्रकाशित भएको थाहा पाइन्छ। नेपाली समाजको अन्धविश्वास, थोत्रा परम्परा, कर्मकाण्ड आदिप्रति व्यङ्ग्य र वैज्ञानिक विश्लेषण गरिएका यिनका निबन्धहरू खुबै घतलाग्दा हुन्छन्। यिनका सबै निबन्धहरू 'मेरो रामायण एक ट्रेजेडी', 'जनै नभएको बाहुन', 'कठै मेरो काठमाडौं', 'कसको चरित्र, कसको भाग्य?', 'को आउँछ मेरो जात खोस्न?' खुबै उत्कृष्ट छन्। निबन्ध लेखनमा यिनले प्रयोग गरेको कलात्मक शिल्प, तर्कसङ्गत टेकनिक, रोचक शैली र आकर्षक भाषा अप्रतिम र विशिष्ट रहेको देखिन्छ।

## 11.2.7 निबन्धकार ईश्वर बल्लभ (सन् 1937)

कवि ईश्वर बल्लभ कहिले कथाकार, कहिले नाटककार र कहीं निबन्धकारको रूपमा देखा परेका छन्। सन् 1947 मा प्रकाशित पुस्तक 'केही भूमिकाहरू'मा केही आत्मपरक निबन्धहरू पनि संलग्न छन्। निबन्धमा पनि बल्लभको आयामिक व्यक्तित्वको निर्वाह भएको छ; भाषा, शैली र प्रस्तुतिको नवीनतम प्रयोगले यिनका निबन्धले आफ्नै विशेषता राखेका छन्।

## 11.2.8 निबन्धकार शान्तिराज शर्मा

निबन्धको क्षेत्रमा शान्तिराज शर्माको प्रखर कलमबाट उज्यालो भविष्यको सङ्केत पाएका हौं प्रारम्भमा। हाल यिनको कलममा शिथिलता आएको बोध हुन्छ। सन् 1972 तिरै एउटा निबन्ध संग्रह 'दार्जीलिङ र सेरोफेरो' प्रकाशित गरेका थिए। यस संग्रहमा 11 वटा निबन्धहरू छन्। दार्जीलिङको राजनैतिक सामाजिक, आर्थिक, साहित्यिक, धार्मिक परिप्रेक्ष्यलाई लिएर

यिनले निक्कै विश्लेषण गर्न खोजेका छन्। संस्कृत 'काव्यतीर्थ', हिन्दीका 'साहित्यरत्न' र नेपालीका 'एम. ए.' निबन्धकार शर्मा भारतीय नेपाली निबन्ध लेखन परम्पराको क्षेत्रमा देखिएका एक उज्जवल नक्षत्र हुन्।

## 11.2.9 निबन्धकार दिलबहादुर नेवार

हाल केही वर्षदेखि शिलाङ्गवासी दिलबहादुर नेवारले देखाएका साहित्यिक जागरकको फलस्वरूप हामीले केही नयाँ-नयाँ कृतिहरू पाएका छौं। 'सुमन' साहित्यिक पत्रिकाका प्रकाशकको रूपमा चिनिएका दिलबहादुर नेवार यही पत्रिकामार्फत् निबन्धकारको रूपमा देखा परेका हुन्। यिनका आत्मपरक, वस्तुपरक र भ्रमणात्मक निबन्धहरूको सङ्कलन प्रकाशित भएका छन्, 'मेरा बितेका दिन', विचारमा डुबेको हुन्छ। विविध विषयलाई लिएर सुदक्षतासाथ निबन्ध लेख्ने दिलबहादुर नेवारको लगन र सेवा स्तुत्य रहेको पाइन्छ।

## 11.2.10 निबन्धकार कृष्णप्रसाद ज्ञवाली (सन् 1928)

कृष्णप्रसाद ज्ञवाली मूलत कवि हुन्। यद्यपि निबन्ध क्षेत्रमा पनि कहिले काहीं कलम चलाउने ज्ञवालीका निबन्धहरू भारती, दियालो, उदय, उषा, धरती, आशा, गोर्खापत्र आदि पत्रपत्रिकाहरूमा प्रकाशित छन्। यिनै निबन्धहरूको सङ्ग्रह 'पीपलको छहारी' साझा प्रकाशन, नेपालबाट प्रकाशित भएको छ। परेवाको कलरव, पीपलको छहारी, मेरो जन्म महिना, हाम्रो लाली गुराँस, वसन्त बेला उत्कृष्ट निबन्ध हुन्। यिनका वस्तुपरक र आत्मपरक दुवै थरीका निबन्धहरू भाषागत दृष्टिले सरस र सुन्दर छन्।

## 11.2.11 निबन्धकार डा. कमला सांस्कृत्यायन (15 अगस्त 1930)

विदुशी महिला डा. कमला सांस्कृत्यायनको साहित्य सेवा स्तुत्य छ। राहुल लाइब्ररीको भव्य कक्षमा बसेर गरेका प्रचुर अध्ययनको परिचायक यिनका सामीक्षात्मक लेख र निबन्धहरू छन्। जीवन र कलाको दार्शनिक पक्षमा विशेष जोड़ दिने डा. सांस्कृत्यायनका निबन्धका विषय हुन् – भाषा, साहित्य र कला यिनका निबन्धहरूले समीक्षात्मक प्रणाली अपनाएको पाइन्छ। 'विचार र विवेचना' नामक सन् 1981 मा प्रकाशित यिनको 14 वटा निबन्धहरूमा भानुभक्त, तुलसीदास, कालिदास, भाषा र साहित्य सम्बन्धित छन्। यीमध्ये कति चाहिँ विवेचना पनि छन्। गहुँग विषयलाई पनि हलुंग रूपमा सहजसँग प्रकाश पार्न सक्नु यिनको विशेषता हो। यिनको साहित्यमा प्रवेशकाल सन् 1953 हो।

## 11.2.12 निबन्धकार डिल्लीराम तिमसिना (1 सेप्टेम्बर 1930)

**विद्वान डिल्लीराम** तिमसिना कविता क्षेत्रमा मात्र सीमित नरही समीक्षा र निबन्धतिर पनि लम्केको प्रमाण 'प्रबन्धलता', 'बनारसको चिट्ठी' र 'बसिबियालो' नामक लेख र निबन्धका पुस्तकहरू छन्। खोज र अनुसन्धानमा विशेष रुचि राख्ने तिमसिनाका निबन्धहरू पनि वस्तुपरक र निजात्मक छन्।

## 11.2.13 निबन्धकार जगत छेत्री (23 अगस्त 1936)

अन्यान्य विधाहरूसहित निबन्धलाई पनि आफ्नो अभिव्यक्तिको माध्यम बनाउने जगत छेत्रीका विभिन्न विषयका पत्र-पत्रिकाहरूमा प्रकाशित निबन्धहरूबाहेक विद्यार्थीहरूका निम्ति एक सङ्ग्रह 'निबन्ध-जगत' प्रकाशित भएको छ। कुनै पनि विषयलाई गम्भीरतापूर्वक विश्लेषण नगरी

सरल, सुबोध र सुस्पष्ट रूपमा विषयको प्रतिपादन गर्न रुचाउने जगत छेत्री सुदक्ष निबन्धकार हुन्।

## 11.2.14 निबन्धकार डा. बी पी. दास राई

गोर्खा, उदय, भारती आदि पत्रपत्रिकातिर प्रायः तीन दशक अघिदेखि कथा, कविता र निबन्ध प्रकाशित गर्ने डा. राईका कथासङ्ग्रह 'तरङ्ग' र 'साहित्य-सेवा' नामक निबन्ध सङ्ग्रहको पुस्तकका प्रकाशित भइसकेका छन्। सन् 1962 मा प्रकाशित 'साहित्य-सेवा'मा दशवटा निबन्धहरू सङ्कलित छन्। यिनका निबन्धहरूमध्ये अधिकांश समीक्षात्मक प्रकृतिका छन्। यस पुस्तकका भूमिका लेखक रामकृष्ण शर्माले भनेका छन् 'तर सरल, सरस, सहज र पूर्णतया बोधगम्य यो निबन्धलाई आफ्नै सौन्दर्य यथेष्ट छ र अध्ययनको स्तर साह्रै नअकाशिएका हाम्रा पाठकले घुमाउरा, दुर्बोध र उभयार्थी लेखभन्दा यस्ता सुबोध लेख स्वागत नगर्लान् भन्नु पर्दैन।'

## 11.2.15 निबन्धकार टीकाप्रसाद राई

चित्रकार टीकाप्रसाद राईका भाषा, साहित्य, भूगोल, विज्ञान र संस्कृति विषयका निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूतिर प्रकाशित भएका छन्। यीमध्ये केही निबन्धहरूका दुइवटा सङ्कलन 'हाम्र संस्कृतिका कुराहरू' र 'भाषा र संस्कृतिको परम्परा' प्रकाशित भएका छन्। यिनका शोधपूर्ण निबन्धहरूका भाषा शिष्ट, प्राञ्जल, सुमधुर मात्र नभएर कलात्मक पनि छ।

## 11.2.17 निबन्धकार आर. पी. लामा

लगनशील लेखन आर.पी. लामाका तीनवटा कृतिहरू आज साहित्यिक अवदानस्वरूप हाम्रा समक्ष छन् : स्मृतिमा (कविता सङ्कलन), हाम्रो पञ्चायत (नाटक) र रेडियो वार्ताहरू। सन् 1957 तिरै आफ्ना कविता 'भारती' पत्रिकामा प्रकाशित गरिसकेका आर.पी. लामाका निबन्धको प्रमुख विषय 'नेपाली संस्कृति' हो। यसबाहेक जीवनी, राजनैतिक विषयमा संस्मरणमा पनि यिनको कलम चलेको पाइन्छ। कुनै साहित्यिक बठ्याई नदेखाई सरल सहज र बोधगम्य भाषामा विषयको प्रतिपादन गर्ने यिनको विशेषता हो, जटिलता र गम्भीरताबाट यिनी टाढ़ो रहन चाहन्छन्। यिनको 'हाम्रो संस्कृति : एक सर्वेक्षण' नामक पुस्तक तयार छ।

## 11.2.18 निबन्धकार केदार गुरुङ

सिक्किम प्रान्तको साहित्यिक क्षेत्रको प्रमुख प्रतिनिधि कवि केदार गुरुङको एक निबन्ध-सङ्ग्रह 'आफ्नै पक्षहरू' यसै वर्ष सन् 1982 मा प्रकाशित भएको छ। भाषा, साहित्य र लेखन विषयलाई लिएर लेखिएका र प्रकाशित भइसकेका निबन्धहरूमा 1 / 2 नयाँ थपथाप गरिएको यो पुस्तकको विषयमा भूमिका लेखक राधकृष्णलाई अघि सार्छु – "केदारका प्रत्येक निबन्धले कला र भाव पक्षका तन्तुहरूद्वारा बन्धित ठोस विषय लिएर आएको पाउँछौं।...."

## 11.2.19 निबन्धकार बी. एम. प्रधान

हाल आसामावासी भएर साहित्यको सेवामा तत्परतासाथ अग्रसर बग्ने बी.एम. प्रधानका तीन कृतिहरू 'कविता संगम' (संयुक्त कवि), अर्घेलो (कथा सङ्ग्रह) र गोर्खाली कि नेपाली (निबन्ध) हाम्रा समक्षमा छन्। भारतीकालमा स्व. नारायण तामाङ, स्व. गणेशलाल सुब्बा आदिले उठाएका प्रश्न 'नेपाली कि गोर्खाली' विषयको विवादग्रस्त चर्चालाई वर्तमान

परिप्रेक्ष्यमा भाषा आन्दोलनको संवैधानिक मागको विश्लेषण गर्दै हाम्रो 'गोर्खाली कि नेपाली' भन्ने आफ्नै भ्रम मेटाउन परेको छ भन्ने तर्कमा लेखकको जोड़ छ। सानो पुस्तिका भए तापनि तथ्य अघि राख्न र उचित विषयलाई समाधान गरेको कोशिश प्रशंसनीय छ।

## 11.2.20 निबन्धकार कुमार घिसिङ (सन् 1941)

समर्थ कथाकार घिसिङका विभिन्न निबन्ध र शोधपूर्ण लेखहरू समय समयमा पत्रपत्रिकाहरूमा छापिरहेका छन्, जस्तै 'धामी-झाक्री परम्परा मिथ्यावाद : कि प्राचीन मनोविज्ञान', 'पश्चिममांचल गोर्खाली क्षेत्र भ्रमण', 'स्वतन्त्र संग्राम... नेपाली वीरांगना' इत्यादि। हालै यिनको भ्रमण र खोजग्रन्थ 'दूनघाटी-नालापानी' (1982) प्रकाशित भएको छ।

## 11.2.21 निबन्धकार कुमार प्रधान (7 मई 1937)

नेपाली साहित्यको एक वरिष्ठ स्तम्भ कुमार प्रधानका ऐतिहासिक लेखहरू प्रशस्त मात्रामा पत्रपत्रिकातिर प्रकाशित भएका छन्। यिनी मूलत इतिहासकार हुन्। हालै कलकत्ता विश्वविद्यालयबाट 'The process and Concequeneed of the unification of Nepal' नामक शोधग्रन्थको निम्ति यिनलाई 'डाक्टरेट'को उपाधि प्रदान गरिएको छ। 'जालोमा पटेटिएको ताज' यिनको उत्कृष्ट निबन्ध हो। भाषा र साहित्य सम्बन्धित निबन्धहरू विशेष गरी पत्रिकादिमा प्रकाशित भएका छन्। यिनका एक/दुइ पुस्तकहरू प्रकाशमा आउन लागेका छन्। यिनका निबन्धहरूले सबल तार्किक पक्ष र चूड़ान्त निर्णय समातेका हुन्छन्। यिनको 'प्रथम पहर' सङ्गृहीत निबन्ध प्रकाशित भइसकेको छ। यस पुस्तकले सन् 1983 को 'भानुभक्त पुरस्कार'को सम्मान पाइसकेको छ। यिनको अङ्ग्रेजी भाषामा

लिखित 'A History of Nepali Literature' हालै साहित्य अकादमी दिल्लीले प्रकाशित गरेको छ। यो एउटा अनुपम देन हो।

## 11.2.22 निबन्धकार लीलबहादुर क्षत्री (1 मार्च 1933)

अन्यान्य साहित्यव्रती लीलबहादुर क्षत्रीले सन् 1948 देखि प्रवेश गरेर साहित्यका सबै विधाहरूमा समान्तर कलम चलाएको देखिन्छ। निबन्ध विधामा पनि यिनको विशेष योगदान छ। ध्वनि सुमन, नेपाल-सन्देश आदि पत्रिकाहरूमा यिनका साहित्यमा देशप्रेम, साहित्य समाजको दर्पण-एक विवेचना, आसामको बिहू, कामाख्या मन्दिर आदि निबन्धहरू प्रकाशित छन्। यिनको निबन्ध कृति रूपमा 'आसाममा नेपाली भाषा र त्यसको साह्रो गाह्रो' (पुस्तिका सन् 1961) मा प्रकाशित भएको छ।

## 11.2.23 निबन्धकार विष्णुराम राई

नेपाली संस्कृति, भाषा र खाद्य पदार्थ विषयमा जनदूत, दियालो आदि पत्रपत्रिकामा कलम चलाउने विष्णुराम राई एकजना हुन्। यिनका निबन्धहरूमध्ये 'हाम्रो राष्ट्रिय चाड़ र सयपत्री फूल' र 'मादले भेना' प्रमुख हुन्।

## 11.2.24 निबन्धकार सूर्यकला थापा

नारी लेखिकाहरूमध्ये नेपाली साहित्यको दीर्घकालीन सेवा गर्ने विदूषी महिला हुन् – सूर्यकला थापा। भाषा, साहित्य र शिक्षा जस्ता प्रमुख विषयलाई लिएर यिनले कैयौं लेख र निबन्धहरू पत्रपत्रिकामा प्रकाशित गरेका छन्। तथ्य र प्रमाणलाई अघि सार्दै तर्कसहित समाधानात्मक निष्कर्ष राखेर लेखेका यिनका निबन्धमा अनुसन्धानलाई जोड़ दिएको हुन्छ।

### 11.2.25 निबन्धकार तिलक राई

तिलक राईको कलमले हास्य निबन्धमा सफलता पाएको छ। कुनै पनि विषय वस्तुलाई लिएर हास्यको कुट भरी व्यङ्ग्य प्रहार गर्न सुदक्ष तिलक राईको भाषा र शैली सरल र प्रभावोत्पादक हुन्छ। यिनका केही हास्य निबन्धमा शीर्षक यस्ता छन् – 'तालु', 'नाक', 'गाँड़', 'संसारका पुड्केहरू' आदि।

### 11.2.26 निबन्धकार प्रेम थापा

हास्य कथाकार प्रेम थापाका हास्य निबन्धहरू 'दाह्री – जुँघा', 'गुरु', 'बाबु-आमा', 'हाय रे टुपी !, वाह रे तालु', 'नाइटो' आदि 'गोर्खा', 'भारती', 'पूर्णिमा' आदि पत्रिकाहरूमा प्रकाशित छन्। हास्य साहित्यका सफल कलाकार प्रेम थापाको विश्रान्तीले ठूलो क्षति पुर्‍याएको छ।

### 11.2.27 निबन्धकार फटिकधर शर्मा

फटिकधर शर्मा नेपाली हास्य निबन्ध जगतका एक आसा लाग्दा प्रतिभा थिए, तर यिनको परिपक्व कलमको कला देख्न पाएनौं। यिनका प्रकाशित केही निबन्ध हुन् – म जुत्ता लाउँदिन, म जुत्ता लाउँछु, अनुहार ऐनामा हेर्दा, जुँघा इत्यादि।

### 11.2.28 निबन्धकार आर. मोक्तान

युवा प्रतिभामा आर. मोक्तानले निबन्धलाई आफ्ना अभिव्यक्तिको माध्यम बनाएर यो बाँझो विधालाई उर्वरित बनाउन आफ्ना श्रम दिएका छन्। उनी हनुमान, हामी शिखण्डी, स्वास्नी कस्तो रोज्नुपर्छ, लोग्ने मूर्ख कि स्वास्नी?, साह्रो न साह्रोको प्रसंगमा जस्ता निबन्धमा निबन्धकार आर.

Notes

मोक्तानले आफ्नो निबन्धआत्याक शिल्पकला र तार्किकता उदभासित गरेका छन्। जीवनी र वस्तुपरक निबन्धमा प्रशस्त कलम चलाउने शिक्षाविद बाबुलाल प्रधानका रचनाहरू भारती, साथी, दियालो, पश्चिम बंगाल इत्यादि पत्र पत्रिकाहरूमा प्रकाशित हुन्।

## 11.2.29 निबन्धकार बद्रीनारायण प्रधान

प्रसिद्ध अनुवादक र मार्क्सवादी अध्येय बद्रीनारायण प्रधानका जीवनीमूलक र सैद्धान्तिक निबन्ध गोर्खा, भारती, अग्रदूत, छाल आदि पत्रपत्रिकामा प्रकाशित छन्। सरल, सुबोध तर दरिलो भाषामा गम्भीरतासाथ विषयलाई प्रतिपादन सक्षम बद्रीनारायण प्रधानको निबन्ध जनमानस सापेक्षित हुन्छन्।

## 11.2.30 निबन्धकार नन्द हाङखिम

सबल कथाकार र नाटककार नन्द हाङखिम कुशल निबन्धकार पनि हुन्। घर, पानी जस्ता साधरण विषयलाई पनि आफ्ना प्रखर चिन्तनले गम्भीरतापूर्वक विश्लेषण गर्दै राजनैतिक, आर्थिक र वैज्ञानिक तथ्यसँग दार्शनिक दृष्टि दिन सक्नु नन्द हाङखिमको निबन्धात्मक कलाकारिता हो। तर घुमाउरो शैली र दुरूह भाषाले यी निबन्धहरू साधरण पाठकप्रिय नभए प्रबुद्ध पाठकका निम्ति भएका छन्।

## 11.2.31 निबन्धकार आइ. के. सिंह

आइ. के. सिंहले पनि जुँघा, हाम्रा बाबुनीहरू जस्ता दरिला निबन्धहरू लेखेर आफ्नो निबन्धकार व्यक्तित्वको निर्माण गरेका छन्। यिनको निबन्धहरूमा गौण रूपमा हास्य भाव हुन्छ। यस्तै हास्यरस सिञ्चन गर्दै

निबन्ध क्षेत्रमा केही राम्रा निबन्धहरू दिने समीरण प्रियदर्शीले पनि आफ्नो स्थान बनाएका छन्।

## 11.2.32 निबन्धकार दिलप्रसाद राणा

दिलप्रसाद राणा पनि यस क्षेत्रका एक उत्साही युवा हुन्। यिनको प्रकाशोन्मुख कृति हो – 'हाम्रो लोक संस्कृति र साहित्य'। नेपाली लोकगीत, संस्कृति विषयक केही निबन्धहरू पत्रपत्रिकामा देखिएका छन्।

नवयुवक निबन्धकारमध्ये प्रेम प्रधानको व्यक्तिपूर्ण कलमले विशेष स्थान पाएको छ। विज्ञान सम्बन्धी दर्जनौं निबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन्। विजय खरेलका निबन्धहरू प्रगतिवादी पक्षका हुन्छन्। हस्त नेचालीका कलम का, कविता, निबन्ध र आलोचना क्षेत्रमा अग्रगामी छ। कथा एउटा संग्रह 'अनन्त प्रतीक्षा' प्रकाशित गरिसकेका नेचालीका भाषा, साहित्य, खेल र संस्मरणात्मक विषयका निबन्ध सर्वाधिक सङ्ख्यामा प्रकाशित भएका छन्। अनुसन्धान र संस्मरण यिनको प्रमुख विषय हो। कथा र कवितासँगै निबन्धमा आफ्नो प्रतिभाको किरण फैलाउने समर्थ ग्याल्पो लामाको निबन्ध कहिलेकहीँ देखिन्छन्। यिनका निबन्धको ध्येय नै हास्य सृजना गर्नुहुन्छ।

डुवर्सवासी एम.एन. छेत्रीलाई नेपाली साहित्यको निबन्ध विधामा उल्लेख गरिएन भने ठूलो अन्याय हुन्छ। सन् 1953 देखि कथा र कवितालाई अभिव्यक्तिको माध्यम बनाएर आएका एस.एन. प्रधानका सरल, सरस र शिक्षाप्रद निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन्। आसामका अन्यतम साहित्यप्रेमी के.बी. नेपालीले 'बिन्दु' पत्रिका प्रकाशनसँगै कथा, कविता, उपन्यास र निबन्धमा महत्वपूर्ण योगदान दिएका छन्। कथा सङ्ग्रह, उपन्यासका प्रकाशित कृतिबाहेक नव अश्रु (काव्य) 'विरही'

(कविता सङ्ग्रह), 'अनुराग' (गीत सङ्ग्रह) सँगै निरन्तर भाषा र जीवनीपरक निबन्ध लेख्न यिनी सफल छन्। हरिश बजनका बेटुंगा कुराहरू शीर्षक निबन्धहरू आत्मपरक र संस्मरणात्मक छन्। प्रस्तुतिको मौलिक प्रयोग र भाषाशैलीको रोचकताले यी निबन्धहरू खुबै लोकप्रिय भएका छन्। निबन्धका विभिन्न ठेलीहरू प्रकाशित गरिसकेका प्रख्यात र वरिष्ठ समालोचक एवं निबन्धकार तारानाथ शर्माले भारतवासकालमा नै 'म दाम्लो बाँढ्दिनँ', 'नमस्ते' जस्ता निबन्धबाट यस क्षेत्रमा प्रवेश गरेका हुन्। यिनका धेरै निबन्धहरू यहाँको सृजना हुनाले यहाँको वातावरण र माटोको गन्ध पाइन्छ। तारानाथ शर्माको साहित्यिक व्यक्तित्वको जन्म र विकास भारतमै भएको हो। एन. बी. भण्डारीका निबन्धहरूले नै यिनको साहित्यिक व्यक्तित्व निर्माण गरेको सत्यलाई नकार्न सकिन्न। निबन्ध क्षेत्रमा यथाशक्य योगदान दिने भण्डारी सिक्किमका राजनीतिक प्रतिभा हुन्। वरिष्ठ समालोचक स्व. गणेशलाल सुब्बाका पनि केही निबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन्।  यसरी निबन्ध क्षेत्रमा साध्यश्रम अर्पण गर्ने भारत यादव, बी. योञ्जन, मनबहादुर मुखिया, धर्मराज बमजन, सानुभाइ शर्मा, गाब्रियल राणा, चन्द्रकान्त दर्नाल, मोदनाथ प्रश्रित, श्याम लिवाङ, दुर्गाप्रसाद श्रेष्ठ, रत्न बान्तवा, डी.के. श्रेष्ठ, दलसिंह अकेला, जस योञ्जन प्यासी, गुरुप्रसाद जोशी, तुलसीराम कश्यप, तुलसीप्रसाद भट्टराई, विरही काइँला, मणिकुमार खवास, आर्नोल्ड रोगोंग आदि प्रतिभा प्रस्तुत प्रखर निबन्धहरूको प्रतीक्षामा नेपाली साहित्य आस्थावान छ। सन् 1970 पछि अझ अरू नयाँ सृजनशील प्रतिभाहरूको उदयले नेपाली निबन्धाकाश झलमल्ल हुने सम्भावना निश्चित छ।

## 11.3 उपसंहार

नेपाली गद्यको एक प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहासलाई यसको लेखन परम्पराको प्रमुख स्रोतको रूपमा रहेको मान्न सकिन्छ। अहिलेसम्मको खोज अनुसार लेख्य सामग्रीको अध्ययन गर्दा नेपाली भाषा प्रारम्भमा गद्यरूपमै व्यक्त भएको देखिन्छ। यस कुराको उदाहरणका निमित्त प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ। शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं। शिलापत्र, ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले के स्पष्ट पार्दछ भने मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति रहन्छ- त्यो वाणी जुनसुकै विषयसँग पनि सम्बद्ध किन नहोस्। प्रारम्भमा यो प्रवृति सीमित क्षेत्रभित्र खुम्चिएको हुन्छ तर कालऋममा पछि त्यो क्रमशः विस्तारित हुँदै गएर साहित्यका क्षेत्रमा त्यसले प्रवेश पाउँछ। तसर्थ साहित्यिक निबन्धलाई अभिलेखको प्राचीन परम्परासँग सम्बद्ध गर्नु समीचिन हुन जान्छ। विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली गद्यले साहित्यिक रूप पाउनुभन्दा पहिले कुन-कुन स्थितिलाई पार गर्दै इतिहासको निर्माण गर्‍यो त्यसको जानकारी प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूको विश्लेषण गर्दा प्राप्त हुन्छ। नेपाल एकीकरण अभियानबाट नेपाली मात्रमा जुन प्रकारको सांसकृतिक र राजनैतिक जागरण आयो त्यसको प्रतिबिम्ब समयसापेक्ष नेपाली निबन्धमा गद्यमा संस्कृतिकै प्रभाव प्रत्यक्ष रूपले पर्न थाल्यो। प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भए भने आख्यानेतर फाँटतर्फ अर्कातिर योग तथा अध्यात्म विषयका धार्मिक पुस्तकहरू अनूदित भएर गयो। प्रारम्भका लक्ष्मी-धर्म संवाद, तुलसीस्तव,

गोरक्ष योगशास्त्र, राजधर्म, वाणोपनिषद्, आत्मबोध, योगवाशिष्ट सार, वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ। संस्कृतबाट सोझै गृहीत यी गद्यहरू तत्कालीन बौद्धिक परिवेशका अनुकूल थिए। त्यस बेला संस्कृत बाङ्मयको प्रभाव कति धेरै थियो। भने राजनैतिक शिक्षाको मूल स्रोतका रूपमा पनि संस्कृतलाई नै लिएको थियो। यसरी हेर्दा प्रारम्भका नेपाली गद्यमा तत्कालीन बौद्धिक वातावरण प्रतिबिम्बित भएको पाइन्छ। सन् 1947 पछिका सशक्त निबन्धकारको रूपमा हाम्रा प्रतिभाहरू हुन् – इन्द्रबहादुर राई, नगेन्द्र शर्मा, तारानाथ शर्मा, मनबहादुर प्रधान, नारायण तामाङ, गणेशलाल सुब्बा, जगत छेत्री, कुमार प्रधान, राजनारायण प्रधान, नन्द हाङखिम गाब्रियल राणा, डिल्लीराम तिमसिना, शान्तिराज शर्मा, गुमानसिंह चामलिङ, सूर्यकला थापा, कमला सांस्कृत्याय, फटिकधर ब्राह्मण, टीका प्रसाद राई, बाबुलाल प्रधान, प्रेम प्रधान, रामलाल अधिकारी, तिलक राई, सानुभाइ शर्मा, दिलप्रसाद राणा, आइ.के. सिंह, गोकुल सिन्हा, हस्त नेचाली, दिनेश कुमार खालिङ, धर्मराज बमजन, कुमार घिसिङ, के. राज सिंह, ग्याल्पो लामा, जस योञ्जन प्यासी, रूपराम देवान, बी. योञ्जन, विष्णुराम राई, अगमसिंह गिरी, आर मोक्तान, एस. एन. छेत्री, शरद छेत्री, एन. बी. भण्डारी, दिलबहादुर नेवार, कृष्णप्रसाद ज्ञवाली, रामचन्द्र जोशी, गुरुप्रसाद उपाध्याय, हरिश बमजन, मोदनाथ प्रश्रित, शान्ति देवी राई, श्याम 'लिवाङ', मनबहादुर मुखिया, प्रेम थापा, टी. मनेन, सी.डी. राई, प्रभावती रोका, हरिप्रसाद 'गोर्खा' राई, खिदमत सुब्बा, प्रभाकर गुरुङ, समीरण छेत्री, दुर्गा प्रसाद श्रेष्ठ, भरत यादव, अमृता देवी छेत्री, नीलम प्रधान, मनबहादुर गुरुङ, आर्नोल्डा रोगोंग, ईश्वर बल्लभ, टीकाराम शर्मा, दलसिंह 'अकेला', नरा गुरुङ, रत्न बान्त्वा, असीत राई, बद्रीनारायण प्रधान, डी.के. श्रेष्ठ, जीवन नाम्दुङ, हर्कबहादुर कुमाई,

रामचन्द्र गिरी, उपरोक्त निबन्धकारहरूमध्ये आफ्ना निबन्धहरूलाई सङ्गृहीत गरेर पुस्तकाकारमा प्रकाशित गर्ने निबन्धकारहरू हुन् – नगेन्द्र शर्मा, रामलाल अधिकारी, ईश्वर बल्लभ, शान्तिराज शर्मा, दिलबहादुर नेवार, कृष्ण प्रसाद ज्ञवाली, कमला सांस्कृत्यान, डिल्लीराम तिमसिना, जगत छेत्री, डा. बी. पी. राई, टीकाप्रसाद राई, राजनारायण प्रधान, आर. पी. लामा, केदार गुरुङ, बी. एम. प्रधान।

## 11.4 सार

- नेपाली गद्यको एक प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहासलाई यसको लेखन परम्पराको प्रमुख स्रोतको रूपमा रहेको मान्न सकिन्छ।
- यस कुराको उदाहरणका निमित्त प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ।
- शिलापत्र, ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले पनि यो कुरालाई प्रमाणित तुल्याउँदछ।
- मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति रहन्छ- त्यो वाणी जुनसुकै विषयसँग पनि सम्बद्ध किन नहोस्।
- नेपाल एकीकरण अभियानबाट नेपाली मात्रमा जुन प्रकारको सांसकृतिक र राजनैतिक जागरण आयो त्यसको प्रतिबिम्ब समयसापेक्ष नेपाली निबन्धमा गद्यमा संस्कृतिकै प्रभाव प्रत्यक्ष रूपले पर्न थाल्यो।
- प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भएका पाइन्छ।
- आख्यानेतर फाँटतर्फ अर्कातिर योग तथा अध्यात्म विषयका धार्मिक पुस्तकहरू अनूदित भएका देखिन्छ।

● प्रारम्भका लक्ष्मी-धर्म संवाद, तुलसीस्तव, गोरक्ष योगशास्त्र, राजधर्म, वाणोपनिषद्, आत्मबोध, योगवाशिष्ट सार, वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ।

● यसरी हेर्दा प्रारम्भका नेपाली गद्यमा तत्कालीन बौद्धिक वातावरण प्रतिबिम्बित भएको पाइन्छ।

● भारतीय नेपाली निबन्ध साहित्यको इतिहास सन् 1947 को भारत-स्वतन्त्र र सन् 1950 को नेपालमा राणा शासनको उन्मूलनले नयाँ चेतना र विचारको फैलाई ठूलो अवदान गरेको कुरालाई लत्याउन सकिन्न।

● सन् 1945 मै 'गोर्खा'को प्रकाशन शुरु भइसकेको थियो। त्यसरी 'गोर्खा' प्रकाशनपछि सामाजिक सुधार र राजनैतिक विषयका लेखहरू भटाभट निस्कन थाले।

● सन् 1947 पछिका सशक्त निबन्धकारको रूपमा हाम्रा प्रतिभाहरू हुन् – इन्द्रबहादुर राई, नगेन्द्र  शर्मा, तारानाथ शर्मा, मनबहादुर प्रधान, नारायण तामाङ, गणेशलाल सुब्बा, जगत छेत्री, कुमार प्रधान, राजनारायण प्रधान,

● आफ्ना निबन्धहरूलाई सङ्गृहीत गरेर पुस्तकाकारमा प्रकाशित गर्ने निबन्धकारहरू हुन् – नगेन्द्र शर्मा, रामलाल अधिकारी, ईश्वर बल्लभ, शान्तिराज शर्मा, दिलबहादुर नेवार, कृष्ण प्रसाद ज्ञवाली, कमला सांस्कृत्यान, डिल्लीराम तिमसिना,

● पारसमणि प्रधान भारतीय नेपाली जाति र समाजको निम्ति एक त्यस्तो व्यक्तित्व मान्न सकिन्छ, जसबाट नेपाली भाषा, साहित्य र शिक्षाको पर्यावलोकन गर्न सकिन्छ।

● सन् 1956 / 57 मा साहित्यिक जगतमा प्रवेश गर्ने प्रतिष्ठित साहित्यिक राजनारायण प्रधानको 'फिचर' लेखन कलाले सबैको ध्यान आकर्षित गरेको थियो।

● साहित्यका विविध विधामा कलम चलाउने तर निबन्धमा प्रतिभाको चमत्कार देखाउने रामलाल अधिकारीको पहिलो निबन्ध सङ्गालो हो – 'भोकाएको कुकुर के भन्छ?' (सन् 1962)। यसपछि लेखेका प्रायः एक दर्जन निबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन्।

● वरिष्ठ समालोचक घनश्याम नेपाल अनुसार- 'समसमयिक प्रसङ्गलाई आलोचनात्मक ढङ्गसित आत्मपरकताको चास्नीमा चोबेर कतै सलामी पर्दै केही ठोको इतिबृत्तको आढमा त कतै वर्णात्मक तटस्थतासित तर्कपूर्ण ढङ्गले प्रस्तुत गर्नमा निबन्धकार अधिकारीको आफ्नै विशिष्टता छ।

● निबन्धकार आच्छा राई रसिक सम सामयिक यथार्थ चित्रणमा लक्ष्मीप्रसाद देवकोटाका नजिक छने भने बौद्धिकताका दृष्टिले बालकृष्ण समका छेउ रहेका छन्। यस्तै गरेर चिन्तनका दृष्टिकोँणले हृदयचन्द्र सिंह प्रधानका नजिक रहेका छन्।

● भारतका शीर्षस्थ कथाकार र समालोचक इन्द्रबहादुर राईलाई वरिष्ठ निबन्धकारको रूपमा चिन्हाउने प्रशस्त 'भारती', 'हाम्रो कथा', 'ऐना', 'दीयो', 'घाँसी' आदि पत्र पत्रिकाहरूतिर प्रकाशित भएका छन्।

● एक दर्जन अधिक यिनका निबन्धहरूमध्ये केही प्रसिद्ध छन् – 'मेरो जन्म', 'मृतहरूको बीच', 'सौद्धै सौद्धै जीवनसम्म', 'चाखलाग्दो हुनु कसरी', 'आधुनिक शिक्षक' आदि।

- एम. ए. बी. एल. सम्मको उच्च शिक्षा - प्राप्त नगेन्द्र शर्मा निबन्ध साहित्यका वरिष्ठ स्तम्भ हुन्। यिनको पन्ध्रवटा निबन्धहरूको सङ्गालो 'नगेन्द्रका निबन्ध' सन् 1968 मा प्रकाशित भएको थाहा पाइन्छ।

- कवि ईश्वर बल्लभ कहिले कथाकार, कहिले नाटककार र कहीं निबन्धकारको रूपमा देखा परेका छन्। सन् 1947 मा प्रकाशित पुस्तक 'केही भूमिकाहरू'मा केही आत्मपरक निबन्धहरू पनि संलग्न छन्।

- निबन्धको क्षेत्रमा शान्तिराज शर्माको प्रखर कलमबाट उज्यालो भविष्यको सङ्केत पाएका हौं प्रारम्भमा। हाल यिनको कलममा शिथिलता आएको बोध हुन्छ। सन् 1972 तिरै एउटा निबन्ध संग्रह 'दार्जीलिङ र सेरोफेरो' प्रकाशित गरेका थिए। यस संग्रहमा 11 वटा निबन्धहरू छन्।

- हाल केही वर्षदेखि शिलाङ्गवासी दिलबहादुर नेवारले देखाएका साहित्यिक जागरकको फलस्वरूप हामीले केही नयाँ-नयाँ कृतिहरू पाएका छौं। 'सुमन' साहित्यिक पत्रिकाका प्रकाशकको रूपमा चिनिएका दिलबहादुर नेवार यही पत्रिकामार्फत् निबन्धकारको रूपमा देखा परेका हुन्।

- कृष्णप्रसाद ज्ञवाली मूलत कवि हुन्। यद्यपि निबन्ध क्षेत्रमा पनि कहिले काहीं कलम चलाउने ज्ञवालीका निबन्धहरू भारती, दियालो, उदय, उषा, धरती, आशा, गोर्खापत्र आदि पत्रपत्रिकाहरूमा प्रकाशित छन्।

- विदुशी महिला डा. कमला सांस्कृत्यायनको साहित्य सेवा स्तुत्य छ। राहुल लाइब्ररीको भव्य कक्षमा बसेर गरेका प्रचुर अध्ययनको परिचायक यिनका सामीक्षात्मक लेख र निबन्धहरू छन्। सन् 1981 मा प्रकाशित यिनको 14 वटा निबन्धहरूमा भानुभक्त, तुलसीदास, कालिदास, भाषा र साहित्य सम्बन्धित छन्।

● विद्वान डिल्लीराम तिमसिना कविता क्षेत्रमा मात्र सीमित नरही समीक्षा र निबन्धतिर पनि लम्केको प्रमाण 'प्रबन्धलता', 'बनारसको चिट्ठी' र 'बसिबियालो' नामक लेख र निबन्धका पुस्तकहरू छन्।

● अन्यान्य विधाहरूसहित निबन्धलाई पनि आफ्नो अभिव्यक्तिको माध्यम बनाउने जगत छेत्रीका विभिन्न विषयका पत्र-पत्रिकाहरूमा प्रकाशित निबन्धहरूबाहेक विद्यार्थीहरूका निम्ति एक सङ्ग्रह 'निबन्ध-जगत' प्रकाशित भएको छ।

● चित्रकार टीकाप्रसाद राईका भाषा, साहित्य, भूगोल, विज्ञान र संस्कृति विषयका निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूतिर प्रकाशित भएका छन्। यीमध्ये केही निबन्धहरूका दुइवटा सङ्कलन 'हाम्र संस्कृतिका कुराहरू' र 'भाषा र संस्कृतिको परम्परा' प्रकाशित भएका छन्।

● लगनशील लेखन आर.पी. लामाका तीनवटा कृतिहरू आज साहित्यिक अवदानस्वरूप हाम्रा समक्ष छन् : स्मृतिमा (कविता सङ्कलन), हाम्रो पञ्चायत (नाटक) र रेडियो वार्ताहरू। सन् 1957 तिरै आफ्ना कविता 'भारती' पत्रिकामा प्रकाशित गरिसकेका आर.पी. लामाका निबन्धको प्रमुख विषय 'नेपाली संस्कृति' हो।

● सिक्किम प्रान्तको साहित्यिक क्षेत्रको प्रमुख प्रतिनिधि कवि केदार गुरुङको एक निबन्ध-सङ्ग्रह 'आफ्नै पक्षहरू' यसै वर्ष सन् 1982 मा प्रकाशित भएको छ।

● हाल आसामावासी भएर साहित्यको सेवामा तत्परतासाथ अग्रसर बग्ने बी.एम. प्रधानका तीन कृतिहरू 'कविता संगम' (संयुक्त कवि), अर्घेलो (कथा सङ्ग्रह) र गोर्खाली कि नेपाली (निबन्ध) हाम्रा समक्षमा छन्।

- समर्थ कथाकार घिसिङका विभिन्न निबन्ध र शोधपूर्ण लेखहरू समय समयमा पत्रपत्रिकाहरूमा छापिरहेका छन्, जस्तै 'धामी-झाक्री परम्परा मिथ्यावाद : कि प्राचीन मनोविज्ञान',

- नेपाली साहित्यको एक वरिष्ठ स्तम्भ कुमार प्रधानका ऐतिहासिक लेखहरू प्रशस्त मात्रामा पत्रपत्रिकातिर प्रकाशित भएका छन्। यिनी मूलत इतिहासकार हुन्। 'जालोमा पटेटिएको ताज' यिनको उत्कृष्ट निबन्ध हो।

- अन्यान्य साहित्यव्रती लीलबहादुर क्षत्रीले सन् 1948 देखि प्रवेश गरेर साहित्यका सबै विधाहरूमा समान्तर कलम चलाएको देखिन्छ। निबन्ध विधामा पनि यिनको विशेष योगदान छ। यिनको निबन्ध कृति रूपमा 'आसाममा नेपाली भाषा र त्यसको साह्रो गाह्रो' (पुस्तिका सन् 1961) मा प्रकाशित भएको छ।

- नेपाली संस्कृति, भाषा र खाद्य पदार्थ विषयमा जनदूत, दियालो आदि पत्रपत्रिकामा कलम चलाउने विष्णुराम राई एकजना हुन्। यिनका निबन्धहरूमध्ये 'हाम्रो राष्ट्रिय चाड़ र सयपत्री फूल' र 'मादले भेना' प्रमुख हुन्।

- नारी लेखिकाहरूमध्ये नेपाली साहित्यको दीर्घकालीन सेवा गर्ने विदूषी महिला हुन् – सूर्यकला थापा। भाषा, साहित्य र शिक्षा जस्ता प्रमुख विषयलाई लिएर यिनले कैयौं लेख र निबन्धहरू पत्रपत्रिकामा प्रकाशित गरेका छन्।

- तिलक राईको कलमले हास्य निबन्धमा सफलता पाएको छ। कुनै पनि विषय वस्तुलाई लिएर हास्यको कुट भरी व्यङ्ग्य प्रहार गर्ने सुदक्ष तिलक राईको भाषा र शैली सरल र प्रभावोत्पादक हुन्छ। यिनका केही हास्य

निबन्धमा शीर्षक यस्ता छन् – 'तालु', 'नाक', 'गाँड़', 'संसारका पुड्केहरू' आदि।

• हास्य कथाकार प्रेम थापाका हास्य निबन्धहरू 'दाह्री – जुँघा', 'गुरु', 'बाबु-आमा', 'हाय रे टुपी !, वाह रे तालु', 'नाइटो' आदि 'गोर्खा', 'भारती', 'पूर्णिमा' आदि पत्रिकाहरूमा प्रकाशित छन्। हास्य साहित्यका सफल कलाकार प्रेम थापाको विश्रान्तीले ठूलो क्षति पुर्‍याएको छ।

• फटिकधर शर्मा नेपाली हास्य निबन्ध जगतका एक आसा लाग्दा प्रतिभा थिए, यिनका प्रकाशित केही निबन्ध हुन् – म जुत्ता लाउँदिन, म जुत्ता लाउँछु, अनुहार ऐनामा हेर्दा, जुँघा इत्यादि।

• युवा प्रतिभामा आर. मोक्तानले निबन्धलाई आफ्ना अभिव्यक्तिको माध्यम बनाएर यो बाँझो विधालाई उर्वरित बनाउन आफ्ना श्रम दिएका छन्। उनी हनुमान, हामी शिखण्डी, स्वास्नी कस्तो रोज्नुपर्छ, लोग्ने मूर्ख कि स्वास्नी?, साह्रो न साह्रोको प्रसंगमा जस्ता निबन्धमा निबन्धकार आर. मोक्तानले आफ्नो निबन्धआत्याक शिल्पकला र तार्किकता उदभासित गरेका छन्।

• प्रसिद्ध अनुवादक र मार्क्सवादी अध्येय बद्रीनारायण प्रधानका जीवनीमूलक र सैद्धान्तिक निबन्ध गोर्खा, भारती, अग्रदूत, छाल आदि पत्रपत्रिकामा प्रकाशित छन्।

• सबल कथाकार र नाटककार नन्द हाङखिम कुशल निबन्धकार पनि हुन्। घर, पानी जस्ता साधरण विषयलाई पनि आफ्ना प्रखर चिन्तनले गम्भीरतापूर्वक विश्लेषण गर्दै राजनैतिक, आर्थिक र वैज्ञानिक तथ्यसँग दार्शनिक दृष्टि दिन सक्नु नन्द हाङखिमको निबन्धात्मक कलाकारिता हो।

● आइ. के. सिंहले पनि जुँघा, हाम्रा बाबुनीहरू जस्ता दरिला निबन्धहरू लेखेर आफ्नो निबन्धकार व्यक्तित्वको निर्माण गरेका

● दिलप्रसाद राणा पनि यस क्षेत्रका एक उत्साही युवा हुन्। यिनको प्रकाशोन्मुख कृति हो – 'हाम्रो लोक संस्कृति र साहित्य'। नेपाली लोकगीत, संस्कृति विषयक केही निबन्धहरू पत्रपत्रिकामा देखिएका छन्।

● नवयुवक निबन्धकारमध्ये प्रेम प्रधानको व्यक्तिपूर्ण कलमले विशेष स्थान पाएको छ। विज्ञान सम्बन्धी दर्जनौं निबन्धहरू पत्रपत्रिकामा प्रकाशित छन्। विजय खरेलका निबन्धहरू प्रगतिवादी पक्षका हुन्छन्।

● हस्त नेचालीका कलम कविता, निबन्ध र आलोचना क्षेत्रमा अग्रगामी छ।

● डुवर्सवासी एम.एन. छेत्रीलाई नेपाली साहित्यको निबन्ध विधामा उल्लेख गरिएन भने ठूलो अन्याय हुन्छ। सन् 1953 देखि कथा र कवितालाई अभिव्यक्तिको माध्यम बनाएर आएका एस. एन. प्रधानका सरल, सरस र शिक्षाप्रद निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन्।

● हरिश बजनका बेटुंगा कुराहरू शीर्षक निबन्धहरू आत्मपरक र संस्मरणात्मक छन्। प्रस्तुतिको मौलिक प्रयोग र भाषाशैलीको रोचकताले यी निबन्धहरू खुबै लोकप्रिय भएका छन्।

● आसामका अन्यतम साहित्यप्रेमी के.बी. नेपालीले 'बिन्दु' पत्रिका प्रकाशनसँगै कथा, कविता, उपन्यास र निबन्धमा महत्त्वपूर्ण योगदान दिएका छन्।

## 11.5 अनुशीलनी

(1) नेपाली गद्यलेखन इतिहासको आदि स्रोतबारे चर्चा गर्नुहोस्।

(2) भारतीय नेपाली निबन्ध लेखन परम्परामाथि विवेचना गर्नुहोस्।

(3) भारतीय नेपाली गद्य लेखन परम्परामा पारसमणि प्रधाको योगदनको चर्चा गर्नुहोस्।

(4) भारतीय निबन्ध लेखन परम्परामा रामलाल अधिकारीको भूमिकाबारे प्रकाश पार्नुहोस्।

(5) भारतीय निबन्ध लेखनको विकासमा आच्छा राई 'रसिक' ले पुर्याएको योगदानबारे खुलस्त चर्चा गर्नुहोस्।

## 11.6 अतिरिक्त अध्ययन

1 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे,
सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**
2 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**
3 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**
4 – रत्नध्वज जोशी **आधुनिक नेपाली साहित्यको झलक**
5 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**
6 - प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**
7 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**
8 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**
9 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

10 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

# 11.7 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

७. नेपाली गद्य लेखनको आदि स्रोत।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 11.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. भारतीय नेपाली निबन्ध लेखन परम्परा।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 11.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. गद्य लेखनको विकासमा पारसमणि प्रधानको योगदान।

..........................................................................................

..........................................................................................

............................................................................................

..........................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 11.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. निबन्धकार रामलाल अधिकारी।

............................................................................................

............................................................................................

............................................................................................

..........................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 11.4.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निबन्धकार आच्छा राई 'रसिक'।

............................................................................................

............................................................................................

............................................................................................

..........................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 11.4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 12, नेपाली निबन्ध लेखन परम्परामा पत्र – पत्रिकाको योगदान

12.0 उद्देश्य

12.1 परिचय

12.2 नेपाली निबन्ध लेखन परम्परामा पत्र-पत्रिकाको योगदान

12.3 उपसंहार

12.4 सार

12.5 अनुशीलनी

12.6 अतिरिक्त अध्ययन

12.7 मुल्यबृद्धिका निम्ति उत्तर

## 12.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नेपाली निबन्ध लेखन परम्परा
- नेपाली निबन्धको विकासमा विविध पत्र – पत्रिकाले पुर्याएको योगदान

## 12.1 परिचय

नेपाली साहित्यको अन्य विधाले पत्र – पत्रिकाको माध्यम विकासको मार्गमा अघि बढने मौका पाए झैं निबन्ध विधाले पनि समय- समयमा नेपालतिरबाट तथा समग्र भारतीय मूलका दार्जीलिङ, वनारस, असम, देहरादून, भाग्सु, सिक्किम, कालेबुङ, खर्साङ लगायत अन्य विभिन्न क्षेत्रहरूबाट प्रकाशित हुने विविध पत्र-पत्रिकाहरूको प्रकाशनको टेवामा मौलाउने र फस्टाउने सुयोग प्राप्त गरेको देखिन्छ। अतः विश्व निबन्ध लेखनको नयाँ नयाँ प्रविधिहरूलाई पछ्याउँदै नेपाली निबन्ध लेखनको दिशामा दिन रात सक्रीय रहने नेपाली निबन्धकारहरूलाई पत्र – पत्रिकाहरूको प्रकाशनले ठुलै ऊर्जा प्राप्त हुन पुगेको बुझिन्छ।

## 12.2 नेपाली निबन्ध लेखन परम्परामा पत्र-पत्रिकाको योगदान

समूल नेपाली निबन्ध लेखन परम्पराको परिचयात्मक मुख्य स्रोत पृथ्वी नारायणको 'दिव्योपदेश' लाई मान्नु पर्ने हुन्छ, अनि 'शारदा' को प्रकाशनसितै नेपाली निबन्धलेखनमा आधुनिकता भित्रिएको थाहा लाग्छ। यसरी नै गोर्खापत्रको भूमिका पनि यस दिशामा अतुल्यनीय रहेको पाइन्छ। अर्कोतिर भारतीय नेपाली निबन्ध साहित्यको इतिहासको सन्दर्भमा भने सन् 1947 को भारत-स्वतन्त्र र सन् 1950 को नेपालमा राणा शासनको उन्मूलनले नयाँ चेतना र विचारको फैलाई ठूलो अवदान गरेको कुरालाई लत्याउन सकिन्न। अझ सम्पूर्ण अखिल भारतीय गोर्खालीगको स्थापनाले ल्याएको जनचेतनाको प्रतिनिधित्व गर्न सन् 1945 मै 'गोर्खा' को प्रकाशन शुरु भइसकेको थियो। त्यसरी 'गोर्खा' को प्रकाशनपछि सामाजिक सुधार र राजनैतिक विषयका लेखहरू भटाभट

निस्कन थाले। अझ सन् 1948 मा 'युगवाणी' सन् 1949 मा 'भारती', 'हिमाद्रि' (आसाम) 'हाम्रो कथा', 'साथी', 'प्रभात', 'स्वतन्त्र नेपाली' (देहरादून) 'अग्रदूत', 'जागृत गोर्खा' (देहरादून), 'दीयो', 'जनदूत', 'गोरेटो', 'साहित्य-संगम', 'दियालो', 'हाम्रो संसार', 'आमा', 'सुमन', 'मालिंगो', 'हाम्रो संकेत', 'हिमालोक', 'खोजी', 'अस्तित्व', 'मादल', 'पूर्णिमा', 'सयपत्री पश्चिम बंगाल', 'अकादमी पत्रिका' आदि पत्रिकाहरूको प्रकाशनले ट्यासिएको नेपाली साहित्यले विकसित भएर फुल्न र फल्न सकेका देख्छौं। नेपाली कथा र कविता विधालाई उन्नत र हराभरा बनाउनमा नेपाली प्रतिभाहरूले जे-जति सहयोगदान गरे निबन्ध साहित्यले त्यो योगदान पाउन सकेन। उता नेपालमा निबन्ध धरतीलाई उकेरा लगाउन बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, शंकर लामिछाने, ताना शर्मा, बालकृष्ण पोखरेल आदि सशक्त महान विभूतिहरू अग्रसर भए थोरै समयमा उर्वरीत पारे भने निबन्ध क्षेत्रमा अगुवा नै भएर पनि भारतीय निबन्ध साहित्य भने जस्तो मौलाउन सकेन। सन् 1947 पछिका सशक्त निबन्धकारको रूपमा हाम्रा प्रतिभाहरू हुन् – इन्द्र बहादुर राई, नगेन्द्र शर्मा, तारानाथ शर्मा, मनबहादुर प्रधान, नारायण तामाङ, गणेशलाल सुब्बा, जगत छेत्री, कुमार प्रधान, राजनारायण प्रधान, नन्द हाङखिम गाब्रियल राणा, डिल्लीराम तिमसिना, शान्तिराज शर्मा, गुमानसिंह चामलिङ, सूर्यकला थापा, कमला सांस्कृत्याय, फटिकधर ब्राह्मण, टीका प्रसाद राई, बाबुलाल प्रधान, प्रेम प्रधान, रामलाल अधिकारी, तिलक राई, सानुभाइ शर्मा, दिलप्रसाद राणा, आइ. के. सिंह, गोकुल सिन्हा, हस्त नेचाली, दिनेश कुमार खालिङ, धर्मराज बमजन, कुमार घिसिङ, के. राज सिंह, ग्याल्पो लामा, जस योञ्जन प्यासी, रूपराम देवान, बी. योञ्जन, विष्णुराम राई, अगमसिंह गिरी, आर मोक्तान, एस.एन. छेत्री, शरद छेत्री,

एन.बी. भण्डारी, दिलबहादुर नेवार, कृष्णप्रसाद ज्ञवाली, रामचन्द्र जोशी, गुरुप्रसाद उपाध्याय, हरिश बमजन, मोदनाथ प्रश्रित, शान्ति देवी राई, श्याम 'लिवाङ', मनबहादुर मुखिया, प्रेम थापा, टी. मनेन, सी.डी. राई, प्रभावती रोका, हरिप्रसाद 'गोर्खा' राई, खिदमत सुब्बा, प्रभाकर गुरुङ, समीरण छेत्री, दुर्गा प्रसाद श्रेष्ठ, भरत यादव, अमृता देवी छेत्री, नीलम प्रधान, मनबहादुर गुरुङ, आर्नोल्डा रोगोंग, ईश्वर बल्लभ, टीकाराम शर्मा, दलसिंह 'अकेला', नरा गुरुङ, रत्न बान्त्वा, असीत राई, बद्रीनारायण प्रधान, डी.के. श्रेष्ठ, जीवन नाम्दुङ, हर्कबहादुर कुमाई, रामचन्द्र गिरी, उपरोक्त निबन्धकारहरूमध्ये आफ्ना निबन्धहरूलाई सङ्गृहीत गरेर पुस्तकाकारमा प्रकाशित गर्ने निबन्धकारहरू हुन् – नगेन्द्र शर्मा, रामलाल अधिकारी, ईश्वर बल्लभ, शान्तिराज शर्मा, दिलबहादुर नेवार, कृष्ण प्रसाद ज्ञवाली, कमला सांस्कृत्यान, डिल्लीराम तिमसिना, जगत छेत्री, डा. बी. पी. राई, टीकाप्रसाद राई, राजनारायण प्रधान, आर.पी. लामा, केदार गुरुङ, बी. एम. प्रधान आदि।

नेपाली निबन्धको विकासका सन्दर्भमा भारतीय मूलको दार्जीलिङ क्षेत्रबाट प्रकाशित हुने पत्र-पत्रिकाको योगदानको यथोचित मूल्याङ्कन गर्नु निकै गाह्रो रहेको बुझिन्छ। तथापि सन् 1901 मा सर्वप्रथम पाद्री गङ्गाप्रसाद प्रधानको 'गोर्खे खबर कागत' प्रकाशित हुन थालेपश्चात् प्रायः एक शताब्दीको अवधिभित्र असङ्ख्य नेपाली साहित्यिक पत्रिकाहरू प्रकाशित भएका छन् र तीमध्ये धेरै पत्रिकाहरूको अहिले अस्तित्व नरहनु स्वाभाविक नै हो। तथापि नेपाली पत्रपत्रिकासम्बन्धी विस्तृत जानकारीका निम्ति (क) भारतमा नेपाली पत्र-पत्रिकाको अट्टासियौँ वर्ष – लक्खीदेवी सुन्दास – अकादमी निबन्धावली, नेपाली अकादमी, उत्तरबङ्ग विश्वविद्यालय, प्रथम संस्करण 1976, तथा (ख) भारतेली नेपाली पत्र-

पत्रिकाको शताब्दी लेखक हीरा छेत्री, शिवानी प्रकाशन, रम्फू सिक्किम, प्रथम संस्करण 1993, गोर्खे खबर कागत, दिसम्बर 1901, पाद्री गङ्गाप्रसाद प्रधान, दार्जीलिङ, चन्द्रिका, जनवरी 1918, पारसमणि प्रधान, खरसाङ, आदर्श, जनवरी 1930, शेणमणि प्रधान, कालिम्पोङ, नेपाली साहित्य सम्मेलन पत्रिका, दिसम्बर 1932, पद्मप्रसाद प्रधान, दार्जीलिङ, गोर्खाली रवि, दिसम्बर 1933, अगमसिंह गिरी, दार्जीलिङ, नेबुला, फरवरी 1935, के. डी. प्रधान, कालिम्पोङ, गाउँ सुधार पत्रिका, जून 1939, शेषमणि प्रधान, कालिम्पोङ, खोजी, सेप्टेम्बर 1940, रूपनारायण सिन्हा, दार्जीलिङ, गोर्खा, जनवरी 1945, गोर्खालीग रा. द. कालिम्पोङ, पुकार, फरवरी 1948, नरेन्द्र प्रसाद कुमाई, कालिम्पोङ, भारती, जून 1949, पारसमणि प्रधान, दार्जीलिङ, साथी, जुलाई 1949, थियोडर मनेन, दार्जीलिङ, हाम्रो कथा, सेप्टेम्बर 1949 कमलकुमार शर्मा इ. दार्जीलिङ, शिक्षा (प्रथम बाल पत्रिका), नोभेम्बर 1949, सुश्री सुनकेशरी प्रधान, दार्जीलिङ, हिमाल किशोर (प्रथम बाल पत्रिका), मार्च 1951, सुश्री देवकुमारी सिन्हा, दार्जीलिङ, आदर्श, जून 1952, देवदास राई, दार्जीलिङ, नयाँ बाटो, 1952, हायमनदास राई, कालिम्पोङ, कमल, जून 1953, अमृता देवी छेत्री, दार्जीलिङ, नवप्रभात, जनवरी 1954, सानुमती राई, कालिम्पोङ, सुस्केरा, जनवरी 1954, वीरेन्द्र सुब्बा, दार्जीलिङ, अञ्जलि, नोभेम्बर 1954, अग्निराज श्रेष्ठ, दार्जीलिङ, किरण, नोभेम्बर 1956, नन्दकुमार कुमाई, दीयो, मई 1956, ऐना, नोभेम्बर 1956, महानन्द सुब्बा, दार्जीलिङ, जनदूत, नोभेम्बर 1957, आर्य समाज, दार्जीलिङ, पूर्णिमा, नोभेम्बर 1958, सुश्री नरा गुरुङ, दार्जीलिङ, साहित्य संगम, जुलाई 1959, पी. आर. प्रधान, कालिम्पोङ, फूल-पात पतकर, जून 1959 ईश्वरबल्लभ, दार्जीलिङ, शान्ति, जनवरी 1962, गुमानसिंह चामलिङ,

दार्जीलिङ, मुङ्ग्रो, अक्टोबर 1962 अर्जुनकुमार प्रधान, दार्जीलिङ, प्रतिध्वनि, अक्टोबर 1963, गुमानसिंह चामलिङ, दार्जीलिङ, तेस्रो आयाम, मई 1963, तिलविक्रम नेम्वाङ, दार्जीलिङ, पाहाड़ी खोला, मई 1963, कुमार घिसिङ, सोनादा, संसार, सेप्टेम्बर 1963, सम्पादक वर्ग, घूम, मालिङ्गो, जुलाई 1964, कुमार प्रधान, दार्जीलिङ, भालेको डाक, सेप्टेम्बर 1964, नगेन्द्रबहादुर थापा, दार्जीलिङ, संगम, दिसम्बर 1965, नरबहादुर दाहाल, कालिम्पोङ, धूवाँ, दिसम्बर 1965, सुवास घिसिङ, दार्जीलिङ, सङ्केत, अक्टोबर 1966, ने .सा. अ. समिति, कालिम्पोङ, रागिनी (संगीतप्रधान), दिसम्बर 1966, बलु बराइली, लेबोङ, सागर, मार्च 1967, असीत राई, तीनधारे, शिक्षक हितैषी, 1967, लक्ष्मी कालीकोटे, दार्जीलिङ, कोसेली, जुलाई 1968, काजी प्रधान, खरसाङ, हिमालोक, अक्टोबर 1968, भरत यादव, दार्जीलिङ, बाँसघारी, 1968, रामकुमार सुब्बा, रिङटाङ, गुनासो, मार्च 1969, जस योञ्जन प्यासी, दार्जीलिङ, गुञ्जन, मार्च 1969, कमल राई, दार्जीलिङ, वसुन्धरा, 1969, प्रकाश श्रेष्ठ, कालिम्पोङ, झरना, पासाङ दोर्जी, कालिम्पोङ, रोशनी, नोभेम्बर 1969, मदनकुमार ओझा, नागरी, संगीता (संगीतप्रधान), नोभेम्बर 1969, बलु बराइली, लेबोङ, झटारो, मई 1960, नरवीर लक्सम, दार्जीलिङ, सेवन, 1970, श्याम पुरी, दार्जीलिङ, आशिष, 1970, पूर्ण वान्तवा, मिरिक, प्रतिनिधि, अगस्त 1970, नरबहादुर दाहाल, कालिम्पोङ, पछ्यौरी, अक्टोबर 1970, सूर्यकुमार सुब्बा, दार्जीलिङ, गुनासो, अक्टोबर 1970, भीम थापा, दार्जीलिङ, झिल्का, 1969, समीरण प्रियदर्शी, दार्जीलिङ, शावक, 1970, तुलसी भट्टराई, तीनधारे, सगुन, जनवरी 1970, अर्जुन कुमार प्रधान, बौलाहा, 1970, दलसिंह अकेला, दार्जीलिङ, मुना, 1970, भक्तराज मादेन, कालिम्पोङ, घुम्टो, जून 1970, लक्ष्मण श्रीमल, खरसाङ, उत्साह,

नोभेम्बर 1970, प्रताप राई प्रेरित, घूम, झिलिमिली, 1970, बी.के. रोङगोङ, कालिम्पोङ, गुहार, जनवरी 1971, बुद्धकुमार मोक्तान, गेल, बाबरी, जनवरी 1971, नरवीर लक्सम, दार्जीलिङ, पाइलो, जनवरी 1971, ए.एम. लामा, दार्जीलिङ, श्रमिक, सेप्टेम्बर 1971, प्रेम थापा, खरसाङ, ने. भाषा (भाषाप्रधान), अक्टोबर 1971, प्रो. प्रेम शेर्पा बिरोकी, दार्जीलिङ, मुरली, नोभेम्बर 1971, मोहन दुखुन, कालिम्पोङ, जनमत (कांग्रसी), फरवरी 1972, प्रो. नरनाथ मुखिया, खरसाङ, जूनकिरी, जुलाई 1972, एच. बी. सुञ्चिउरी, पराग, सीबी सुञ्जिउरी, कोपिला, मारसेल बेण्डिक, सिंहमारी, अभियान, गणेशकुमार प्रधान, सोनादा, जागरण, चन्द्र बानुछा, टर्जम, चौबन्दी, प्रकाश राणा, कालिम्पोङ, जोइटिंग्रे (हास्यप्रधान), सहदेव प्रधान, खरसाङ, नमस्ते (हास्यप्रधान) कृ. बु. संयमी, कालिम्पोङ, संग्राम (निर्दलीय), शान्तिराज शर्मा, खरसाङ, हाम्रो सानु पत्रिका (गोजिका), नरदेन रूम्बा, दार्जीलिङ, युवा, शिव रैका, खरसाङ, मखमली, नगेन्द्र प्रधान, सेलिम्पोङ, बैंशालु, जीत रैका, दार्जीलिङ, गुञ्जन, असीत राई, तीनधारे, कुतकुती (हास्यव्यङ्ग्य), गोविन्द शर्मा, दार्जीलिङ, चियाबारी, नोभेम्बर 1972, कुमार रसाइली, मिरिक, चेतन (प्रथम अंक गोजिका) एप्रिल 1973, मोहन ठकुरी, मङ्पू, अञ्जुली, मई 1973, आर्नोल्ड रोङगोङ, दार्जीलिङ, बिरूवा, जुलाई 1973, दिल लकाई, गोपालधारा, पाइलो, जुलाई 1973, नीलम प्रधान, कालिम्पोङ, देवराली, जुलाई 1973, सम्पादकगण, पचेङबजार, पागल, अगस्त 1973, बिरही काइँला थर्बू, अँगालो, अगस्त 1973, कौशल्य गिरी, दार्जीलिङ, हिमाली (बालपत्रिका), अक्टोबर 1973, चन्द्र शर्मा, दार्जीलिङ, स्मृति, नोभेम्बर 1973, भीमबहादुर सुब्बा, पान्दाम, ज्वालामुखी, 1973, कृ. बु. संयमी, कालिम्पोङ, प्रेरणा, 1973, छिरिङ पोञ्जो, घूम, सम्झना, 1973, दलसिंह अकेला, दार्जीलिङ,

समवेदना, 1973, पेमा व्यथित, युग, 1974, उमेश गौतम, सौरेनी, अट्टहास (हास्य) 1974, गोविन्द शर्मा, दार्जीलिङ, सारङ्गी, 1974, वीरबहादुर ठकुरी, दार्जीलिङ, टोकरी, अक्टोबर 1974, कमलप्रकाश राई, दार्जीलिङ, हरियाली, जनवरी 1974, लाललामिछाने, लेबोंग, उल्का (हास्यप्रधान), भीमबहादुर सुब्बा, सञ्चै छ? (हास्यप्रधान), प्रकाश राणा, कालिम्पोङ, उत्ताउलो (हास्यप्रधान) देवकुमार मुखिया, दार्जीलिङ, बाछिटा, वासुदेव बस्नेत, कालिम्पोङ आदि आदि पत्र – पत्रिकाहरूको प्रकाशक र प्रकाशनले पुर्याएको योगदान नेपाली निबन्धको विकास परम्परामा प्रातः स्मरणीय रहेको बुझिन्छ। अझ निम्नलिखित केही विशेष पत्रिकाहरूको यथासम्भव संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ।

## 12.2.1 चन्द्रिका

नेपाली निबन्ध साहित्यको इतिहासमा 'चन्द्रिका' मासिक पत्रिकाको स्थान सर्वापेक्षा महत्त्वपूर्ण छ। सर्वप्रथम नेपाली निबन्ध यसैमा प्रकाशित भएकोले मात्रै यसो भनिएको होइन। खरसाङको हरि प्रिण्टिङ प्रेसबाट श्री पारसमणि प्रधानको सम्पादनमा जनवरी सन् 1918 देखि चन्द्रिका प्रकाशित हुनुभन्दा पहिले दार्जीलिङबाट एउटै पनि साहित्यिक पत्रिका प्रकाशित भएको थिएन भन्दा पनि हुन्छ। चन्द्रिकाभन्दा पहिलेद्खि नै प्रकाशित हुन थालेको गोर्खे खबर कागत थियो तर यो कागत पाद्री गंगाप्रसाद प्रधानको सम्पादनमा ईसाई धर्म प्रचारसम्बन्धी नै धेर सजग भएकोले यसको प्रकाशनको तीस वर्षीय दीर्घ अवधि (सन् 1901 दिसम्बरदेखि जून 1930) मा यसले नेपाली समाजमा जति योगदान दिएको छ त्यसको धैरै गुणा बेसी योगदान प्रायः दुई वर्ष पनि प्रकाशन कायम नरहेको (जनवरी 1918 देखि अगस्त 1919) चन्द्रिकाले दिएको छ

भन्नमा अवश्य दुइ मत हुनेछैन। यसै पनि चन्द्रिका सम्पादन गर्दा श्री पारसमणि प्रधानले धेरैवटा विकट र जटिल परिस्थितिहरूको सामना गर्नुपरेको थियो। प्रथमतः यसलाई हियाउने र नीच देखाउन खोज्नेहरूको संख्या पनि कम्ती थिएन। तीमध्ये स्व. पाद्री गंगाप्रसाद प्रधानकै गोर्खे खबर कागतमा प्रकाशित निम्न उक्तिलाई लिन सकिन्छ, ...... "तल खरसाङमा पनि यस सालदेखि गोर्खाहरूले मिलि काशी भाषे बोला मां चन्द्रिका भन्ने मासिक पत्र निकाल्ये त्यो कागत परनु र बुझ्नुलाई संसकृत परि लानु पर्ये पनि हामि गोर्खाहरू खुशी नै छौं।" यसरी काशी भाषे बोली-को लाञ्छना र नेपाली भाषालाई बोली मात्रमा दहर्याएका जस्ता अभियोगको वास्ता नराखी श्री पारसमणि प्रधान आफ्नू लक्ष्यमा अघि बड्दै गइरहनुभएको थियो र पछि फेरि नेपाली साहित्यका सुप्रसिद्ध समालोचक डा. ईश्वर बरालले "चन्द्रिकालाई नेपालको चन्द्रशमसेरको कीर्ति फिँजाउने पत्रिका भन्ने आरोप पनि लाउनुभयो.......तर यी दुवै पत्रिका (चन्द्र र चन्द्रिका) नेपालका उन ताकका प्रधानमन्त्री चन्द्रशमशेरको कीर्ति चन्द्रिका फिँजाउने ध्यान्नतिरका नै थिए। यिनका सम्पादक चन्द्रशमशेरका कृपा कटाक्षमा हुर्किने दाउपेचमा थिए। (सयपत्रीको भूमिकाबाट)"। चन्द्र-का सम्पादक सम्बन्धी यसको जे जस्तो सम्बन्ध भए पनि चन्द्रिकाका सम्पादकमा आरोपित उपर्युक्त अभियोग निराधार थियो भन्ने लाग्छ। किनभने चन्द्रिकाका सम्पादक नेपालका नागरिक वा प्रवासी नेपालीसम्मै पनि नहुनु भएकोले नेपालका प्रधान मन्त्रीको गुणगान र प्रशंसा गरी आफ्नो स्वार्थ पटाउने मार्गतिर अग्रसर हुनुपर्ने कुनै बाध्यता देखिँदैन। द्वितीय चन्द्रिकामा प्रकाशित रचनाहरूमध्ये चन्द्रशमशेरको गुणगान गरिएका रचनाहरू प्रायः प्रकाशित भएका छैनन्। चन्द्रशमशेरको पक्ष लिएर लेखिएको एउटै रचना यसमा परेको छ सो पनि यसका

सम्पादकद्वारा होइन तर नेपालका नागरिक श्री अच्युतानन्द श्रेष्ठले कलकत्ताबाट लेख्नुभएको हो। तथापि यस्तो एउटै रचनाका आधारमा चन्द्रिकाको नीतिसम्बन्धी कुनै सिद्धान्त लिइहाल्नु अप्ठ्यारै पर्ने देखिन्छ किनभने चन्द्रशमशेरको पक्षमा उक्त एउटा रचना परेको भए पनि उनका विपक्षमा सूर्यविक्रम ज्ञवाली लिखित दान (चन्द्रिका 1 : 12) जस्ता रचना पनि यसमा प्रकाशित छन्।

भाषा र साहित्यको श्रीवृद्धिमा पद्यको भन्दा गद्यको भूमिका नै धेर महत्त्वपूर्ण हुन्छ भन्ने तथ्य जन्मजात पत्रकारको प्रतिभा सम्पन्न श्री पारसमणि प्रधानले हृदयाङ्गम गर्नुभएको थियो। तसर्थ नै चन्द्रिकामा पद्यभन्दा धेर गद्य रचनाहरू नै प्रकाशित भएका देखिन्छन्। गद्य रचनामध्ये पनि निबन्ध र प्रबन्धको जति महत्त्व कथाको नहुनाले यसमा धेरजसो कथा प्रकाशित भएका छैनन्। चन्द्रिमा सर्वप्रथम प्रकाशित कथा श्रीमती पार्वती देवी लिखित वकीलको भाग्य (चन्द्रिका 1 : 10)ले यस कुराको पुष्टि गर्छ।

चन्द्रिकाकालीन नेपाली साहित्यको रूप गद्य पद्य मिश्रित थियो। यस्ता गद्यका माझमाझमा पद्य पनि प्रयोग गर्ने लेखकहरूमध्ये आशु कवि शम्भुप्रसाद शर्मा (ढुङ्गेल)लाई देखिन्छ। तथापि बिस्तारै यो प्रथा पनि बन्द हुन थालेको चन्द्रिकामा स्पष्ट देखिन्छ। नेपाली साहित्यको सर्वप्रथम मौलिक निबन्धका सन्दर्भमा डा. ईश्वर बरालले चन्द्रिकामा प्रकाशित शम्भुप्रसाद शर्माका निबन्धलाई औंल्याउनुभएको छ... चन्द्रिकामा शम्भुप्रसाद ढुङ्गेलका दुई विवरणात्मक निबन्ध महेन्द्र मल्ली र जुनकीरी प्रकाशित भए। नेपाली साहित्यका सर्वथा मौलिक प्राथमिक निबन्ध यी नै हुन्। (सयपत्रीको भूमिकाबाट)

श्री ईश्वर बरालको उपर्युक्त कथनमा आंशिक सत्यता मात्र छ। कारण महेन्द्र मल्ली शीर्षक निबन्ध शम्भुप्रसाद शर्मा (ढुङ्गेल) को मौलिक निबन्ध चन्द्रिकाको वर्ष 2 अंक, 1, जनवरी 1919- मा प्रकाशित भएको भए पनि जुनकीरी चाहिँ शम्भुप्रसाद लिखित निबन्ध होइन। चन्द्रिका वर्ष 1 अंक 6 र 7 मा क्रमागत रूपमा प्रकाशित निबन्ध जुनकीरी बंकिमचन्द्र चट्टोपाध्यायको बंकिम रचनावली? बाट चन्द्रिकाका सम्पादक श्री पारसमणि प्रधानले मनुष्य खद्योत भन्ने छद्मनाममा अनुवाद गरेर प्रकाशित गर्नुभएको हो। अझ के पनि हो भने शम्भुप्रसाद शर्मालाई प्रथम नेपाली निबन्धकार मानेका खण्डमा पनि उहाँको महेन्द्र मल्ली भन्दा अघि नै प्रेम शीर्षक निबन्ध चन्द्रिकाको वर्ष 1, अंक 5 मा प्रकाशित भएको छ।

उपर्युक्त निबन्धहरूबाहेक पनि श्री मानबहादुर भट्ट लिखित गन्थन, मणिनारायण प्रधान, खरसाङद्वारा लिखित बैरिष्टर स्तोत्रपञ्चदशी (ब्यारिस्टरलाई व्यङ्ग्य गरी हास्यात्मक शैलीमा लेखिएको निबन्ध), सूर्यविक्रम ज्ञवाली लिखित कार्य गर्ने समय भो दान, रामचन्द्र उपाध्याय लिखित विद्या, प्रभाकर लिखित समझौटो, अज्ञात लेखकको गार्हस्थ्य जीवन, एक उत्सुक पथिक छद्मनाममा लिखित अबता लाज भयो, एक शेष छद्मनाममा लिखित धैर्य धारण गर, र कमला नेहरूद्वारा सम्पादित स्त्री दर्पण नामको हिन्दी पत्रिकाबाट संवाद शैलीहरूमा लेखिएको बिलायत यात्रा चन्द्रिकाको वर्ष – 2, अंक -1 देखि क्रमागत रूपमा प्रकाशित चन्द्रिकाकै सम्पादक श्री पारसमणि प्रधानद्वारा अनूदित निबन्ध पनि खूबै रोचक रहेका पाइन्छन्।

माथि भनिएझैं नै साहित्यका अन्य विधाद्वाराभन्दा निबन्ध प्रबन्ध विधाद्वारा समाजमा शीघ्रातिशीघ्र जागृति ल्याउन सकिने तथ्यसँग पूर्ण

जानकारी प्राप्त गर्नुभएको चन्द्रिकाका सम्पादक श्री पारसमणि प्रधानले चन्द्रिकालाई प्रबन्धप्रधान पत्रिका नै बनाउनुभएको थियो भन्ने कुरो निर्विवाद छ। उहाँ स्वयं पनि नेपाली साहित्यका निबन्ध र प्रबन्ध विधामा खूबै रुचि राख्ने हुनुहुन्थ्यो भन्ने कुरो उहाँले ठिटौले उमेरमा लेख्नुभएका सर्वप्रथम निबन्धहरू अध्यवसाय र विद्या (चन्द्रमा प्रकाशित मई, जून सन् 1915) द्वारा जानकारी प्राप्त हुन्छ। अतः प्रारम्भिक साहित्यिककालदेखि नै साहित्यिक प्रतिभासँगै भाषासेवीको र पत्रकारका प्रतिभाको सम्मिश्रण लिएर देखा पर्नुभएका डा. पारसमणि प्रधानले आफ्नू पत्रकारिताको पूर्ण कला कौशल भारती- मा पुगेर प्रकाश गर्नुभएको छ। उपर्युक्त तथ्यहरूका आधारमा निर्धक्क के भन्न सकिन्छ भने बंगला साहित्यबाट कविगुरु रवीन्द्रनाथलाई झिकिदिँदा र नेपाली साहित्यबाट बहुमुखी प्रतिभासम्पन्न देवकोटालाई झिकिदिँदा यी दुई साहित्यको जुन अपूर्ण अवस्था रहन्छ त्यसै गरी डा. पारसमणि प्रधानको अध्यवसाय र योगदानलाई वियोग गरेका खण्डमा भारतीय नेपाली निबन्ध लेखनको साहित्यको स्थिति पनि दुःखदायी रहन जान्छ।

## 12.2.2 दियालो

भारतीय नेपालीहरूका बीच साहित्य संस्कृति र कलाको विकास र संवर्द्धन गर्ने उद्देश्यले सन् 1924 मा दार्जीलिङमा नेपाली साहित्य सम्मेलन स्थापित भएपछि सन् 1932 देखि उक्त सम्मेलनको मुखपत्रको रूपमा नेपाली साहित्य सम्मेलन पत्रिका प्रकाशित हुनथाल्यो। परतन्त्र भारतका नेपालीहरू यसरी जागेको देखेर त्यसका दुइ वर्षपछि सन् 1934 देखि मैत्रै नेपालमा शारदा प्रकाशित हुन थालेको हो। नेपाली साहित्य सम्मेलन पत्रिकामा दार्जीलिङमा लेखिएका प्रारम्भिक कालका निबन्धहरूको रूप

पाइन्छ। यसरी प्रारम्भिक कालमा लेखिएका भए पनि तिनमा निबन्धहरूका गुणहरू परिपक्व थिए। उदाहरणका निम्ति पं. धरणीधर शर्मा लिखित साहित्य कुसुमाञ्जलि, रूपनारायण सिंह लिखित जातीय जीवनमा साहित्यको स्थान, हामीहरू औ हाम्रो भाषा, सूर्यविक्रम ज्ञवाली लिखित रसमय नेपाली जीवन स्मृतिमा, पारसमणि प्रधान लिखित मदौरू आमाको जोखना र खड्गबहादुर सिंह लिखित नेपाली भाषाप्रति कर्तव्य इत्यादिलाई लिन सकिन्छ। साहित्य सम्मेलन पत्रिकाले भाषा र जाति सुधारसम्बन्धी केही प्रबन्धहरू र विशेषगरि सम्मेलनकै कार्यसूचीहरूको विवरण मात्र प्रकाश गरी केही कालपछि नै लोप भएपछि सन् 1959 को नोभेम्बर महिनादेखि यसैका उत्तराधिकारीको रूपमा दियालोको जन्म भएको हो भन्ने कुरा तलको भनाइले स्पष्ट गर्छ,

"... वास्तवमा आज यो (दियालो) पुरानो माटोमा नै नयाँ टुसा हाली मौलाएको छ। यो नेपाली साहित्य सम्मेलन पत्रिकाकै नयाँ रूप हो। (दियालो, रुख – 1, हाँगो – 1 को सम्पादकीयबाट)।" दियालोको प्रकाशन आरम्भ हुनु केही अघि नै (15 सेप्टेम्बर 1959 राति 2 बजी) महाकवि लक्ष्मीप्रसाद देवकोटाको मृत्यु भएकाले दियालोको प्रथम हाँगो उहाँलाई नै समर्पण गरिएको पाइन्छ र अरू हाँगाहरूमा पनि प्रेरणा दिइरहने प्रार्थना गरिएको छ। त्रैमासिक अवधिमा प्रकाशित हुने दियालोको एक्काइसौँ हाँगोसम्म श्री इन्द्रबहादुर राईले सम्पादन गर्नुभएपछि जनवरी 1965 देखि प्रायः तीन वर्षको अवधिसम्म बन्द भई पछि जून 1968 देखि पुनः प्रकाशन आरम्भ भयो। अहिले यो मासिक रूपमा प्रकाशित हुन्छ र पचहत्तरौँ हाँगो निस्किसक्दा यसले निम्नलिखित निबन्धहरू हामीलाई दिइसकेको थाहा लाग्छ।

दियालोमा सर्वप्रथम प्रकाशित निबन्ध श्री विष्णुराम राई लिखित मादले भेना (दियालो रूख-1 हाँगो-2) हो। त्यसपछि हाँगो तीनमा प्रकाशित मेरो छत्तीस घण्टाको यात्रा शीर्षक श्री बी.पी. शर्माको यात्रा संस्मरणात्मक निबन्धमा दमदमदेखि बेलायतसम्मको हावाजहाज यात्रामा भएको अनुभव वर्णन गरिएको छ। हाँगो 4 मा प्रकाशित श्री गणेशबहादुर प्रसाईंको मैले देखेको देवकोटा – एक संस्मरण पनि केवल संस्मरण नभएर विशुद्ध निबन्ध नै भएको छ। पाँचौं हाँगोमा देवकुमारी सिन्हाको अजन्ताको चिट्ठीले अजन्ताको ऐतिहासिक ओढारहरूको मनोरम निबन्धात्मक शैलीमा वर्णन गरेको छ। रूख 2 हाँगो 6 मा प्रकाशित फटिकधर शर्माको अनुहार ऐनामाहेर्दा व्यङ्ग्यात्मक निबन्ध पनि खूबै रसिलो छ। मानिसको जस्ताको तस्तै प्रतिबिम्ब ऐनामा देखिए पनि विशेष गरी स्त्री जातिले आफ्ना फुटेका कुर्कुच्चा र मैला कुहिना इत्यादिलाई ऐनामा हेर्ने नगरेकोले लेखक व्यङ्ग्यपूर्वक के भन्नुहुन्छ भने मानिसको सुन्दरता केवल मुहार सफा हुनुमा मात्रै छैन। मानिसको सुन्दरताचाहिँ बाहिरी देखावटमा भन्दा धेर आचरणमा हुने हुनाले र कुरूपहरू ऐना हेर्न नै नरूचाउने हुनाले ऐना अवाञ्छनीय र अप्रयोजनीय छ भन्ने तथ्य निबन्धकार अघि सार्नुहुन्छ। फटिकधर शर्माले म जुत्ता लाउँदिनँ (दियालो 3:9 पछि म जुत्ता लाउँछु, सेतो छाता इत्यादि राम्रा निबन्धहरू लेख्न थालिसक्नु भएको भए पनि उहाँले नेपाली साहित्यबाटै संन्यास लिइसक्नुभएकाले अरू धेर केही दिन सक्नुभएन। त्यसपछि प्रकाशित श्री इन्द्रबहादुर राईको मृतहरूको बीचमा, आनन्ददेव भट्टको म प्रेमको कविता किन लेख्छु, नन्द हांगखिमको मेरो परिचय, राजनारायण प्रधानको ऐना, बल्लभमणि दाहालको गधा र हामी, शंकर लामिछानेको तारा पुञ्ज : अन्धाको ब्रेल, कृष्णप्रसाद भट्टराईको हाम्रो अभिवादन, रामलाल अधिकारीको हामी यस्तै गर्छौं, ओमकृष्ण

माणिकको काठमाडौंको पत्र, आर. मोक्तानका काठमाडौंले अम्बर र दार्जीलिङे म र रगतको साँध, रामकृष्ण शर्माको चिन्तनप्रधान निबन्ध परमेश्वरको रूप, कुमारबहादुर राईको आँसु, प्रल्हाद लुंगिलेको महत्त्व बटुल्दा, के. एन. सिंहको इण्टरभिउ, दिलबहादुरसिंहको तीजको रमाइलोमा र भीम थापाको बाटो पनि रोचक छन्। यसबाहेक हरिप्रसाद गोर्खा राईका धेरै निबन्धहरू घुम्दै फिर्दै : आसाम भ्रमण मूल विषयमा र विभिन्न उपशीर्षकमा प्रकाशित भएका देखिन्छन्।

देवकोटालाई आफ्नो आदर्शको लक्ष्य बनाएर प्रकाशित हुन थालेको दियालोले कम्तीको पनि देवकोटाको निबन्धकारितालाई पनि आदर्शको एक पक्ष मानेर यीभन्दा अझ धेर संख्यामा निबन्ध प्रकाशित गर्नुपर्ने थियो। भारतीय नेपालीहरूका बीच भएको सबैभन्दा धेर महत्त्वपूर्ण र अग्रणी साहित्य संस्थाबाट प्रकाशित हुने उक्त पत्रिकाको निबन्धमा मात्रै होइन अरू विधामा पनि दिन प्रतिदिन स्तर अझ घटन थालेको देख्दा यसका कारण र निवारण खोज्नुपर्ने आवश्यकता छ।

## 12.2.3 खोजी

हामी खोजी गर्न तयार भएका छौं। हामी केही जान्दैनौं। साहित्य हाम्रा निम्ति गहिरो समुद्र छ। ...आफूसित भएका ज्ञान र बुद्धिले हामी खोजी गर्ने चेष्टा गर्छौं – समाजका विद्वान र भाषासेवीहरूलाई हाम्रो यो खोजीमा मद्दत गर्न बिन्ती गर्छौं। भन्ने आह्वान गर्दै मासिक पत्र खोजी रूपनारायण सिंह बी. ए. बी. एल का सम्पादनमा सेप्टेम्बर 1940 देखि आरम्भ भएर अगस्त 1941 सम्म जम्मा बाह्र अंक प्रकाशित भयो। सन् 1932 मा स्थापना गरिएको दार्जीलिङको सामाजिक संस्था गोर्खा दुःख निवारक सम्मेलनको मुखपत्रको रूपमा यो प्रकाशित हुन थालेको भए पनि यसमा

सम्मेलनले गरेका कार्य विवरणहरूको मासिक सूची मात्र नभएर तिनताक दार्जीलिङमा भर्खरै प्रस्फुटित हुन थालेको साहित्यिक चेतनाको परिणाम र प्रतिबिम्ब पनि थियो।

खोजी प्रकाशित हुन आरम्भ हुँदा विश्वयुद्ध चलिरहेकै थियो र दार्जीलिङका कुनामा बसेका नेपालीहरूले पनि विश्वयुद्धबाट आफूलाई अलग्याएर राख्न सक्ने थिएनन्। विश्वयुद्धप्रति आफ्नो कर्तव्य र उत्तरदायित्व, यसका परिणामरूको प्रभाव सम्बन्धी जनतालाई जानकारी दिन धेरै निबन्धहरू लेखिएका छन्। तिनमध्ये पारसमणि प्रधानद्वारा लिखित लड़ाइँ र हामी (1:1), बुद्धिमान स्याङदन लिखित बेकारी किन? (1:5), श्री ई. प्रधान लिखित अझ धेरै खानेथोक उमार (1:9), एक अपव्ययीद्वारा लिखित अपव्यय (1:11) इत्यादि उल्लेखनीय छन्। तिनताक दार्जीलिङका नेपाली बालक बालिकाहरूले मिशनरीहरूद्वारा हिन्दी भाषामा शिक्षा प्राप्त गर्ने हुनाले मातृभाषाको प्रयोगका निम्ति उनीहरू वञ्चित थिए। यसबाहेक पनि शिक्षण पद्धतिमा उनीहरू अन्य धेरै समस्याहरूद्वारा पीड़ित भएका हुनाले र समाजमा स्त्री शिक्षाको पूर्ण प्रचलन पनि आरम्भ नभइसकेकाले नेपाली समाज लथालिङ्गै थियो। यिनै चौतर्फी समस्याहरूको समाधानका निम्ति जन साधारणमा जातीय चेतना सिर्जना गर्ने उद्देश्यले पनि उपदेशात्मक निबन्धहरू लेखिएका थिए र तीमध्ये निम्नलिखित निबन्धहरू स्मरणीय छन् – श्री इन्द्र सुन्दास लिखित खोजी, श्री काजीमान राई लिखित प्राथमिक पाठशाला, कुमारी विष्णुमति गहतराज लिखित स्त्रीहरूले पढ़ेर के गर्नुपर्ने?, श्री हीराकुमारसिंह लिखित हास्य व्यङ्ग्यात्मक निबन्ध नारदजीको भारत भ्रमण, श्री जी. बराइली लिखित अझ हामी पछि नै छौं किन?, कौशल्या देवी लिखित बाल्य विवाह, श्री रामध्वज राय लिखित साधना इत्यादि।

यति मात्र होइन विश्वयुद्धले मानिसको आर्थिक जीवनमा पनि भीषण उथलपुथल र परिवर्तन ल्याएको हुनाले र मितव्ययितताको वास्तै नराख्ने पहाड़वासी नेपालीहरू दशैं खर्चद्वारा ऋणमा चुर्लुम्म डुब्लान् भन्ने सम्भावना देखी दूरदर्शी सम्पादक श्री रूपनारायण सिंहले अहिलेसम्म कहीं नदेखिएको र नसुनिएको विशेषाङ्क सन् 1941 को दशैंछेउ प्रकाशित गर्नुभएको थियो, त्यो हो – दशैंको लुगा अंक! यो अंकको सम्पादकीयसहित श्री भैयासिंहद्वारा लिखित दुर्गे, ऋण दैत्यको संहार गर खूबै रोचक छन्। सन् 1941 अगस्त महीनासम्ममा जम्मा बाह्र अंक प्रकाशित गरी खोजी बन्द भयो।

यसरी प्रायः अट्टाइस वर्षसम्म पत्रिका प्रकाशनसम्बन्धी ध्यानै नदिई र फुर्सदै पनि नपाई अघि बढ़िरहेको गोर्खा दुःख निवारक सम्मेलनले सन् 1970 को अप्रेल महीनादेखि खोजीको प्रकाशन पुनः आरम्भ गर्‍यो। तर तीस वर्ष अघिको अवस्थामा पनि मासिक रूपमा प्रकाशित हुने खोजी यसबेला त्रैमासिक रूपमा प्रकाशित हुनथाल्छ र पाँच वर्षको दीर्घ अवधिमा पनि प्रायः एकै दर्जन अंक मात्र प्रकाशित हुनुलाई खूबै प्रशंसनीय प्रगति भन्न सकिन्न। श्री के.बी. सिंहको प्रधान सम्पादनमा यसका सम्पादक मण्डलीमा श्री काशीनाथ शर्मा, जगत छेत्री, मोहन थापा, भीम थापा, मनबहादुर मुखिया इत्यादि छन्। खोजीको दोस्रो अवतारमा पनि पहिलेकोभन्दा धेरै विशिष्ट र परिष्कृत निबन्धहरू प्रकाशित भएका छैनन्। तीमध्ये रामलाल अधिकारी लिखित आइमाई रूँदा (अंक 4) बी.एम. क्षत्रिय लिखित मानिसको एक मात्र श्रृङ्गार, नैतिकता, (ऐ.) इत्यादिमा निबन्धको क्षीण निर्वाह भएको पाइन्छ। यसरी नेपाली साहित्यको विकासमा धेरै अघिदेखि नै यथाशक्य भरथेक गर्दै आउने खोजीले निबन्ध विधाको भने मनाक भरण पोषण गर्न सकेको देखिँदैन।

## 12.2.4 गोर्खा

गोर्खा लीगको उद्देश्य पूर्तिमा सहायता दिने यो पत्रको मुख्य उद्देश्य हो भन्ने धारणा गर्दै तारीख 1 जनवरी 1945 देखि पाक्षिक रूपमा प्रकाशित हुन थालेको गोर्खा केही कालदेखि साप्ताहिक भएर प्रकाशित हुन थालेको हो। आरम्भमा यसका सम्पादक श्री रणधीर सुब्बा हुनुहुन्थ्यो र अप्रेल 1948 देखि श्री टीकाराम शर्मा, फरवरी 1953 देखि श्री लक्ष्मीप्रसाद क्षत्रिय, यसै क्रममा पूर्णप्रसाद शर्मा, नरजितसिंह क्षत्रिय, गोर्खालीग राजनैतिक दलको मुखपत्र भएकोले र उक्त दलका कर्णधार स्व. डम्बरसिंह गुरुङ कालिम्पोङकै बासिन्दा हुनुभएकोले यो पत्रिका कालिम्पोङबाट प्रकाशित हुन आरम्भ भएको भए पनि पछि उक्त दलको मुख्य कार्यालय दार्जीलिङमा स्थानान्तरित भएपछि गोर्खा पनि दार्जीलिङबाटै प्रकाशित हुन थालेर अझैसम्म यो बेलाबखतमा देखा परी नै रहेको छ। जुनै पनि राजनैतिक दलको मुखपत्रमा आफ्नै सिद्धान्त र राजनैतिक कार्यकलापको विवरण मात्रै भएको देखिन्छ तापनि गोर्खा पत्रिका यसको अपवादस्वरूप छ। राजनैतिक सिद्धान्त र विश्वाससँगसँगै गोर्खाले नेपाली साहित्य र संस्कृतिको जुन रूपले पृष्ठपोषण गरेको छ त्यसलाई लरतरो कुरो मान्न सकिँदैन। अच्छा राई रसिक, प्रेम थापा, वीरविक्रम गुरुङ आदिलाई गोर्खाले जन्माएको मात्र होइन तिनीहरूलाई पूर्ण तालीम दिएर सशक्त हास्य व्यङ्ग्यकार लेखक बन्ने मौका दिनमा पनि गोर्खाकै ठूलो योगदान छ। श्री रामकृष्ण शर्माले गोर्खाका निम्ति लेख्नुभएका निबन्धहरूकै संकलन पछि प्यारो सपना र अन्य लेखहरू र दश गोर्खा (1969) नामक पुस्तकका आकारमा प्रकाशित भएका हुन्। प्रेम स्मारक कथा सङ्ग्रहका सफल हास्य व्यङ्ग्य कथाकार श्री प्रेम थापाले आफ्नो साहित्यिक जीवनको आरम्भ दाह्री-जुँघा (गोर्खा 9:44), गुरु (बाबु+आमा 6:49)

जस्ता हास्य व्यङ्ग्यात्मक निबन्धबाटै भएको हो। प्रेम थापाको लेख्ने सिलसिला कायम रहिरहेको भए उहाँले यतिञ्जेलसम्म प्रेमराज शर्माका परम्परामा शीर्षस्थ स्थान ओगटिसक्नु भएको हुनेथियो। गोर्खाले जन्माएका सबैभन्दा सशक्त अर्को हास्यव्यङ्ग्य लेखक अच्छा राई रसिक हुन्। गोर्खामा सर्वप्रथम साहित्यिक निबन्ध 18 सेप्टेम्बर 1948 मा (4:37) बसुधैव कुटुम्बकम प्रकाशित गर्ने श्री रसिकलाई प्राप्त भएको छ। अतः गोर्खा कालीन अन्य रोचक साहित्यिक निबन्धहरूमा - श्री हर्कमान राई लिखित घर, के.बी. राणा लिखित दार्जीलिङको घोड़सवार, श्री वीरेन्द्र लिखित कला र कलाकार, एस. एम. असरफ लिखित प्रेमले हृदयरोग हुन्छ, एल.कान्त लिखित गुरुकवि भानुभक्तलाई खुल्ला पत्र, हृदयचन्द्रसिंह प्रधान लिखित टोपी इत्यादि रहेका पाइन्छ। गोर्खाको प्रकाशनकालको प्रारम्भदेखि नै यसमा नेपाली जातिलाई अशिक्षा, अविद्या र बेहोशीको महानिद्राबाट ब्युँझाउन प्रशस्त उपदेशात्मक र निबन्धका प्रकाशनद्वारा शंखघोष गरिएको देखिन्छ। यस्ता निबन्धहरूमध्ये श्री के.डी. प्रधान लिखित भारतीय गोर्खाली (नेपाली) के चाहन्छन्?, प्रेम सुब्बा लिखित नेपाली युवाप्रति इत्यादि देखा परेका छन्। यसबाहेक पनि गोर्खाका सम्पादकीय र सम्पादकका नाममा खुल्ला पत्र स्तम्भ अन्तर्गत परेका धेरै रचनाहरूमा निबन्धकीय गुणहरू रहेका थाहा पाइन्छ।

## 12.2.5 भारती

प्रधान सम्पान – रूपनारायण सिंह, सम्पादक – श्री पारसमणि प्रधान भएका सन् 1949 को जून महीनादेखि नियमित रूपले सन् 1958 जूनसम्म जम्मा एक सय आठ अंक प्रकाशित भइसकेपछि भारतीको प्रकाशन बन्द भयो। भारतीको मूल उद्देश्य नै नेपाली साहित्यमा भन्दा

नेपाली भाषामा चाख बढ़ाउने भएकोले यसमा प्रकाशित धेरजसो रचनाहरू पछि नेपाली विद्यार्थीहरूका विभिन्न श्रेणीका पाठ्यपुस्तकहरूमा सङ्ग्रहीत भएका छन्। यसको ठोस प्रमाण, असंख्य सुन्दर कविता लेखिसक्नुभएका श्री बालकृष्ण समले प्रयोगकालीन अवस्थामा लेख्नुभएको राम नाम, शीर्षक कविता सन् 1970 मा पश्चिम बंग मध्य शिक्षा परिषदद्वारा प्रकाशित र प्रवेशिका परीक्षाका निम्ति तयार पारिएको नेपाली साहित्यको पाठ्यपुस्तकमा पारिनु पनि हो। भारती प्रकाशन गर्ने प्रेरणा श्री पारसमणि प्रधानले कलकत्ता विश्वविद्यालयका तत्कालीन रजिस्ट्रारबाट यसरी पाउनुभएको यो भन्ने उहाँको भारती किन? संस्मरणद्वारा स्पष्ट हुन्छ। "....नेपाली भाषाका पत्र पत्रिकाद्वारा नेपाली साहित्यको सिर्जना गर्नुहोस् विविध विषयका पाठ्यपुस्तक तयारी पार्नुहोस्। (नवज्योति, 5 : 6)।" नेपाली साहित्यको विकासमा भारती एकसय आठ अंकले गरेको योगदान लरतरो छैन। प्रारम्भिक अवस्थाका सिकारू नेपाली लेखकहरूलाई रत्याइ, सधाइ गर्ने भारतीले उपदेशात्मक र सुधारवादी वा तथ्यप्रधान प्रबन्धहरू प्रशस्त संख्यामा प्रकाशित गरेको भए पनि यसमा केही औधी चाखलाग्दा निजात्मक निबन्धहरू पनि प्रकाशित भएका छन्। तिनमध्ये श्री इन्द्रबहादुर राईको चाखलाग्दो हुनु कसरी?, आधुनिक शिक्षक, के सुख अझ सम्भव छ? इत्यादिलाई अघि सार्न सकिन्छ। नारी स्तम्भअन्तर्गत र छुट्टै विषयमा पनि रचना लेख्ने धेरै स्त्री लेखिकाहरूलाई भारतीले प्रकाशमा ल्याएको छ। तीमध्ये अमृता देवी छेत्रिनी, प्रभावती रोका, चन्द्रकुमारी प्रधान, ज्ञानमीत सितलिङ, मायादेवी छेत्री, कुमारी कान्ता ठाकुर, सुश्री सानुमति राई, श्रीमती कृष्णा गुरुङ, दुर्गादेवी आचार्याणी, लक्खीदेवी सेवा इत्यादिको नाउँ उल्लेखनीय छन्। जनसाहित्य र लोक साहित्यसम्बन्धी एम. एम. गुरुङ र काजीमान कन्दङ्बाका र भाषा र

साहित्य सम्बन्धी पारसमणि प्रधानका प्रशस्त प्रबन्धहरू पनि यसमा प्रकाशित भएका पाइन्छन्। प्रधान पनि आफ्ना प्रारम्भिक कालीन फिचरहरू लिएर भारतीमै देखा पार्नुभएको हो।

भारतीले एकपल्ट काव्यात्मक निबन्धहरूको बाढ़ी नै चलाएर नेपाली निबन्ध लेखन परम्परालाई अग्रगति प्रदान गरेको थाहा पाइन्छ। त्यसताक निबन्ध लेखनमा सक्रीय रहने निबन्धकारहरू तिनका लेखन रचना यसप्रकार भेटिन्छ - भाइचन्द्र प्रधान – एक अर्कालाई अपनायौं, आह्वान, वीरेन्द्र सुब्बा – के हो?, जयनारायण गिरी, कलकत्ता स्थितिको प्रभाव, पदमलाल भारती, आँसु, शिवकुमार राई, बालुका कण, देवेन्द्रराज उपाध्याय, दिल्ली - प्रियेसित, अग्निराज श्रेष्ठ, स्वप्नमय जीवन, नयन सुब्बा, बम्बई-बतास, जगत राई, सन्देह आदि। यस्ता एकैनासे लेखहरूद्वारा पाठकवर्ग वाक्क भएको थाहा पाएपछि भारती वर्ष – 3, संख्या – 2 को सम्पादकीयमा नवीनताको आग्रह लेखकहरूसँग यसरी गरिन्छ, नवीनतामा ठूलो शक्ति भरिएको हुन्छ। ...अनि ता त्यस्ता लेखकमा पाठक पाठिकाहरू पनि आकर्षित भएर एकछिन अलमलिन पुग्छन्। यसैपछि श्री टीडी लेप्चा पनि निबन्ध लेख्न सिकाउनुहुन्छ। त्यसपछि भारतीमा निबन्धको रूपमा धेरै निख्खरपन आउन थाल्छ। तिनमध्ये तिलबिक्रम सुब्बाको काल र प्रेम थापाको हाय रे टुप्पी! वाह रे तालु जस्ता हास्यात्मक निबन्धहरू, पासाङ गोपर्माका काशी करवट, अन्धविश्वास, तारानाथ शर्माको नेपालका अस्पृश्यता, ईश्वर बल्लभको म तीन फेर हाँसे, गणेशबहादुर प्रसाईंको कल्पना, वसन्तकुमार राईको सिनेमाको प्रभाव इत्यादि उल्लेखनीय देखिन्छन्।

## 12.2.6 साथी

नेपाली र अंग्रेजी दुई भाषामा श्री टी. मनेनद्वारा सम्पादित भई साप्ताहिक अवधिमा प्रकाशित हुने साथी 22 तारीख 1949 देखि नियमित रूपले 2 तारीख मई 1952 सम्म वर्ष 3 संख्या 35 पर्यन्त प्रकाशित भएर बन्द भयो। यसमा अगमसिंह गिरी लिखित नेपालीका स्वार्थत्यागी महान नेता स्व. दलबहादुर गिरीको संक्षिप्त जीवनी क्रमागत रूपमा प्रकाशित भएको पाइन्छ। यसमा प्रकाशित भएका निबन्धात्मक रचनाहरूमध्ये मानव स्वभाव स्तम्भमा विभिन्न उपशीर्षकमा श्री टी. मनेनका बातचीतमा जो मजा छ, कागले कान लग्यो, तिमीले नि कसरी विचार गर्छौ?, मानिस पनि हो!, तिम्रो पनि मत छ कि?, सोच्नु पनि कला हो र मस्तिष्कको भोजन इत्यादि रचनाहरू विशेष उल्लेखनीय छन्। यी रचनाहरूले श्री टी. मनेनको निबन्धकारगत प्रतिभालाई उजेल्याएका छन् र यिनकै आधारमा पनि उहाँलाई दार्जीलिङका एकजना विशिष्ट निबन्धकारमा गणना गर्न सकिन्छ। कमल (1953) मा प्रकाशित निबन्ध सरलता पनि उहाँको उत्कृष्ट निबन्ध हो। साथी- मा प्रकाशित सूर्यविक्रम ज्ञवाली लिखित नेपाली जीवनमा कला, नेपाली स्त्रीहरूको यौटा सीप, सन्तवीर लिम्बु लिखित नारी, कृष्णसिंह मोक्तान लिखित सच्चरित्र औ त्यसको प्रभाव, डी.ए. सिंग, चैंग्राबन्धा, तथा रूद्रकुमारी प्रधान लिखित श्रृङ्गार इत्यादि नेपाली निबन्धको प्रारम्भिक उत्थानकालका रचना भए पनि खूबै राम्रा भएका बुझिन्छ।

## 12.2.7 हाम्रो कथा

दार्जीलिङबाट प्रकाशित हुने हाम्रो कथाका सम्पादक मण्डलीमा श्री कमलकुमार शर्मा, रामचन्द्र तामाङ र नन्दध्वज राई थिए। यो पत्रिका भदौ 2006 (सन् 1949) देखि असौज 2008 (सन् 1951) सम्म जम्मा

दुई वर्ष प्रकाशित भएर त्यसपछि बन्द भयो। यो पत्रिकाको नाउँद्वारा नै यो कथाप्रधान पत्रिका घोषित भएको भए पनि यसमा केही राम्रा निबन्धहरू पनि देखा परेका छन्। यो भनाइको पुष्टि यसमा प्रकाशित भएका, माइकल मार्टिन गुरुङ लिखित नेपाली किन?, विक्रम गुरुङ लिखित पथिकसित, इन्द्रबहादुर राई लिखित तपाईंको नाम इत्यादि निबन्धले गर्छन्। मार्टिन गुरुङ लिखित उपर्युक्त निबन्धमा असाध्य नै सफलतापूर्वक लेखकको जाति संस्कृतिप्रति भावना व्यक्त भएको पाइन्छ।

## 12.2.8 साहित्य संगम

श्री गुमानसिंह चामलिङद्वारा सम्पादित र लक्ष्मीनारायण अग्रवाल, बिजनबारीद्वारा प्रकाशित त्रैमासिक पत्रिका साहित्य संगम-को प्रथम अंक सन् 1959 को जुलाई महीनामा देखा परेको हो। पछि अखिल भारतीय नेपाली साहित्य परिषदद्वारा प्रकाशित प्रतिध्वनि र आवाज (पत्र) जस्ता पत्रिकाका प्रधान सम्पादक हुन पुग्नुहुने श्री चामलिङको पत्रकारको जन्मजात प्रतिभाको परिचय साहित्य संगमले नै दिइसकेको थियो। हुन पनि साहित्य संगम (वर्ष 1, अंक 3) ले प्रस्तुत गरेको महाकवि देवकोटा स्मृति अंक देवकोटा सम्बन्धी यसप्रकारको संग्रहमध्ये नेपाल र भारतमा सर्वप्रथम नै भएकाले पनि यसको कीर्तिमान ऐतिहासिक पनि हुन गएको थाहा पाइन्छ। उक्त अंकमा महाकवि देवकोटासम्बन्धी धेरैवटा परिचयात्मक र संस्मरणात्मक निबन्धहरू प्रकाशित भएका छन्। यसबाहेक पनि साहित्य संगममा परेका कतिपय निबन्धहरू औधी नै रोचक रहेका पाइन्छन्, जसमा – श्री जी. छिरिङको व्यक्तित्व निर्माणमा माताको हात, गाब्रियल राणाको दैनिक जीवनमा चलचित्रको प्रभाव,

भक्तिप्रसाद सुवेदीको प्रेम, र इन्द्रबहादुर राईको घुम्तीदेखि यतैतिर इत्यादि प्रमुख हुन्।

उपर्युक्त प्रतिध्वनि, कविता, कथा र लेख निबन्धलाई तीन अध्याय (खण्ड)मा विभाजित गर्दै आषाढ़ 2010 (सन् 1963) मा प्रकाशित भएर एउटै अंकमा सीमित रह्यो। यसमा प्रकाशित जालोमा लपेटिएको ताज श्री कुमार प्रधानद्वारा लिखित एउटै निबन्ध मात्र देखिएको छ।

## 12.2.9 मालिङ्गो

नेपाली साहित्य परिषद, दार्जीलिङबाट श्री कुमार प्रधानका सम्पादनमा प्रथमपल्ट जुलाई 1964 मा प्रकाशित मालिङ्गो सामयिक संकलनका रूपमा नोभेम्बर 1967 सम्म छः वटा अंक प्रकाशित भएको देखिन्छ। मालिङ्गोमा प्रकाशित निबन्धहरूमध्ये इन्द्र थपलिया लिखित हाम्रो लोक गीत कता?, लोकगीतमा नेपाली जीवन, कुमार घिसिङ लिखित घटना कि संयोग?, अम्बर गुरुङ लिखित कलाकार र श्रोता, इन्द्रकुमार गजमेर लिखित हाम्रो संगीत, क्यान्टेटा एक झलक र राजनारायण प्रधान लिखित हास्य इत्यादि उच्च श्रेणीका निबन्धहरू हुन् भन्न सकिन्छ।

## 12.2.10 हिमलोक

आरम्भमा त्रैमासिक साहित्य संकलनका रूपमा अक्टोबर 1968 मा लेबोंग दार्जीलिङबाट भरत यादवका सम्पादनमा प्रकाशित भएको हिमलोक तीन वर्षपछि दोस्रो अंक प्रकाशित हुँदा नेपाली डाइजेस्ट (विविध विषययुक्त) भएर देखापर्छ। यसरी दार्जीलिङको नेपाली साहित्यको इतिहासमा सर्वप्रथम डाइजेस्ट घोषित हुने सौभाग्य हिमलोकले प्राप्त गरेको छ। यसरी सन् 1975 को आरम्भसम्ममा प्रकाशित भइसकेको यसका जम्मा आठ

अंकमा निम्नलिखित निबन्धहरू देखा परेका छन्, रामलाल अधिकारी, विचरा कुखुरो, हावाजहाजका पेटभित्र, बालकृष्ण पोखरेल, एक मात्र, मनबहादुर मुखिया, आमाकै छेउमा पनि टुहुरा भएका छन्, आर्नोल्ड रोंगगोंग, अप्पर आसामतिर भौंतारिँदा, तिलक लोरुङ (राई) तालु, गाँड़, नाक, संसारका पुड्केहरू, श्यामबहादुर सुब्बा, असममा नेपाली बोली, आई.के. सिंह, हाम्रा बाबुनीहरू, मुकुन्द शर्मा माईको मुहानसम्म, के.आर. घिमिरे जय नाक आदि।

## 12.2.11 नेबुला

दार्जीलिङ जिल्ला र वरिपरिका पर्वतवासी अर्थात् नेपाली, भोटे (बुद्धमार्गी?) र लाप्चेहरूका बीचमा सामाजिक संगठन र भ्रातृभावको जागृति गराउने र तिनमा प्रचार गर्ने उद्देश्य लिएर श्री के.डी. प्रधानको सम्पादनमा कालिम्पोङबाट (फरवरी 1935 देखि जनवरी 1936 सम्म) जम्मा बाह्र अंक प्रकाशित भएपछि नेबुला-को नाउँ परिवर्तन भएर प्रकाशित हुन थालेको देखिन्छ। नेबुला र परिवर्तन दुवैमा औपदेशिक र सुधारवादी निबन्धहरू प्रशस्त संख्यामा प्रकाशित भएका भेटिन्छन्। यस्तै प्रकारका निबन्धहरू कालिम्पोङबाट प्रकाशित भएको र शेषमणि प्रधानको सम्पादनमा निस्किने पत्रिका गाउँ सुधार पत्रिकाका (जून 1939 देखि मई 1940 सम्म) जम्मा बाह्र अंकमा पनि परेका छन्।

यसका धेरैपछि कलकत्ताबाट प्रकाशित हुने हाम्रो संसार जस्ता डाइजेस्ट पत्रिकाको परम्परामा नरबहादुर दाहालको सम्पादनमा संगम प्रकाशित भएको थियो तर यसका पनि केवल दुइवटा अंक मात्रै देखा परेका छन्। बरू नेपाली साहित्य अध्ययन समिति, कालिम्पोङद्वारा प्रकाशित संकेत

पछि, हाम्रो संकेत र वर्तमानमा साहित्य संकेतले निबन्धको विकास गर्ने राम्रो चेष्टा देखाएको थाहा लाग्छ।

## 12.2.12 दीयो

मई 1956 देखि बाल पत्रिकाका रूपमा मिरिक (दार्जीलिङ) प्रौढ़ शिक्षा केन्द्रद्वारा प्रकाशित हुन थालेको दीयोका सम्पादकहरू आरम्भमा श्री जगपाल सुब्बा, एच. बी. थापा र श्री एस. एफ. मुखिया थिए। पछि मिरिक प्रेस दार्जीलिङमा पुगेपछि जीवन ज्योति प्रेस भई त्यसैका अधीनमा जीवन ज्योति प्रकाशन अन्तर्गत दीयो प्रकाशित हुन थालेपछि यसका विभिन्न सम्पादकहरूमध्ये श्री निर्मलचन्द्र प्रधान, श्री दिनेश खालिङ, श्री जोनाथान थापा र श्री एलबी राईको नाउँले यसलाई विशुद्ध नेपाली साहित्यिक पत्रिका बनाउने र यसैद्वारा विभिन्न सिकारू कलमलाई तिखार्ने र तिखारिई सकेकालाई चिल्याउने श्रेय पाएको छ। यस पंक्तिका लेखकलाई साहित्यिक जीवनमा प्रवेश गर्ने प्रेरणा दिने पत्रिका पनि यही हो। दीयोमा प्रारम्भदेखि नै भर्खर पढ्न लेख्न सिक्दै गरेका बालक बालिका र प्रौढ़ प्रौढ़ाका निम्ति मनोरञ्जनात्मक शैलीमा उपदेशात्मक लघु निबन्धहरू प्रकाशित हुने गर्थे र यही सिलसिलामा सर्वप्रथम साहित्यिक निबन्ध वर्ष 5, किरण 6 (अगस्त 1960) मा श्री फटिकधर शर्मा लिखित जुँघा प्रकाशित भएको पाइन्छ। त्यसपछि एकैचोटि यसको एक वर्षपश्चात् वर्ष 6, किरण 5 जुलाई 1961 मा श्री नन्द हांगखिमको निबन्ध लूज-फीट प्रकाशित हुन्छ। त्यसपछि हाङखिमको अर्को निबन्ध प्रयाङ्क प्रकाशित भइसक्दा दीयोले पनि आफ्नो 6 वर्षको आयु सिद्धियाइसकेको थियो। यसरी अच्छा राई रसिक र रामकृष्ण शर्मापछि निबन्धकारको प्रतिभा लिएर देखा परेका दुई लेखकका जम्मा तीनवटा निबन्ध दीयोमार्फत् सन्

1961 सम्ममा जनता समक्ष आइ पुगेका पाइन्छ। सन् 1963 भरिमा एउटै मात्र हो कि भनेजस्तो निबन्ध श्री इन्द्रबहादुर राई लिखित हल्ला नगर देखापर्छ। त्यसपछि जोनाथान थापाको छोरा छोरीको नाउँ अठार वर्ष नाघेर मात्र तोक्नुहोस्, जून 1964, राजनारायण प्रधानको कुरा जता लगायो उतै लाग्छ र पूर्वाग्रह, तिलक राईको नौरान (न्वारन? रा.ला.) भद्र थापा साबिको मान्छे, रामलाल अधिकारीको फोक्सो र मुटुको ग्यारेण्टी, रामलाल र म, दि टुम्ब, समीरण प्रियदर्शीको मलाई कवि बन्ने देशानले भेट्यो भन्ने निबन्धहरू प्रकाशित भए। यसरी सन् 1969 सम्ममा उपर्युक्त निबन्धहरूकै हाराहारीमा ईश्वरबल्लभका आयामिक चिन्तन प्रधान निबन्धहरू कसले आफ्नो आस्था भाँचिदिन्छ, अस्तित्ववाद किन यो नितान्त व्यक्तिवाद होइन?, रहितता-विशेषणको विलयन र आदमको खजी, रहितता स्वतन्त्रको सन्दर्भमा, आयामिक संचेतनाको इतिहास : एउटा रक्तपूजा हो इत्यादि प्रकाशित भइसकेका देखिन्छ। यसरी बिस्तारै निबन्धको रसपानमा पल्किएका र यसको मर्म बुझ्न थालेका पाठकहरूमध्ये कालिम्पोङबाट श्री ग्याल्पो लामा सम्पादकलाई पत्रमा (जनवरी 1969), नेपाली साहित्यमा निबन्धको स्थान सानो छ... हामी निबन्धात्मक कथा पढ्न तम्सिरहेछौं, भन्दै दीयो-मा निबन्धका निम्ति बेग्लै र छुट्टै स्तम्भ राख्नेबारे अनुरोध गर्नुहुन्छ। तर लेखकहरू भने पहिलेकै संख्यामा पनि निबन्ध लेख्न कम्ती गर्न थाल्छन्। निबन्धकारको प्रतिभासम्पन्न श्री फटिकधर शर्मा, नन्द हाङखिम, तिलक राई, समीरण प्रियदर्शीहरूलाई दीयोले बिस्तार बिस्तारै बरू कथाकार बनाउन थाल्छ। तदोप्रान्त दीयोमा प्रकाशित निबन्धहरूमध्ये इन्द्रबहादुर राईका सोद्धै सोद्धै जीवनसम्म, मनबहादुर मुखियाको दार्जीलिङको दर्पणमा चलचित्रको प्रतिबिम्ब, आइके सिंहको जुँघा, सुश्री इन्दु देवानको कुर्सी, मेघनाथ राईको

ट्याक्सी नम्बर.., के. राज सिंहको भाषा, जातीय उत्थानमा साहित्यको स्थान, आर. मोक्तानको स्वास्नी कस्ती रोज्नुपर्छ?, खडग योञ्जनको मुख, जस योञ्जन प्यासीको कड़ा खालको लेख्रुको सन्दर्भमा र श्री रामकृष्ण शर्माको लेखक पसले परिश्रमिक इत्यादि निबन्धहरू रोचक रहेका थाहा पाइन्छ।

यति मात्र होइन प्रतिवर्ष भारतीय स्वतन्त्रता दिवसको उपलक्ष्यमा एउटा न एउटा विशेषाङ्क निकाल्ने दीयोको सन् 1968 देखि आरम्भ गरिएको योजनाअन्तर्गत प्रकाशित हुने विशेषाङ्कहरूमा निबन्धात्मक वा प्रबन्धात्मक शैलीमा वर्ण्य विषयवस्तु प्रतिपादित भएकाले पनि निबन्धको विकासमा यी विशेषाङ्कहरूको योगदान अति नै महत्त्वपूर्ण रहेको बुझिन्छ।

## 12.2.13 धूवाँ

प. परमानन्द शर्मा, दार्जीलिङद्वारा प्रकाशित र आरम्भका केही अंक श्री सुवास घिसिङद्वारा सम्पादित र पछि श्री नारदकुमार छेत्रीले सम्पादन गर्न थालेको धूवाँ मासिक पत्रिका दिसम्बर 1965 देखि देखा परेको हो। कहिले बनारस, कहिले सिलगढ़ी र कहिले दार्जीलिङमै मुद्रित हुने धूवाँको साजसज्जामा आकर्षण अभाव औ भाषा शुद्धाशुद्धि सम्बन्धी बेवास्ता र हिज्जेहरूसम्बन्धी अनैक्यता भए पनि नवोदित नेपाली साहित्यकारहरूलाई तालीम दिने उद्देश्यले आर्थिक घाटा सहँदै पनि नियमित रूपले यसका 67 अङ्कसम्म प्रकाश गरिरहने श्री परमानन्द शर्माको प्रयासलाई स्तुत्य मान्नुपर्छ। झन् नारी लेखिका विशेषाङ्क जस्ता नेपाली पत्रिकाहरूले ध्यानै नदिएको विषयतिर पनि धूवाँले हात बढ़ाएको देख्दा यसको प्रयासलाई स्याबासी दिनैपर्छ हुन्छ। हुन ता धूवाँमा आक्कलझुक्कल केही स्तरीय

रचनादि पनि प्रकाशित भएका छन् तापनि बाँकी हरदर रचनादि सिकारू कलमकै उपज हुन्। अन्य केही पत्रिकाहरूका अङ्कको तुलनामा यसका अङ्कहरू जति प्रकाशित भए त्यतिलाई नै धेरै भन्नुपर्छ। तथापि जति अङ्क प्रकाशित भए तिनका अनुपातमा प्रकाशित निबन्धहरूको सङ्ख्या नगण्य नै छन् भन्नुपर्छ। अतः धूवाँले नेपाली निबन्ध साहित्यको विकासमा त्यति ठूलो सघाउ पुर्‍याएको अवश्य देखिँदैन। धूवाँमा केवल एक दर्जनभन्दा केही बढ़ी मात्र निबन्धहरू प्रकाशित भएका पाइन्छन्। तीमध्ये रामलाल अधिकारीका केवल दुई रोटीको तिर्सना, हिजो रातिको मेरो मनस्थिति, म बी. ए. भएर घर फर्किंदा, दिलप्रसाद राणाको साहित्यको दर्पणमा हाम्रो लोकगीत, दशरथ सुब्बाको सम्झौता, दलसिंह कुमारको सर्वश्रेष्ठ प्राणी मानिस रे, केदार गुरुङको जीवन, प्रेमचन्द्र राईको साइनो, सुश्री शिरोमणि बलको नारी आदि विशेष उल्लेखनीय रहेका पाइन्छ।

## 12.2.14 बाडुली

सन् 1968 को आरम्भदेखि रामलाल अधिकारीका सम्पादनमा, देवकोटा संघ, सिलगढ़ीद्वारा प्रकाशित द्वैमासिक साहित्यिक पत्रिका अनियमिततापूर्वक बेला बेलामा देखा परिरहेको भेटिन्छ। सन् 1973 देखि यसका सम्पादक सिलगढ़ी छोड़ेर दार्जीलिङ आएपछि पनि देवकोटा संघले स्थानीय नेपाली साहित्यकारहरूद्वारा सम्पादन गराउँदै बेला बखतमा यसलाई प्रकाशित गरिरहेकै पाइन्छ। प्रशस्त नेपाली भाषी जनसंख्या भएको दार्जीलिङ जिल्लाको तराई महकुमा सिलगढ़ीबाट श्री आइबी लामाका सम्पादनमा, 4 अप्रेल 1951 मा प्रवासी नेपाली नामको पत्रिकाको एउटै अङ्क प्रकाशित भएको थियो र बाडुलीचाहिँ संख्याले दोस्रो भए पनि

त्यहींका माटोको मौलिक उत्पादनको हिसाबले प्रथम नेपाली साहित्यिक पत्रिका नै हो भन्नुपर्छ। बाङ्गुलीको प्रकाशनपश्चात् नै श्री अमर लामाले खरसाङबाट प्रकाशित हुँदै गरेको स्मृति पत्रिका सिलगढ़ी झार्नुभएझैं नै श्री समीरण छेत्री प्रियदर्शीले पनि दार्जीलिङबाट आफ्नो नोकरीको सरूवासँगै दार्जीलिङमै आफूले सम्पादन र प्रकाशन गर्न आरम्भ गर्नुभएको झिल्का पत्रिकालाई पनि सरूवा गराई सिलगढ़ी ल्याएर केही अङ्का प्रकाशनद्वारा त्यहाँ झिल्का उड़ाइदिनुभयो। त्यसपछि डा. आई. बी. थापाले दूरदर्शी नामक जीवनीप्रधान त्रैमासिक पत्रिकाका केही अङ्क सम्पादन र प्रकाशन गर्नुभएको पाइन्छ। पछिबाट स्थानीय उत्साही नवोदित साहित्यकार श्री कृष्ण प्रधानले आफ्नो ठिटौले बल र प्रयासको भरमै पनि कानेखुसी नामक हास्य व्यङ्ग्य प्रधान पत्रको सम्पादन र प्रकाशनद्वारा सिलगढ़ीमा नेपाली साहित्यिक पत्रिका प्रकाशनको परम्परालाई अझ दह्रो तुल्याएका देखिन्छ।

सिलगढ़ीबाट प्रकाशित हुने पत्रिकाहरूमध्ये बाङ्गुलीमा नै नेपाली निबन्धको प्रयोग विशेष रूपले भएको छ। यसमा रामलाल अधिकारीका केही निबन्धहरू पनि प्रकाशित भएका पाइन्छन्। यसमा प्रकाशित निबन्धहरूमा - श्रीमती गिरिजाकुमारी प्रसाईं, नेपाली नारी र आधुनिकता, डा. ओ.पी. मोहपाल, नारी : एक वैज्ञानिक विश्लेषण, रोशन बाङ्देल, कुरा, डा. मणिकुमार शर्मा, विगत दोहोर्याउँदा, सानुभाइ शर्मा, हाम्रो अहिलेको समाज र अवस्था, भवानी घिमिरे, केही कुराकानी, सुश्री सम्पूर्ण राई, उपयोगिता साँघुरोत्वको, लक्ष्मीकान्त स्याङदन, लेखक, साहित्य अनि समाज, सुदिन घोष, विश्वमानव भानुभक्त, बालकृष्ण सम, डाँफे, जगत छेत्री, अम्बर गुरुङका गीत, रामरञ्जन शर्मा, बाहुन बाजे र धर्म, आर.एल. गजमेर, जीवन संघर्ष औ सफलता इत्यादि उल्लेखनीय रहेका पाइन्छ।

## 12.2.15 अस्तित्व

सन् 1970 देखि प्रकाशित हुन आरम्भ भएको तथा आरम्भमा स्व. अगमसिंह गिरी र नारदकुमार छेत्रीको सम्पादनमा निस्किने त्रैयमासिक अस्तित्वले गिरीको निधनपश्चात श्री चन्द्र शर्माको दरिलो टेवा पाएको थाहा पाइन्छ। यसका दुइवटा अङ्कहरू प्रकाशित भइसक्ने बित्तिकै श्री अगमसिंह गिरीको असामयिक निधन भइहालेकोले तेस्रो अङ्क अगमसिंह गिरी स्मृति अङ्क (जुलाई 1971) भएर प्रकाशित हुन्छ। त्यसपछि गिरी जयन्ती परिशिष्टाङ्कसहित दार्जीलिङ काठमाडौं अङ्क (अक्टोबर 1971) आसाम दार्जीलिङ अङ्क (जनवरी 1972) र युवा नवलेखन अङ्क (जून 1974) प्रस्तुत गर्ने अस्तित्वले दार्जीलिङमा प्रकाशित पत्र पत्रिकाहरूमध्ये अति अल्पकालमै आफ्नो स्थान महत्त्वपूर्ण बनाइसकेको बुझिन्छ। वास्तवमा अस्तित्वका अङ्कहरूमा स्व. अगमसिंह गिरीसम्बन्धी प्रशस्त निबन्ध, प्रबन्ध, संस्मरण र उनका कृतिहरूका समालोचनादि प्रकाशित भएका हुनाले गिरीसम्बन्धी जान्न चाहनेहरूका निम्ति अस्तित्व एउटा अमूल्य निधि नै हो भन्न सकिन्छ। यसबाहेक पनि अन्य विषयका खोजपूर्ण प्रबन्धहरू र समालोचनाहरूको नियमित सङ्ग्रह भएका हुनाले पनि यो दार्जीलिङको निक्कै चर्चित पत्रिका भएको थाहा लाग्छ। अस्तित्वमा प्रकाशित रचनाहरूमध्ये जस योञ्जन प्यासी लिखित वर्तमान दार्जीलिङ र हामी, श्री जगत छेत्रीको दार्जीलिङमा देवकोटा, श्री पारसमणि प्रधानको प्राइभेट ट्युशन, लक्खीदेवी सुन्दासको आफ्नै लेखन प्रतिक्रियामा र श्री रामकृष्ण शर्माको गीतामा साहित्य इत्यादि निकै सुरुचिपूर्ण रहेका भेटिन्छ।

## 12.2.16 बनारस

नेपाली साहित्यको प्रारम्भिक विकासकालीन केन्द्रस्थल भएकोले मात्रै होइन, आधुनिक कालमा पनि नेपाली साहित्यमा नवीनतम पुस्तक र पत्रपत्रिकादि सस्तामा बनारसबाटै मुद्रित भएर प्रकाशमा आउने हुनाले नेपाली साहित्यको इतिहासमा बनारसको स्थान अनन्यतम रहेको मानिन्छ। वि.सं. 1943 मा मोतीराम भट्टको सम्पादनमा निस्किने गोरखा भारत जीवन पत्रको ठीक बीस वर्षपछि बि.सं. 1963 देखि बनारसबाट रसिक समाजले सुन्दरी पत्रिका प्रकाशित गर्न थालेको थियो। सुन्दरी पत्रिकामा अलङ्कारपूर्ण नेपाली गद्यको उदाहरण पाइन्छ र यो प्रकाशित हुन लागेको दुइ वर्षपछिदेखि प्रकाशित माधवी (1965) पत्रिकामा पनि नेपाली गद्यको सामान्य रूप पाइन्छ र यसै बेलादेखि नेपाली निबन्धको सामान्य आकृति खिँचिन थालिएको पनि थियो। यो परम्परालाई माधवप्रसादको सम्पादनमा प्रकाशित हुने चन्द्र (1971) र सूर्यविक्रम ज्ञवालीको सम्पादनमा प्रकाशित हुने गोर्खाली (1972) र जन्मभूमि (1979) ले निकै अघि बढाए। धेरैपछि वि.सं. 2013 देखि बालकृष्ण पोखरेल रूपावासीको सम्पादनमा प्रकाशित हुने नौलो पाइलोले झर्रो नेपाली भाषाको प्रयोग सँगसँगै नै नेपाली निबन्धको अत्याधुनिक उदाहरणहरू प्रस्तुत गरेको भए पनि नेपाली साहित्यका विभिन्न विधाहरूको निकै दीर्घकालीनपर्यन्त भरणपोषण गर्ने पत्रिकाहरूमध्ये चाहिँ उदय, युगवाणी र दीपकको नाउँ विशेष उल्लेखनीय छ।

### 12.2.17 उदय

बनारसबाट श्री काशीबहादुर श्रेष्ठको सम्पादनमा उदय मासिक साहित्यिक पत्रिका सन् 1937 को फरवरी महीनादेखि प्रकाशित हुन थालेको हो। बीचमा केही कालसम्म बन्द भएर पनि यो पत्रिका निकै वर्ष चलि नै

रह्यो। नेपाली र हिन्दी साहित्यमा समान रूपले समादृत स्व. गोपालसिंह नेपाली पनि केही कालसम्म यसका सम्पादक थिए। उदयमा प्रकाशित प्रेमराज शर्मा लिखित गहना (1:7) र भागवत, गोविन्द श्रेष्ठ लिखित बजिया किन? (12:12) शीर्षक निबन्धहरू खूबै रोचक छन्। उक्त पत्रिकाको गोठाला बाजेको पत्र स्तम्भमा छद्मनामधारी गोठाला बाजेले तत्कालीन सामाजिक विकृतिहरूमाथि तीखा व्यङ्ग्य प्रहार गर्नुभएको र त्यसपछि यही परम्परामा कान्छाको पात्र स्तम्भमा मापाको कान्छाले लेखेका पत्रहरू निबन्धात्मक मात्रै होइन औधी चाखलाग्दा निबन्ध भएका थाहा पाइन्छन्।

## 12.2.18 युगवाणी

आरम्भमा स्व. लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद, उपाध्याय, कृष्णप्रसाद उपाध्यायका संयुक्त सम्पादनमा र भट्टराई बन्धुका प्रकाशनमा 43, बाह्मघाट, बनारसबाट प्रकाशित हुन थालेको सचित्र राष्ट्रिय नेपाली साप्ताहिक पत्रिकाको पछि नारायणप्रसाद उपाध्याय एक्लो सम्पादक थिए। यो पत्रिका फरवरी 1948 देखि निस्कन आरम्भ गरेको थियो र सन् 1952 सम्म नियमित रूपले नै चलिरह्यो। यो पत्रिकाको नारी समस्या स्तम्भअन्तर्गत स्त्री जातिसम्बन्धी जति निबन्ध र प्रबन्ध प्रकाशित भएका छन् सम्भवतः त्यो अति नै सहरानीय कुरो रहेको बुझिन्छ। नेपाली कंग्रेसको मुखपत्र भएको यसमा लक्ष्मीप्रसाद देवकोटाका राजसत्ता विरोधी व्यङ्ग्यात्मक कथा र निबन्धहरू पनि प्रकाशित भएका थिए। तीमध्ये देवकोटाका राजा कसरी गर्छन् राज! (1:17), नपुंसक प्रजा (1:22), मासु (4:42, 43) इत्यादि कथाहरू भए पनि तिनमा निबन्धकीयताको आभास पाइन्छ। समाजवादको धुनमा (4:47, 48).

दार्जीलिङ, खरसाङ, कालिम्पोङ चाहिँ देवकोटाले दार्जीलिङ भ्रमण गरिसकेपश्चात् लेखिएका निबन्धहरू हुन्। उपर्युक्त निबन्धमा देवकोटा दार्जीलिङ जिल्लाका बारेमा यसो लेख्नुहुन्छ, दार्जीलिङ कल्पनाको गुलाफबारी होइन। ती यथार्थताका जनगढ़ हुन्। ...यहाँ नेपाली हुनु बंगाली हुनु थियो। बंगाली हुनु नेपाली हुनु। ...दार्जीलिङ संवर्द्धित, खरसाङ हँसिलो, कालिम्पोङ शान्त गम्भीर जस्तो...। युगवाणीका दुई मिनटे गफ स्तम्भअन्तर्गत विभिन्न उपशीर्षकमा प्रशस्त निबन्धहरू प्रकाशित भएका छन्। यस्ता गफ लेखकहरूमध्ये विष्णुराम राई, दार्जीलिङको नाउँ विशेष उल्लेखनीय छ। अन्य निबन्धहरूमध्ये निम्नलिखित निबन्धहरू अति नै चाखलाग्दा छन्, भीमदल राई, पराधीन पक्षी (1:13), भाइचन्द्र प्रधान, साहित्यकार (1:17), सूर्यविक्रम ज्ञवाली, हाम्रो भारत (1:17), अच्छा राई रसिक, नारी समस्याको हल (1:25), रेखाबहादुर रायमाझी, अस्तु सेलाउने प्रथा के असल हो? (5:1), नरपति उपाध्याय, तेजपूर नेपाल र भारतीय नेपालीहरू (5:4), श्रीमती शकुन्तला बर्मा गृहस्थीका केही अनुभव (5:19), रूद्रराज पाण्डे गुन्द्रुकको पुकार (5:23), विपिन उपाध्याय, आसाम, कलमको आत्मकथा (5:32), केदारनाथ आवश्यकताले भरेको जीवन (5:48) आदि।

## 12.2.19 दीपक

नारायणप्रसाद उपाध्यायको सम्पादन र गोपालचन्द्रका सञ्चालनमा दीपक कार्यालय 41, हीरापुरा वाराणसीद्वारा प्रकाशित सचित्र मासिक साहित्यिक पत्रिका मई 1956 देखि सन् 1960 सम्म जम्मा पाँच वर्ष निरन्तर चलिरहेको थाहा पाइन्छ। बनारसबाट प्रकाशित हुने गरेको भए पनि दार्जीलिङ पहाड़ी अञ्चलकै विभिन्न स्थान र चियाबारीतिरका नवोदित

साहित्यकारहरूका रचनाहरू नै यसमा धेर परेका छन्। यसरी नयाँ नेपाली साहित्यकारहरूलाई प्रकाशमा ल्याउने यसको सिलसिलामा पंक्तिका यस लेखकको सर्वप्रथम प्रकाशित कविता शीर्षक लेडेनला रोडनिरै अक्टोबर 1958 को विशेषाङ्कमा परेको थियो। दीपकका सञ्चालक श्री गोपालचन्द्रले दीपकलाई निबन्ध प्रधान पत्रिका बनाउने ठूलो प्रयास गर्नुभएको थियो तापनि भनेजस्ता र संख्याघिष्ट निबन्ध यसमा प्रकाशित भएनन्। दीपकका सम्पादकको अनुपस्थितिमा आफू स्थानापन्न सम्पादक रहँदा श्री गोपालचन्द्रले दीपकको वर्ष – 3, अङ्क 1 मा यसरी घोषणा गर्नुभएको थियो – निबन्धले नै (दीपकमा) ज्यादा ठाउँ पाउनेछन्। सधैँ निबन्धले प्रशंसनीय सीट प्राप्त गरिरहनेछ कविताले भन्दा। प्रारम्भिक कालका नेपाली साहित्यिक पत्रिकाहरूमा निबन्ध, प्रबन्ध र लेखको यथोचित भेट नछुट्याइएको देखिन्छ। तर दीपकले निबन्ध र प्रबन्धको यथार्थ श्रेणी विभाजन गरी रचनादिलाई उपयुक्त स्तम्भभित्र राखेको छ। दीपकमा प्रकाशित निबन्धहरूको सिलसिलामा श्री नरबहादुर दाहालद्वारा लिखित नेपाल र दार्जीलिङ (1:8) खूबै रोचक छ। श्री दाहालको उक्त निबन्धमा श्री धर्मराज थापा दार्जीलिङ भ्रमणमा आउनुहुँदा उहाँलाई जनकवि केशरी उपाधिद्वारा दार्जीलिङका जनताले विभूषित गरेका भए पनि उहाँ काठमाडौं फर्किएपछि दार्जीलिङलाई भुसुक्क बिर्सिदिएर यतातिरका हाम्रा दुखेसाका गीतहरू कथ्नुभएन भन्ने कृतघ्नताको आरोप लाइएको छ। उक्त आरोपको खण्डन गर्दै श्री धर्मराज थापाले दीपककै वर्ष 1, अङ्क 9 मा मुटु छुने उत्तर र स्पष्टीकरण दिँदै दार्जीलिङकी देउरालीलाई पुज्नेछन् शीर्षक निबन्ध प्रकाशितत गराउनुभयो। निबन्धका अन्तमा उहाँ यस्तो लेख्नुहुन्छ, दार्जीलिङको देनबाट फुलेर निस्केकी, स्थापना गरिएकी नेपाली साहित्य एवं संस्कृतिकी देउरालीलाई नेपालले युग युगसम्म आफ्नो मुटु

चढ़ाएर पुज्नेछ। दार्जीलिङकी शान्तिदेवी राईका प्रशस्त निबन्ध, स्त्री उपयोगी लेख र कविताहरू दीपकमा प्रकाशित भएका छन्। तिनमध्ये त्रियश्चरित्रम् (1:9), प्रत्युत्तर (1:12), खूबै रोचक छन्। अर्को निबन्धकार दार्जीलिङकै श्री किशोर सोताङसँग शान्तिदेवीको निबन्धमै झगड़ा चल्न आरम्भ भएको थियो। दुइको निबन्धात्मक झगड़ाको मध्यस्थता गर्दै श्री बसन्तकुमार राई, दार्जीलिङले फाल्टू दृष्टिकोण (2:8) लेख्नुभएको पनि खूबै रोचक छ। दीपकमा प्रकाशित निम्नलिखित निबन्धहरू खूबै रोचक छन्, डी.बी. घिसिङ, डुवर्स म दिक्क हुन्छु (2:2), विष्णुराम राई गफीको मनको बात (2:3), तेजकुमार दाहाल सभ्यता (3:5), श्री चन्द्र मानव र युद्ध (3:5), केशवशरण शास्त्री, असम विज्ञान पनि धर्मकै अङ्ग हो (4:10), मोहनराज शर्मा नेपाली लोकगीत र दुई विश्वयुद्ध (5:1, 2) इत्यादि। नेपाल र दार्जीलिङको मध्य मुटु हो बनारस। मुद्रण सम्बन्धी आधुनिक प्राविधिकता र सुलभता यहाँको अर्को विशेषता। जबसम्म नेपाली जातिको एउटै व्यक्ति बाँचिरहला उसले पैतृक बिरासद बनारसलाई आफ्नो गढ़ र प्रेरकतत्व स्थानका रूपमा कहिल्यै नबिर्सिएला। समग्रमा भन्नुपर्दा समय समयमा विविध अडचनहरू पार गर्दै भएपनि नेपाली निबन्ध लेखनको दिशामा उर्ययुक्त प्रमुख पत्र – पत्रिकाहरूबाहेक अन्य थुप्रै पत्रिकाहरूले अहम भूमिकाको निर्वाह फलस्वरूप निबन्ध लेखनको स्वरूपले आजको दिनमा नयाँ स्वरूप धारण गरेको थाहा पाइन्छ।

## 12.3 उपसंहार

विश्व निबन्ध लेखनको नयाँ नयाँ प्रविधिहरूलाई पछयाउँदै नेपाली निबन्ध लेखनको दिशामा दिन रात सक्रीय रहने नेपाली निबन्धकारहरूलाई पत्र –

पत्रिकाहरूको प्रकाशनले ठुलै ऊर्जा प्राप्त हुन पुगेको बुझिन्छ। अतः नेपाली साहित्यको अन्य विधाले पत्र – पत्रिकाको माध्यम विकासको मार्गमा अघि बढने मौका पाए झैं निबन्ध विधाले पनि समय- समयमा नेपालतिरबाट तथा समग्र भारतीय मूलका दार्जीलिङ, वनारस, असम, देहरादून, भाग्सु, सिक्किम, कालेबुङ, खर्साङ लगायत अन्य विभिन्न क्षेत्रहरूबाट प्रकाशित हुने विविध पत्र-पत्रिकाहरूको प्रकाशनको टेवामा मौलाउने र फस्टाउने सुयोग प्राप्त गरेको देखिन्छ। समूल नेपाली निबन्ध लेखन परम्पराको परिचयात्मक मुख्य स्रोत पृथ्वी नारायणको 'दिव्योपदेश' लाई मान्नु पर्ने हुन्छ, अनि 'शारदा' को प्रकाशनसितै नेपाली निबन्धलेखनमा आधुनिकता भित्रिएको थाहा लाग्छ। यसरी नै गोर्खापत्रको भूमिका पनि यस दिशामा अतुल्यनीय रहेको पाइन्छ। अर्कोतिर भारतीय नेपाली निबन्ध साहित्यको इतिहासको सन्दर्भमा भने सन् 1947 को भारत-स्वतन्त्र र सन् 1950 को नेपालमा राणा शासनको उन्मूलनले नयाँ चेतना र विचारको फैलाई ठूलो अवदान गरेको कुरालाई लत्याउन सकिन्न। अझ सम्पूर्ण अखिल भारतीय गोर्खालीगको स्थापनाले ल्याएको जनचेतनाको प्रतिनिधित्व गर्न सन् 1945 मै 'गोर्खा' को प्रकाशन शुरु भइसकेको थियो। त्यसरी 'गोर्खा' को प्रकाशनपछि सामाजिक सुधार र राजनैतिक विषयका लेखहरू भटाभट निस्कन थाले। अझ सन् 1948 मा 'युगवाणी' सन् 1949 मा 'भारती', 'हिमाद्रि' (आसाम) 'हाम्रो कथा', 'साथी', 'प्रभात', 'स्वतन्त्र नेपाली' (देहरादून) 'अग्रदूत', 'जागृत गोर्खा' (देहरादून), 'दीयो', 'जनदूत', 'गोरेटो', 'साहित्य-संगम', 'दियालो', 'हाम्रो संसार', 'आमा', 'सुमन', 'मालिंगो', 'हाम्रो संकेत', 'हिमालोक', 'खोजी', 'अस्तित्व', 'मादल', 'पूर्णिमा', 'सयपत्री पश्चिम बंगाल', 'अकादमी पत्रिका' आदि पत्रिकाहरूको प्रकाशनले ट्यासिएको नेपाली साहित्यले विकसित

भएर फुल्न र फल्न सकेका देख्छौं। नेपाली कथा र कविता विधालाई उन्नत र हराभरा बनाउनमा नेपाली प्रतिभाहरूले जे-जति सहयोगदान गरे निबन्ध साहित्यले त्यो योगदान पाउन सकेन। उता नेपालमा निबन्ध धरतीलाई उकेरा लगाउन बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, शंकर लामिछाने, ताना शर्मा, बालकृष्ण पोखरेल आदि सशक्त महान विभूतिहरू अग्रसर भए थोरै समयमा उर्वरीत पारे भने निबन्ध क्षेत्रमा अगुवा नै भएर पनि भारतीय निबन्ध साहित्य भने जस्तो मौलाउन सकेन। सन् 1947 पछिका सशक्त निबन्धकारको रूपमा हाम्रा प्रतिभाहरू हुन् – इन्द्र बहादुर राई, नगेन्द्र शर्मा, तारानाथ शर्मा, मनबहादुर प्रधान, नारायण तामाङ, गणेशलाल सुब्बा, जगत छेत्री, कुमार प्रधान, राजनारायण प्रधान, नन्द हाङखिम गाब्रियल राणा, डिल्लीराम तिमसिना, शान्तिराज शर्मा, गुमानसिंह चामलिङ, सूर्यकला थापा, कमला सांस्कृत्याय, फटिकधर ब्राह्मण, टीका प्रसाद राई, बाबुलाल प्रधान, प्रेम प्रधान, रामलाल अधिकारी, तिलक राई, सानुभाइ शर्मा, दिलप्रसाद राणा, आइ. के. सिंह, गोकुल सिन्हा, हस्त नेचाली, दिनेश कुमार खालिङ, धर्मराज बमजन, कुमार घिसिङ, के. राज सिंह, ग्याल्पो लामा, जस योञ्जन प्यासी, रूपराम देवान, बी. योञ्जन, विष्णुराम राई, अगमसिंह गिरी, आर मोक्तान, एस.एन. छेत्री, शरद छेत्री, एन.बी. भण्डारी, दिलबहादुर नेवार, कृष्णप्रसाद ज्ञवाली, रामचन्द्र जोशी, गुरुप्रसाद उपाध्याय, हरिश बमजन, मोदनाथ प्रश्रित, शान्ति देवी राई, श्याम 'लिवाङ', मनबहादुर मुखिया, प्रेम थापा, टी. मनेन, सी.डी. राई, प्रभावती रोका, हरिप्रसाद 'गोर्खा' राई, खिदमत सुब्बा, प्रभाकर गुरुङ, समीरण छेत्री, दुर्गा प्रसाद श्रेष्ठ, भरत यादव, अमृता देवी छेत्री, नीलम प्रधान, मनबहादुर गुरुङ, आर्नोल्डा रोगोंग, ईश्वर बल्लभ, टीकाराम शर्मा, दलसिंह 'अकेला', नरा गुरुङ, रत्न बान्त्वा, असीत

राई, बद्रीनारायण प्रधान, डी.के. श्रेष्ठ, जीवन नाम्दुङ, हर्कबहादुर कुमाई, रामचन्द्र गिरी, उपरोक्त निबन्धकारहरूमध्ये आफ्ना निबन्धहरूलाई सङ्गृहीत गरेर पुस्तकाकारमा प्रकाशित गर्ने निबन्धकारहरू हुन् – नगेन्द्र शर्मा, रामलाल अधिकारी, ईश्वर बल्लभ, शान्तिराज शर्मा, दिलबहादुर नेवार, कृष्ण प्रसाद ज्ञवाली, कमला सांस्कृत्यान, डिल्लीराम तिमसिना, जगत छेत्री, डा. बी. पी. राई, टीकाप्रसाद राई, राजनारायण प्रधान, आर.पी. लामा, केदार गुरुङ, बी. एम. प्रधान आदि। नेपाली निबन्धको विकासका सन्दर्भमा भारतीय मूलको दार्जीलिङ क्षेत्रबाट प्रकाशित हुने पत्र-पत्रिकाको योगदानको यथोचित मूल्याङ्कन गर्नु निकै गाह्रो रहेको बुझिन्छ। तथापि सन् 1901 मा सर्वप्रथम पाद्री गङ्गाप्रसाद प्रधानको 'गोर्खे खबर कागत' प्रकाशित हुन थालेपश्चात् प्रायः एक शताब्दीको अवधिभित्र असङ्ख्य नेपाली साहित्यिक पत्रिकाहरू प्रकाशित भएका थाहा पाइन्छ तत्र पत्र पत्रिकाको इतिहासमा अनेकन पत्र पत्रिकाहरूको अस्तीत्व यथावत रहेको देखिन्दैन।

## 12.4 सार

- पत्र – पत्रिकाकै माध्यमले नेपाली साहित्यका अन्य विधाले विकासको मार्गमा अघि बढने मौका पाए झैं निबन्ध विधाले पनि समय- समयमा नेपालतिरबाट तथा समग्र भारतीय मूलका विविध क्षेत्रबाट प्रकाशित हुने विविध पत्र-पत्रिकाहरूको प्रकाशनको टेवामा मौलाउने र फस्टाउने सुयोग प्राप्त गरेको देखिन्छ।

- अतः विश्व निबन्ध लेखनको नयाँ नयाँ प्रविधिहरूलाई पछ्याउँदै नेपाली निबन्ध लेखनको दिशामा दिन रात सक्रीय रहने नेपाली

निबन्धकारहरूलाई पत्र – पत्रिकाहरूको प्रकाशनले ठुलै ऊर्जा प्राप्त हुन पुगेको बुझिन्छ।

● समूल नेपाली निबन्ध लेखन परम्पराको परिचयात्मक मुख्य स्रोत पृथ्वी नारायणको 'दिव्योपदेश' लाई मान्नु पर्ने हुन्छ, अनि 'शारदा' को प्रकाशनसितै नेपाली निबन्धलेखनमा आधुनिकता भित्रिएको थाहा लाग्छ।

● गोर्खापत्रको भूमिका पनि यस दिशामा अतुल्यनीय रहेको पाइन्छ।

● भारतीय नेपाली निबन्ध साहित्यको इतिहासको सन्दर्भमा भने सन् 1947 को भारत-स्वतन्त्र र सन् 1950 को नेपालमा राणा शासनको उन्मूलनले नयाँ चेतना र विचारको फैलाई ठूलो अवदान गरेको कुरालाई लत्याउन सकिन्न।

● सम्पूर्ण अखिल भारतीय गोर्खालीगको स्थापनाले ल्याएको जनचेतनाको प्रतिनिधित्व गर्न सन् 1945 मै 'गोर्खा' को प्रकाशन शुरु भइसकेको थियो।

● 'गोर्खा' को प्रकाशनपछि सामाजिक सुधार र राजनैतिक विषयका लेखहरू भटाभट निस्कन थाले। अझ सन् 1948 मा 'युगवाणी' सन् 1949 मा 'भारती', 'हिमाद्रि' (आसाम) 'हाम्रो कथा', 'साथी', 'प्रभात', 'स्वतन्त्र नेपाली' (देहरादून) 'अग्रदूत', 'जागृत गोर्खा' (देहरादून), 'दीयो', 'जनदूत', 'गोरेटो', 'साहित्य-संगम', 'दियालो' आदि पत्र पत्रिकाहरू नेपाली साहित्य संसारमा देखा परेको भेटिन्छ।

● नेपाली कथा र कविता विधालाई उन्नत र हराभरा बनाउनमा नेपाली प्रतिभाहरूले जे-जति सहयोगदान गरे निबन्ध साहित्यले त्यो योगदान पाउन सकेन।

● उता नेपालमा निबन्ध धरतीलाई उकेरा लगाउन बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, शंकर लामिछाने, ताना शर्मा, बालकृष्ण पोखरेल आदि सशक्त महान विभूतिहरू अग्रसर भए थोरै समयमा उर्वरीत पारे भने निबन्ध क्षेत्रमा अगुवा नै भएर पनि भारतीय निबन्ध साहित्य भने जस्तो मौलाउन सकेन।

● सन् 1947 पछिका सशक्त निबन्धकारको रूपमा हाम्रा प्रतिभाहरू हुन् – इन्द्र बहादुर राई, नगेन्द्र शर्मा, तारानाथ शर्मा, मनबहादुर प्रधान, नारायण तामाङ, गणेशलाल सुब्बा, जगत छेत्री, कुमार प्रधान, राजनारायण प्रधान, सूर्यकला थापा, कमला सांस्कृत्याय आदि प्रभृतिहरूले नेपाली निबन्ध लेखनको दिशालाई अग्रगति प्रदान गरेको बुझिन्छ।

## 12.5 अनुशीलनी

(1) नेपाली निबन्धको लेखन परम्परामा पत्र –पत्रिकाहरूको योगदानमाथि चर्चा गर्नुहोस्।

(2) प्रारम्भिकालीन भारतीय नेपाली निबन्ध लेखन परम्परामा देखापर्ने पत्र-पत्रिकाबारे गहकिलो विवेचना गर्नुहोस् ।

(3) भारतीय नेपाली निबन्ध लेखन परम्परामा 'चन्द्रिका', 'दियालो' र 'अस्तीत्व' आदि पत्र-पत्रिकाहरूले पुर्याएको योगदानमाथि प्रकाश पार्नुहोस्।

## 12.6 अतिरिक्त अध्ययन

1 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

2 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

3 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा**

| | |
|---|---|
| | **आधुनिक नेपाली निबन्ध** |
| 4 – प्रा. नरेश चन्द्र खाती | **अध्ययनः नेपाली निबन्धका** |
| 5 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा | **नेपाली साहित्यको संक्षिप्त इतिहास** |

# 12.7 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

९. नेपाली निबन्धको लेखन परम्परा र पत्र-पत्रिका।

....................................................................................

....................................................................................

....................................................................................

.........................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 12.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१०. नेपाली निबन्ध लेखन परम्परामा पत्र-पत्रिकाको भूमिका।

....................................................................................

....................................................................................

....................................................................................

.........................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 12.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली निबन्ध लेखन परम्पराको दिशामा 'चन्द्रिका', 'दियालो' र 'खोजी' पत्रिका।

.......................................................................................

.......................................................................................

.......................................................................................

.........................

( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 12.3.1, 12.3.2 र 12.3.1, को खण्डमा उत्तर खोज्न सक्नेछन् )

# एकाइ – 13, नेपाली समालोचनात्मक निबन्धको स्वरूप तथा विशेषता।

13.0 उद्देश्य

13.1 परिचय

13.2 निबन्धको अर्थ

13.3 निबन्धको पृष्ठभूमि

13.4 नेपाली समालोचनात्मक निबन्धको स्वरूप

13.5 केही प्रमुख नेपाली समालोचनात्मक निबन्धकारहरू
र तिनका निबन्धगत् विशेषताहरू

13.6 उपसंहार

13.7 सार

13.8 अनुशीलनी

13.9 अतिरिक्त अध्ययन

13.10 मुल्यबृद्धिका निम्ति उत्तर

# 13.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धको अर्थ
- निबन्धको पृष्ठभूमि
- नेपाली समालोचनात्मक निबन्धको स्वरूप

- नेपाली समालोचनात्मक निबन्ध लेखनको परम्परा
- केही प्रमुख नेपाली समालोचनात्मक निबन्धकारहरू
- समालोचनात्मक निबन्धका विशेषताहरू

## 13.1 परिचय

आधुनिक निबन्धका पिता बेकन अनुसार "निबन्धमा विद्वानको वाक् चातुर्य र पण्डित्य प्रदर्शन हुनुपर्दछ" भन्ने भनाइ रहेको छ। अत: त्यहाँ कल्पना र भावुकताको स्थान रहँदैन। यसैले होला उनले निबन्धलाई 'विकीर्ण चिन्तन' भनेका छन्। निबन्धको रूपमा साहित्यिक आलोचना र निरूपण गर्ने निबन्धकारहरू अधिक छन्। कुनै पनि कार्य, घटना, योजना आदिको राम्ररी अधय्यन गरिएको अथवा विवेचना, समालोचना गरिएको लेख तथा कृतिलाई समीक्षात्मक अन्तर्गत हेरिन्छ। यसरी कृति तथा लेखहरूलाई समीक्षा गर्ने व्यक्तिलाई समीक्षक वा समालोचक भनिन्छ। अतः साहित्यका अन्य विधाहरू सरह निबन्ध विधामाथि पनि नयाँ नयाँ लेखनका प्रविधिआदी प्रयोग गर्दै एवम् नयाँ नयाँ विषयहरूलाई आचोलनाको सूक्ष्म दृष्टिकोणले विश्लेषण गर्दै अपितु समालोचना नभएर विशुद्ध  निबन्ध कै धर्म निर्वाह गरिएका लेख- रचनाहरू लेख्ने स्रष्टाहरू पनि नेपाली निबन्ध लेखन परम्पराभित्र देखिन्छ। यसप्रकार समालोचनात्कम निबन्ध र निबन्धकार भन्न सुहाउने यस्ता विषयलाई आजको सन्दर्भमा अध्ययन गर्न सार्थक रहेको बुझिन्छ।

## 13.2 निबन्धको निबन्धको अर्थ

निबन्ध एक किसिमको कुरा गराइ हो, आफ्नो मनका भावनालाई स्वगत् कथनका रूपमा व्यक्त गर्ने विधाविशेष हो। व्युत्पति अनुसार निबन्धको अर्थ हुन्छ बाँध्नु। साधारण किसिमले भन्नुपर्दा निबन्ध लघु रचना हो जसमा साहित्यिक कृतिहरू आउँछन्। संस्कृतमा 'निबन्ध्नाति इति निबन्ध' भनिन्छ। संस्कृतमा निबन्धलाई 'आप्टे' भनिएको छ। निबन्ध विधाका जनक हुन् माइकल दि मोते। उनको भनाइमा निबन्ध भनेको 'फूर्सदका क्षणमा गरिने गफ हो'। निबन्ध र समालोचना आख्यानेतर गद्य विधा अन्तर्गत पर्दछ।

## 13.3 निबन्धको पृष्ठभूमि

निबन्धको स्वरूप आफ्नै छन्। निबन्ध, प्रबन्ध, र समालोचना आदि गद्यका आख्यानेतर विधाहरूको पनि स्वरूप विकासको क्रम शृङ्गारकालमा आएर सुरू भएको पाइन्छ। यस कालमा प्रकाशित पत्र-पत्रिकाको माध्यमबाट नै यस विधाको स्वरूप विकास भयो। निबन्धात्मक गद्य-लेखनको बीजारोपन अभिलेखकालीन लेखोटहरूमै भएको हो।धार्मिक नीतिउपदेशात्मक प्राचीन पाठहरू, जीवनी र यात्रा- विवरणहरूमा त्यसको सुस्त विकासका लक्षण परिलक्षित हुन्छन्। पृथ्वीनारायण शाहको दिव्योपदेश निबन्धात्मक गद्यको झरिलो नमुना हो। शुरूमा यात्रा विवरण, दैनिकी वा रोजनाम्चाहरूमा यस किसिमका गद्यको विकासका निम्ति पृष्ठभूमि निर्माणका राम्रा दृष्टान्त भेटिन्छन्। चन्द्रिका पत्रिकाको प्रकाशनले नेपाली निबन्धको इतिहासमा एउटा नयाँ युगको श्रीगणेश गरेको आलोचक तथा लेखकहरू मान्दछन्। उक्त पत्रिका प्रकाशित जुनकीरी शीर्षक निबन्ध र महेन्द्रमल्ली निबन्धलाई नेपाली निबन्धका प्रारम्भिक नमुना मानिलिएको पाइन्छ। यस कार्यमा विशेष गरी गोर्खापत्र, माधवी,

गोर्खाली,चन्द्रिका, चन्द्र, जन्मभूमि, गोर्खासंसार, तरूण-गोर्खा, भारती र खोजी, नेबुला, परिवर्तन, गाउँ सुधार पत्रिका, नेपाली साहित्य सम्मेलन पत्रिका, जस्ता पत्र-पत्रिकाको योगदान अत्यन्त महत्वपूर्ण छ। सुन्दरी र माधवी जस्ता पत्रिकाहरूले वर्णनात्मक निबन्धहरू अघि सारे। प्रारम्भिक अवस्थाका उल्लेखनीय निबन्धकारहरू चिरञ्जीवी पोड्याल, हरिहर आचार्य दीक्षित, पृथ्वीनारायण शाह, राममणि आचार्य दीक्षित, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, मनिनारायण प्रधान, शेषमणि प्रधान, प्रेमसिंह आले, खड्गबहादुर छेत्री, वेधनिधि शर्मा, हर्षध्वज लिम्बू, रूपनारायण सिंह, चक्रपाणि चालिसे, धरणीधर कोइराला,प्रतिमान लामा आदि हुन्।शारदा पत्रिकाको प्रकाशनपछि मात्र बालकृष्ण सम, नरेन्द्रमणि आचार्य दीक्षित, बोधबिक्रम अधिकारी, प्रेमराज पन्त, लक्ष्मीप्रसाद देवकोटा जस्ता सशक्त लेखकहरूको उदयले नेपाली निबन्ध साहित्यले काँचुली फेर्न सक्यो। नेपाली साहित्यको इतिहासमा निबन्ध एउटा आधुनिक विधाका रूपमा विकसित भयो। शारदामा प्रकाशित बालकृष्ण समको बर्दाहमा शिकार शीर्षक निबन्ध प्रकाशित भयो। यसबाट आधुनिक वस्तुपरक निबन्धको परम्परा थालिएको मानिन्छ। यसैप्रकारले निबन्धको बहुआयमिक विकासमा विशेष योगदान दिने निबन्धकारहरू क्रमैले यसप्रकार छन्- भेषराज शर्मा, भवानी भिक्षु, रूद्रराज पाण्डे, बाबुराम आचार्य, पारसमणि प्रधान, अच्छा राई रसिक, रामकृष्ण शर्मा, महानन्द सापकोटा, कमल दीक्षित, जनकलाल शर्मा, बद्रीनाथ भट्टराई, चूढानाथ भट्टराई, भीमनिधि तिवारी, नरेन्द्रमणि आचार्य दीक्षित, प्रेमराज शर्मा, गोपाल पाँडे, बालचन्द्र शर्मा, शङ्कर लामिछाने, इन्द्रबहादुर राई, कृष्णचन्द्रसिंह प्रधान, ताना शर्मा, रामलाल अधिकारी, बालकृष्ण पोखरेल, राजनारायण प्रधान, भैरव अर्याल, नगेन्द्र शर्मा, सानुभाइ शर्मा, प्रेम थापा, मसीहप्रकाश सुब्बा

(ऋषि), गोकुल सिंहा, कुमार छेत्री, कृष्णप्रसाद ज्ञवाली, गणेशलाल सुब्बा, जगत छेत्री, कुमार प्रधान, गाब्रियल राणा, डिल्लिराम तिमसिना, शान्तिराज शर्मा, गुमानसिंह चामलिङ, सूर्यकला थापा, कमला सांकृत्यायन, फटिकघर ब्राह्मण, आइ. के. सिंह, हस्त नेचाली, ग्याल्पो लामा, जस योञ्जन प्यासी, शरद छेत्री, हरिश बमजन, हरिप्रसाद गोर्खा राई, मनबहादुर गुरुङ, जीवन नाम्दुङ, डा. मोतीवीर राई आदि।

## 13.4 नेपाली समालोचनात्मक निबन्धको स्वरूप

समालोचनात्मक वा समीक्षात्मक निबन्धको स्वरूप भन्नाले निबन्धको आकार, रूपाकार, आकृति- प्रकृति भन्ने बुझिन्छ। निबन्धको आफ्नै स्वरूप हुन्छ भन्ने कुरा अघि माथि नै गरियो। युक्तिसङ्गत विचारहरू, तर्कमय, कारण सहितको प्रस्ट र चट्ट खुल्ने गरी भन्न र बुझाउनका निम्ति अभिव्यक्त हुन्छन्- त्यहाँ शब्दको चमत्कार र गुम्फनद्वारा मुग्ध पार्ने र सोन्दर्यले लठ्ठ पार्ने काम नभएर एउटा स्पष्ट प्रतिक्रिया पार्ने काम हुन्छ।दार्शनिक एवम् विचारात्मक निबन्ध अथवा विषयातीत रचनाहरू यस्ता हुन्छन्। समीक्षात्मक निबन्ध पनि यसै अन्तर्गत पर्दछन्।विषयवस्तु, उद्देश्य तथा शैलीका पक्षले निबन्धका भेदोपभेद गरिएको पाइन्छ, जस्तो अभिलेखात्मक, आत्मचरितात्मक, आलोचनात्मक, उपदेशात्मक, ऐतिहासिक, गवेषणात्मक, पत्रात्मक, व्यङग्यात्मक, हास्यात्मक, व्याख्यात्मक, आलोचक, संस्मरणात्मक इत्यादि। कुनै पनि निबन्ध र विभिन्न विषय प्रधान निबन्धलाई समीक्षात्मक निबन्ध अन्तर्गत राख्न सकिन्छ। समीक्षात्मक निबन्धमा

विशलेष तथा आलोचना पनि रहेको हुन्छ। कुनै पनि विषयको विश्लेषण गरिसकेपछि त्यसका गुण, दोष माथि विचार पुर्‌याइन्छ, राम्रो र नराम्रो छुट्ट्याइन्छ, त्यस समय त्यो समीक्षात्मक निबन्ध हुनजान्छ। समीक्षात्मक निबन्धमा पनि शैलीको धेरै महत्व हुनजान्छ। शैली सुन्दर र सहज नभए यस्ता निबन्ध शुष्क हुन्छ र पाठकलाई पढ्न दिकदारी हुनजान्छ। जब निबन्धात्मक भावले काव्यात्मक रूपमा अभिव्यक्त नभएर अथवा कुनै भावुकताको तथा कल्पनाको आश्रय नलिएर स्पष्टवादी र स्पष्टतापूर्वक मुखरित हुन्छ, त्यससमयनिबन्धको बौद्धिक विचार व्यक्तिन्छ। निबन्ध एउटा समीक्षात्मक रूपमा पनि विद्यामान रहेको हुन्छ।

विभिन्न भाषाका निबन्धात्मक छेत्रमा समीक्षात्मक रूप रहेको पाइन्छ। अङ्ग्रेजी साहित्यमा ह्याजलीट् र फ्रान्सीस जेफ्रीका निबन्धहरूमा समीक्षात्मक रूप पाइन्छ। आचार्य रामशुक्लका पदार्पणले हिन्दी निबन्ध साहित्यमा समीक्षात्मक निबन्धको राम्रो प्रयोग हुन गयो। यसै समय हिन्दी निबन्ध विषय र शैलीको दृष्टिकोणले धेरै सशक्त र सबल पनि देखियो। हिन्दी निबन्ध साहित्यमा गुलाबराय, डा रघुवीर सिंह, राहुल सांकृत्यायन, सुमित्रानन्दन पन्त आदि यस छेत्रमा सफल निबन्धकारहरू हुन्। नेपाली निबन्ध साहित्यमा हेर्नुपर्दा 'सुन्दरी' ( वि. सं. 1963) पत्रिकामा प्रकाशित विरेद्रकेशरी अर्यालको बेसरी नामक शीर्षकलाई पहिलो समीक्षात्मक निबन्ध भन्न सकिन्छ। यसमा वैचारिक पक्षको प्रधानता पाइन्छ। अन्वेषणात्मक, शोध र समीक्षात्मक निबन्धको थालनी कमलमणि दीक्षित, रत्नध्वज जोशी, यदुनाथ खनाल, डा ईश्वर बराल, ताना शर्मा, वासुदेव त्रिपाठी, रामकृष्ण शर्मा आदिबाट भयो भने यसलाई सविस्तार अघि लानेहरूमा इन्द्रबहादुर राई, गणेशलाल सुब्बा, कुमार प्रधान, नन्द हांगखिम, राजनारायण प्रधान, गुमानसिङ चामलिङ,

लक्खीदेवी सुन्दास, पारसमणि प्रधान, रूपनारायण सिंह, कमला सांकृत्यायन आदि उल्लेखनीय छन्। केही समीक्षात्मक निबन्धहरूका चर्चा र विश्लेषण यहाँ गरिनेछ।

समग्रमा भन्नुपर्दा समालोचनात्मक वा समीक्षात्मक निबन्धको स्वरूपभन्ने निबन्धात्मक शैलीमा लेखिएका समीक्षा वा समालोचनालाई बुझिन्छ। समालोचनात्मक अथवा समीक्षात्मक निबन्धलाई निसमीक्षा पनि भन्ने गरेको पाइन्छ। निसमीक्षा शब्दको प्रयोग नेपालीमा नपाइए पनि नैबन्धिक समालोचना शब्दको प्रयोग भने नेपालीमा भएको पाइन्छ। समीक्षाको भाषाशैली वस्तुगत हुनुपर्छ। कतिपय समालोचकहरूले आफ्ना समालोचनामा आत्मगत वा आत्मपरक भाषाशैलीको प्रयोग गरेका छन्। त्यस किसिमका समालोचनामा निबन्धात्मक गुण रहने हुँदा तिनलाई समीक्षात्म निबन्ध भन्नु उचित हुन्छ। समीक्षात्मक निबन्धका अभिलक्षणहरू यसप्रकार छन्-

1. समीक्षात्मक निबन्धमा वस्तुपरक र आत्मपरक दुवै शैलीको प्रयोग हुन्छ र समीक्षामा निबन्ध तत्त्वको उपस्थिति हुन्छ तथा 2. यस किसिमको निबन्धमा समालोचना तत्त्वभन्दा पनि समालोचनामा निबन्ध तत्त्व बढी हुन्छ र यसै गुणले गर्दा यो सम्प्रेष्य हुम्छ आदि।

# 13.5 केही प्रमुख नेपाली समालोचनात्मक निबन्धकारहरू र तिनका निबन्धगत विशेषताहरू

### 13.5.1 पारसमणि प्रधान

नेपाली भाषा र साहित्यको उन्नति गर्नु नै आफ्नो जीवनको मुख्य उद्देश्य ठान्ने पारसमणि प्रधानको जन्म कालिम्पोङमा भएको हो। नेपाली भाषामा पाठ्य-पुस्तक र व्याकरण पुस्तकहरू लेखेर नेपाली पुस्तकको अभावको खाडल भर्ने महान विभूतिका रूपमा उनी परिचित छन्। पारसमणि प्रधान भारतीय नेपाली जाति र समाजको निम्ति एक यस्ता व्यक्ति हुन् जसबाट नेपाली भाषा, साहित्य र शिक्षाको पर्यावलोकन गर्न सकिन्छ। भारतीय नेपाली जाति र भाषा- साहित्यिक हितार्थ पाठ्यपुस्तक, शब्दकोश, व्याकरणको पुस्तक, स्तरीय साहित्यिक पत्रिका लेखन र प्रकाशन गरे। उनको कुशल सम्पादनमा सन् 1918मा चन्द्रिका र सन् 1948 देखि सन् 1957 सम्म प्रकाशित भएको भारती भन्ने पत्रिकाले साहित्यको परिप्रेक्ष्यमा आफ्नो ऐतिहासिक मोड स्थापित गर्दछ।चन्द्रिका खरसाङबाट अनि भारती दार्जिलिङबाट प्रकाशित भएको हो। पारसमणि प्रधानद्वारा सम्पादित चन्द्रिका पत्रिकाबाट नै भारतबाट नेपाली साहित्यमा निबन्धले विकसित रूप ग्रहण गरेको स्पष्टीकरण निबन्ध नन्दननामक पुस्तकमा सम्पादक घनश्याम नेपालले दिएका छन्। पारसमणि प्रधानले शब्दकोश, व्याकरणका पुस्तकबाहेक निबन्धात्मक पुस्तकहरू पनि लेखेका छन्। उनका आफ्ना निबन्धगत विषयहरूमा विशेष ऐतिहासिक, भाषिक र साहित्यिक विषयहरू छन्। यिनीबाट रचित प्रसिद्ध निबन्धका पुस्तकहरूमा 'टिपन- टापन' (1969), 'रोचक संस्मरण' (1969), 'क्वाँटी' (1972), 'काँठे झाँक्री' (1974) उपलब्ध छन्। 'टिपन - टापन' निबन्धको पुस्तकले नै मदन पुरस्कार प्राप्त गरेको हो। जन्मभूमि, नेपाली साहित्य सम्मेलन पत्रिका, खोजी, नेबुला, चन्दिका आदि पत्रिकाहरूबाट पारसमणि प्रधान निबन्धकारका रूपमा चिनिए। उनको 'टिपन- टापन' सङ्ग्रहभित्र पर्ने केही निबन्धहरू समीक्षात्मक छन्, जस्तै नेपाली हाम्रो मातृभाषा, नेपाली

साहित्यमा उखानको स्थान आदि। पारसमणि प्रधान भारतीय नेपाली जाति र समाजको निम्ति एक त्यस्तो व्यक्तित्व मान्न सकिन्छ, जसबाट नेपाली भाषा, साहित्य र शिक्षाको पर्यावलोकन गर्न सकिन्छ। भारतीय नेपाली जाति र समाजनिहित अभाव र आवश्यकतालाई ध्यानमा राखेर जाति र भाषा – साहित्यकै हितार्थ पाठ्यपुस्तक, शब्दकोश, व्याकरणको पुस्तक, स्तरीय साहित्यिक पत्रिका लेखन र प्रकाशन गरे। समग्रमा पारसमणि प्रधानका निबन्धगत विशेषताहरूलाई प्रकार अवलोकन गर्न सकिन्छ – 1. पारसमणि प्रधानका निबन्धहरू वर्णनात्मक, विवरणात्मक र विचारात्मक तत्तवहरू पाइन्छन्, 2. पारसमणिका निबन्धहरूमा बढी मात्रामा संस्मरणात्मक प्रवृत्तिहरू समाहित भएको देखिन्छ, 3. भाषा र साहित्य सम्बन्धीकै अनुभवहरूका व्याख्या र विश्लेषण उनका निबन्धहरूमा पाइने विषय विशेष हुन्, 4. कतिपय भाषा र साहित्यप्रतिको घटनाहरूका रोचक संस्मरण सरल र सहज शैलीमा प्रस्तुत गर्नु उनको अर्को विशेषता पनि हो, 5. विभिन्न जीवनगत अनुभव गरेका घटनाहरूका मनमोहक वर्णन गर्नु र साथै रूढीग्रस्त समाजप्रति जागृत पाठ सिकाउनु पनि उनको विशेषता हो, 6. उनका निबन्धहरू शिक्षात्मक, उपदेशात्मक, सूचनात्मक एवम् ज्ञानप्रद हुँदछ, 7. उनका विचारमा मूलतः साहित्य नै सामाजिक सुधारको एक हतियार वा माध्यम हो। नेपाली हाम्रो मातृभाषामा यही रूप पाइन्छ, 8. उनका निबन्धगत विशेषताहरूमा व्याकरणिक शुद्धता, शैलीगत एकरूपता पाइन्छ, तथा 9. उनका निबन्धहरू प्रमुखः ऐतिहासिक, भाषिक र साहित्यिक विषयहरूमा प्रवृत्त भएका हुन्छन् आदि। समालोचनात्मक निबन्धगत स्वरूपभित्र पर्न आउने पारसमणि प्रधानका केही समालोचनात्मक निबन्धहरूका विश्लेषण निम्नप्रकारले गरिन्छ –

**(क) 'नेपाली हाम्रो मातृभाषा'** - यस निबन्धको प्रथम परिच्छेदमा मातृभाषाको महत्व नबुझ्ने पढे लेखेका नेपालीहरूलाई बुधाउने काम साहित्य महारथीहरूको हात रहेकोले उनीहरूलाई एक प्रकारले आह्वान गरेका छन्। यस निबन्धको प्रमुख उद्देश्य नेपाली भाषा के हो ?, यसको कुनबेला कस्तो रूप थियो ?, अहिले नेपाली भाषाको रूप कस्तो छ ? भन्ने कुरामा आधारित छ। प्रस्तुत लेखले यसै उद्देश्यलाई शिरोधार्य गर्दै विविध प्रसङ्गको उठान गरेको पाइन्छ। यसमा अन्य जातिहरू जस्तै नेवारी, लाप्चे, थारू, सुनुवार, चेपाङ- कुसुण्डा आदि जस्ता जातिहरूका विचारमा नेपाली भाषालाई मातृभाषाका रूपमा मानिलिएको छ कि छैन भन्ने कुरा जान्नु खोज्नु जस्ता कुराको उठान गरेका छन्। यसमा पुराना लेखकहरूका प्रसङ्ग विदेशी लेखकहरूका नाम र पुस्तकादिको उल्लेख गरेको छ। ती पुराना लेखहरूमा नेपाली भाषा सन्दर्भ ती विदेशी विद्वानहरूले काम गरेका तथ्यहरू प्रस्तुत गरेका छन्। सन् 1828 मा प्रकाशित होजसन साहेबको लेख On the languages, literature and religion of Nepal and Tibet र सन् 1833 मा Origin and classification of military Tibes of Nepal, त्यसरी नै सन् 1820 मा जे.ए. एटनको A Grammer of the Nepali Language, र टर्नबुलले लेखेको A Nepalese Grammar पुस्तकादिको प्रसङ्ग उल्लेख गरेका छन्। नेपाली भाषा सन्दर्भ उल्लेखित पुराना लेखहरू र पुस्तकादि अध्ययन योग्य नेपाली भाषाको रूप, इतिहास, र परिचयप्रतिको तुलनीय तथ्य राख्न पारसमणि प्रधानले प्रयास गरेका छन्। यसमा भाषिक अवस्थाबारे बताएका छन्। नेपाल राज्यभित्र बोलिने तेह्र थरीका बोलीहरू रहेको चर्चा गरेको पाइन्छ भने खसहरूले बोल्ने नेपाली भाषाको पुरानो रूपको वर्णन पनि गरेका छन्। खस भाषाको प्रसङ्ग खस भाषा बोल्ने खसहरू को थिए ?, कहाँबाट आए ?, कहाँ बसे र अहिले

कहाँ छन् ? जस्ता प्रश्नहरूका जिज्ञासाको वर्णन छ। विस्तारै खसहरू नेपाल राज्यभित्र यत्रतत्र छरेर बसेको प्रसङ्ग छ। पछि त्यही खस प्रधान राज्यमा गुरुङ, मगर, नेवार, राई, लिम्बु, लाप्चेहरू थपिए भनेर चर्चा गरेका छन्। खस भाषा राज्यभाषा भएको र यो भाषाको विशालताले गर्दा सम्पूर्ण नेपाल राज्यको एक साझे वा सम्पर्क भाषा (Lingua Franca) हुन पुगेको कुरा उद्घाटित छ। गोर्खाली बोली र भानुभक्तको भाषासम्बन्धी मीठा कुरा गरेका छन्। उक्त लेखमा पृथ्वीनारायण शाहको राज्यविस्तार सन्दर्भ पनि चर्चा पाइन्छ। पृथ्वीनारायण शाहको राज्यविस्तार सँगै भाषाको पनि विस्तार भएको छ। भाषाको विस्तार र प्रभावको वर्णन यसमा पाइन्छ। पूर्व हिमालय अन्तर्गत पर्ने दार्जिलिङ, सिक्किम, कालेम्पोङ, भोटाङ, र जलपाइगुढीमा प्रचलित नेपाली भाषाको शुद्ध रूप हुन नसकेका कारण मिसनेरीहरूलाई औंल्याएका छन्। पारसमणि प्रधानद्वारा रचित उक्त समीक्षात्मक निबन्धमा विशेष नेपाली भाषाप्रति प्रेम, श्रद्धा राखेर अध्ययन गरिएको पाइन्छ। नेपाली भाषालाई सम्पूर्ण नेपाली जातिले मातृभाषाका रूपमा स्वीकार गरे मात्र नेपाली भाषा र जातिको एकीकरण हुने सम्भावना रहेको बताएका छन्।

**(ख) 'नेपाली साहित्यमा उखानको स्थान'-** प्रस्तुत निबन्ध नेपाली भाषा, साहित्य र शिक्षा सन्दर्भमा अन्वेषणात्मक तथा ऐतिहासिक निबन्धहरूको सङ्ग्रह टिपन- टापनमा सङ्कलित छ। उक्त निबन्ध सङ्ग्रहमा जम्मा 32 वटा रचनाहरू सङ्कलित छन्, ती रचनाहरू भाषा, साहित्य र शिक्षा सम्बन्धी छन्। यस निबन्धमा निबन्धकारले उखानको महत्वबारे चर्चा गरेका छन्। वाक्यमा उखानको उचित प्रयोग गर्दा वाक्यको सोन्दर्य बढेर जाने कुरालाई स्पष्ट रूपमा दर्शाएका छन्। कुनै पनि

भाषामा सजीवता ल्याउनु हो भने उखान र मुहावराको धेरै मात्रामा प्रयोग गर्नुपर्छ भनेर उखानको महत्वलाई राम्ररी अध्ययन गरिएको छ। उखानको प्रयोग गर्नाले भाषामा बलको सञ्चार हुने कुरोलाई प्रष्ट पारेका छन् भने नेपाली भाषाको गहना मानिने उखानहरूलाई साहित्यमा प्रयोग गर्नुपर्ने जानकारी दिएका चन्। प्रयोग नगरे नेपाली भाषाको मृत्यु हुने अर्थात भाषामा उखानहरू लुप्त हुने जस्ता महत्वपूर्ण कुराको सन्देश पनि दिन चाहेको छ। उखानलाई संस्कृतमा सूक्ति वा सुभाषित भनिन्छ भनेर पाठकलाई उखान संस्कृत शब्द हो भन्ने जानकारी पनि गराउन चाहान्छ। उखानमा जातिको इतिहास, विचारको गहिराई, अनुभवको अभिव्यक्ति, ज्ञानको भण्डार हुन्छ भनेर भनेका छन्। उक्त रचनामा उखानलाई अमृत समान मानेका छन्। कुनैपनि कुरालाई व्याख्या गरेर बुझाउन नसकिने एउटा उखानद्वारा नै बुझाउन सकिन्छ भनेर उखानको विशेषताबारे चर्चा गरेका छन्। निबन्धकारले उखान, मुहावरा, र टुक्काहरूको छोटकरीमा सार्थकपूर्ण परिभाषा दिएर पाठकलाई यिनीहरू माझको भिन्नताबारे अवगत गराएका छन्। प्रस्तुत निबन्धमा जम्मा 46 वटा उखानहरूको प्रयोग गरेका छन् भने ती उखानहरूले मूलत जातिको इतिहास, जातपात, नीति नियम, सामाजिक, पारिवारिक जीवन, रीतिथिति, आर्थिक अवस्था, व्यक्तिगत् व्यवहार आदिसित सम्बन्धित छ। ती विभिन्न विषयवस्तु रहेका उखानहरू समावेश गरी उखानबारे रोचकपूर्ण निबन्ध बुनेका छन्। उखानमा रहने मुख्य तत्त्व हास्य व्यङ्ग्य पनि हो। एउटै वाक्यले हास्यको पुट भर्दै धारिलो व्यङ्ग्य प्रहार गर्दछ। प्रस्तुत निबन्धको अन्तमा निबन्धकारले श्राद्ध गर्नुभन्दा सिधा पुर्‍याउनु गाह्रो जस्ता उखानको इतिहास बताएर पाठकलाई हँसाउन सक्षम बनेका छन्। उखानको महत्वबारे जानकारी गराउँदै नेपाली साहित्यमा उखानको स्थान शीर्षक

निबन्ध छोटो तर अत्यन्त गहकिलो र सार्थकपूर्ण रहेको समीक्षात्मक निबन्ध हो।

## 13.5.2 बालकृष्ण सम (वि. सं. 1959 - 2038)

बालकृष्ण सम नेपाली साहित्यका नाटककार, कथाकार, निबन्धकार, कवि तथा दर्शनिक चिन्तक हुन्। वि. सं. 1991 को शारदा पत्रिकामा 'बर्दाहामा शिकार' शीर्षकको कथात्मक निबन्ध रचना प्रकाशित गरी निबन्ध लेखनमा देखापरेका समका 'त्यो', 'पानी', 'प्रकृतिक जीवन', 'आत्मविश्वास', 'देखेको' आदि निबन्धहरू प्रकाशित पाइन्छन्। उनका दार्शनिक लेखहरूको सङ्ग्रहका रूपमा 'नियमित आकस्मिकता' (2005) देखा परेको छ। यसमा आध्यात्मदर्शनको युगसापेक्ष पुनर्व्याख्याका साथै विकासशील भैतिकवादी मानव मूल्यको वकालत गरिएको देखिन्छ। निबन्धकार समलाई ठाउँ ठाउँमा बुद्द दर्शनको शून्यवाद र साङ्ख्य दर्शनको निरीश्वरवादले पनि प्रभाव पारेको पाइन्छ। मानवतावादी जीवनदृष्टि, तर्कशील प्रस्तुत र बौद्धिक आयामले समका निबन्ध उज्यालिएका देखिन्छन्। निजात्मक र परात्मक दुवै किसिमका निबन्ध रचनामा रूचि राख्ने सम बौद्धिक चिन्तनतर्फ आकृष्ट रहेका हुन्छन्। परिष्कृत शैली, तार्किक अभिव्यक्ति, विचारको प्रस्तुति, राष्ट्र, राष्ट्रियता, भाषा, साहित्य आदिको महिमा गाउनुका साथै समले दर्शन, समाज, संस्कृति र प्रकृतिको पनि वस्तुपरक चित्रणमा रूचि देखाका बुझिन्छ।

समका निबन्धम द्रशनिक दृष्टिकोणको गरिरो छाप पाइन्छि। मानव मनोदशाको तरलता, आत्मानुभवको आलोक, दृष्टिकोणको गम्भीरताजस्ता द्रशिनिक मोल्य र मान्यता तथा जीवनको स्वच्छता, अनुशासनबद्धता, मनोरम अनुभूतिगत अभिव्यञ्जना यनिका निबन्धमा पाइन्छ। यिनी

वस्तुपरक निबन्धकार हुन्। देवकोटाका दृष्टिमा सम हलन्ते र मगज चक्करी रचना लेख्न अल्छी नमान्ने प्रतिभा हुन्। उनका निबन्धको शिल्प खाँदिएको, कुँदिएको र कसेको हुन्छ। उत्कृष्ट शब्दका माध्यमबाट गम्भीर अर्थको प्रतिपादन, भाषामा परिष्कार र परिमार्जन, दार्शिनिक मूल्य र चिन्तनको प्रस्तुति, मर्दाना शैली, सुगठित संरचना यिनका निबन्धका विशेषता हुन्। उनका निबन्दमा त्रक, विचार र चिन्तनको गहिराइ भेटिन्छ। कुनै विषयलाई लिएर बैद्धिक दृष्टिले त्यसको विश्लेषण गर्ने र आफ्नो चिन्तन र दर्शनलाई व्यकति गगर्ने प्रवृत्ति सममा पाइन्छ। समग्रमा नेपाली निबन्ध साहित्यम समालोचनात्मक निबन्ध लेखन परम्परको स्थापना गर्न सफल समले नेपाली भाषालाई चिन्तनको गहिराइमा पुर्याएका छन्। दार्शनिक उचाइ र बौद्धिक प्रभाव सम्प्रेषित गर्नु समका निबन्धको मूलभूत प्रवृत्ति हो। परिष्कृत भाषा, बौद्धिक चाप, मानवतावादी दर्शन र तर्कशील अभिव्यक्ति समका निबन्धगत वैशिष्ट्य हुन्।

समकृत देखेको शीर्षक निबन्धलाई यहाँ समालोचनात्मक निबन्घको उदाहरणको रूपमा विश्लेषण गरिन्छ –

**(क) 'देखेको' निबन्धको विश्लेषण –** बालकृष्ण समको 'देखेको' निबन्ध दार्शनिक विषयवस्तुलाई लिएर लेखेको निबन्ध हो। वि. सं. 2010 सालमा 'प्रगति' पत्रिका मा प्रकाशित यस निबन्धमा अध्यात्मवाद र भौतिकवादको समन्वयलाई प्रस्तुत गर्दै त्यसैबाट संसार सञ्चालन हुन कुरा व्यक्ति गरिएको  पाइन्छ। आधुनिकताका नाममा मानवता हराउँदै गएको कुरालाई प्रस्तुत गर्दै निबन्धकारले धर्मलाई शास्त्रमुखी नभई

कर्ममुखी बनाउनुपर्ने कुरा उद्घाटन गरी मानवसमुदायलाई चेतन दिने काम गरेका छन्।

निबन्धकार बालकृष्ण समले आफूले देखेक कुरा र दर्शनलाई विषयवस्तु बनाएर प्रस्तुत निबन्धको रचनागरेका छन्। निबन्धकारले संसारका प्रसिद्ध दार्शनिकहरूका मान्यताली धार बनाएर र त्समा आफनै मौलिकताको प्रयोग गरी सत्य अन्वेषण गर्न खोजेका छन्। मानिसको मन जहाँ पनि पुग्ने भएकाले मानिसले स्वर्ग र वैकुण्ठका कल्पना गरेका छन्, तर यस्ता निराधार कल्पना, न्धविश्वासलाई स्वीकार गरेर टिपाहा घोडाजस्तै हुनुभन्दा गोरूजस्तै लोसे भएर प्रत्यक्ष र प्रत्यक्षानुकूल अनुमानलाई प्रमाण मान्ने पक्षमा निबन्धकार रहेका छन्। निबन्धकारले स्रष्टाको कल्पना मन परे पनि वैज्ञानिक र दार्शनिकका कल्पना मन नपर्ने कुरा व्यक्ति गरेका न्। निबन्धकारले आफूले देखेका स्त् कुरा बोल्दा अभिमानीको आक्षेप खुनपरे पनि पछि नहट्ने प्रतिबद्धता जनाउँदै मानिस जति सत्यतामा उक्लिँदै जान्छ त्यति नै सामाजिक मञ्चबाट ओर्लिँदै जान्छ भन्ने विचार प्रस्तुत निबन्धमा गरेका छन्। संसारमा कसैले निरपेक्ष सत्य बोल्न नसकेको धारणा निबन्धकारको रहेको छ। आफ्नो स्वार्थमा लागेकाले सत्यका निम्ति सत्य बोल्ने महापुरूषको संसारमा अभाव भए पनि आफू सत्य बोल्न चाहेको कुरा निबन्धकारले व्यक्त गर्छन्। मनुष्य समाजले भौतिक उन्नति गर्न नसकी प्रकृतिको पुढ्को छोरोजस्तै बनेको कुरा यहाँ उल्लेख गरिएको छ। मान्छे आफूले खनेको खाडलमा आफैँ पुरिन थालेको चर्चा ग्रतै निबन्धकारले मानिसले धरै ठक्कर खेको कुरा व्यक्त गरेका छन्।

यसरी नै प्रस्तुत निबन्धभित्र निबन्धकार समले आफूले देखेका र अनुभव गरेका कुरालाई दार्शिनकताको कसीमा बाँधेर प्रस्तुत गरेका पाइन्छ। यसैगरी विभिन्न दर्शनिक मान्यताका आधारमा सत्यको अन्वेषण गर्न

चाहेका छन्। निराधार कल्पना र अन्धविश्वासप्रति असहमत तथा प्रत्यक्ष र प्रत्याक्षानुकूल प्रभावप्रति निबन्धकार सहमत भएका छन्। सत्यताले समाजमा उचित सम्मान पाउन नसकेको प्रति निबन्धकार चिन्तित बन्न पुगेका छन्। मानव जाति आफ्नो स्वार्थसिद्धिका लागि सत्यलाई तिलाञ्जली दिनसमेत पछि पर्दैनन् भन्दै समले आफू सत्यको पक्षमा रहेको बताउँछन्। प्रकृतिलाई जित्न खोज्दा मानवजाति र सभ्यता नै खतरामा पर्न गएको कुरा निबन्धमा व्यक्त भएको देखिन्छ। नारीजातिलाई अपमान गर्ने पुरूषको हैकमवादी प्रवृत्तिको विरोध गर्ने काम निबन्धले गरेको छ। पशु समाजमा पशुस्त्रीले पाएजति अधिकार सभ्य मानिएको मानव समाजमा मानवस्त्रीले पाउन नसकेको गुनासो लेखकले व्यक्त गरेका छन्। मनु, रूसो, भानुभक्तजस्ता पुरूषहरूले नारीप्रति राखेको दृष्टिकोणमा परिवर्तन आएको धारणा व्यक्त गरेका छन्। रङ्गभेद, जातिभेद, धर्मभेद, छुवाछुतजस्ता प्रवृत्ति भाङ्गिएको समाजलाई स्वर्ग र नरकको डर देखाएर मात्र तर्साउन सकिन्छ भन्दै मानवसमाज पशुसमाजभन्दा पनि निम्न रहेको धारणा निबन्धमा व्यक्त भएको छ। हिन्दू धर्मका प्रसिद्ध ग्रन्थमा विभन्न शक्तिको चर्चा भएको उल्लेख गर्दै निबन्धकारले ऋग्वेदमा उल्लिखित ब्रह्मण यसको मुख हो, क्षत्री यसको हात हो, वैसय् यसको तिघ्रा हो, खुट्टाबाट शुद्र जन्माइए भनाइबाट नै जातिप्रथा र छुवछुतको जरो गाडेको र यसलाई बुद्ध, सम्राटजस्ता महान व्यक्तिहरूले समेत हटाउननसेको विचार निबन्धमा व्यक्ति गरेका छन्। वैदिक मन्त्रको व्याख्या र टाकटिप्पणीमा मुनष्य शक्ति खेर गइरहेकोमा लेखक चिन्तित देखिएका छन्। समाज वेदान्त दर्शनमा मुग्ध व्यक्तिहरूसमेत मुक्त हुन सकेका छैनन भन्दै निबन्धकारले चिन्ता व्यक्ति गरेका छन्। पूर्वीयहरू काल्पनिक दर्शनलाई कविता बनेर भुलिरेहका बेला

युरोपियनहरूले कल्पनाली सैद्धान्तिक बताएर संसारसित सम्बन्ध बढेएका छन भन्दै लेखकले दर्शनलाई व्यवहारमा लागू गर्नुपर्ने विचार राख्छन्। पूर्वीय अध्यातम्मवादी चिन्तन सपनामा भुलिरहेकोले सत्यको नजिक पुग्न नसकेको तथा पश्चिममा दर्शन विपना बनेको कुरा निबनधमा व्यक्त भएको छ। नेपालीहरूले राष्ट्रप्रेमलाई विर्सेर मर्नसमेत विदेश जान प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै निबन्धमा भनिएको छ – काशीमा मरे मुक्त होइन्छ अथवा काशीमा स्वर्ग जाने सिंढी भेटिन्छ, आर्यघामा त मानौं पातालतिर झर्ने सिंढीमात्र छ। यसैगरी निबन्धकारले शिक्षा र सभ्यताले समेत मानव चरित्रमा सुधार ल्याउन नसकेको धारणा राख्दै आफू नसुदारिएर अरूलाई सुधार्न खोज्ने मानवीय प्रवृत्तिलाई यसरी व्यक्त गरेका छन् – गान्धीमाथि श्रद्दा राख्ने मानिस आफू गान्धी बन्ने होइन, ऊ अरूलाई गान्धी अथवा गाई बनाउन चाहन्छ। सत्यथ्य के हो भन्ने कुराप्रति जानकारी नलिई हावाका भरमा लहैलहैमा दौड्ने र वास्तविकता थाहा पाएपछमात्र व्यर्थ ठान्ने मानवीय प्रवृत्तिप्रति निबन्धमा तिखो व्यङ्ग्य गरिएको पाइन्छ। एपिक्युरले तेइस सयवर्ष अघि मरेपछि केही हुँदैन जन्मजस्तो हो मृत्यु त्यस्तै हो, हामीले अन्धविश्वासमा लाग्नुहुँदैन, विश्वको स्वभाव जान्नुपर्दछ, आपसमा सहव्यवहार राख्नुप्छ, हामी आत्मसन्तुष्ट रहनुपर्दछ भन्ने भनाई लामो समयसम्म गुञ्जिरहे पनि मानवजातिले त्लाई पठ्याउन नसकेको धारणा लेखकको रहेको छ। समग्रमा प्रस्तुत निबन्धमा बालकृष्ण समले पूर्वीय र पाश्चात्य जगतका ज्ञान, विज्ञान, धर्म संस्कृति, दर्शन आदिका विविध सन्दर्बलाई प्रस्तुत गरी आफ्नो दार्शनिक विचार व्यक्त गरेका छन्। मिथ्या कल्पनामा भुल्नु पूर्वीय दर्शनको कमजोरी रहेको तथा मानवताविहीन धर्म निरर्थक रहेको विचार निबन्धकारले व्यक्ति गरेका छन्। दर्शन केवल दर्शनका लागि नभई जीवनका लागि हुनुपर्छ भन्दै

प्रत्यक्ष अनुभव गरिने सत्य नै वैज्ञानिक सत्य हो भन्ने समको धारणा रहेको छ। भौतिकवादी मानवतावादको वकालत गरेर लेखेको यो निबन्धमा अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शनको समन्वयबाट मात्र संसारको दर्शन सार्थक हुने विचार व्यक्त भएको पाइन्छ।

### 13.5.3 डा कमला साकृत्यायन

सन् 1960 को दशकदेखि नै विभिन्न पत्र- पत्रिकाहरूमा छुटपुट रूपमा समालोचनाका लेखहरू प्रकाशित गर्दै आइरहेकी कमला सांकृत्यायनको पुस्तकाकारमा निबन्धको एउटै कृति विचार तथा विवेचना (सन् 1981) मा प्रकाशित भएको छ। यस कृतिमा उनलाई पश्चिम बङ्गाल सरकारबाट सन् 1981 मा भानुभक्त पुरस्कार प्राप्त गरेकी थिइन्। राहुल सांकृत्यायनसँग वैवाहिक सम्बन्ध कायम भए पनि गोस्वामी तुलसीदासको रामायण भानुभक्तीय रामायणको तुल्नात्मक अध्ययन गरी विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रथम भारतीय नेपाली महिला कमला सांकृत्यायनको जीवनको अर्को रूचि भ्रमण गर्नु पनि हो। उनले यस्ता धेरै ठाउँहरूको भ्रमण पनि गरे। यसैले उनका निबन्धलेखनको अर्को विषयवस्तु भ्रमणवृतान्त पनि हो। यो कृतिलाई निबन्धात्मक समालोचना पनि भन्न सकिन्छ। कमला सांकृत्यायन नेपाली भाषासाहित्यका प्रसिद्ध स्रष्टा हुन्। अफ्ठ्यारो विषयलाई पनि सजिलो रूपमा सहजसँग प्रकाश पार्न सक्नु यिनको विशेषता हो। सन् 1947 पछिका सशक्त निबन्धकारका रूपमा परिचित छन् डा सांकृत्यायन। प्रयोगकालीन निबन्धकारका रूपमा कमला सांकृत्यायनलाई चिन्हित गरेका छन्। उनले निबन्धलेखनमा तुलनात्मक र विवेचनात्मक पद्धतिको प्रयोग गर्दछ। जीवन र कलाको दार्शनिक पक्षमा विशेष जोड दिने डा सांकृत्यायनका निबन्धका विषय हुन्- भाषा, साहित्य

र कला। यिनका निबन्धहरूले समीक्षात्मक प्रणाली अप्नाएको पाइन्छ भनेर इतिहासकार असीत राईले बताएका छन्। सांकृत्यायनद्वारा रचित निबन्ध सङ्ग्रहमा जम्मा 14 वटा निबन्धहरू सङ्कलित छन्। यी निबन्धहरू भानुभक्त, तुलसीदास, कालिदास, भाषा र साहित्य सम्बन्धित छन् भने ती विषयहरूमाथि विवेचना पनि गरेका छन्। विचार तथा विवेचनाका निबन्धहरू समालोचनात्मक प्रवृत्तिका छन्। उक्त पुस्तकमा रहेको आचार्य भानुभक्त र उनको रामायण, भानुभक्त आचार्य, रामकाव्य-परम्परामा बङ्गला साहित्यमा शरद्चन्द्रको क्रान्तिकारी देन, भानुभक्त रामायण, तुलसी- मानस- चतुश्शती, कवि गिरीको जीवन दर्शन, नाटक पूर्वीय तथा पाश्चात्य दृष्टिकोण जस्ता उच्चकोटिका निबन्धात्मक रचना हुन्। सरल, सहज र सौष्ठपूर्ण भाषा प्रयोग गरी बौद्धिक मूल्याङ्कन दिने डा सांकृत्यायनका सबै लेखहरूमा निबन्धको गन्ध पाइन्छन्।

## 13.5.4 कमल दीक्षित

कमल दीक्षितका लेखहरू कथा, निबन्ध र सूचनामूलक लेखको दोसाँधमा परेकै भएपनि ती लेख रचनाहरूमा समिक्षात्मक निबन्धको स्वरूप टड्कारो भएर देखापर्दछ। उनका निबन्धहरू बडीमात्रामा गोरखापत्रको प्रशंसा, सरहनाकासाथै तार्किक रतथ्यपरक समीक्षाको घेरामा उभिएको देखिन्छ। गोरखापत्र, व्यक्तिगत जीवन, राजपाटका विषय, साहित्यिक व्यक्तित्वहरू र यात्रा संस्मरण उनको लेखको केन्द्रीय विषय बनेको छ। उनका केही समिक्षात्मक निबन्ध सङ्ग्रका निबन्धहरूलाई यहाँ संक्षिप्त रूपमा अध्ययन गरिन्छ। चार कन्था कमल दीक्षितको वि सं 2053 मा प्रकाशित निबन्ध सङ्ग्रह हो। यश सङ्ग्रहमा जम्मा 18 वटा निबन्धहरू सङ्कलित छन्। 'विरूदावली चार कन्या' निबन्ध सङ्ग्रहको पहिलो

निबन्ध हो। यस निबन्धमा गोर्खापत्रको पहिलो वर्षको पहिलो अङ्कको विषयमा चर्चा गरिएको छ। विरूदावली शब्दको अर्थनै "कविता वा गद्यबाट गरिने राजस्तुति हुन्छ "यस रचनामा पनि त्यसै गरिएको छ।गोर्खापत्रले पहिलो वर्षदेखि नै गर्दै आएको कामको आलोचनात्मक सराहना यसमा गरिएको छ।वि सं 1958 देखि प्रकाशित भएको हो।तत्तकालीन महाराज देवशमशेरलाई यस पत्रको जन्मदाता मानिन्छ।प्रकाशनको पहिलो वर्षदेखि नै गोर्खापत्रले राजकाज सम्बन्धि खबरदेखि लिएर, सामाजिक सामाजिक, देश विदेशका खबर आदि छापेर अतुलनीय काम गरेको कुरानै विरूदावली अर्को जन्मोत्सवमा अनि पुरेत भएको नाताले आदि निबन्धहरूको आलोचनात्मक विषय बनेको छ। संवत् 1982 मा महाराज चन्द्रशमशेरले नेपाल अधिराज्यमा कमारा-कमारी प्रथालाई उन्मूलन गर्ने कुराको पूर्व संकेत यश देश समाचारले दिन्छ। "यहाँ 154 जना महिला-करियाको मोल तिरी मुक्त गरिएजस्तै 1982 सालमा करीब 50 हजार करिया अमलेख भएको तथ्य हाम्रो सामु छ। तर करिया अमलेख गर्ने कार्यको समापन गर्ने जश चन्द्रशमशेरले पाए पनि यसको थालनी महाराज देवशमशेरले गरेका थिए।" वि सं 1990को ठुलो भूकम्पले छत-विछत भएको नेपालको हाल गोर्खापत्रले त्यस घट्नाकै दिन छाप्न भ्याएको कुरा रचनाकारले यसरी लेखेका छन्। "माघ 2 गते सोमबार परेको थियो र त्यसबेलासम्म गोरखापत्र सोमबार सोमबार नै निस्कन्थ्यो। भैंचालो गयो दिउँसो 2 बजे। घर भत्क्यो, मेशीन केसहरू पुरिए। मान्छेहरू मरे। कत्रो हाहाकार भयो होला। तैपनि गोरखापत्र छापियो। छापियो। मात्र होइन भैचालाको खबर लिएरै निस्क्यो। भित्रपट्टि पेजमा।" गोरखापत्रको नियमितता, अङ्क नटुटाउने सेवाभावको यसमा सराहना गरिएको छ। सराहना गर्दै भएपनि कतिठाँउ लेखक शंकालु बनेको देखिन्छन्। "त्यो 'आज' भनेर गोरखापत्रले

लेखेको कति सद्दे कति किर्ते हो ? आज 2 बजे भैंचालो गयो। शहरभरि हाहाकार छ। गोरखापत्रका सम्बादाता पश्चिमा दैनिकहरूका 'न्यूज रिपोर्टरहरू' जस्तै समाचारको खोजिमा दौडिहाले त ? शङ्का लाग्छ। "लेखकको भनाई छ शङ्काले उठेको लठ्ठीले बस्तैन। समाधान दिनुपर्छ। तर त्यो कल्ले दिन्छ अहिले ? यस्तो यस्तो भएको हो भनिदिने को छ होला?गोरखापत्र संस्थानमा छन् कोही ?

निबन्धकार कमल दीक्षितले गोरखापत्रको मात्रै नभएर यसमा प्रकाशित विभिन्न ऐतिहासिक घट्नाहरूको पनि तथ्यपूर्ण विश्लेषण गरेका छन्। सम्वत् 1958 को श्री मुमा बडा महारानीबाट वागमतीमा पुल। टुडीखेलमा प्रोजेक्टोस्कोपको प्रदर्शनी। 1958 मा गरिएको वन विन्यास जसको उद्देश्य वन सफा राख्नु, पर्यावरण, वन्यजन्तुको संरक्षण अनि यातायात सुविधाको व्यवस्थापन थियो। 1994 सालमा नेपालको पहिलो ब्याङ्क नेपाल बैंक लिमिटेडको स्थापना।1979 सालको पश्चिम 3नम्बर इलामको फेवातालको बांध मर्मत जस्ता ऐतिहासिक बिषयहरूले पनि गोरखापत्रमा ठाउँ पाएका छन् तथा उहि विषयहरू नै निबन्धकारका निम्ति समिक्षाको विषय बनेको देखिन्छ। उत्खनन कसरी गर्ने निबन्धमा समीक्षण भन्दा धेर अन्वेषण पाइन्छ।यस निबन्धमा वि सं 1991 साल बैशाख 1गते गोरखापत्रमा छापिएको पहिलो पृष्ठको भूकम्पको कथा बारे अनुसन्धान गरिएको पाइन्छ। "नेपालको महाभूकम्प 1990 साल" लेख्ने लेखक र गोरखापत्र 1991मा भूकम्पको कथा लेख्ने लेखक एकै हुन कि होइनन् भनेर लेखकले तुलनात्मक अध्ययन गरेका छन।1990 सालको लेख भन्दा 1991 सालको लेख धेर साहित्यिक, कलात्मक भाषिक प्रयोग, परिष्कृत रहेको छ भनेर अन्वेषकले निष्कर्ष दिएका छन्। कमल दीक्षितले गोर्खापत्रमा छापिएको लेख पनि प्रस्तुत गरेका छन्। गोर्खापत्रको जन्मदाता मानिने

देवशमशेरलाई हटएपछि गोर्खापत्रको अस्तित्वमा आएको सङ्कटको ऐतिहासिक तथ्यपरक अध्ययन सुद्दष्टि निबन्धमा गरिएको छ। देवशमशेरलाई खेदाएर चन्द्रशमशेर सिंहासनमा बसेपछि गोर्खापत्र बन्द गरिदिएको कुरा कति साँचो बा झुठो हो भन्ने कुराको अनुसन्धान यसमा पाइन्छ। त्यस समय ततकालीन राजा नै सर्वेसर्वा हुन्थे भने गोर्खापत्रले 1959 सालको वैशाख वदी 12 वर्ष 2 अङ्क 1 मा पाठक ग्राहकहरूलाई गोर्खापत्रको संरक्षण हेतिप्रार्थनापत्र किन लेखे होलान् ? के पाठक ग्राहकहरूले पत्रिका जोगाइराख्न उत्तिबेला पनि उत्तिकै भूमिका निर्वाह गर्थे त ?। यिनै विषयहरू अज्ञात रहेको कुरा निबन्धकारले उल्लेख गरेका छन्। गोर्खापत्रमा देश विदेशका विभिन्न विषयक समाचार मात्र नभएर साहित्यिक विधाहरूको पनि प्रकाशन हुन्थे। यसै क्रममा लक्ष्मीप्रसाद देवकोटाको पूर्णिमाको जलधि, उनको भाई मधुसूदन देवकोटा विरहीको प्रकृतिसङ्ग र कान्छा भाई गोपीमाधव देवकोटाको उपदेश कविताहरू छापिएको चर्चा पाइन्छ। भीमनिधी तीवारी को सूर्यघाट कविता पनि प्रकाशित भएको चर्चा पाइन्छ। कवि वैजनाथ जोशी सेढाई अनि टेकजङग राणाका रचनाहरूको पनि उल्लेख गरिएको देखिन्छ।

'नेति, नेति' मा कमल दीक्षितका विभिन्न क्षेत्रसङ्ग सम्बन्धित संस्मरणात्मक निबन्ध सङ्कलित छन्। यिनमा केहीमा लेखकका व्यक्तिगत जीवनमा घटेका घटना प्रस्तुत छ भने केहीमा लेखकसङ्ग सम्बद्ध व्यक्तिहरूका जीवनमा घटेका घटना। केहि निबन्ध भारतका विभिन्न सहरका पृष्ठभूमिमा लेखिएका छन् त केही स्वदेशकै विभिन्न पृष्ठभूमिमा। केहीमा विद्यार्थी जीवनका अनुभव व्यक्त छन् र धैरै जसोमा आफूले व्यवहारिक जीवनमा प्रवेश गरेपछिका थरिथरिका व्यक्तिगत संस्थागत र सामाजिक अनुभव व्यक्त छन्। रानिपोखरी तरेपछि, दम्भ र

त्याग, कारण परेन, घरजाऊ भनिदिए। विद्यार्थी जीवनसङ्ग सम्बन्धित अनुभवहरू छन्। यी निबन्धहरूमा बनारसमा र कलकत्ता प्रवासमा पढ्दा बस्दा आफूले सिकेका विभिन्न भारतीय भाषा सिकेको संझना गरिएको हुनाले यसलाई विद्यार्थी र प्रशिक्षार्थी जीवनसङ्गै सम्बन्धित अनुभव प्रस्तुत गर्ने निबन्ध भन्न सकिन्छ। ठगिएको कुरा, पार्टनर थियौं र उखानको सत्यता गुजराती परिवारमा व्यापारको काम सिक्न कलकत्तामा रहँदाको अनुभवमा आधारित छन् र वैकुण्ठ बाँस होस पनि त्यत्तिखेरकै अनुभवमा आधारित छ। टकटक् टकटक् मा आँखाको उपचार गराउन कलकत्तादेखि बम्बैसम्मको यात्राको अनुभव प्रस्तुत छ भने प्लेन चार्टर तातो न छारो र डबल असर्फी मा जाँदा कलकत्ता बनारस र काठमाडौंको हवाईयात्रा सम्बन्धि अनुभव प्रस्तुत छ। परिच्छेद नै अर्को मा सं 2010 सालमा बनारसमा भएको जर्साबको काजक्रिया सम्बन्धी विषय प्रस्तुत छ। श्रीमहल वन्दीगृह, पानी दरवार र यति नै रानी जगदम्बाको दानशीलताका विषयमा, सिझाव आए र कुन्नि के को व्यापार मदन पुरस्कार पुस्तकालय र मदन पुरस्कार र जगदम्बाश्री पुरस्कारका बारेमा लेखिएका निबन्धहरू हुन्। सम्झनाका पानाहरू, ईश्वरवल्लभलाई स्पष्टीकरण दिन र उदेक मान्दैछु आफुलाई समालोचक होइन भन्ने जनाउन लेखिएका निबन्धहरू हुन्। निबन्ध सागर भन्ने पत्रिकालाई दिन लेख तयार पार्न नसकेको स्पष्टीकरण दिने सिलसिलामा लेखिएको देखिन्छ र यसमा कुनै खास विषय नपाई लेख्न नसकिने आफ्नो लेखन प्रवृत्तिबारे प्रकाश पारिएको छ। यि निबन्धहरू निबन्धकारका नितान्त वैयक्तिक जीवनसँग मात्र नभएर संस्थागत तथा सामाजिक जीवनसँग सम्बद्ध छन्। यस सङ्ग्रहमा सङ्कलित निबन्धहरूमा समिक्षात्मकता कम र संस्मरणात्मकता धेर पाइन्छ। निबन्धकार दीक्षितका निबन्धहरूमा अरूप्रति अवज्ञा, घृणा र

तिरस्कारको भावना नभएर सम्मान, प्रेम, र श्रद्धाको भावना व्यक्त भएको पाइन्छ। कसैमा कुनै किसिमको दोष र दुर्बलता छ भने त्यसप्रति आफ्नो विरोधभाव प्रकट गर्ने निर्भीकता पनि छ। संक्षिप्तता, सूत्रात्मकता, सरलता, स्पष्टता र रोचकता जस्ता निबन्धकला उनका विशेषता हुन। कमल दीक्षितको "शाखा सन्तान" गोरखा पत्रको विषयमा लेखिएको निबन्ध सङ्ग्रह हो। उनको यसभन्दा अघिल्ला दुई पुस्तकहरू 2036 र 2053 मा गरी दुई संस्करणमा प्रकाशित "कागतीको सिरप" र 2053 मै प्रकाशित "चारकन्था" पनि गोरखा पत्रकै सेरोफेरोमा केन्द्रित रहे पनि तिनमा सङ्कलित निबन्धहरू भन्दा यो पुस्तकमा सङ्कलित निबन्धहरूको विषय र उद्देश्य केही फरक देखिन्छ। पत्रकारिता हतारमा लेखिने इतिहास हो भन्ने भनाइ यस पुस्तकले साबित गरेको छ। यसमा सङ्कलित निबन्धहरूले गोरखा पत्रले विभिन्न अङ्कमा के कस्ता विषयमा कस्तो खबर छाप्यो भन्ने कुराको उदाहरण दिएर नेपालको इतिहास, साहित्य, प्रशासन, शिक्षा, स्वास्थ्य, विदेश सम्बन्धआदि विविध विषयमा अध्ययन गर्नेहरूका लागि गोरखा पत्र सूचनाको खजाना होभन्ने कुरा यस पुस्तकले साबित गरेको छ।

महाकवि देवकोटाले कुन सालमा र कुन श्रेणीमा एस एल सी परीक्षा पास गरे, उनको कविता गोरखापत्रमा सबैभन्दा पहिले कहिले छापियो (कवितासहित), कवि युद्धप्रसाद मिश्रको गोरखापत्रमा छापिएको पहिलो कविता इत्यादि नेपाली साहित्यको इतिहास जान्नका लागि गोरखपत्रको पुराना पन्नाहरू कति सहायक छन् भन्ने यश पुस्तकले छर्लङ्ग देखाइएको छ। मौसमको विवरणदेखि नेपालमा पहिलो डिपार्टमेन्टल स्टोर खुलेको, रूसकी रानीले छोरा पाएको, राज गुरुको छोरा जन्मेको खबरसम्म गोरखापत्रले कस्ता कस्ता समाचार छाप्यो भन्ने कुरा अहिले पढ्दा अनौठो

लाग्छ। नेपाली समाजको सांस्कृतिक, बौद्धिक, आर्थिक अवस्था र जन विश्वासहरूका बारेमा अध्ययनगर्ने अनुसन्धानकर्ताहरूले गोरखापत्रबाट थुप्रै सामग्री पाउन सक्छन्। नेपालको सय वर्षको प्रशासन र विशेषगरी राण शासनलाई बुझ्नका लागि चाहिने 'केसस्टडी' हरू गोरखापत्रमा जति अन्यत्र पाउन गाह्रो छ। पुस्तकमा प्रस्तुत गोरखापत्रमा छापिएका समाचार, लेख, विज्ञापन तथा अन्य सामग्रीको उदाहरण र विश्लेषणले मानव शास्त्रीय दृष्टिले गोरखापत्रको अध्ययनको महत्त्व बुझ्न प्रेरित गरेको छ। कमल दीक्षितले उल्लिखित तीन पुस्तकहरूमा मात्रै होइन, गोरखापत्रको हरेक जन्मदिनमा नबिराइकन निस्कने, अनि अरूबेला र अरू पत्रिकाहरूमापनि निस्कने निबन्धहरूमार्फत गोरखापत्रको नालीबेली र योगदानबारे नेपालीहरूलाई परिचित रसचेत पार्ने काम निरन्तर गरि राखेको देखिन्छ। वास्तवमा गोरखापत्रको जन्मदिन मनाउने परम्पराको थालनी गर्नेमा उनको मुख्य भूमिका रहेको देखिन्छ। उनैले पत्तो लगाएका गोरखपत्रको पहिलो अङ्कको पहिलो पृष्ठको फोटो गोरखापत्रको 75 औँ अङ्कको पृष्ठमा छापिएको थियो। मदन पुरस्कार पुस्तकालय जस्तो राष्ट्रको वाङ्मयको खजाना रइतिहास बोकेको संस्थाका प्रमुखको नाताले पनि गोरखापत्रमा छापिएका कुरालाई यति मिहिनसँग केलाउने र आधिकारिक रूपमा भन्न सक्ने थोरै मानिसहरूमध्ये कमल दीक्षित एकजना हुन्। "बेलम्बरी" सं 2059/60 मा प्रकाशित कमलदीक्षितको ऐतिहासिक, संस्मरणात्मक र समालोचनात्मक निबन्ध सङ्ग्रह हो। यसमा जम्मा 14 वटा निबन्धहरू सङ्कलित छन्। यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू मा लेखनाथ पौडेल, नयनराज पन्त, मदन शमशेर, रानी जगदम्बा जस्ता व्यक्तित्वबारे संस्मरणात्मक लेखबाट बढी कुरो थाहा भएको छ। पृथ्वीनारायण शाहबारे

सुवानन्द दासको कविताको भावानुवादबारे लेखिएको लेखले तत्कालीन इतिहासकाकेही पक्ष अझ स्पष्ट भएको छ।

कविशिरोमणि लेखनाथ पौडेल परम्परावादी व्यक्तित्वको रूपमा मानिएपनि आफ्नै चेलीको छोरालाई आफ्नो छोरीको विवाह गरिदिन उनले खोजेका रहेछन् त्यस्तो कुरा चेलीलाई राम्रो नलागेकोले हुन पाएनछ। तत्कालीन सामाजिक मान्यताअनुसार गुरुकी छोरीलाई आफ्नी बहिनीसरह मान्नुपर्ने हुनाले त्यस्ता व्यक्तिसँग आफ्नो छोराको विवाह गरिदिन ठीक नहुने भन्ने परम्परा थियो। केदारमान व्यथितले किन 'मदनपुरस्कार' पाएका रहेनछन् भन्ने जिज्ञासाबारे आफ्नो कृतिसहित दर्खास्त दिनुपर्ने नियम हुनाले उनले सो नगरेको हुनाले नपाएको रहेछन् भन्ने  बुझियो। यसैगरी नयनराज पन्तबारे लेखेको लेखमा उनलाई प्रकाशकको तर्फबाट गुठीमा पुस्तक पठाएपछि पुरस्कार दिइएको कुरा रोचक ढङ्गमा प्रस्तुत गरिएको छ। अर्को निबन्धमा माधवप्रसाद घिमिरेको "गौरी" पुस्तकले मदन पुरस्कार नपाएको कारण पनि गुठीमा उक्त रचना नपुगेको भनी लेखिएको छ।" पृथ्वीस्तवनको भावानुवाद" लेखमा समावेश भएको "भावानुवाद" मा महाराजले दूधकोसीको साँध लगाए भनेर लेखिएको छ। दूधकोसी भनेको ओखलढुङ्गा जिल्लाको नदी हो। के त्यहाँसम्म 1819 अथवा 1824 मा काठमाण्डौ उपत्यका विजय गर्नुभन्दा अघि पृथ्वीनारायण शाहले विजय गरिसकेका थिए त ?

पृथ्वीनारायण शाहलाई पहिले "बडामहाराज" मात्र भनि सम्बोधन गरिनेमा पछि मात्र "बडा महाराजाधिराज" भनिन थालेको कुरा सहि हो। "कीर्तिको अवसान" शीर्षक लेखमा तेह्रथुम जिल्लाको आठराईमा रानी जगदम्बाको नाममा स्थापना भएको अतिथि भवनलाई खरानी पारिएको चर्चा भएको छ। "स्रष्टा" शीर्षक लेखमा "ब्रह्मपुत्र" पत्रिका रकेदार गुरुङका बारेमा र

"प्रार्थना सुनून" लेखमा पूर्वी नेपालमा साहित्यिक जागरण ल्याउने झापाको चन्द्रगढी निबासी चूडामणि रेग्मीबारे लेखिएको छ। निबन्ध सङ्ग्रहको अर्को रोचक निबन्ध मदन शमशेरबारे छ जसको नामबाट "मदनपुरस्कार" को नाम यति प्रसिद्ध भएपनि उनिबारे धैरै कम कुरा सर्वसाधारणलाई थाहा छ। यसैगरी निबन्धकार कमलमण दीक्षितको 'आशावादी छु निबन्ध' मा नेपाली भाषा, साहित्य गर संस्कृतिमा भिज्दै गएको नेपालगञ्ज लेखकका लागि बालककालदेखि नै मन पर्ने ठाउँ हो भन्ने उल्लेख पाइन्छ। क्रमश: विकासको गोरेटोतिर अग्रसर भइरहेको नेपालगञ्जबाट विभिन्न समयमा निस्केका पत्रपत्रिका र लेखकका कृतिले साहित्यको पाटो भर्न सहयोग पुर्याएको आलेख पाइन्छ। साहित्यको विकासका लागि निपालगञ्ज राम्रो सम्भावनाको ठाउँ भएकोले यस नगरीबाट साहित्यको फाँटां केही हुन्छ भन्ने कुरामा लेखक आशावादी छन्।

अर्कोतिर बन्दीपुर / हङ्गकङ्ग- बन्दीपुर / हङ्गकङ्ग यात्राको क्रममा बन्दीपुर र हङ्गकङ्ग दुवैको अवलोकन गरेपछि बन्दीपुर र हङ्गकङ्ग बीचका राम्रा नराम्रा पक्षलाई केलाउँदै रोचक लेख प्रस्तुत गरिएको छ। बन्दीपुरमा पोलियो थोपाको काम र पिकनिक सकेर फर्कँदा मोटरमा रोटरीको मित्र मदन राईले बन्दीपुरका विषयमा लेख्न अनुरोध गरेकाले बन्दीपुर / हङ्गकङ्ग निबन्ध लेखेको देखिन्छ।

## 13.5.5 इन्द्रबहादुर राई ( 1927-2018 )

आयामिक आन्दोलनका अग्रणी, भारतीय नेपाली साहित्यका प्रथम पङ्क्तिका आलोचक, कथाकार, उपन्यासकार र निबन्धकार इन्द्रबहादुर राईका, विचारात्मक, वस्तुपरक, आत्मानुभूतिपूरक निबन्धहरू प्रशस्त पत्र-

पत्रिका हुँदो छरिएका छन्। यस अतिरिक्त समीक्षात्मक निबन्धहरूको सङ्गालो टिपेका टिप्पणी मा सङ्ग्रहित छन्। भाषा र शैलीमा उहाँका आफ्ना विशेषता छन्- शब्द प्रयोग र वाक्य विन्यासमा पनि उस्तै आफ्नै विशेषता देखिन्छन्। निबन्धमा मार्मिक आत्मानुभूति, व्यङ्ग्य, गहन विचार, प्रबुध्द चिन्तन, विस्तृत विषय, साहित्य र समाजलाई समावेश गर्दै कता कता कल्पनाको बहुरङ्गी पखेटा उचालेर धेरै टाडासम्म उड्दै गएर पुन: विषयको धरातलमा केन्द्रित हुनु उहाँको वैशिष्ट्य देखिन्छ। तर प्रबुध्द चिन्तन, वौध्दिकता र ओजस्वी भाषा भए पनि निबन्धलाई पाण्डित्यलाई गह्रौँ तुल्याएको छैन- न त पाठकलाई निबन्धकारको भावभूमिसम्म पुग्न कुनै असजिलो र अप्ठ्यारो पर्दछ। निबन्धभित्र कथात्मकता पसेर, निबन्धकारको मार्मिक अनुभूतिले भाव र भाषामा गति दिएर निबन्ध गतिमान, मधुर र चट्ट हृदयलाई छुनेहुन्छ। तर त्यसैको विपरीत आलोचनात्मक निबन्धहरूमा र तुलनात्मक अध्ययनहरूमा भने बौध्दिकता घुसेर भाषा र भाव केही दुर्वोध, क्लिष्ट र सहजै बुझ्न नसकिने हुन्छ। पाठकले धेरै बिसाई बिसाई शब्दहरू तौली तौली र फुकि फुकि उहाँले तयार पारेका भावभूमिमा उत्रनुपर्छ। साहित्यिक समालोचना पढ्न अघिबाटै पाठकले पूर्णरूपले तयार पारेको हुनुपर्छ- सन्दर्भीय ग्रन्थहरू हेरी सक्नुपर्छ। थोरैमा धेरै भनिदिने उहाँको विशेषता विशेषत: आलोचनात्मक निबन्धहरू र समालोचनामा परिलक्षित छन्।

## 13.5.6 राजनारायण प्रधान

'पन्ध्र प्रसिध्द पुरुष' र 'नौ नामी नेता' का लेखक राजनारायण प्रधानका आलोचनात्मक निबन्ध, जीवनी, शोधात्मक र तुलनात्मक अध्ययनका प्रबन्ध, निबन्ध र रचनादि भए पनि पिचर राइटर को रूपमा नै उहाँ

विशेष रूपमा चिन्हारी हुनुहुन्छ। सरल रेखा कृति जस्ता शाब्दिक चित्रद्वारा व्यक्तिको चित्रण गर्दै चिन्हारी गराउनु उहाँको विशेषता। भाषाको लाक्षणिक प्रयोग र मधुर व्यङ्ग्य उहाँका निबन्धमा पाइन्छ। गहन र तुलनात्मक अध्ययन भएर पनि ती बौध्दिकता र गहनताले भारी छैनन् न ता पाठकलाई बुझ्न उकालो नै पर्दछ। छोटो मीठोमा सरलतासित झ्वाट्ट जम्मै भनिदिनु उहाँका निबन्धका आफ्नै विशेषता हो।

## 13.5.7 रामकृष्ण शर्मा

वरिष्ठ समालोचक रामकृष्ण शर्मा सिध्दस्त निबन्धकार हुन्। असङ्ख्य पत्र- पत्रिकातिर छरिएका साथै शोधात्मक, गहन, चिन्तनयुक्त, तर्कपूर्ण, बौध्दिक र आलोचनात्मक एवं व्यङ्ग्यात्मक निबन्धहरू दश गोर्खा, सप्त शारदीय, र टेबल गफ, मा सङ्ग्रहित छन्। वहाँ निबन्धलाई टेबल गफको संज्ञा दिनुहुन्छ। यहाँ औ शब्दको प्रयोग कहाँ , कति बेला र कुन सन्दर्भमा उपयुक्त हुन्छ र त्यसले वाक्यको सौष्ठव कसरी बढाउँछ, विश्लेषणात्मक ढङ्गमा विवेचना गरिएको छ। साहित्य र समालोचना अन्तर्गत पर्न गएको साहित्यिक रूचिको प्रौढता मा छडके हनाइ, तुलनात्मक अध्ययन प्रस्तुत गर्दै, आफ्नो सिध्दान्त अघि सार्नुहुन्छ। जटिल विषयलाई कत्ति पनि बौध्दिकताले भाराक्रान्त नबनाई सरल रूपमा आफ्नो भन्नु अघि सार्नु वहाँको निजी विशेषता हो- जो उहाँको प्रायश: निबन्धमा दर्शनीय हुन्छन्।

## 13.5.8 कृष्णचन्द्रसिहं प्रधान (वि. सं 1982 )

कृष्णचन्द्रसिहं प्रधान प्रगतिवादी निबन्धकार हुन्। उनका निबन्धमा समाजमा प्रचलित असमानजस्यता, शोषण, रूढीवादी जस्ता सङ्कीर्ण मूल्य मान्यताप्रतिको व्यङ्ग्य प्रस्तुत गरिएको पाइन्छ। यिनका निबन्धमा

Notes

शक्ति राष्ट्रका बीचको प्रतिस्पर्धा, विपन्न राष्ट्रको दयनीय स्थिति एवम् वैज्ञानिक आविष्कारको दुरूपयोग भइरहेको वर्तमान अवस्था चित्रण भएको पाइन्छ। कृष्णचन्द्रसिहं प्रधान  माक्सवादबाट प्रभावित भएर निबन्ध यात्रा सुरु गरेको हुन्। उनका निबन्धहरूमा देशप्रेमको भावना पाइन्छ। देशप्रेमी भाव भएका प्रधान नेपालको राष्ट्रियता र नेपालको वीरतागानका क्रममा भानुभक्त आचार्य, बालकृष्ण सम, शङ्कर लामिछाने, भैरव अर्यालजस्ता साहित्यकारलाई निबन्धको विषय बनाउन पुगेका छन्। कृष्णचन्द्रसिहं प्रधान समाज सुधारको भावना राख्ने निबन्धकार हुन्। उनको निबन्धम  शिक्षा, साहित्य, समाज र संस्कृति उत्थानको कामनाहरू अभिव्यक्त भएका हुन्छन्। अनुप्रास, उखान- टुक्का, अलङ्कार, बिम्ब र प्रतीकका माध्यमले आफ्ना निबन्धको प्रस्तुतिलाई रूचिपूर्ण बनाउनु उनको निबन्धगत विशेषता हो। सालिक (2026), अनाम सत्य (2043), पाइला आगतमा टेकेर (2047) उनको पुस्तकाकारमा प्रकाशित निबन्ध सङ्ग्रहहरू हुन्।

## 13.5.9 चन्द्रकुमार शर्मा

चन्द्रकुमार शर्मा (1941- 2002) – असमको बिहालीमा जन्म ग्रहण गर्ने चन्द्रकुमार शर्मा असम- पूर्वाञ्चलका प्रतिभावान् निबन्धकार हुन्। आफ्ना निबन्धमा उनले जीवनयापनको सङ्घर्षमा खासगरी निम्न र निम्न- मध्यमवर्गका मानिसले सामना गर्नुपरेका ससना समस्यादेखि गतिला गौँडा-गल्छेँडा पार गर्दा आइलागेका हाउगुजीहरू ठट्यौलो शैलीमा अभिव्यक्त गरेका छन्। मध्यमवर्गीय जातीय संस्कृतिका साँधहरू, सामाजिक वर्गीय असमानता, सांस्कृतिक सहभाव, परम्परावादको विरोध र प्रगतिवादको समर्थन तथा शोषण- दमनको प्रतिवाद जस्ता मथिङ्गल

रन्काउने विषयहरूलाई निबन्धकारले गफाडी शैलीमा प्रस्तुत गरेका छन्। चन्द्रकुमार शर्माको निबन्धमा दर्शनको आकाश टाँगिएको छैन तर दर्शनको आत्मा बोलेको छ। उनका मेरा बारीका भाते करेला (1984) र मरणोपरान्त छिमेकी (2003) निबन्ध सङ्ग्रह प्रकाशित छन्।

## 13.6.10 सानुभाइ शर्मा (1944- 2015)

सानुभाइ शर्मा साहित्यमा सानुभाइ शर्माका नामले चिनिएका गङ्गाराम शर्मा (सुवेदी) नेपीली निबन्ध विधाका उल्लेखनीय प्रतिभा हुन्। आठौँ श्रेणीको विद्यार्थीकालदेखि नै साहित्य लेखनमा प्रवृत्त रहने सानुभाइ शर्मा परवर्तीकालमा भारतीय नेपाली निबन्ध विधाका ठुलाभाइ हुन पुगे। कथा विधाबाट साहित्य लेखन क्षेत्रमा पदार्पण गरे तापनि निबन्ध विधा नै उनको नेती हो। नेपाली हास्य- व्यङ्ग्य निबन्ध विधाका जन्ड धामी पिँडाली- अर्याल- पाँडेका सुयोग्य उत्तराधिकारीका रूपमा सानुभाइ शर्माको स्थान सुरक्षित छ। उनी भारतीय नेपाली निबन्ध साहित्यको हास्यव्यङ्ग्य फाँटका फटिक हुन्। साहितिय अध्येता घनश्याम नेपालले सानुभाइ शर्मालाई भारतीय नेपाली साहित्यको वर्तमान परिगृश्यमा निबन्ध विधाका एकजना शीर्षस्थ लेखक मानेका छन्। पुस्तकाकारमा उनका यात्रा संस्मरण (1985), भालुलाई पुराण (1994), अवकाशको क्षण (2008) जस्ता उत्कृष्ट निबन्धका कृतिहरू प्रकाशित छन्।

## 13.5.11 सलोन कार्थक (1946)

दार्जिलिङ जिल्लाको रिम्भिकमा जन्मेका सलोन कार्थक नेपाली निबन्ध विधाका चम्किला प्रतिभा हुन्। ईं 1970 को दशकदेखि साहित्यरत कार्थकले विश्वका विभिन्न मुलुकहरू भ्रमण गरिसकेका छन्। तिनै भ्रमणले नै उनका निबन्ध लेखनका भकारी भरिएको छ। कार्थकका भ्रमण

वृतान्तहरू कोरा प्रतिवेदन अथवा मुभी क्यामेराले उतारेका चमत्कारीपूर्ण दृश्यावली मात्र नभएर तिनमा साहित्यिक सुवास, सांस्कृतिक अनेकताभित्र रहेको आत्मिक समन्वय तथा शैलीगत सम्मोहन पाइन्छ। इतिवृत्तात्मक परीपाटीमा लेखिएका उनका भ्रमण वृत्तान्तबरू उत्कृष्ट निबन्ध हुन्। ती भ्रमण भोक, सोख,र भोगका भाष्य बनेका छन्। समुद्रवारि समुद्रपारि ( सङ्कलित र सम्पादित, 1976), विदेशतिर रिङ्दै जाँदा (1992), पदयात्रा गाउँको फन्को विदेशको (2000) उनका पुस्तकाकारमा प्रकाशित निबन्ध सङ्ग्रहहरू हुन्।

## 13.5.12 गणेशलाल सुब्बा

यथार्थवादी समालोचक, प्रबुध्द चिन्तक, तार्किक, कानुनी वकिल प्रथम पङ्क्तिका वक्ता गणेशलाल सुब्बा दार्जिलिङका प्रथम पङ्क्तिका आलोचक, निबन्धकार हुनुहुन्छ। उहाँका समालोचना, समीक्षा, चिन्तन युक्त निबन्धहरू, भारती, दियालो र दार्जिलिङीय समसामयिक पत्र- पत्रिकातिर छरिएका छन्। उहाँका लेखन औँलामा भाँच्दा गन्ति गर्न सकिने भए पनि ती भाव, भाषा, शैली र विषयमा चिन्तनयुक्त, गहन, बौध्दिक र मननयुक्त छन्। समग्रतः निबन्धमा उहाँ कलामा यथार्थवाद र प्रकृतिवीदमाथि विश्लेषणात्मक र तुलनात्मक ढङ्गमा आलोचना गर्नुहुन्छ।

## 13.5.13 शङ्कर लामिछाने

शङ्कर लामिछाने (जीवनकाल – वि. सं. 1984 -2032) नेपाली साहित्यका आत्मपरक, निजात्मक शैलीका उत्कृष्ट निबन्धकार हुन्। वि. सं. 2003 सालमा 'साहित्यस्रोत' पत्रिकामा प्रकाशित 'हाम्रो समाजमा नारीको मूल्य' शीर्षकको लेखबाट आफ्नो लेखनयात्रा सुरू गरेका लामिछानेका 'एब्स्ट्र्याक्ट चिन्तन प्याज' (2024), 'गोधूलि संसार'

(2028), निबन्धसङ्ग्रह, 'शङ्कर लामिछानेः शङ्कर लामिछानेका दृष्टिमा' (2032) आत्मकथात्मक प्रबन्ध र 'गौंथलीको गुँड' (2025) कथासङ्ग्रहहरू प्रकाशित छन्। निबन्धकार शङ्कर लामिछानेले वैयक्तिक जीवन – भोगाइका क्रममा सँगालेका अनुभवहरू, संस्मरणहरू, साहित्य, कला, सङ्गीत, ज्ञान-विज्ञान, ज्योतिषशास्त्र, मनोविज्ञान, जीवनजगत् आदिलाई आफ्ना निबन्धको विषय बनाएका छन्। आफूले निबन्धका लागि चयन गरेको विषयको नालीबेली खुट्याउनतर्फ नलागी त्यसलाई आफ्नो अनुभव र अनुभूतिका रङ्गमा मुचेर नजात्मक पाराले प्रस्तुत गर्ने काममा लामिछाने खप्पिस छन्। उनले आफ्ना जावनका सुख दुःख, हर्ष, विस्मात, उतारचढाव आदिलाई पनि निबन्धको विषय बनाएका छन्। लामिछाने आत्मपरक शैलीका निबन्धकार हुन्। कुनै विषयलाई निजी अनुभूतिका साथ प्रस्तुत गर्ने लामिछानेले आफ्ना विचारको पुष्टिका लागि तर्क र प्रमाणहरू पेश गर्छन् र पाठकलाई सोच्न बाध्य बनाउँछन्। सांस्कृतिक र प्राकृतिक सौन्दर्य, विज्ञानको आविष्कार, ऐतिहासिक तथा राजनैतिक विषयको कथात्मक अभिव्यक्ति उनका निबन्धमा पाइन्छ। जीवनको गतिशीलता र व्यापकताको चित्रण गर्ने लामिछानेका निबन्धमा जीवनका निस्सारता र विसङ्गतिलाई प्रस्तुत गरिएको पाइन्छ। उनले आफ्ना पूर्ववर्ती र समवर्ती साहित्यकार एवम् कलाकारको व्यक्तिवृत प्रस्तुत गरेका छन्। जीवनका विविध पक्षलाई देखाउँदै जीवनलाई अमूर्त रूपमा चित्रण गर्ने काम उनका निबन्धले गरेका छन्। निबन्धकार देवकोटापछिका सशक्त आत्मपरक निबन्धकारका रूपमा परिचित लामिछानेले जीवन-भोगाइका कटु सत्यलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन्। साहित्यलाई आत्माभिव्यक्ति वा स्रष्टाको जीवन-भोगाइको अभिव्यक्ति मान्दै भावपूर्ण वैयक्तिक आत्मानुभूतिलाई आत्मसात् गरेर व्यक्ति

लामिछाने (स्वयम्) लाई निबन्धमा भित्र्याउनु उनको सफलता हो। व्यक्ति लामिछाने नै स्रष्टा लामिछानेको मूल कथ्य बनेको छ र लामिछानेले निबन्धमा आफूलाई प्रस्तुत गरेका छन्। लामिछानेका निबन्धमा चिन्तन र भावनाको सन्तुलन पाइन्छ। निजी विचार र वैयक्तिक भावहरूलाई चिन्तनका कसीमा घोटेर प्रस्तुत गर्ने लामिछानेका निबन्धहरू बौद्धिक खालका देखिन्छन्। पूर्वीय र पाश्चात्य साहित्य, दर्शनको अध्ययनबाट प्राप्त चिन्तनलाई नयाँ शैलीका साथ निबन्धमा प्रस्तुत गर्ने भएकाले उनका निबन्ध दुर्बोध्य बन्न पुगेका छन्। उनी भन्छन् – 'मेरा निबन्धहरू सामान्य पाठकका लागि होइन, बौद्धिक पाठकका लागि लेखेको हुँ, अतः उनीहरूका लागि हो। जो अहिले नभएर 50 वर्षपछि जन्मनेछन्।' उनको आत्मपरक अभिव्यक्तिले निबन्धलाई मनोरम तुल्याएको छ भने वैचारिक चिन्तनको प्रस्तुतिले गम्भीर बनाएको छ। आफ्ना विचार र चिन्तनलाई तार्किक ढङ्गले भावकै परिधिभित्र घुमाउन उनी सफल देखिन्छन्। विचार चिन्तनलाई भावपूर्ण ढङ्गले वैयक्तिक अनुभूतिमा रङ्ग्याएर सघन रूपमा प्रस्तुत गर्नु उनको विशेषता हो। चेतनप्रवाह शैलीका सफल प्रयोक्ता निबन्धकार लामिछानेले मनमा उब्जेका विश्रृङ्खलित भावहरूलाई नव-नव विम्बप्रतीकको प्रयोग गरी प्रस्तुत गर्छन्। चेतनप्रवाह मस्तिष्कमा रहेको विषयवस्तुको श्रृङ्खलित, विश्रृङ्खलित वैविध्य स्वरूप र त्यसको प्रकटीकरणको पद्धति हो भने चेतनाको प्रवाहलाई पाठक सामु प्रस्तुत गर्ने अपनाइने आत्मपरकता एउटा शैली हो। यही पद्धति र शैलीको प्रयोग उनका निबन्धमा पाइन्छ। चेतनप्रबाहमा आएका चिन्तन वैय्कितक अनुभूतिलाई क्रमहीन, श्रृङ्खलाहीन र सीमाहीन रूपमा प्रकट गर्दा छरपष्ट हुन पुगेका छन्। चेतनप्रवाह शैलीका कारण उनका निबन्ध अमूर्त बन्न पुगेका छन्। विभिन्न समस्याका बीचमा बाँचेको मान्छेको मस्तिषकबाट

सृजित साहित्य स्वतः अमूर्त हुन्छ, जीवन अमूर्त भएकाले जीवनलाई प्रस्तुत गरिएको साहित्य पनि अमूर्त हुन्छ भन्ने धारणा उनका निबन्धमा पाइन्छ। प्रयोगशीलता लामिछानेका निबन्धको मूल प्रवृत्ति हो। निबन्धमा प्रयुक्त विषयगत चिन्तन प्रक्रिया, रचनागत तथा अभिव्यक्तिगत शिल्पशैली, भाषा आदि सबै पक्षमा पाइएको वैचित्रय एवम् विवाधतागत प्रयोग नै उनका निबन्धको प्रयोगशीलता हो। शैलीशिल्पगत वैचित्र्य नै लामिछानेका निबन्धको विशिष्ट योगदान हो। मूलतः नेपाली निबन्दखा फाँटमा लामिछाने नवीनशैलीका प्रयोक्ता र चमत्कारपूर्ण शैलीका चटकी छन्। चेतनप्रवाहपद्दति, आत्मपरक चिन्तनपरक शैली, लेखनी चित्र, मिश्रित भाषा भएर पनि कतै काव्यात्मक, कतै भाषमात्मक एवम् कतै कुरा गराइको शैली, उनका निबन्धका विशेषता हुन्। प्रत्येक निबन्धलाई भिन्नभिन्न शैलीमा प्रस्तुत गर्ने लामिछानेले भाषालाई सीमामुक्त ठान्छन् र आफ्ना निबन्धमा नेपाली र अनेपाली दुवै किसिमका शब्दको प्रयोग गर्न पुग्छन्। परम्परागत मूल्य र मान्यताको विरोध एवम् नयाँ मूल्यको खोजी, नयाँ जीवनमूल्यको अन्वेषण, तार्किकता, चिन्तनशीलता, व्यक्तित्वको आत्मप्रकाशन, चेतनप्रवाह, पद्धतिको प्रयोग, कथ्य, विषय र शैलीमा नवीनता, प्रयोगशीलता, आत्मपरक अभिव्यक्ति, भावना र चिन्तनको सन्तुलन, युगीन चेतना, अन्धपरम्पराको विरोध, भौतिकवादी, वैज्ञानिक र यथार्थवादी दृष्टिकोण, आयामगत सङ्क्षिप्तता, जीवनका व्यापकता, गतिशीलता र निस्सारताको अभिव्यक्ति आदि उनका निबन्धमा पाइने मूलभूत विशेषता हुन्। समग्रमा देवकोटाले सुरू गरेको निबन्ध – परम्परामा देखा परेका लामिछानिले गद्य लेखनको नवीन शैलीशिल्प एवम् चिन्तनपद्धतिलाई अरूको भन्दा अलग र मौलिक रूपमा प्रयोग गरेर आफ्नो निजी पहिचान कायम गरेका छन्। अर्थगत जटिलता, शैलीगत

वैचित्र्य, भाषिक मिश्रण र प्रयोगशीलताजस्ता विशेषताले उनी नेपाली निबन्धको इतिहासमा बौद्धिक चिन्तक एवम प्रयोगशील निबन्धकारका रूपमा चिनिन पुगेका छन्।

**(क) एब्स्ट्रयाक्ट चिन्तनः प्याज निबन्धको विश्लेषण** - प्रस्तुत निबन्ध कथात्मक ढाँचामा, सम्बादात्मक गद्य शैलीमा रचिएको छ। यसमा विशेष तीन प्रमुख पात्रहरू देखा पर्दछन् – स्वयं लेखक, लैनसिंह बाङ्गदेल र केदारमान व्यथित। निबन्धको प्रसङ्ग परस्परका बातचीतबाट उठेका छन्। बातचीत कतै अहमको द्वन्द्वमा देखा परेको छ त कतै व्यङ्ग्य बनेर लेखनको स्रोत बनेको देखिन्छ। नेपाली साहित्यका उद्धृत पात्रहरू प्रसिद्ध कवि, चित्रकार र निबन्धकार हुन्। निबन्धले उठान गर्ने घटना छ निबन्धकार लामिछानेको आफ्नै लेख, 'शङ्कर लामिछाने शङ्कर लामिछानेको दृष्टिमा'। बीसौं शताब्दीको मान्छे पनि पत्रैपत्राले जडिएको एक प्याज जस्तै हो। जसमा अनन्त दुर्गन्ध र गह्रियाइ छ। प्याजलाई पत्रैपत्र पार्दै जाँदा त्यसको अस्तित्व पनि शून्य हात लाग्दा भोगेका अनुभूति त्यसको गह्रियाइ नै जीवनप्रतिको अमूर्त रूप हो। अहिलेको मान्छे दुई सिमानामा बीच जटिल रूपमा बाँच्न परेको छ एक पुर्खाको विश्वास र अर्को सन्तानको विश्वासमा। जुन सिमानाहरूबीच दसगजे किनारा स्वरूप लेखकको व्यक्तित्व संचित, जसबाट उ पन्छिन पनि चाहन्छ त्यो उसैको एउटा एब्स्ट्रयाक्ट जीवन हो। यस निबन्धले लामिछानेलाई एक स्वतन्त्र चिन्तक, मानवीय आस्था एवम् विश्वजनीय स्परूपाधीन एक प्रबुद्ध निबन्धकारको तहमा चिन्न सकिन्छ। 'एब्स्ट्रयाक्ट चिन्तनः प्याज' निबन्ध शैली, बोध र विषयको सन्दर्भमा एक सफल आत्मपरक निबन्ध भन्न सकिन्छ। युगीन भाव, निस्सार यथार्थता, जीवनका अनगन्ति समस्याहरू, समाज र व्यक्ति विशेषबाट एक परिपक्व,

अभिव्यक्तिको कलात्मक संयोजना यस निबन्धको एक दरिलो पक्ष पनि हो। लेख, लेखक र पाठकमाझको पारस्परिक विनिमय, आत्म-लोचन र आत्म विश्लेषण यसका अर्को आकर्षक परियोजना पनि भेटिन्छ। देवकोटापछि नेपाली निबन्धको क्षेत्रमा अत्याधुनिक शैली र सोचको पृष्ठभूमिमा एक अर्को आयाम लामिछानेको निबन्धकारितामा आउन सकेको पाइन्छ।

## 13.6.14 बदरीनाथ भट्टराई

बदरीनाथ भट्टराई नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्। कथा, कविता, नाटक, समालोचना आदि विविध विधामा कलम चलाएका यिनी मुख्यतः निबन्धकार हुन् र त्यसमा पनि मुख्यतः वस्तुपरक निबन्धकार हुन्। ऐतिहासिक विषयवस्तु र अतीतका अनुभवहरूलाई समेटेर निबन्ध लेख्नु यिनको मूल अभीष्ट रहेको देखिन्छ। विकृति, विसङ्गति, अन्याय, अत्यचार, शोषण, दमन आदिप्रति व्यङ्ग्यको झटारो हान्दै देशभक्तिपूर्ण भावना प्रस्तुत गर्नु यिनको मुख्य प्रवृत्ति हो। इतिहास, समाज र अनुभवलाई आफ्ना निबन्धकारहरूको स्रोत बनाएका भट्टराईले स्वस्थ समाज-निर्माणका लागि ठूलाठूला भाषण होइन, व्यवहारमै देशप्रेमको भावना झल्किनु पर्दछ भन्ने राष्ट्रवादी स्वर पोखेका छन्। सरल र उदार हृदय लिएर देश-विकासमा लाग्नुपर्ने बताउने निबन्धकार भट्टराईले नैतिक र औपदेशिक निबन्ध-लेखनतर्फ विशेष रूचि देखाएका छन्। यिनका निबन्धहरूमा विचार र भावको सम्मिश्रण पाइन्छ, साथै ती विचार र भावनाहरूलाई वस्तुपरक ढङ्गले प्रस्तुत गरिएको छ। परम्परागत संस्कार, संस्कृति र सांस्कृतिक वैभवप्रतिको आस्था राख्नु यिनको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो। यिनका निबन्धहरूमा आदिदेखि अन्त्यसम्म नै

क्रमबद्धता पाइन्छ। शब्दचयन, वाक्यगठन, अनुच्छेदयोजना तथा भाषिक प्रयोगका क्षेत्रमा यिनले उल्लेख्य सफलता हात पारेका छन्। मुख्यतः वर्णनात्मक शैलीको प्रयोग गर्ने निबन्धकार भट्टराईले सरल र सहज भाषाको प्रयोग आफ्ना निबन्धहरूमा गरेका छन्। संस्कृतका सूक्तिहरूको प्रयोग गर्दै निबन्धलाई आकर्षक तुल्याउनु यिनको अर्को प्रवृत्ति हो। समग्रमा भन्नुपर्दा देशप्रेमको उच्च भावना, विकृति र विसङ्गतिहरूप्रतिको व्यङ्ग्य, प्रगतिवादी चिन्तन, अतीतप्रतिको उच्च आस्थाजस्ता विषयवस्तुगत विशेषताहरू अँगाल्ने भट्टराई विषयानुकूल भाषाशैलीको प्रयोग गर्ने सशक्त निबन्धकार रूपमा नेपाली साहित्यमा प्रसिद्ध छन्।

## 13.6 उपसंहार

निबन्धको रूपमा साहित्यिक आलोचना र निरूपण गर्ने निबन्धकारहरू अधिक छन्। कुनै पनि कार्य, घटना, योजना आदिको राम्ररी अधय्यन गरिएको अथवा विवेचना, समालोचना गरिएको लेख तथा कृतिलाई समीक्षात्मक अन्तर्गत हेरिन्छ। यसरी कृति तथा लेखहरूलाई समीक्षा गर्ने व्यक्तिलाई समीक्षक वा समालोचक भनिन्छ। पृथ्वीनारायण शाहको दिव्योपदेश निबन्धात्मक गद्यको झरिलो नमुना हो। प्रारम्भिक अवस्थाका उल्लेखनीय निबन्धकारहरू चिरञ्जीवी पोड्याल, हरिहर आचार्य दीक्षित, पृथ्वीनारायण शाह, राममणि आचार्य दीक्षित, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, मनिनारायण प्रधान, शेषमणि प्रधान, प्रेमसिंह आले, खड्गबहादुर छेत्री, वेधनिधि शर्मा, हर्षध्वज लिम्बू, रूपनारायण सिंह, चक्रपाणि चालिसे, धरणीधर कोइराला,प्रतिमान लामा आदि हुन्। शारदा पत्रिकाको प्रकाशनपछि मात्र बालकृष्ण सम, नरेन्द्रमणि आचार्य दीक्षित,

बोधबिक्रम अधिकारी, प्रेमराज पन्त, लक्ष्मीप्रसाद देवकोटा जस्ता सशक्त लेखकहरूको उदयले नेपाली निबन्ध साहित्यले काँचुली फेर्न सक्यो। नेपाली साहित्यको इतिहासमा निबन्ध एउटा आधुनिक विधाका रूपमा विकसित भयो। शारदामा प्रकाशित बालकृष्ण समको बर्दाहमा शिकार शीर्षक निबन्ध प्रकाशित भयो। यसबाट आधुनिक वस्तुपरक निबन्धको परम्परा थालिएको मानिन्छ। मूलतः समालोचनात्मक वा समीक्षात्मक निबन्धको स्वरूपभन्ने निबन्धात्मक शैलीमा लेखिएका समीक्षा वा समालोचनालाई बुझिन्छ। समालोचनात्मक अथवा समीक्षात्मक निबन्धलाई निसमीक्षा पनि भन्ने गरेको पाइन्छ। निसमीक्षा शब्दको प्रयोग नेपालीमा नपाइए पनि नैबन्धिक समालोचना शब्दको प्रयोग भने नेपालीमा भएको पाइन्छ। समीक्षाको भाषाशैली वस्तुगत हुनुपर्छ। कतिपय समालोचकहरूले आफ्ना समालोचनामा आत्मगत वा आत्मपरक भाषाशैलीको प्रयोग गरेका छन्। त्यस किसिमका समालोचनामा निबन्धात्मक गुण रहने हुँदा तिनलाई समीक्षात्म निबन्ध भन्नु उचित हुन्छ। समीक्षात्मक निबन्धका अभिलक्षणहरू यसप्रकार छन्- 1. समीक्षात्मक निबन्धमा वस्तुपरक र आत्मपरक दुवै शैलीको प्रयोग हुन्छ र समीक्षामा निबन्ध तत्त्वको उपस्थिति हुन्छ तथा 2. यस किसिमको निबन्धमा समालोचना तत्त्वभन्दा पनि समालोचनामा निबन्ध तत्त्व बढी हुन्छ र यसै गुणले गर्दा यो सम्प्रेष्य हुन्छ आदि।

# 13.7 सार

- आधुनिक निबन्धका पिता बेकन अनुसार "निबन्धमा विद्वानको वाक् चातुर्य र पण्डित्य प्रदर्शन हुनुपर्दछ" भन्ने भनाइ रहेको छ। अतः त्यहाँ

कल्पना र भावुकताको स्थान रहँदैन। यसैले होला उनले निबन्धलाई 'विकीर्ण चिन्तन' भनेका छन्।

● निबन्ध एक किसिमको कुरा गराइ हो, आफ्नो मनका भावनालाई स्वगत् कथनका रूपमा व्यक्त गर्ने विधाविशेष हो। व्युत्पति अनुसार निबन्धको अर्थ हुन्छ बाँध्नु।

● निबन्धको स्वरूप आफ्नै छन्। निबन्ध, प्रबन्ध, र समालोचना आदि गद्यका आख्यानेतर विधाहरूको पनि स्वरूप विकासको क्रम शृङ्गारकालमा आएर सुरू भएको पाइन्छ।

● निबन्धात्मक गद्य- लेखनको बीजारोपन अभिलेखकालीन लेखोटहरूमै भएको हो।

● शुरूमा यात्रा विवरण, दैनिकी वा रोजनाम्चाहरूमा यस किसिमका गद्यको विकासका निम्ति

● पृष्ठभूमि निर्माणका राम्रा दृष्टान्त भेटिन्छन्। चन्द्रिका पत्रिकाको प्रकाशनले नेपाली निबन्धको इतिहासमा एउटा नयाँ युगको श्रीगणेश गरेको आलोचक तथा लेखकहरू मान्दछन्।

● समालोचनात्मक वा समीक्षात्मक निबन्धको स्वरूप भन्नाले निबन्धको आकार, रूपाकार, आकृति- प्रकृति भन्ने बुझिन्छ।

● समालोचनात्मक अथवा समीक्षात्मक निबन्धलाई निसमीक्षा पनि भन्ने गरेको पाइन्छ। निसमीक्षा शब्दको प्रयोग नेपालीमा नपाइए पनि नैबन्धिक समालोचना शब्दको प्रयोग भने नेपालीमा भएको पाइन्छ। समीक्षाको भाषाशैली वस्तुगत हुनुपर्छ।

● समीक्षात्मक निबन्धका अभिलक्षणहरू यसप्रकार छन्- 1. समीक्षात्मक निबन्धमा वस्तुपरक र आत्मपरक दुवै शैलीको प्रयोग हुन्छ र समीक्षामा निबन्ध तत्त्वको उपस्थिति हुन्छ तथा 2. यस किसिमको निबन्धमा समालोचना तत्त्वभन्दा पनि समालोचनामा निबन्ध तत्त्व बढी हुन्छ र यसै गुणले गर्दा यो सम्प्रेष्य हुम्छ आदि।

# 13.8 अनुशीलनी

(1) नेपाली निबन्धको अर्थ र पृष्ठभूमिबारे विस्तारपूर्वक चर्चा गर्नुहोस्।

(2) समालोचनात्मक निबन्धको स्वरूपबारे विवेचना गर्नुहोस्।

(3) समालोचनात्मक निबन्धको लेखन परम्परामाथि गहकिलो टिप्पणी लेख्नुहोस।

(4) समालोचनात्मक निबन्धको विशेषतालाई विस्तारपूर्वक चिनाउनुहोस्।

(5) समालोचनात्मक निबन्धको विकासमा कमल दीक्षितको योगदानमाथि चर्चा गर्नुहोस्।

# 13.9 अतिरिक्त अध्ययन

1 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

2 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

3 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

4 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

5 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

# 13.10 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. निबन्धको अर्थ ।

Notes

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 13.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१ २ .नेपाली निबन्धको पृष्ठभूमि।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 13.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली समालोचनात्मक निबन्धको स्वरूप।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 11.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. निबन्धकार पारसमणि प्रधान ।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 13.6.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निबन्धकार बालकृष्ण सम ।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 13.6.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. निबन्धकार डा कमला साकृत्यायन।

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................

**( प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 13.6.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

7. निबन्धकार कमल दीक्षित।

..............................................................................

..............................................................................

..............................................................................

.........................

**( प्रश्न 7 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 13.6.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

8. निबन्धकार इन्द्रबहादुर राई।

..............................................................................

..............................................................................

..............................................................................

.........................

**( प्रश्न 8 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 13.6.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ 14, नेपाली निबन्धमा हास्य र व्यङ्ग्य।

14.0 उद्देश्य

14.1 परिचय

14.2 विद्वानहरूका मतानुसार हास्य र व्यङ्गको स्वरूपगत विवेचना

14.3 केही प्रमुख नेपाली हास्यव्यङ्ग्य निबन्धकारहरू

14.4 उपसंहार

14.5 सार

14.6 अनुशीलनी

14.7 अतिरिक्त अध्ययन

14.8 मुल्यबृद्धिका निम्ति उत्तर

# 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- हास्य र व्यङ्ग्यको परिचय
- नेपाली निबन्धमा हास्य र व्यङ्ग्य लेखन परम्परा
- हास्य र व्यङ्ग्य निबन्धका प्रवृत्ति र विशेषताहरू
- नेपाली हास्य र व्यङ्ग्य निबन्धकारहरू

# 14.1 परिचय

मान्छेले आदिम युगदेखि नै प्रसन्नता, उपलब्धि र उमङ्गको अवसर पाएका बेला हाँस्ने गर्‍यो। हास्यलाई मान्छेका भावनात्मक उद्रेकको प्रतिच्छाया हो भनेर बुझ्न सकिन्छ। व्यङ्ग्य चाहिँ प्रतिक्रियाका बीजबिन्दुको विकसित बोट हो। उसका हँसाइमा व्यक्त हुन आउने पवित्रतामा स्वच्छ प्रसन्नता मात्र रहेमा त्यहाँ स्मित मुस्कान, सन्तोष, हर्ष आदिको परिणाम हाँसोमा खित्कासमेत भएर व्यक्त हुन सक्ने अवस्था आइदिन्छ। तर हास्यमा प्रयोजनमूलक प्रतिक्रियासमेत अभिव्यक्त हुन थाल्यो भने हास्य स्मित नरहेर उपहास वा व्यङ्ग्यका कोटिमा पुगिदिन्छ। यसकारण हास्य अभिधा अर्थमा स्मित हो भने व्यञ्जना अर्थमा उपहास / परिहाससम्म पनि हो। कालान्तरमा मानव मनका उतार चढाउहरूको अध्ययन गर्न हाँसोले सहयोग गर्न थाल्यो। हाँसोका अध्ययनबाट मान्छेका भावनात्मक तृप्ति, भोक, पूर्णता र अपूर्णता, क्रिया र प्रतिक्रिया, सम्मान र अपमानका विषय परिस्थितिलाई निरूपण गर्ने दृष्टि बनेपछि मान्छेले आफ्नो असहमति, असन्तुष्टि, विरोध, प्रतिरोध, प्रतिशोध जस्ता भावना पनि अन्यार्थमूलक मुस्कानमा व्यक्त गर्न थाल्यो र अन्यार्थमूलक उक्तिहरू हाँसोमिश्रित अभिव्यक्तिमा प्रकट गर्न थाल्यो। हास्य / व्यङग्य दुवै तत्व एकै वस्तु र सन्दर्भको पर्यायवाची अस्तित्व लिएर आए। परिणाम के हुनपुगेको देखिन्छ भने हास्यको अभावमा व्यङग्यको सिर्जना नै हुन सक्तैन भन्ने अवस्था देखिन आइपुग्यो।

हास्य र व्यङग्यको परिभाषा, चर्चा - परिचर्चा पूर्वीय जगतमा पुराणकालदेखि नै हुन थालेका हुन् भने पाश्चात्य जगतमा सफोक्लिज र युरिपाइड्सजस्ता नाटककारका नाटकमा प्रयुक्त भावलाई आधार मानेर प्लेटो र अरस्तूले आफ्ना सिद्धान्तशास्त्रमा व्याख्या गर्न प्रयास गरेका छन्। यसबाट हास्यसँग व्यङ्ग्यका गम्भीर अभिव्यक्तिले

पनि रूपायित हुने छुट पाए। युरोपीय साहित्यजगतको इतिहासमा वितेका लगभग 25 सय वर्षमा हास्य /व्यङ्ग्यलाई अभिव्यक्तिको एउटा विशिष्ट पक्ष मानिदै आएको छ। त्यस्तै पूर्वीय साहित्यशास्त्रीहरूमा पनि सर्वप्रथम अग्निपुराणका स्रष्टाले र नाटयशास्त्रका स्रष्टा भरतले 22 सय वर्षपूर्व नै हास्यलाई काव्य वा नाटकका रसहरूमध्ये एउटा रसका रूपमा दर्ता गरिदिए। श्रृङ्गार, वीर, रौद्र र बीभत्सजस्ता चारवटा मूल रसमध्ये श्रृङ्गार रसबाट हास्य रसको सृष्टि हुने कुरा अग्निपुराणमा उल्लेख भएको छ। रसव्याख्याका सन्दर्भमा हामी विशेष गरी आचार्य भरतको नाटयशास्त्रलाई अघि सार्न सक्छौं। काव्यशास्त्रका चर्चामा अन्यरससरह हास्य रसले पनि विशिष्ट स्थान लिएको छ।

## 14.2 विद्वानहरूका मतानुसार हास्य र व्यङ्गको स्वरूपगत विवेचना

हास्यबारे पूर्वीय विद्वानहरूका मतानुसार अग्निपुराणमा स्थापित भएका चारवटा प्रमुख रसमध्ये श्रृङ्गारबाट सृजना भएको हास्य रसपछि व्यञ्जनामूलक अर्थको प्रसङ्ग वहन गर्न थालेपछि प्रयोजनमूलक हाँसो भएर हास्यका ठाउँमा व्यङ्ग्य समेत देखिन थाल्यो, यस प्रारम्भिक चरणका चारवटा मूलरसबाट थप चार रसको आविर्भाव स्वीकारेपछि आठवटा रस हुन पुगे। रस मानवीय अन्तर्भावनाको प्रतिक्रिया हो। यस्ता प्रतिक्रियाहरू समय र परिस्थितिअनुसार नयाँ रसका प्रकार र मूल्य लिन थाल्दछन्। आज त्यसरी व्याख्या गर्ने हो भने उपर्युक्त आठ रसका अतिरिक्त शान्त, भक्ति र वात्सल्य पनि रसकोटिको अस्तित्व प्राप्त गर्न पुगेको देख्न पाइन्छ। हास्य रसको अस्तित्व मान्छेमा पाइन्छ। मानवेतर प्राणीमा खुशी र प्रसन्नताको प्रतिक्रिया पाउन सकिन्छ तर हाँसोको स्वरूप वा प्रतिक्रिया पाउन सकिन्न। वोर, वात्सल्य, करूण जस्ता भावना प्रतिक्रियात्मक रूपमा अन्य पशुप्राणीमा देखिए पनि हास्य भाव मानवेतर प्राणीमा देखिदैन। हाँसो मान्छेका

अनुहारमा रहने स्मित हास्यदेखि लिएर अट्टहास सम्मका विभिन्न स्तरमा देखापर्छ। यसो नभए बोलीचालीमा झल्किन्छ र सो पनि नभए आचरणमै प्रकट हुन्छ। मानवेतर प्राणीमा रहने हास्यलाई यसै आचरणका आधारमा खुशी र बेखुशीका सीमामा राखेर ठम्याउन सकिन्छ। हास्य र यसका प्रतिक्रियाहरू मान्छेमै बढी फेला पार्न सकिन्छ। मानवेतर प्राणीहरूको मनोवैज्ञानिक अध्ययन गरेका खण्डमा सङ्कट र आपत्ति आदिका करूण कन्दन ठम्याउन सकिए पनि हास्यको अभिव्यक्ति ठम्याउन कठिन पर्दछ। मान्छेमा भने बोली-वचन, कार्य-व्यापार, हाउ-भाउ, उठ-बस, दैनिक आचरण आदि अनेकौं क्रिया-प्रतिक्रियाद्वारा प्रसन्नता वा उपहास व्यक्त हुन सक्छ। संस्कृत साहित्यका अर्का सिद्धान्तशास्त्री दशरूपककार धनञ्जयले वेशभूषा र व्यवहारबाट आफैलाई र आफ्नो व्यवहार र परिधानबाट अरूलाई हाँसोमा पुर्‍याउन सक्ने कुरा उल्लेख गरेका छन्। साहित्यदर्पणकार विश्वनाथले भने आफूमा रहेका वा अरूमा रहेको विकृति हाँसोको कारण हुन सक्छ भन्नेबारेमा कुनै प्रश्न उठाएका छैनन्। केवल हाँसो उठ्ने कारणहरू जस्तै आकारप्रकार, रूपरङ्ग, छाँटकाँट आदिमा विकृति, विसङ्गति हुनुपर्छ भन्ने कुरा मात्र उल्लेख गरेका छन्। यसरी पूर्वीय साहित्यमा हास्यको परिभाषा निर्धारण गर्ने काम भएको छ।

यसै गरी हास्यबारे पाश्चात्य विद्वानहरूका मत-मतान्तरनुसार हाँसो र रोदन जीवनका निकटतम छिमेकी हुन्। सुख र दुःख जीवनका दुई किनारा हुन् नदीका दुई किनाराजस्तै। तिनका प्रभावहरू हाँसो र रोदन भएर पहाड-पहाड झैं दुवैतिर उठेका हुन्छन्। आँसु र हाँसोका दुवै पहाडका प्रतापबाट जीवन सधैं सिञ्चित रहन्छ। अरस्तूकै समयदेखि साहित्यमा हास्यको महत्व प्रकट हुँदै आएको छ। त्रासदी र कामदीका दुई भेदहरू आँसु र हाँसोको आधारमा छुट्टिएका छन्। करूण र हास्यका दुई शाखाले सिङ्गै पश्चिमी साहित्यजगतलाई समेटेर इतिहास बनाएको छ। अझ उनीहरूका दृष्टिमा हास्य त करुणको पूरक तत्त्व मात्र भएर पाठक/ दर्शकका सामु

उपस्थित हुँदै आएको छ। शोकाकुल व्यक्तिलाई केही समयका लागि मात्र भए पनि शोक पीडाबाट मन अन्य क्षेत्रमा लान र धैर्य बटुल्न हास्न निकै सहायक सिद्ध हुन्छ। शोकबाट जन्मेका थकानको निराकरण हास्यबाट हुन सक्छ। पीडा र वेदनामा डुबेको मान्छे तुरून्त हाँस्न सक्छ। यसो हुनुबाट यी दुवै तत्त्व जीवनका मौलिक प्रकृति हुन् भन्न सजिलो पर्छ। यस तथ्यलाई पाश्चात्य विद्वानका विवेचनाले मात्र होइन, स्वयं मानवका अनुभवले पनि सिद्ध गरिदिएको छ। अवस्था अनुसारका हाँसो र रोदनका उपस्थितिलाई पूर्वमा श्रृङ्गार, रौद्र, वीर, बीभत्ससमेत कारणभूत रस मानिएझैं पाश्चात्य मतमा हास्य र करूणलाई कारणभूत तत्त्वका रूपमा स्वीकार्ने प्रयास भएको छ।

## 14.2.1 पूर्वीय विद्वानहरूका मतानुसार हास्यका प्रकारहरू

जीवनलाई निरूपण गर्ने दृष्टिकोणहरू दिनप्रतिदिन नयाँ र फराकिला हुँदै जान्छन्। मान्छे पुराना र जटिल परम्परालाई परिमार्जन गर्दै नयाँ र सरल मूल्यहरूको स्थापना गर्दै आउँछ। यसरी हेर्दा हास्य केवल खुशी र उमङ्ग मात्र अभिव्यक्त गर्ने साधन होइन, यसमा अनेकौं प्रयोजनमूलक अर्थहरू पनि समावेश भएका हुन्छन्। यसो हुनु हास्यको प्रौढ पक्ष हो र यसलाई हाँसोको व्यङ्ग्य निहित अर्थका रूपमा स्वीकारिन्छ। व्यङ्ग्य हाम्रा परिवेशभरि छरिएका विश्वजनीन मान्यताका वि-अङ्ग, विकृताङ्ग र विसङ्गताङ्ग जस्ता अवस्थाको प्रस्तुतिमा प्रकट हुन आउने विरूप प्रतिक्रिया व्यङ्ग्य हो। यसमा मधुरतामा मुस्कानदेखि कठोरतामा अट्टहाससम्मको अवस्था निहित हुन्छ। मान्छेले आफ्नै र आफ्नो परिवेशका अवस्थाप्रति हाँसिने, उद्देश्ययुक्त हाँसो हँसाउन सक्ने अभिव्यक्तिलाई आज हास्यव्यङ्ग्यका फाँटमा राखेर विश्वेषण गर्नुपर्ने अवस्था आएको छ। संस्कृति साहित्यमा यसअनुसार भने हास्यव्यङ्ग्यको विवेचना भएको पाइन्न; मात्र त्यस युगमा साहित्यले ध्वनि वा व्यञ्जनालाई उत्कृष्ट साहित्यका स्तरमा राखेको भए पनि आजको व्यङ्ग्यको

Notes

अस्तित्वलाई आजको गरी ठम्याएको देखिँदैन। त्यतिखेर हाँसो व्यङ्ग्यात्मक पीडा नछोडी मुस्कानयुक्त हाँसो वा परिहासात्मक हाँसो मात्र छोडेर जान्थ्यो। कि त हास्य तत्त्वमा अभावमै बुझाइमा मात्र व्यङ्ग्यको अभिव्यक्ति हुन्थ्यो। यस्ता बुझाइमा मात्र व्यङ्ग्य अभिव्यक्त हुने रचनालाई ध्वनि वा उत्तम काव्यको संज्ञा दिइन्थ्यो। त्यस प्रकार व्यङ्ग्यमा हास्य समावेश हुनैपर्छ भन्ने अनिवार्यता थिएन।

भारतीय नाट्यशास्त्रका प्रणेता भनेर जानिने भरतमुनिले हास्यलाई विभिन्न अर्थोद्घाटनका आधारमा वर्गीकरण गरेका छन्। आत्मस्थ र परस्थ भनी आफूमा रहने र अरूमा रहने हास्यलाई आलम्बनका आधारमा वर्गीकरण गर्ने भरतले हास्यका तात्पर्य अर्थलाई व्यङ्ग्यको संज्ञा भने दिएको पाइँदैन। प्रयोजनमूलक हाँसो विभिन्न भएकाले आज तिनै हास्य श्रेणीलाई व्यङ्ग्यात्मक हाँसो भनेर लिन सकिन्छ। यसैगरी रसगङ्गाघर ग्रन्थका स्रष्टा पण्डितराज जगन्नाथले हास्यलाई जम्मा बाह्र वटा भेदमा वर्गीकरण गरेका छन्। हास्यका प्रथम तहका विभेदरेखा आत्मावलम्बन र परावलम्बनका रूपमा देखिन्छन्। यी दुवै वटा भेदलाई उत्तम, मध्यम र अधमसमेतका भेदले जम्मा छ वटा उपभेद स्वीकारिएका छन्। तेस्रो तहमा गएर उत्तमलाई स्मित र हसित, मध्यमलाई उपहसित र विहसित र अधमलाई अपहसित र अतिहसितजस्ता जम्मा 12 वटा भेदमा विभाजन गरिएको छ। साहित्यदर्पणकारले पनि हास्यलाई वर्गीकरण गरेका छन्। उनका अनुसार ज्येष्ठ, मध्यम र नीच गरी तीन कोटिमा राखेर ज्येष्ठलाई स्मित र हसित, मध्यमलाई उपहसित र विहसित र नीचलाई अपहसित र अतिहसितसमेत छ वटा हाँगामा छुट्टयाएको पाइन्छ। यसलाई पनि निम्नअनुसार तालिकीकरण गर्न सकिन्छ-

(क) **स्मितः** मर्यादित हिसाबले प्रसन्नता व्यक्त गर्ने र हँसिलो अनुहार देखाउन हास्य स्मित हास्य हो। यसमा उत्फुल्लता, फूर्ति, ईर्ष्या वा घृणाका कुनै पनि भावहरू देखा पर्दैनन्। समदर्शी महर्षिको प्रसन्न अवस्थाभन्दा बढ्ता कुनै फरक देखिदैन।

(ख) **हर्सितः** अलिकति दाँत देखाएर र सानो आवाज निकालेर हाँस्ने तर शिष्टता भङ्ग हुन नदिने ईषद्धास्य स्तरको हाँसो प्रकट गर्नु हसित तहको हाँसो हो। यसमा हास्यदशा केही प्रस्टिन खोजेको हुन्छ। स्मित र हसित दुवै दशा हास्यका उत्तम कोटिका अभिव्यक्ति हुन्।

(ग) **उपहसितः** हास्यका यस तहमा हाँसो आवाजमा व्यक्त हुन्छ। शरीरमा चेष्टा-प्रचेष्टासम्म देखिन थाल्छन्। हाँसो प्रकट हुने कममा नाक फुल्ने, दृष्टि वक हुने, टाउको, काँध हल्लिने आदि क्रियासमेत देखिन्छन्। यसमा केही अमर्यादा र आक्षेपका अभिव्यक्ति प्रक्षेपित हुन खोज्दछन्।

(घ) **विहसितः** विहसित अवस्था त्यतिखेरलाई भनिन्छ- आँखा सन्किन, खित्का छोडेर हाँस्ने, कथनका तानहरूमा अन्तर ल्याउनेजस्ता काम हुन्छन्। निन्दा, अपमान, खिसीजस्ता तात्पर्यहरू व्यक्तिन थाल्छन्। हाँसोभित्र आक्षेपका छटाहरू पाइने हुनाले यसलाई मध्यम स्तरमा राखेर हेर्ने गरिन्छ।

(ङ) **अपहसितः** अपहसित अवस्थाको हास्यमा वाचिक र आङ्गिक रूपमा विभिन्न विकृतिहरू देखिन थाल्दछन्। हँसाइमा सोद्देश्यतापूर्वक मुन्टो हल्लिने, आँखामा पानी देखिने, आवाज लटपटिनेजस्ता प्रतिक्रियाहरू हाँसोमा प्रकट हुन्छन्। हाँसोले प्रत्यक्ष रूपमा अमर्यादित अवस्था देखाउँछ। यस हँसाइमा आक्षेप, निन्दा, घृणाजस्ता भावहरू पूर्णतया प्रकट हुन पुग्दछन्।

(च) **अतिहसितः** यस तहका हास्यमा हाँसोले अनुशासन र मर्यादाको सीमा उल्लङ्घन गरिसकेको हुन्छ। हाँस्ने मान्छे पेट मिचेर, आङ्गिक विकृति देखाएर हाँस्न लाग्दछ। हँसाइमा उद्देश्य स्पष्टै देखिन्छ। यस अवस्थाको हाँसोमा खिल्ली वा आक्षेप निहित हुन्छ। यसलाई निन्दा, गाली आदिका अभिव्यञ्जनाको मूलस्रोतका रूपमा स्वीकारिन्छ। पूर्वीय हास्य-चर्चामा हास्य एउटा रस हो र यसलाई लिएर

अन्तिम तहमा पुग्न सकिन्छ भन्ने वर्गीकरण गर्ने विविध रेखा कोरिएका छन्। यिनै विविध रेखामा टुक्रिएको हास्य विविध अर्थहरूको संवाहक भएर देखिन थाल्दछ।

पाश्चात्य दृष्टिकोणलाई आधार बनाउँदा हास्य जीवनका व्यापकतालाई प्रदर्शन गर्न सक्ने साधन होइन, हास्यको अपेक्षा व्यङ्ग्यको प्रबल स्थान रहेको देखिन्छ। आजको हास्य व्यङ्ग्यमिश्रित हुन्छ भन्ने कुरा साहित्यिक समाजले स्वीकारेको छ। जीवनका विविध पाटाका विकृति र विसङ्गतिलाई यसले आत्मसात गरेको छ। आधुनिक नेपाली साहित्यमा पनि हास्य गौण र व्यङ्ग्य प्रबल हुने अवस्थालाई प्राथमिकता प्रदान गरेको कुरा स्थापित हुन पुगेको छ।

## 14.2.2 पाश्चात्य विद्वानहरूका मतानुसार हास्यका प्रकारहरू

पश्चिमी साहित्यशास्त्रले हास्य नाम नदिई ट्रेजडी र कमेडीका रूपमा सुख र दुःख, करूणा र प्रसन्नताका रूपमा दुई खास भेद देखाएको भए तापनि मूलभूत रूपमा हास्य र व्यङ्ग्यका दुई शाखामा विभाजित गरेका छन्। त्यसमध्ये केवल हास्य तत्त्वको उपस्थिति रहने स्वरूपलाई ह्युमर ( Humour ) वा सर्क्याजम ( Sarcasm ) मात्र भन्ने प्रचलन आएको छ। बाँकी भेदलाई व्यङ्ग्यका फाँटमा राखेर वर्गीकरण गरिएको पाइन्छ।

हास्य सामान्य स्मित दशामा मात्र छउञ्जेल रसिक ( Humourous ) हास्य नै रहन्छ। त्यसमा कुनै तात्पर्य आश्रित हुन थालेपछि हास्य स्वयं व्यङ्ग्यका कोटिमा चढ्न थाल्छ। हाँसो भावक्षेत्रमा छउञ्जेल हास्य प्रधान रहन्छ र भावक्षेत्रबाट बुद्धिक्षेत्रमा सङ्क्रमित भएपछि व्यङ्ग्यकोटिमा प्रवेश गर्दछ। जब हास्यकारले हास्यलाई आलोचनाको क्षेत्रमा प्रवृत्त गराउँछ तब हास्य हास्यजगतबाट व्यङ्ग्यजगतमा पदार्पण गर्दछ। हास्य मनोवैज्ञानिक सत्यको उद्घाटन गर्ने साधन पनि हो। हाम्रा दैनिक जीवनमा जोडिन आउने मानसिक भारहरू, परिवेशमा देखिने

खोटहरू हास्यका विषयवस्तु बन्दछन्। यिनै तत्वहरू हास्यका स्मित दशाबाट परिवर्तित हुँदै जाँदा व्यङ्ग्यको स्वरूप लिन पुग्दछन्। बौद्धिक तन्तुमा तनाव जन्माउन नसक्ने हास्य हाँसो मात्र हो व्यङ्ग्य होइन। हाँसोलाई सोद्देश्यात्मक प्रयोगमा ल्याउन थालेपछि आलोचनापूर्ण हाँसोको उद्रेक हुन्छ। यस्तो हास्य जन्माउन तीन वटा मूलभूत अभिव्यक्तिहरू सक्रिय हुन्छन्। यी अभिव्यक्तिहरू कारणभूत रूपमा रहिदिनाले हास्य उत्पन्न हुन्छ। त्यस्ता कारणहरूबाट मान्छेका मनमा घृणाको भावना प्रकट भैदियो भने हास्य स्वतः व्यङ्ग्यका रूपमा परिणत भैदिन्छ तर सहानुभूति र संवेदना मात्र जन्मियो भने त्यसमा हास्यको आभाससम्म पनि जन्मिदैन। बरू माया र दयाको कोमलभावना जन्मिदिन्छ।

## 14.2.3 हास्यका प्रमुख तत्वहरू

माथि उल्लेख भएका हास्यका तीन वटा तत्वहरू निम्नअनुसार प्रस्तुत गर्नु उपयुक्त हुन्छ। जस्तै 1. आकस्मिक वा अप्रत्याशित अवस्थामा जन्मिने हास्य, 2. अज्ञात आलम्बनमा आश्रित भएर जन्मिने हास्य; 3. सुनियोजित आलम्बनमा आश्रित भएर जन्मिने हास्य। यसरी हास्य बाह्य कारणबाट आविर्भाव हुन्छ।

**(क) आकस्मित वा अप्रत्याशित अवस्थामा जन्मिने हास्यः** मान्छेका स्वाभाविक आचरण, हिडाइ, बोलाइ, चलाइ आदिका गतिमा कुनै गडबडी पैदा हुनासाथ हाँसो आविर्भाव भैहाल्छ। हिड्दा चिप्लिएर लड्नुबाट दर्शकमा जन्मने हाँसो अप्रत्याशित अवस्थाजनित हाँसो हो। प्राकृतिक प्रताडनाबाट जन्मिने हाँसोलाई यस तहमा राखिन्छ। यस हाँसोको परिणति सहानुभूतिमा गएर टुङ्गिन्छ। प्राकृतिक प्रबञ्चनाबाट मान्छेका गलगण्ड आएको देखिनु, खुट्टा, खोरण्डो हुनु, बोली भक्भकाउनु  आदिको अवस्था देखिँदा पहिले हाँसो व्यक्त भए पनि पछि दर्शक ' बिचरा ! ' भनेर सहानुभूति व्यक्त गर्न पुग्दछ। यसबाट दर्शक हाँसे पनि उसमा दया र सहानुभूति समाप्त भएको छैन भन्ने कुरा प्रष्ट हुन्छ।

**(ख) अज्ञात आलम्बनमा आश्रित भएर जन्मिने हास्यः** आलम्बन अज्ञात अवस्थामा रहे पनि हास्य जन्मिन्छ।यद्यपि त्यसै अनभिज्ञताभित्र पात्र आफू अरूहरूको हास्यको आलम्बन भैरहेको हुन्छ। यस्तै पाण्डवहरूको सभामण्डपको भैमा हिंड्ने दुर्योधन सभामण्डपलाई पानी र भै के हो ? सो ठम्याउन नसकी भै देखिने ठाउँमा निर्धक्क हिंड्दा पानीमा छप्लक्क पसिने र पानी देखिने ठाउँमा सतर्क भएर हिंड्दा भैमा परिने स्थितिमा पुगेको छ। यस अज्ञात अवस्थामै रहेको दुर्योधन द्रौपदी समेतको हास्यको कारण बन्न पुग्यो। यस प्रकारको हाँसो कुनै खास व्यक्ति विशेषका निमित्त हाँसिन्छ। यस्तो हाँसो प्रयोजनपरक पनि हुन्छ। त्यसमा कतै सहानुभूति हुन्छ भने कतै प्रतिशोध पनि हुन्छ। यस्तो अवस्थाको हाँसोमा व्यङ्ग्य मिसिएको हुन्छ।

**(ग) सुनियोजित अवस्थामा जन्मिने हास्यः** यो हास्य जन्माउने तेस्रो कारण हो ; जानिबुझीकन हँसाउने र यसै हँसाइका माध्यमबाट कुनै कुनै व्यङ्ग्यको परिस्थिति जन्माउने हाँसो व्यङ्ग्यपूर्ण हाँसो हो। कसैले कूचोलाई ब्रस बनाएर साबुन लगाउने र बन्चरोलाई छुराको रूपमा लिएर दारी खौरने अभिनय गर्न लाग्यो ; अथवा अतिथिलाई घाँस र नूनभुसले सत्कार गर्न थाल्यो भने त्यसबाट जन्मिने हाँसो प्रयोजनपरक भैदिन्छ। यसमा रहेको योजना कि सोझै आक्षेप गर्ने उद्देश्यले ल्याएको हुन्छ कि त व्यङ्ग्य वा क्यारिकेचरका रूपमा ल्याइएको हुन्छ। त्यस कारण यस तहमा रहेका हास्यलाई प्रयोजनपरक हास्य र अर्को शब्दमा व्यङ्ग्य भन्न सकिन्छ।

अङ्ग्रेजी हास्यव्यङ्ग्य अध्येता वर्गशाँका दृष्टिमा हास यिनै तीन वटा बाहिरी कारणबाट उत्पन्न हुन्छ। वास्तवमा हास्यचरित्र, वाग्वैदग्ध्य र उद्दाम कल्पनाद्वारा दर्शक वा पाठकमा हास्य जन्माइदिन्छ। प्रायः शब्द, चरित्र र परिस्थितिका छुट्टाछुट्टै कारणबाट समष्टि हास्यको आविर्भाव हुन्छ। आविर्भूत हास्यका अनेक परिणामलाई मूलरूपमा व्यङ्ग्यको कारणभूत तत्त्व स्वीकारेको देखाइएको छ। व्यङ्ग्यका स्रष्टहरू प्रायशः आफ्ना सङ्कीर्ण संस्कार-परम्परा, अन्धमान्यता र दुर्गन्धयुक्त परिवेशका मैला र कुत्सित वातावरणलाई सफा गर्न र सुसंस्कृत रूप

प्रदान गर्न चाहन्छन्। जीवन र यसका परिवेशका मला वातावरणलाई सफा गर्न र दाग मेटाउन चाहन्छन्। आफ्ना वरिपरिका सम्पूर्ण विकृति र विसङ्गतिमाथि सुधारको लक्ष्य लिएर आक्रमण गर्दछन्। पाश्चात्य जगतमा हास्यको भन्दा बढ्ता व्यङ्ग्यको महिमा गाइएको छ। व्यङ्ग्यमार्फत हास्य आए पनि त्यो केवल व्यङ्ग्यको पूरक (सुगर कोटेड) रूपमा मात्र आएको हुन्छ।

## 14.2.4 व्यङ्ग्यको परिभाषा

व्यङ्ग्यको परिभाषा गर्ने क्रममा एक जना पाश्चात्य विद्वानको दृष्टिकोण यस्तो रहेको छः- व्यङ्ग्यकार सामाजिक मर्यादाको सुरक्षाका पक्षमा न्यायाधीशको काम गर्दछ। व्यङ्ग्यले मान्छेलाई बौद्धिक र सामाजिक क्षेत्रमा निख्खरो तुल्याउँछ। अक्सफोर्ड डिक्स्नरीमा व्यङ्ग्यलाई यसरी अर्थ्याइएको छः- पद्यात्मक वा पद्यात्मक कृतिमा कुनै समयसीभाभित्रको विसङ्गति वा मूर्खताप्रति हँस्सी उडाउनु र कुनै व्यक्तिको उपेक्षापूर्ण उपहास गर्नु व्यङ्ग्य हो। यसबाट हास्यको उपेक्षाजनक हास्यरूप व्यङ्ग्य हो भन्ने तथ्य प्रमाणित हुन्छ। इन्साइक्लोपेडिया ब्रिटेनिका अनुसार व्यङ्ग्यको अर्थ के देखिन्छ भनेः- साहित्यिक विधाका रूपमा हास्यास्पद अभिव्यक्ति प्रस्तुत गर्नु, सामान्य ढङ्गले खिल्ली उडाउनु वा क्षोभ आदि प्रकट गर्नु व्यङ्ग्य हो। यसमा हास्य अनिवार्य रूपमा रहन्छ। हास्यहीन व्यङ्ग्य गालीगलौजका तहमा ओर्लिन्छ भन्ने धारणा यसमा देखिन्छ। यसरी आधुनिक साहित्यिक जगतले हास्य-व्यङ्ग्यको परिचय पाएको छ। साहित्यको शाश्वत मूल्यभन्दा पनि समय, परिवेश र त्यसबाट जन्मेका विषम परिस्थितिलाई नै हास्य व्यङ्गयले ग्रहण गरेको कुरा अकाट्य रूपमा प्रमाणित हुन्छ।

## 14.2.5 व्यङ्ग्यको वर्गीकरण

हास्यव्यङ्गयलाई पाश्चात्य साहित्यका चिन्तकहरूले पाँचवटा भेदमा वर्गीकरण गरेका छन्। देहायका नाम दिएर निम्नानुसार विवेचना गरिएको छ। क) स्मितहास्य

( Humour ), ख) वाग्वैदग्ध्य (Wit), ग) व्यङ्ग्य (Satire), घ, वक्रोक्ति ( Irony), ङ विद्रूप वा परिहास  (Parody)। यी पाँच भेदका अतिरिक्त पनि हास्य प्रहसन ( Comic वा Faree) का रूपमा मात्र पनि चर्चा गरिएका हुन सक्छ। हास्यलाई पूर्वीय आचार्यले स्मित अवस्था रहुन्जेल प्रसन्नताको प्रतिक्रिया स्वीकारेझैं पश्चिमेली आचार्यहरूले ह्यमुर तहको हास्यलाई मनोरञ्जनको तहमा गएर टुङ्गिएको पाएका छन् तर अघिल्ला भेदलाई क्रमशः विवेचना गर्नु सान्दर्भिक टहर्ला।

**(क) स्मितहास्य (Humour):** पूर्वीय मतमा स्मित अवस्थामा चित्रण गरिएको हास्यलाई ह्युमर भन्न खोजिएको छ। हाँस्नु मात्र अमर्यादित प्रतिक्रिया ठहर्दछ। यसलाईचाहिँ प्रहसनमा गएर चर्चा गरिन्छ। यहाँ केवल मर्यादित र अनुशासनयुक्त अवस्थाको हाँसोलाई मात्र लिइन्छ। ह्युमरका निम्ति निम्नलिखित पाँचवटा तत्त्वहरू अनुपयुक्त ठहर्छन्- ती निम्नअनुसार छन्। अ) प्रयोजनमूलक हाँसो व्यक्त हुनु, आ) बेवास्ता प्रकट हुने अर्थ दिनु, इ) अतिरञ्जनात्मक अर्थ दिनु, ई) ईर्ष्या व्यक्त हुनु, उ) अस्वीकृत अर्थ व्यक्त हुनु, जस्ता तात्पर्य देखा परे त्यस्ता हास्यलाई स्मितहास्यका रूपमा स्वीकार्न सकिन्न। यस हास्यमा आत्मीयता, दयालुपन र सहानुभूति अपेक्षित रहन्छ। स्मित हास्यमा चिन्तन, धैर्य, अनुशासन आदि शिष्ट तत्त्वको आवश्यकता पर्दछ। जसप्रति हाँसिन्छ त्यसप्रति प्रेम र आत्मीयता, श्रद्धा र वात्सल्यजस्ता गुणहरू पनि गुमाउनु हुँदैन। दयालुपन र आत्मीयताजस्ता तत्त्वहरू ह्रास हुँदै जानाले हास्य क्रमशः वाग्वैदग्ध्य र व्यङ्ग्यतिर आरोहण गर्न थाल्दछ।

**(ख) वाग्वैदग्ध्य (Wit) :** सन्तुलन र अवस्था अनुकूल मर्यादाको प्रयोग गर्दा उक्तिमा वैचित्र्य अनुभूति व्यक्त हास्यको छनक आभास हुने र आश्चर्यको सञ्चार गराउने रचनालाई यस तहमा स्वीकार्न सकिन्छ। वाग्वैदग्ध्यको व्याख्या गर्दा वेब्स्टरले यसरी स्पष्ट गरेका छन्ः- सम्भाषण, संवाद वा लेखन आदिबाट अप्रत्याशित रूपमा आश्चर्य, आनन्द र आक्षेप प्रकट हुने रचनावली वाग्वैदग्ध्य ( Wit) कसैको स्तुतिनिन्दादेखि लिएर आक्षेपसम्मको अभिव्यक्तिहरू हास्यपूर्ण अवस्थामा

पुग्दछन्। हास्य र वाग्वैदग्ध्यमा अन्तर देखाउने तत्त्वलाई यसरी खुट्याउन सकिन्छ। हास्यमा स्वाभाविक कथन र स्वाभाविक प्रक्रियाबाटै हास्य जन्मिन्छ भने व्यङ्गयात्मक भाव जन्माउने उपमा, कल्पना र उक्तिचमत्कारद्वारा देखिने अनौठोपनबाट वाग्वैदग्ध्य जन्मिन्छ। त्यसैले हास्यभन्दा कठोर र व्यङ्गयभन्दा केही नरम अभिव्यक्ति वाग्वैदग्ध्य हो।

**(ग) व्यङ्गय (Satire):** व्यङ्गय पूर्णरूपमा विसङ्गतिबाट जन्मिने तत्व हो। यसमा लेखकले प्रत्यक्ष रूपमा आक्रमण गरेर अप्रत्यक्ष रूपमा सुधारको सन्देश व्यक्त गरेको हुन्छ। हाम्रा दैनिक जीवनसँग अभेद सम्बन्ध राख्ने तत्वहरूसँग निहित विकृति र विसङ्गतिहरूप्रति तीब्र आक्रमण गर्दछ। त्यसले विकृत र विसङ्गत तत्वको निराकरणका निम्ति आवश्यक पर्ने उपायहरूको सङ्केत गरिदिन्छ। हास्यका सामान्य तहबाट धेरै माथि पुगेका यस अवस्थामा ध्वनिले मूर्त रूप लिन पुग्दछ। अर्थमा व्यापकता तथा गम्भीरता आइसक्छ। यस तहमा आत्मीयता, दयालुभाव र कोमलताका गुणहरू पूरै हराउँछन्। द्वेषका र क्रोधका भावहरू प्रकट हुँदै जान्छन्। तथा विषयमै छेडछाड हुन थाल्छ। यो पनि तीन तहमा व्यक्तिन थाल्दछ। पहिलोमा श्लेषात्मक, दोस्रोमा उपहासात्मक र तेस्रोमा आक्रमणात्मक वा आक्षेपात्मक अभिव्यक्ति हुन्छ। बिस्तारै यिनीहरू आफ्नो उदाङ्गो अनुहार देखाउन थाल्दछन्।

व्यङ्गयले मानव जीवनका तीन वटा पक्षलाई आक्रमण गर्दछ। क) निन्दनीय वस्तुलाई खुलै रूपमा निन्दा गर्नु ; ख) मानव जीवनका मर्यादा अतिक्रमण भएको भए तिनको सीमा कायम गराउनु, र ग) अहितकर वातावरणबाट र दुष्प्रवृत्तिबाट समाजलाई जोगाउनु। यी तीन वटै बुँदामा व्यङ्गयकार सचेत हुन्छ। वस्तुतः व्यङ्गयकार सामाजिक परिष्कारको जिम्मेदार हुन्छ। समाजका कुनाकाप्चासम्म छरिएर बसेका दुर्गन्धयुक्त कसिंगर र फोहरमैलालाई बढारेर सफा गर्ने कार्यकर्ताका रूपमा देखापर्छ। उसका कलममा पर्नासाथ समाजका विकृत तत्त्वहरूलाई हँसाई-हँसाई चेतावनी दिन्छ। मानव हितको पक्षमा वकालत गर्छ व्यङ्गयकारले। दोषलाई

गम्भीरतापूर्वक नलिएर व्यङ्गयकारले दिल्लगीमा उठाइदिन्छ, जसले गर्दा दोषी पुनः दोष दोहोर्‍याउनबाट सतर्क हुन्छ। उसका निमित्त यो हास्य कोमल नभएर कठोर प्रहार बन्दछ। यसरी व्यङ्गय समाजको परिष्कारक र उपचारक भएर खडा भैदिन्छ।

**घ) वक्रोक्ति (Irony) :** उक्तिमा वाणबरावर तिखो र आक्रमण तत्त्व रहनु वक्रोक्ति हो। आवरणमा हास्य तत्त्वको जलप हुँदाहुँदै पनि अलङ्कार र ध्वनिका माध्यमले कथन तत्वमा रहेका व्यङ्गयलाी बाङ्गो बनाउने प्रयास भएको रचना आइरोनी हो। उक्तिमा विचित्रता राख्नु वाग्वैदग्ध्य हो भने आवरणयुक्त उक्तिका माध्यमले व्यङ्गयको काम गर्नु वक्रोक्ति हो। यी दुवैको तुलनामा व्यङ्गय अभिधातर्फ प्रवृत्ति देखाउँछ भने वक्रोक्ति उक्तिमा भन्दा अर्थमा तीब्रता र वचन विदग्धतामा भन्दा विषय प्रतिपादनको यथार्थता देखाउँछ।

हामीले भोगिरहेको समाज र परिवेशमा जे छ र जे हुनुपर्छका बीचका विसङ्गतिहरू देखेपछि वक्रोक्तिकारले उक्तिमा बाङ्गोपनको सहारा लिन पुग्दछ। यस्तो अवस्थामा व्यङ्गयकार सीधै पोखिन्छ। प्रत्यक्ष रूपमा सकारात्मक र अप्रत्यक्ष रूपमा नकारात्मक अर्थ आउने उक्तिका माध्यमले, शब्दसंयोजनले, उच्चारण अनुतानका सहायताले प्रसङ्गलाई खुट्याउँछ। पूर्वीय मतमा वक्रोक्तिलाई नै काव्यको सर्वस्व स्वीकार्ने एउटा सम्प्रदाय नै खडा भएको भए पनि व्यङ्गयका तुलनामा गौण नै स्वीकारिएको छ। तर पाश्चात्य जगतमा भने आइरोनीलाई व्यङ्गयको नजिकको छिमेकी तत्त्व मानिएको छ। वस्तुतः हास्यास्पद तथा विसङ्गत तत्वहरूप्रति सीधै आक्रमण, प्रहार नगरी चिप्लो र स्वादिलो कथनबाट व्यक्तिको मर्ममा पिन पसेझैं चस्स चस्किने वचन प्रयोग गर्नु र श्रोतालाई मनोपीडामा छटपटाउने वक्रोक्तिको काम हो। वक्रोक्तिले हार्दिक साहित्यका क्षितिजमा शिष्ट आवरणद्वारा अशिष्ट तत्वको निराकरण गर्ने काम गरिरहेको हुन्छ।

**ङ) विद्रूप वा परिहास (Parody) :** परिहास वा विद्रूप कुनै सम्पन्न भएका कार्यको, कुनै व्यक्तिको बानीबेहोराको, कसैका कृतिको अनुकरण गर्नु हो। मूल कार्यको अनुकरण गर्दा मूल कार्यका कर्तालाई नछोईकन उसका कामलाई मात्र अनुकृतिका रूपमा विद्रूपता प्रदान गर्नु, कुनै व्यक्तिको आनीबानीको नक्कल गर्नु छ भने मूल व्यक्तिको व्यक्तिगत आचरणलाई आक्षेप नहुने तर त्यस्ता मूल भावलाई विद्रूपीकरण गर्ने हिसाबले पुनः सर्जन गर्नु प्यारोडी हो। प्यारोडीलाई जन्म दिने जम्मा तीनवटा तत्त्व हुन्छन्। अ) भावसाम्य विद्रूपीकरण ; आ) आकारसाम्य विद्रूपीकरण र इ) शब्दसाम्य विद्रूपीकरण। यीमध्ये कुनै पनि प्रकियाले मूलभूत वस्तुका सम्झना गराएका खण्डमा प्यारोडीको उद्देश्य पूरा हुन्छ। आर्थरका विचारमा के देखिन्छ भने रचनाको उच्चतासँग सम्बन्ध राख्ने काम गर्नु प्यारोडीको विशेषता हो। श्रद्धा, विश्वास, आस्था र मर्यादामा हीनता भाव आउन नपाई हास्य जन्माउनु प्यारोडीको विशेषता हो।

हास्यव्यङ्गयका यी पाँच तह मात्र तात्पर्यमूलक र अर्थयूक्त हास्य हुन्। यस अतिरिक्त हास्यलाई विदूषण हास्य समेट्न सकिन्छ। विदूषण स्तरीय हास्यचाहिँ यी पाँचवटा तहभन्दा बाहिरको हास्य हो।

**विदूषण हास्य (Force):** विदूषण हास्य नामले चिनिने हाँसो शास्त्रीय अर्थमा कामदीय ( Comedian) हास्य हो। उपर्युक्त पाँच तहमा रहने हास्यका तुलनामा विदूषण हास्य एकदमै फरक हुन्छ। यस हास्यमा हाँसो सचेतता एवं-बोली व्यवहारमा अनौठोपन, मुखमा मखुण्डो र आङ्गिक कृत्रिमता हुन्छ। यस्ता अनौठोपनले कसैलाई परिलक्षित गरेको हुन्न। मनको तनाउ र थकानलाई दूर गर्नु र मनोविनोद गर्नु मात्र यस कोटिका हास्यको उद्देश्य रहन्छ। यस हास्यलाई ए निकोलले आठ भेदमा विभाजित गरेको पाइन्छ। क) शुद्ध प्रहसन, ख) श्रृङ्गारिक प्रहसन, ग) व्यङ्गयात्मक प्रहसन, घ) वाग्वैदग्ध्य प्रहसन, ङ) शिष्ट वाकप्रधान प्रहसन, च) भावप्रधान प्रहसन, छ) अन्तर्द्वन्द्वप्रधान प्रहसन र ज) शोकप्रधान प्रहसन

यसका भेद हुन्। यस वर्गीकरणका 'क' र 'ख' का प्रहसनहरू विदूषण हास्यका पर्यायवाची मान्नुपर्छ र बाँकी छ वटा भेदका प्रहसनहरू व्यङ्गयका तहमा समावेश गर्न सकिन्छ।

**कार्टून (Cartoon):** नेपालीमा कार्टूनलाई व्यङ्गयचित्र भन्ने प्रचलन छ। व्यङ्गयचित्रका माध्यमले कसैलाई सचेत बनाउन प्रयास गरिएको छ भने त्यसलाई व्यङ्गयका रूपमा लिइन्छ र व्यङ्गयभन्दा बढ्ता आक्षेपतिर ढल्केको छ भने त्यसलाई गालीका हतमा राख्न सकिन्छ। यसकारण व्यङ्ग्यचित्रलाई आवश्यकताअनुसार कहीँ कलात्मक व्यङ्ग्यका फाँटमा र कहीँ आक्षेपका फाँटमा राखेर विश्लेषण गरिन्छ।

**आक्षेप (Lampoon):** आक्षेपलाई साहित्यमा कसैमाथि गाली गर्ने उद्देश्यले प्रयोग गरिन्छ। व्यक्तिगत आक्रोश र गालीका भावहरू जब जब साहित्यमा देखिन आउँछन् तब तब व्यङ्गय गौण भएर आक्षेप उच्च हुन्छ। यसरी व्यङ्गयले निकृष्टताको आवरण प्राप्त गरेपछि साहित्य व्यक्तिगत गालीका तहमा ओर्लिन्छ। त्यसकारण आक्षेप पश्चिमी सभ्यतामा देखिने अप्रेलफस्ट, भारतीय समाजमा देखिने होली, नेपाली समाजको गाईजात्राजस्ता उत्सवमा हुने गालीका पर्राहरू व्यक्त हुनु गाली साहित्यको प्रतिफल मान्न सकिन्छ।

अतः पूर्वीय काव्यशास्त्रीहरूले काव्यलाई ध्वनि, लक्षणा वा व्यञ्जना नै पनि स्वीकारिएको साहित्यिक तत्त्व गहन मानिएको छ। यिनै तत्त्वहरूलाई आज हास्यव्यङ्गयका रूपमा प्रयोग गरेको पाइन्छ। तर संस्कृतका लक्षण ग्रन्थकारहरूका भेदउपभेदहरू नेपालीमा यावत् प्रयोग हुनुपर्छ भन्ने अनिवार्यता छैन। आजका रचनाले पूर्णतया तात्पर्यनिहित हाँसो निकाल्दछ। आजका शब्दसंयोजन र भावचयनमा त्यही सोद्देश्यता रहन्छ। शब्दहरू बाह्य अनुहारमा शिष्टताको आवरण आत्मसात् गर्दै व्यञ्जनामूलक अर्थ व्यक्त गर्दछन्। छोटा, छरिता र चुट्किलाजस्ता

रचनाहरूमा चस्स बिझ्ने अर्थहरू भरिएका हुन्छन्। शब्दका माध्यमबाट प्रवेश गरेर श्रोता वा पाठकका नसानसासम्म छरिएर जीउ नै सिरिङ्ग पारिदिन्छन्। सम्बन्धित पात्र स्वयंले पनि सुनुञ्जेल मीठो तर बुझेपछि तितो अनुभव गर्नुपर्ने यसको प्रतिक्रिया हुन्छ। अतः हास्यव्यङ्गय समाज, जीवन, संस्कार आदि अनेकौं तत्वहरूसँग सापेक्षित तर प्रतिगामी प्रकृतिका रूपमा बाँचेको हुन्छ। देश, काल र परिस्थिति सापेक्ष भएर मात्र हास्यव्यङ्गय जोवित हुन्छ। यसको विकास स्वतन्त्र रूपमा हुन र अलग्गै विधागत अस्तित्व प्राप्त गर्न भने कहिल्यै पनि सम्भव नहुने कुरा स्पष्ट देखिन्छ।

## 14.3 नेपाली हास्यव्यङ्ग्य लेखनको परम्परा र विकास

नेपाली साहित्यमा साहित्यिक अभिव्यक्तिको स्वरूप विक्रमको उन्नाईसौं शताब्दीको प्रारम्भदेखि देखापर्छ। नेपाली भाषाको प्रारम्भिक कालदेखि साहित्यिक अभिव्यक्ति दिन सक्ने अवस्थासम्मको इतिहास झन्डै आठ सय वर्षको रहेको पाइन्छ। समाजको संरचनामा रहेका वस्तु र स्थितिहरूको सङ्गत र विसङ्गतबोध हुन थालेपछि र विसङ्गतिको निराकरण हुन अपेक्षित देखेपछि विवेकशील प्रतिभाहरू व्यङ्गयात्मक भावको संसर्जन गर्न प्रयत्नरत हुन्छन्। सुवानन्ददासका कवितामा र पृथ्वीनारायण शाहका दिव्योपदेशका गद्यमा देखिने भावमा संवेदना र कोमलता छ तापनि प्रतीकात्मक भावका अभिव्यञ्जनाहरू समाहित भएर यी रचनामा आउने भावनाले व्यङ्गयात्मक स्वरूप लिन सकेका छैनन्। ध्वन्यात्मक रूपले व्यङ्गय आविर्भाव भए पनि कलात्मक रूपले सचेततापूर्वक गरिने गरेका व्यङ्गय यस अवधिको शिल्पमा पाइँदैन। अनायासै अभिव्यञ्जित हुने ध्वनि मात्र यस समयका रचनाको व्यङ्गयतत्त्व हो।

शक्तिवल्लभ अर्याल (रचनाकाल 1855 वि.सं.) को आगमन पछि भने रचनाले व्यङ्गयको सचेत र आयोजनापूर्ण अभिव्यक्ति पाउन थाल्यो। यस अभिव्यक्तिको क्रममा नाटक शिल्पमा ढालेर गद्य रचना संस्कृतिमा हास्यकदम्ब लेखी नेपालीमा अनुवाद गरेर हास्य र आक्षेप तहसम्म पुग्न सक्ने व्यङ्गयको आवीस्कार गरे। आक्षेप र अश्लील अर्थ दिने गाली साहित्यको स्वभाव साँढयाका कवित शीर्षकका कविता समूहले यसभन्दा पहिलेका समयमै आफ्नो रूप देखाइसकेका भए पनि साहित्यिक मर्यादा र शालीनतालाई पालन गरेर हास्यको र व्यङ्गयको सिर्जना शक्तिवल्लभबाट नै थालनी भयो भन्ने कुराबाट स्वीकार्न सकिन्छ।

हास्यको मूल स्रोतको उठान विकृतिबाट र व्यङ्गयको मूल स्रोतको उठान विसङ्गतिबाट हुन्छ। यस सन्दर्भमा नेपाली समाजमा विकसित विकृति र विसङ्गतिको स्वरूपलाई देख्ने प्रथम सचेत द्रष्टा भानुभक्तआचार्य देखिएको छन्। सामाजिक जीवनमा देखिने विकृतिलाई विसङ्गतिलाई, आफैंले भोगेका विषम परिस्थितिलाई सचेततापूर्वक साहित्यिक परिधान र आवरण दिने काम भानुभक्तले नै गरे। यसरी जीवनका पारिवारिक, सामाजिक, प्रशासनिक विसङ्गतिलाई भानुभक्त साधारणीकरण गरेको स्थिति पनि हामीले देख्न पाएका छौं। यसरी हेर्दा नेपाली साहित्यमा हास्यवयङ्गयको प्रारम्भिक उठान भानुभक्तको लेखनसँगै भएको हो भन्ने तथ्य स्पष्ट रूपमा देख्न सकिन्छ। भानुभक्तको सामाजिक व्यङ्गयलेखन अत्यन्त तीव्र छ। कतिपय क्षणमा त आक्षेप वा गालीसम्मका तहमा पनि पुग्न खोजेको तथ्य व्यङ्गयका स्वरूप तत्कालीन रचनाको अध्ययन गर्दा प्रस्ट रूपमा हामी तत्कालीन परिस्थितिलाई पहिचान्न सक्छौं।

सामाजिक विसङ्गति र धार्मिक रूढिप्रति कलात्मक ढङ्गले आक्रमण गर्ने काम कवि सन्त ज्ञानदिलदासले पनि गरेका छन्। यस परिस्थितिका नेपाली साहित्यलाई प्राथमिककालीन साहित्य भनेर मानिएको छ। यस अवधिपछि नेपाली साहित्य श्रृङ्गारिक मूल्यतिर उन्मुख भयो। फलस्वरूप नेपाली साहित्यको माध्यमिक काल

आरम्भ भयो। समयमा मोतीराम भट्ट, राजीवलोचन जोशी, गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, देवीदत्त पराजुली जस्ता रचनाकारले कविता-जगतमा प्रवेश गरेपछि श्रृङ्गारिक मूल्यको अभ्युदय भयो। कविहरूको यो नयाँ डफ्फा नै कविताको प्रसारमा, प्रकाशनमा मुद्रणालयको स्थापनामा र पत्रिका प्रकाशन तथा रचनावाचनका सन्दर्भमा गोष्ठी र समस्यापूर्तिका मञ्चहरू खडा गर्ने काममा सामाजिक ढङ्गले जुट्न थाले। यस कालको प्रारम्भतिर नेपाल-भोट विवादका भुक्तभोगी लालबहादुर आगँमासी भोटको लडाइँको सवाइ लिएर पनि देखिए। धर्म, उपदेश, नीति, दिनचर्या, व्यवहारका गतिविधिलाई समेत कवितामा र थोरै हदसम्म गद्यमा हास्यव्यङ्गयात्मक रूपमा उपस्थित गराउने काम यस समयमा पनि भयो। यस समयका कृतिहरू गफाष्टक श्लोकसंग्रह, श्रृङ्गारदर्पण, शिखरनाथभाष्य, सूक्तिसिन्धु जस्ता रचनामा हास्यको सिर्जना गर्ने प्रतिभाहरू उपर्युक्त जमातमा सम्मिलित थिए।

हास्य श्रृङ्गार रसबाट अनुप्राणित हुने रस हो भन्ने तथ्य यस समयका स्रष्टाहरूले उपयुक्त तवरले रचनामा हास्यमिश्रित व्यङ्गयको स्थापना गर्ने काम गरे। यस परम्परामा शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौडेल, प्रेमराजा शर्मा जस्ता प्रतिभाका नाटकहरूले गद्यक्षेत्रमा पनि हास्यको प्रवर्तन हुन सक्छ र व्यङ्गयको उद्घाटन हुन सक्छ भन्ने तथ्यलाई नेपालीका तत्कालीन रचनाकारहरूले प्रस्तुत गरेका छन्। 1963 वि.सं. वनारसबाट प्रकाशित सुन्दरी पत्रिका मार्फत रसिक जनहरूको मनोविनोद गद्यका क्षेत्रमा उद्रेक भयो। हास्यका माध्यमले व्यङ्गयको तीव्रता उद्घाटन गर्ने काम यस समयका रचनामा भएको देख्न पाइन्छ। मोती मण्डली पछि व्यङ्गयका सन्दर्भमा देखिन आउने डफ्फाका अतिरिक्त प्रतिभाहरू गद्यपद्य दुवै क्षेत्रमा देखिन आउँछन्-शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, चक्रपाणि चालिसे, सोमनाथ सिग्देल, कृष्णलाल उपाध्यय अधिकारी आदि। यीनका प्रयासबाट हास्यव्यङ्गय साहित्यका इतिहासले माध्यमिक कालबाट आधुनिक कालतिर

सङ्क्रमित हुने गौंडाहरू पहिल्याउन खोजेको प्रस्ट हुन्छ। यस समयमा शिष्टदेखि अशिष्टसम्मको हास्यरूप प्रस्तुत गर्ने पद्यक्षेत्रका कविहरूले पनि आधुनिक प्रवृत्तितिरका मूल्यलाई पहिचान्ने प्रयास गर्न लागेको तथ्य स्पष्ट देखिने आउँछ। हास्यव्यङ्गयमिश्रित लहरी र सवाइ पनि त्यस्तै सङ्क्रमणकालीन मूल्यलाई उद्धाटन गर्न सक्षम भएका छन्। यति हुँदाहुँदै पनि जहाँसम्म गद्यको प्रश्न छ; त्यसले मौलाउने मौका भने लाभ गर्न सकेको छैन।

समाजले विवश भएर भोग्दै आउनुपरेका विसङ्गतिहरूलाई बिस्तारै उद्धाटन गरिदिने र नाङ्गै राखिदिने काम अनि त्यसका मूल कारण माथि उग्ररूपमा आइलाग्ने काम क्रमशः विकसित हुँदै आउने प्रकिया 1990 पछिका वर्षहरूमा मात्र नेपाली गद्यमा उठान भयो। नेपाली साहित्यको माध्यमिक कालको मूल्यलाई पन्छाएर वि.सं. 1980 पछिका वर्षहरूमा आधुनिक मूल्यको अन्वेषण गर्ने काम हुन थाल्यो। यसबाट हास्यव्यङ्गयमा पनि आधुनिक मूल्य र मान्यताको चयन हुन थालेको कुरा पनि स्पष्ट हुन्छ। नयाँ परम्परा र नयाँ मूल्यका आविर्भावबाट समसामयिक मान्यतामा नवीन चेतनाको उपस्थिति हुन लागेको कुरा वेदनिधि शर्माको जातीय रोगको अचूक औषधि (गोर्खा संसार 1983) बाट स्पष्ट हुन्छ। यसलाई आधुनिक मूल्यको प्रारम्भिक बिन्दुका रूपमा स्वीकार्न सकिन्छ।

तत्कालीन परिस्थिति नेपालभित्रमात्र होइन नेपालबाहिर पनि धैरै जटिल थियो। विशेष गरेर नेपालबाहिर दार्जीलिङ, वनारस देहरादून तथा नेपालभित्र काठमाठौंको योगदान यस समयको उल्लेखनीय पक्ष हो। हास्यव्यङ्गयका निर्माणमा विभाषीय शब्दका मिश्रणबाट प्रेम वियोग, स्वरूपनिर्माण जस्ता प्रसङ्गमा आफ्नो दरिलो स्थान निर्धारण भएको हुन्छ। मानव जीवनका पीडा, व्यथा, उमङ्ग, विद्वेषजस्ता प्रसङ्गलाई सामाजिक स्थितिमा जस्तो र जे रूपमा देखिन्छ त्यसलाई जे र जस्तो हुनुपर्छका बीचका विसङ्गतिबाट अलग राख्ने प्रयासमा व्यङ्गयको रचना भएको हुन्छ। स्वदेशबाहिरका विभाषीय शब्दको प्रयोग गरेर हास्यव्यङ्गयको सिर्जना गर्न

सिपालु प्रतिभा दलबहादुर सारू मगर, डि. बी. राई जस्ता प्रतिभाका सवाइ, कविताहरू तत्कालीन अवस्थाका सफल रचना हुन्।

यसरी हेर्दा अतिरञ्जना कतै र प्यारोडी कतै प्रहसनात्मक स्वरुप लिएर व्यङ्गयले नयाँ द्वार उद्धाटन गरेको स्पष्ट हुन्छ। अभिनय, उच्चारण, परिधान आदिका कुत्रिम विकृतिबाट हास्यको स्थिति सिर्जना गरी रचना निर्माण गर्ने कला यस समयको उपलब्धि हो। रचनामा हास्यको परिस्थिति सिर्जना प्रमुख रूपमा र व्यङ्गयको सिर्जना चाहिँ गौण रूपमा मात्र प्रस्तुत गरिएको पाइन्छ। यसै आधारमा लगभग 1990 सालपूर्वको समयसम्मलाई हास्यव्यङ्गयको पृष्ठभूमि चरणका रूपमा स्वीकारिन्छ।

**नेपाली हास्यव्यङ्गयको आधुनिक चरण -** हास्यव्यङ्गयको इतिहासलाई 1990 सालपूर्वको समयलाई पृष्ठभूमि र त्यसपछि वर्तमान समयसम्मका सम्पूर्ण इतिहासलाई आधुनिक समय भनेर स्वीकारिएको छ। यस आधुनिक समयलाई मूल्य र प्रकृतिका दृष्टिले दुई खण्डमा राखेर हेर्न सकिन्छ। यी दुई खण्डहरू समयसीमा र लेखनका मूल्यहरूलाई आधार बनाएर टुक्रयाइएका हुन्। 2007 सालभन्दा अघिका समयलाई आधुनिक चरणको पूर्वार्द्ध र 2007 सालभन्दा पछिका समयलाई आधुनिक चरणको उत्तरार्द्ध भनेर छुट्टयाएमा विवेचना गर्न सजिलो पर्छ। यी दुवै खण्डलाई गद्य र पद्यमा विभाजन गरेर दुई - दुई उपखण्डमा विभाजित गर्न पनि सजिलो पर्छ।

**नेपाली हास्यव्यङ्गयको आधुनिक चरणः पूर्वार्द्ध -** 1991 सालमा प्रकाशित शारदा पत्रिकामा हास्यव्यङ्गयको अभिवृद्धि होस् भन्ने उद्देश्यले हाँसिदिल्लगी स्तम्भको व्यवस्था गरियो। यसमा प्रेमराज शर्माको ' पण्डितजीको चिठी ' ( शारदा 1992- 1/ 4) व्यङ्गय र विद्रूपका दृष्टिले सफल देखिएका छन्। अन्य भाषाबाट अनुवाद गरिएका रचनाका अतिरिक्त आधुनिक नेपाली गद्यमा सफल

हास्यव्यङ्गयको प्रथम प्रयोग यिनै रचनाबाट भयो। यस परम्पराको आधारभूमि मानिस सक्ने विशिष्ट व्यङ्गयकार वेदनिधि शर्माको 'जातीय रोगको अचूक औषधि ' (गोर्खासंसार 1983 ) विकृति र विसङ्गतिको खोइरो खन्दै नेपाली जीवन र समाजको आचरण दोषबाट ग्रसित अवस्थालाई नङ्गयाउन सफल भएको छ। यसलाई आधुनिक गद्यका सन्दर्भमा देखिने हास्यव्यङ्गयको प्रारम्भिक आधारशिला मान्न सकिन्छ। यसै परम्परामा लेखनाथ पौडेलको लक्ष्मीपूजा ( 1995) नाटकको र बालकृष्ण समको मुकुन्द इन्दिरा (1994 ) नाटकको संरचनामा विदूषणीय चरित्रको प्रयोगबाट उच्चारण र अभिनयको कृत्रिम तर्जुमाबाट हास्यको सिर्जनाबाट व्यङ्गयको पुट दिने कोशिश गरियो। यसै मूल्य र परम्परालाई परिस्कृत रूप दिँदै कृष्णप्रसाद चापागाई ( 1971-2035) केशवराज पिंडालीहरू 1997/98 सालतिर आएर हास्यव्यङ्गयको स्वस्थ लेखन थालनी गर्छन्।

प्रस्तुत सन्दर्भमा 2007 पूर्वको पूर्वाद्ध चरण गद्य र पद्य दुवै क्षेत्रमा त्यत्तिकै प्रबल छ। 2007 सालपूर्व हास्यलाई उद्भावन गर्ने नेपाली सामाजिक विसङ्गतिलाई र विकृतिलाई जरैदेखि उच्छेद गर्नुपर्छ भन्ने भावनाको अभिव्यञ्जना दिने रचना पनि यस पूर्वाद्ध चरणदेखि नै सिर्जना हुन थालेको पाइन्छ।

केशवराज पिंडालीको खै खै-मा सङ्कलित हुनुअगावै शारदामा छरिएका 'आधुनिक पत्नी', 'त्यो हो चन्द्रज्योति', 'बागबजारको बाटो', अच्छाराई रसिकको (1985-2009) सप्तकोशी सङ्कलन प्रकाशन नहुँदै 'वसुधैव कुटुम्बकम्' जस्ता रचनाहरू हास्यव्यङ्गयलाई उद्भावन गर्न सफल भएका छन्। रुद्रराज पाण्डेको (1957-2041) नेपाली आजाद संघ (2009) , लक्ष्मीप्रसाद देवकोटाको (1966-2016) ‘कविराजको च्याङ्ग्रे खच्चर’ (2002), कृष्णप्रसाद चापागाईंका ‘हजामदाई’ (1998), ‘खँदाल बाजे’ (2000), सिद्धिचरण श्रेष्ठ (1969) को ‘टाङटाङ टुङटुङ’, हृदयचन्द्रसिंह प्रधान (1972-2016) को ‘जुँगा’, लीलाध्वज थापा (1981) को ‘दाह्री’ (2009) जस्ता रचनाहरू यस समयका हास्यव्यङ्गयका सफल स्रष्टाहरू हुन्। हास्य शब्द अर्जित र

व्यङ्गय विचार अर्जित र व्यङ्गय विचार अर्जित तत्तवहरू हुन्। यस समयमा उल्लेख भएका रचनाकारका रचनाले शब्दजनित हास्यको मोहलाई पार गरेर विचार-जन्यपक्षलाई प्रतिष्ठा र विसङ्गतिलाई निराकरण गर्नका निमित्त अनुकूल वातावरणको निराकरण गर्ने गरेका छन्। व्यङ्ग्यका माध्यमले सामाजिक जीवनको परिष्कारको प्रक्रिया पनि समारम्भ गरेका छन्। यस समयका हास्यव्यङ्ग्यमा सीमित, व्यक्तिगत र व्यष्टिपरिवेशका मूल्यहरू मात्र आविर्भाव भएको तथ्य स्पष्ट हुन आएको पाइन्छ।

**नेपाली हास्यव्यङ्गयको आधुनिक चरणः उत्तरार्द्ध -** 2007 सालको क्रान्तिपछिको अवस्थामा हास्यव्यङ्ग्य शब्दजनित हास्य मिश्रणबाट मुक्त भएर हास्यहीन वैचारिक व्यङ्ग्यका तहमा पुगेर व्यक्त हुनथाल्यो। यस परिस्थितिका स्रष्टाहरू मनोरञ्जन र मनोविनोदका सीमारेखालाई  नाघेर राजनीतिक, सांस्कृतिक र सामाजिक विसङ्गतिका स्रष्टाहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विषम परिस्थितिलाई नाङ्गा रूपमा राखिदिने तत्त्वका रूपमा हास्यव्यङ्गयलाई प्रस्तुत गर्न प्रयत्नरत रहे। कतिपय ठाउँमा व्यक्तिगत निराशा, पलायन र वितृष्णाका भावहरू, हास्यव्यङ्गयले 2007 सालसम्म त्याग्न सकेको थिएन। तर 2007 सालपछि आएर बिस्तारै व्यक्तिगत निराशा र पलायनका भावहरू, रतिराग र श्रृङ्गारमा पाइने झल्काहरू र आक्रोश र प्रतिशोधका घेराबाट मुक्त भएर जीवन, समाज र परिवेशका समष्टि वातावरणका प्रतीकात्मक बिम्बविधान एवं उपमा र उत्प्रेक्षाहरूका उपकरणहरूलाई हास्यव्यङ्गयले आत्मसात् गर्न भने क्रमशः समक्ष हुँदै गएको छ। त्यस्तै मान्छेका चाहना मान्छेका जीवनका प्रत्येक पलमा सरलता, सुसम्पन्नता र सौहार्दता प्राप्तिको उद्देश्य रहन्छ। मान्छेका आकाङ्क्षा जीवनका विपरीत मूल्य अन्वेषण, अनुसन्धान गरेर विकरालस्थितिको सामना गर्दै जीवन निर्वाह गरिरहेको हुन्छ। यसरी निर्वाह गर्नुपर्ने वाध्यतामा मान्छे विसङ्गतिबोध गर्दै जान्छ। यस्तो परिस्थितिमा सर्जकका हृदयले विसङ्गतिको सृजना गर्ने कारणभूत तत्त्वलाई नै उन्मूलन गर्नुपर्ने स्थितिको

अनुभव गर्दछ। अनि स्रष्टा त्यस्ता कारणभूत तत्त्वमाथि व्यङ्गयात्मक रूपमा आक्रमण गर्न थाल्दछ। उसले सरकार तथा शासन सत्ताका एकाइलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका धार्मिक, सांस्कृतिक राजनीतिक प्रभावलाई विसङ्गतिका कारणका रूपमा पाउँछ। उसले राष्ट्रिय र अन्तर्राष्ट्रिय मूल्यमा थपिन आउने मानवीय गतिका अवरोधक तत्त्वलाई निर्मूल गर्नुपर्ने र मानवीय मूल्यको संरक्षण गर्नुपर्ने गुणहरूको जगेर्ना गर्नुपर्ने कुरा आफ्नै रचनाका माध्यमबाट सन्देश दिन थाल्दछ।

2007 सालपछि नेपालको लेखन र प्रकाशनमा केही अनुकूल परिस्थितिको सिर्जना भयो। शासकको आतङ्कबाट वस्त्र रहनुपर्ने अवस्था अलिक कम भयो। लेखन र प्रकाशनमा केही अनुकूल परिस्थितिको सृजना भैदिएकोले पत्रपत्रिका प्रकाशनको सुविधा बढ्यो पत्रपत्रिकामा मनोरञ्जनका स्तम्भहरू रहन थाले। सङ्घ-संंस्थाहरूले समय-समयमा गोष्ठी, प्रवचन आदिको आयोजना गर्न लागे। हालखबर पत्रिकाले - 'हाँस्नुहुन्छ भने', नयाँ समाज पत्रिकाले - 'बाउँठे बाजेको चिठी ', नेपाल समाचारले - ' यो हो उपत्यका', गोरखापत्रले - ' जुँगेदाइको चिठी ' र पछि ' व्यङ्गयविनोद ' साप्ताहिक समाचारले - ' तितोमिठो ', समीक्षाले - ' झर्रो टर्रो' जस्ता स्तम्भका माध्यमबाट हास्यव्यङ्गयमूलक रचनाहरूको उत्थानमा सक्रिय भए। नयाँ समाज पत्रिकाले प्रतिवर्ष हास्यव्यङ्गय गाईजात्रा अङ्ग प्रकाशित गर्ने प्रचलन ल्यायो। पछि रचना र अर्पण पत्रिकाले पनि व्यङ्गय विशेषाङ्क निकालेर यस क्षेत्रलाई प्रोत्साहित गर्ने काम गरे।

2007 सालपछिका वर्षहरूमा देवकोटाका केही निबन्धहरू, केशवराज पिंडालीका ‘खै खै’, ‘फेरि उल्टै मिल्यो’ जस्ता रचनाले हास्यव्यङग्यको निरन्तरतामा गति थप्ने काम गरेका छन्। यस उत्तरवर्ती समयका प्रतिभाहरूका बीचमा भैरव अर्याल (1993 - 2033) का रचनाहरू (काउकुती 2019, जयभुँडी 2010, गलबन्दी 2016, इतिश्री 2018) नेपाली साहित्यमा व्यङ्ग्यलेखनका दृष्टिले सगरमाथा झैं जुनसुकै खोच र फाँटबाट देखिने चुली हुन्। धनुषचन्द्र गौतम (1988) का स्फुट निबन्धहरू, श्रीधर

खनालको नमरी संसार देखिन्न (2010), रामकुमार पाँडे (2003) का ख्यालख्याल (2015), बारमज्जा, खप्पर (2018), सिङ्न पुच्छर, रसरङ्ग बाबुको बिहे (2033) आदि व्यङ्गय निबन्धसङ्ग्रहहरू, विष्णु नवीन (1995 - 2041) को श्रीमतीसित एकदिन (2022), भीमप्रसाद लामिछानेको धुँएत्रो (2024), ओमकुमार झाको जय फेशन जय मदिरा (2026) मोहनराज शर्मा (1997) का च्याँखे धर्ना (2024), मिस्टर झप्पु सिडबल एम.ए. (2038), पुछारको पातो (2040) घटोत्कच शर्माको वमाहा (2024), भूतको भिनाजु (1976) का चिठीचपेटा, ......बाट (2043) जस्ता रचनाले हास्यव्यङ्ग्यको भण्डारमा आवश्यक सम्पन्नता थपेका छन्। त्यस्तै श्याम गोतामेका जदौ (2026), मपाईं (2027) र कायेनवाचा (2033), सूर्यबहादुर बिवाको मास्टर साहेब, विश्व शाक्यको श्रीकृष्ण उवाच (2037), शङ्कर कोइरालाको श्रीमती हिरोइन, गोपालराज पन्तको सेतो शालिग्राम (2026) जस्ता उपलब्धि पनि हास्यव्यङ्ग्य इतिहासमा सघाउ पुर्‍याउने सामग्री हुन्। यी रचनाहरूमा समसामयिक परिवेशका भौतिक र बौद्धिक विसङ्गतिलाई उन्मूलन गर्ने प्रयास भएको छ।

अन्य निजात्मक निबन्धका मूल्यमा घोलेर कलात्मक व्यङ्गयको प्रदर्शन गर्ने प्रतिभाहरू पनि काम छैनन्। यस्ता प्रतिभाहरूमा बल्लभमणि दाहाल (1993), आनन्ददेव भट्ट (1993), तारानाथ शर्मा (1991), बालकृष्ण पोखेल (1990), गोविन्द भट्ट (1992), श्यामप्रसाद शर्मा (1986), राजेश्वर देवकोटा (1986), कृष्णचन्द्रसिंह प्रधान (1982), तेजेश्वर बाबु ग्वङ्ग आदिका रचनामा तीब्र व्यङ्गयका कलात्मक झिल्काहरू प्रशस्त चम्केका छन्। यस चम्काइमा समसामयिक व्यङ्गयको गति तीक्ष्णतामा उत्रिएको छ।

समसामयिक सन्दर्भमा हास्यव्यङ्गयको तीब्रता सापेक्षित रूपमा बढेको देखिन्छ। आज हाँसो जन्माउन र व्यङ्गय सल्काउन अस्वाभाविक शब्दहरूको जोरजाम गरिरहनुपर्ने स्थिति छैन। आजका व्यङ्गयरचनामा राष्ट्रदेखि अन्तर्राष्ट्रसम्मका र लोकजीवनदेखि संस्कृति, धर्म र परम्परासम्मका विकृति र विसङ्गतिमूलक

तत्त्वहरूलाई गम्भीर र अनुप्रासहीन शब्दहरूकै प्रयोगबाट र प्रतीकात्मक कथनबाट तीव्र व्यङ्गयको अभिव्यञ्जना गर्ने कला देख्न पाइन्छ। यसरी हेर्दा आज हास्यव्यङ्गयको नयाँ अध्याय नै समारम्भ भएको स्पष्ट हुन्छ। राजनीतिमा पञ्चायत, प्रजातन्त्र, पद र विशेष ओहदा लगायत पैसा समेतको प्राप्ति जस्ता प्रपञ्चपूर्ण स्वार्थका लागि भोज, भजन र भाँडभैलोसम्मको आयोजना गरिने आजको विकृति, नैतिक मर्यादामा भ्रष्टाचारी, प्रवञ्चना र बेइमानीबाट हुने क्षतिप्रति आजका व्यङ्गयकार कहीं सियोको टुप्पोको पीडा भएर पस्छन् भने कहीं मुड्की र मुङग्रोको प्रहार भएर खनिन्छन्। यसरी कहीं ईर्ष्या र कहीं आक्रमण एवं विद्रोह, कहीं पलायन र वितृष्णाका भावहरू उद्भव भएको देख्न पाइन्छ। यिनै तथ्यलाई दृष्टि दिँदा यो समय हास्यव्यङ्गयका निमित्त निकै तीव्रतर देखिएको छ।

स्वदेशको सीमाबाहिरबाट खास गरेर दार्जीलिङको परिवेशलाई आधार बनाएर रचना गर्ने केही प्रतिभालाई भुल्नै नहुने स्थिति छ। त्यस परिवेशका आधार बनाएर विभिन्न समयका विसङ्गतिलाई प्रदर्शन गर्ने क्रममा तयार भएका रचनाहरू रसिक रचनावली (अच्छा राई रसिक), घरज्वाइँ (गुरुराज अधिकारी), प्रेमस्मारक (2019 प्रेम थापा) र सप्तऋषि (ऋषि एम. सुब्बा) जस्ता कृतिका रूपमा देखिन आएका छन्। यी रचनाका माध्यमले त्यस परिवेशका परिस्थितिलाई राम्ररी रूपायित गरेका छन्।

हास्यव्यङ्गय क्षेत्रलाई स्तरीय उपहार दिएर सेवारत अन्य प्रतिभाहरू पनि प्रशस्तै छन्। यस फाँटमा मलजल गर्न खटेका साहित्यिक प्रतिभाहरूमा प्रेमराज गौतम, हरि बन्दी, मोदनाथ अश्रित (1999), धर्मरत्न यमी, शङ्कर चौंलागाईहरू यस क्षेत्रमा सक्रिय छन्। यस प्रवाहलाई गति दिँदै वर्तमानसम्म सक्रिय रहने समकालीन प्रतिभाहरूमा नरेन्द्रराज पौडेल, चोलेश्वर शर्मा खनाल (2002) म त अप्रेल फूल भएँछु (2042) , मुकुन्द आचार्य नेताको रूपलाई चुरोटको धूप (2042), विमल निभा (2009) चौथो कालम (2046), राजेन्द्र सुवेदी (2002), राजब (2011), खगेन्द्र सङ्ग्रौला (2003), यादव खरेल (2000), रूद्र खरेल, नारद ओझा, होम सुवेदी

(2009), कालिपोके (2044) हरूको लेखन निकै तिख्खर र प्रभावकारी हुँदै गएको देखिएको छ। नेपाली हास्यव्यङ्गयको समसामयिक मूल्य विशेष गरी जीवन र जगतका विसङ्गत मूल्यहरूको निरूपण गर्नमा केन्द्रित छ।

हास्यव्यङ्गयका यस इतिहासमा कतिपय लेखकहरूले छद्मनामबाट पनि प्रशस्त योगदान गरेका छन्। त्यस्ता उल्लेख्य नामहरूमा भूतको भिनाजु (वासुदेव लुइँटेल), घत्कच शर्मा (बालमुकुन्ददेव पाण्डे), हिरण्यकशिपु (अज्ञात), उरण्ठेउलो बाजे (ऊँकुमार झा), प्रजातन्त्राचार्य, दत्तात्रय (दाताराम शर्मा), शनिश्चर शर्मा (कुलमणि देवकोटा), धूमभक्त 'धूम', दीर्घबाहु (श्रीधर खनाल) , वेदव्यास (हेमाङ्ग दीक्षित), मोराश (मोहनराज शर्मा), नवनारद (तेजकेशरी पण्डित), भारवि, बकमफुस शर्मा, अलबर भैया, फाइँफुट्टीराज (भैरव अर्याल), अनिकाले ओझा (नारद ओझा), राजब (जनार्दन पुडासैनी), शिक्षक , शिशिर, व्यङ्गयऋषि (चूडामणि रेग्मी),सञ्जय (अज्ञात), सौनक (अज्ञात), सौरभ (अज्ञात), विरोचन (अज्ञात), अभिमन्यू (अज्ञात), विरूपाक्ष (अज्ञात), र पृथ्वी (अज्ञात) जस्ता नाम प्रचलित छन्। यस्ता छद्मनामबाट प्रशस्त फुटकर व्यङ्ग्यहरू र प्रशस्त स्तम्भलेखहरू पनि प्रकाशनमा आइरहेका छन्। यस्ता छद्मनामबाट रचित रचनाबाट पनि नेपाली हास्यव्यङ्ग्यलाई पनि प्रशस्त सघाउ पुगेको छ। 2015 सालदेखि हालसम्मका समय र परिवेशलाई समष्टिमा व्यङ्ग्य गर्ने यी छद्मनामधारी प्रतिभाहरू पनि अविस्मरणीय रहेका छन्। नेपाली व्यङ्ग्य साहित्यका इतिहासले यसरी विभिन्न प्रतिभाहरूबाट थप सहयोग पनि प्राप्त गरिरहेको छ।

हास्यको चास्नीमा घोलेर साहित्यका मूल्यलाई व्यङ्गयात्मक रूप प्रदान गर्ने क्रममा कविता र निबन्धका अतिरिक्त नाटक, उपन्यास र कथाविधासम्म पनि लेखकको कलम दगुरेको छ। नाटकका सन्दर्भमा प्रेमराज शर्माको ससुराली (1994) र गोपालराज पन्तको सेतो शालिग्राम (2026) लगायत मदनकृष्ण, हरिवंश र सन्तोष पन्तसमेतका नाटकहरूमा छरिएको हास्यव्यङग्यको मूल्य निकै स्मरणीय

छ। त्यस्तै उपन्यासका सन्दर्भमा बीरचरित्रमा गिरीशवल्लभ जोशीले शुरू गरेका परम्परालाई अच्छा राई 'रसिक' को लगन, इन्द्रबहादुर राईको आज रमिता छ (2021), केशवराज पिंडालीको एकादेशकी महारानी (2018), शङ्कर कोइराला (1987) को श्रीमती हिरोइन जस्ता उपन्यासले देखाएका छन् र अघि बढाएका छन्। समालोचनाक्षेत्रमा भैरव अर्यालका दश औतारले नयाँ द्वारको उद्घाटन गरेको छ। यिनै विशेषताले नेपाली हास्यव्यङ्गय साहित्यलाई स्तर आरोहण गर्न सघाउ पुर्‍याएको छ।

सङ्कलनका रूपमा विभिन्न लेखकका रचनाहरूमा सङ्कलन पनि प्रकाशित भएका छन्। त्यस्ता केही सङग्रह हुन्- भालुपुराण (2030), उल्लिबिल्ली (2031), डाढो (2032) जस्ता रचनाहरू महत्त्वपूर्ण उपलब्धि हुन्।

समग्रमा भन्नु पर्दा व्यङ्गयका स्रष्टाहरू साहित्यको माध्यमले व्यक्तिगत कमजोरीलाई नाङ्गो पार्ने काम गर्छन्। सामाजिक विकृति र विसङ्गतिलाई उदाङ्गै पारिदिन्छन्। राजनीतिक फोहोरमैला भरिएका नालीलाई सफा-सुग्धर पारिदिन्छन्। सांस्कृतिक रूढिका व्यवधानलाई खुला गरिदिन्छन्। धार्मिक विकृतिबाट जन्मेका अन्धपरम्परालाई उखेलेर फ्याँक्ने प्रयास गर्दछन्। आर्थिक असमानतालाई बढार्ने आँधी डाक्छन्। पार्टी-प्रेम, पैसा, पोलिटिक्स र पोशाकको प्रतिस्पर्द्धाले समाजमा ल्याएका दुर्गतिलाई च्यातचुत् पारेर फाल्ने सल्लाह दिन्छन्। कहीं भाषा र कहीं संस्कार, कहीं परम्परागत रूढि र कहीं अन्धविश्वासका बारलाई आक्रमण गर्छन्। कहीं शब्दका माध्यमले विकृतिको तस्वीर उतार्छन्। कहीं गालीका पर्रा छोडेर विसङ्गतिका दर्रालाई उडाउने काम गर्दछन्। यस विविधताभित्र पनि सम्पूर्ण व्यङ्गयकारको एउटै मात्र उद्देश्य के छ भने असामञ्जस्य, विरोध, वैपरीत्यभाव, अस्वाभाविक, विस्मय आदिका स्वरूप र दशालाई आजका व्यङ्गयस्रष्टाले आफूमा आत्मसात गरेको कुराचाहिँ एकरती पनि भुलेको हुनुहुँदैन। यस सत्प्रयासबाट प्राप्त भएका उपलब्धिहरू नेपाली हास्यव्यङ्गयजगतका वर्तमान अवस्थालाई अझ

परिपक्वता र उच्चतातिर लान सक्षम छन् भन्ने कुरा समकालीन सृजनात्मक चैतनाबाट स्पष्ट हुन्छ।

व्यक्तिगत मानवीय दुर्बलता, नेतृत्वमा बस्ने व्यक्तिहरूको चारित्रिका कमजोरी, लेखकका आनीबानी, ईश्वरप्रतिको आस्था र त्यसबाट भएका परिणाम, समय-समयमा हुने सत्ता र जनताका बीचका मुठभेड, एक-अर्का मान्छेका बीचमा हुने प्रेम वा विद्वेषका व्यवहार, राष्ट्रियदेखि अन्तर्राष्ट्रिय तहसम्मका तनाउ, असामञ्जस्यता र युद्धका स्थितिहरू, लेखन र प्रकाशनका स्थितिहरू, प्रवचन, सत्यसङ्गत, पूजापाठ, जपतप, दानदातव्य, चन्दा, कर, योजना, आदर्श जस्ता सम्पूर्ण क्षेत्रमा देखिने व्यभिचारलाई आजका व्यङ्गयकारले सजीवरूपमा ग्रहण गरेका हुन्छन्। सामूहिक आक्रमणका अतिरिक्त निजी आक्रोशसम्मका परिस्थितिलाई पनि आजका व्यङ्गयकारले पनि छोडेका छैनन्।

सम्पूर्णतामा जीवन एउटा विसङ्गति हो र यसको प्रस्तुति तीव्र व्यङ्गय हो। हाम्रा बँचाइ र भोगाइमा आउने घटनाहरू विदूषणात्मक हास्य हुन्। समष्टिमा जीवन र मृत्युका आलम्बनहरू व्यङ्गयका उपकरण स्वरूप विसङ्गतिहरू हुन्। हाम्रा अवस्थाका असमान विस्थापन र प्रतिस्थापनहरू जीवनका विद्रूपित प्रहसनहरू हुन्। यिनै तथ्यका भुमरीमा हामी सधैँ विद्रूपित जीवन बाँचिरहेका हुन्छौं। यसै विद्रूपित बँचाइलाई हास्यव्यङ्गयले उद्घाटन  गरिरहेको हुन्छ।

# 14.4 केही प्रमुख नेपाली हास्यव्यङ्ग्य निबन्धकारहरू

### 14.4.1 लक्ष्मीप्रसाद देवकोटा

नेपाली निबन्धसाहित्यमा आधुनिकता र निजात्मकता लिएर 1993 सालमा देखापरेका देवकोटाका निबन्धहरू 75 वटा जति प्राप्त भएका छन्। नेपाली साहित्यका निमित्त अत्यन्त सबल प्रतिभा देवकोटा कल्पना र विवेकका सन्तुलित प्रतिभाका रूपमा परिचित छन्। उनको लेखनको मोटामोटी तीन दशकको इतिहासमा नेपाली साहित्यले प्राप्त गर्न सक्नेजति महत्त्वपूर्ण इतिहासहरू देखापरे त्यो देवकोटाकै प्राप्ति थियो। कविता, काव्य, कथा र निबन्धमा छरिएको देवकोटेली लेखन निबन्धक्षेत्रमा 'लक्ष्मी निबन्ध संग्रह' र 'दाडिमको रूखनेर' सङ्ग्रहमा भएका निबन्धले गहकिलो योगदान दिएको छ। 1993 सालदेखि 2002 सम्मका निबन्धहरू देवकोटाका पूर्वार्द्ध जीवनका मूल्यलाई प्रतिनिधित्व गर्ने निबन्ध हुन्। यस समयसम्मका देवकोटालाई 'लक्ष्मी निबन्ध संग्रह' ले प्रतिनिधित्व गरेको छ र यसलाई पूर्वार्द्ध चरण मान्नु उपयुक्त हुन्छ। यसपछिका चरणलाई 'दाडिमको रूखनेर' सङ्ग्रहले प्रतिनिधित्व गरेको छ। रोमाण्टिक प्रगतिवादी चेतना र सामाजिक यथार्थवादी धारणालाई भने उत्तरकालका निबन्धले मात्र प्रस्तुत गरेका छन्। नेपाली समाजका विकृतिलाई भने उत्तरार्द्ध चरणका निबन्धले सजीवतापूर्वक व्यङ्गय गरेका छन्। जहाँसम्म हास्यव्यङ्गयको प्रश्न छ- त्यसमा चाहिँ देवकोटाका थोरै मात्र निबन्धमा सन्तुलित भएर रहन सकेको छ। 2000 सालका छेवछाउतिर लेखिएका निबन्धहरूमा 'हाइ हाई अंग्रेजी', 'मान्छेलाई घडीबाट हानि' जस्ता निबन्धहरूमा तत्कालीन परिस्थितिलाई व्यङ्गय गर्ने प्रयत्न भएको छ। हास्य र व्यङ्गय दुवैलाई सन्तुलित ढङ्गले उकास्ने काम भने 'कविराजको च्याङग्रे खच्चर' निबन्धमा भएको छ। प्रकृतिका विविध पक्षलाई जीवनको प्रेरकतत्त्व स्वीकार्ने देवकोटा वर्तमानका सङ्कीर्णतालाई लिएर जीवनकै समष्टिमाथि टिप्पणी गर्दछन्। प्रकृतिमा ईश्वरीय सत्ताको रहस्यात्मक स्वीकृति जनाउनु, त्यसका सौन्दर्य पक्षको उपयोग गर्ने कला मान्छेमा मात्र छ

भन्ने कुरा देखाउनु देवकोटाको विशेषता हो। मानव, प्रकृति र ईश्वरको त्रिकोमात्मक प्रस्तुतीकरण देवकोटाको अर्को विशेषता हो। कविता कथासम्म पनि यस विशेषतालाई देवकोटाले फैलाएका छन्। समकालीन विकृतिका पक्षहरूलाई प्रक्षेपात्मक ढङ्गले प्रस्तुत गर्ने देवकोटा 'धुम्रपानको क्षमता प्रार्थना', 'नरनारी', 'मातृभाषाको लागि', 'म सुवासिनी मान्छे भएको भए के गर्ने थिएँ' जस्ता शीर्षकका निबन्धबाट व्यङ्गयको प्रवाह छोडेका छन्। हास्य गौण र व्यङ्गय प्रबल प्रस्तुत गर्ने देवकोटाले जीवनलाई सङ्कीर्ण घेराभित्र साँघुरिन बाध्य तुल्याउने परिस्थिति र परिवेशप्रति तीव्र व्यङ्गय गरेका छन्। उनका व्यङ्गयमा विकृति र विसङ्गतिको जरो नै उखेल्नुपर्ने स्थिति प्रदर्शन भएको हुन्छ। यस अर्थ देवकोटा सचेत हास्यव्यङ्गयस्रष्टा साबित भएका छन्।

## 14.4.2 केशवराज पिंडाली

केशवराज पिंडाली कथाकार-उपन्यासकार हुनाका साथै कुशल हास्यव्यङ्गयकार पनि हुन् र आधुनिक नेपाली साहित्यका हास्यव्यङ्गय निबन्धविधामा उनको विशेष योगदान रहेको छ। पिंडालीको जन्म वि. सं. 1977 साल माघ 16 गतेका दिन काठमाडौंको क्षेत्रपाटीमा भएको हो। 'बालपन' (शारदा 1996) नामक कविता र 'गुण्टै र चरी' (1996) भन्ने सामाजिक कथाबाट आफ्नो साहित्यिकयात्रा प्रारम्भ गर्ने पिंडालीलाई हास्यव्यङ्गय लेखनको प्रेरणा शम्भुप्रसाद ढुङ्गेलबाट प्राप्त भएको बुझिन्छ। पिंडालीले 'बालपन' (1996), 'भग्नवीणा' (2000), 'जन्त जाँदा कविसम्मेलनको प्रस्ताव' (2015) जस्ता चार-पाँच कविता प्रकाशित गरे तापनि कविताविधामा उनको विशेष योगदान देखिन्न। त्यस्तै पिंडालीले 'नेपाली भाषाको प्राचीनता' (2011), 'खोला फर्किन्छ' (2030), 'जाडो छल्न जाँदा' (2031) प्रभृति दर्जनौं हास्यव्यङ्ग्येत र लेखनिबन्ध तथा 'गुण्टे र चरी' (1996), 'कलंकिनी' (1999),

Notes

'गोमा ' (2026), यो तिमीले के गऱ्यौ ? (2031), ऊ फेरि फर्की (2033) जस्ता थुप्रै कथाहरू पनि प्रकाशित गरेका छन्। कथा र निबन्धविधामा हास्यव्यङ्गयको सफल प्रयोग भएकाले हास्यव्यङ्गयकारितालाई नै पिंडालीका साहित्यिक व्यक्तित्वको विशेष प्रभावशाली पक्ष मानिन्छ। पिंडालीका हास्यव्यङ्गय सङ्कलनहरू हुन् 'खै खै '(2017) र ' फेरि उल्टै मिल्यो' (2032)। यी दुवै सङ्कलनमा 20-20 गरी जम्मा 40 वटा गद्यरचनाहरू सङ्कलित छन्। यसरी कथात्मक व्यङ्गय निबन्ध र व्यङग्यात्मक कथाहरूका माध्यमबाट केशवराज पिंडाली नेपाली हास्यव्यङ्गयविधाका अविस्मरणीय प्रतिभा मानिएका छन् र उनका हास्यव्यङ्गरचनाहरूबाट नेपाली हास्यव्यङ्गविधाको विकासमा उल्लेखनीय योगदान प्राप्त भएको देखिन्छ। पिंडालीका अधिकांश व्यङ्गयनिबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन्। निजात्मक अनुभूतिको जलप दिएर कथात्मक पारामा वर्णन गर्दै गई सामाजिक विकृति-विडम्बनाको उद्घाटन गर्नु र तिनमाथि व्यङ्गयास्त्र प्रहार गर्नु पिंडालीको हास्यव्यङ्गयको आफ्नो विशेषता हो। पिंडालीका हास्यव्यङ्गयरचनाहरूले पनि विस्तृत, व्यापक परिवेश ओगटेका छन्। देशको प्रशासन, राजनीति, अर्थव्यवस्था, साहित्य, संस्कृति, रूढिवादी परम्परा, सामाजिक, पारिवारिक स्थिति,मानव स्वभाव आदि विविध क्षेत्रमा देखापर्ने विकृति, बेथिति, शोषण, अनाचार, भ्रष्टाचार, बाह्याडम्बर र भित्री स्वभावका बीचको विरोधाभास,स्वार्थ, छलकपट, दुर्व्यसनजस्ता खराबीहरू तिनमा राम्ररी छर्लङ्गिएका छन्। यस्ता जीवनका विसङ्गत र विकारग्रस्त पक्षको उपहास उडाउनु र व्यङ्गयद्वारा त्यस्ता पक्षहरूमाथि प्रहार गर्नु पिंडालीका हास्यव्यङ्गयहरूको मूल अभिष्ट हो।

## 14.4.3 कृष्णचन्द्रसिंह प्रधान (1982)

2007 सालपूर्वकै समयमा कविता लेखेर आफ्नो परिचय दिने प्रधान 2015 सालमा आइपुग्दा समालोचक र 2018 सालतिर पुग्दा निबन्धकार पनि बनेका र पछि 2017 सालपछि नै निजात्मक निबन्धलेखनमा प्रवृत्त भएका प्रधानका 10 वटा निबन्धहरूको सङ्कलन हो 'सालिक' नामक कृति पाइन्छ। यसमा 2026 सालसम्मका निबन्धहरू सङ्कलित छन्। 2043 सालसम्मका 14 वटा निबन्धहरूचाहि अनाम सत्य सङ्ग्रहमा समाविष्ट छन्। उनको कटुपक्षप्रतिको टिप्पणीकार आलोचनाक्षेत्रमा जति सबल हुँदै गएको छ त्यत्तिकै तीव्र व्यङ्गयकार निबन्धक्षेत्रमा सबल हुँदै गएको छ। प्रधानको लेखक व्यक्तित्वलाई जम्मा तीन खण्डमा बाँड्न सकिन्छ। पहिलो कवि व्यक्तित्व, दोस्रो समालोचक व्यक्तित्व र तेस्रो निबन्धकार व्यक्तित्व। मूलतः नेपाली समाज र जीवनमा बढ्दै गएको विकृतिलाई र विसङ्गतिलाई निराकरण गर्नुपर्ने तथ्य निबन्धका माध्यमले पेश गर्न प्रयत्नरत देखिन्छन् प्रधान। उनका पूर्ववर्ती निबन्धकार पिंडाली र हृदयचन्द्रसिंहको हास्यमिश्रित व्यङ्गयको कलाग्रहण गर्दै समसामयिक मूल्यमा थपिन आएका विकृतिलाई गहन व्यङ्गय प्रस्तुत गर्दै निबन्धको निर्माण गर्दछन्। आफ्ना समवर्ती निबन्धकार शङ्कर लामिछानेमा प्रयुक्त प्रयोगमूलक चेत र भैरव अर्यालमा पाइने हास्यव्यङ्गयको गम्भीर पक्षलाई पनि सचेततापूर्वक आफ्नै मूल्य र मौलिकता दिएर प्रस्तुत गरेका छन्। 'शव सालिक विद्रोह' सङ्ग्रहमा सङ्कलित निबन्धमा व्यङ्गयात्मक चेतनाले विद्रोहात्मक भावना जन्माउन प्रयत्न गरेको छ। पछिल्लो सङ्ग्रहमा रहेका 'लौ आयो साबुन सेर्पा यो' र 'रात ओढेर जागेको छु, रात ओढेर निधाइदिन्छु' जस्ता शीर्षकका निबन्धमा नेपाली समाज र जीवनमा देखिने विकृतिलाई कलात्मक दृष्टिले समाजका विकृतिलाई निराकरण गर्नुपर्ने कुरा प्रस्तुत भएको छ। यसरी नेपाली निबन्धक्षेत्रमा हास्यव्यङ्गय दृष्टिले समाजका विकृतिलाई निराकरण गर्नुपर्ने कुरा प्रस्तुत भएको छ। यसरी नेपाली निबन्ध क्षेत्रमा

हास्यव्यङ्गयात्मक मूल्य स्थापित गर्न प्रधानको गहकिलो योगदान रहेको छ भन्न सकिन्छ।

### 14.4.4 अच्छा राई 'रसिक'

अच्छा राई 'रसिक' नेपाली साहित्यमा कथाकार र कविका रूपमा भन्दा उपन्यासकार र व्यङगय निबन्धकारका रूपमा बढी परिचित छन्। नेपाली साहित्यमा विधागत संलग्नता र रचनागत अवदानका अतिरिक्त रसिकका मपाई, अनुहार, भुँडी, हिन्दी सिनेमा र हामी, वसुधव कुटुम्बकम् प्रभृति 17 वटा हास्यव्यङ्गय रचनाहरू पनि छन्। 'रसिक रचनावली' मा सङ्कलित हास्यव्यङ्गय रचनाहरूबाट रसिकका हास्यव्यङ्गयकारिताको पहिचान प्राप्त गर्न सकिन्छ। वास्तवमा रसिक हास्यव्यङ्गयनिबन्धकार पनि हुन् र दार्जीलिङको साहित्यिक जगतमा हास्यव्यङ्गयको परम्परा उनबाटै प्रारम्भ भएको हो। निबन्धकार अच्छा राई 'रसिक' का निबन्धहरूमा कथात्मकता र हलुका हास्यका साथै जातीय जागरणको उन्मेष र रूढिवादी सामाजिक कुसंस्कारमाथि व्यङ्गय पनि छ। पतलुङ, नारी समस्याका हल, कुन पहिला अण्डा कि कुखुरा ? जस्ता व्यङ्गयनिबन्धमा रसिकका तर्कपूर्ण विश्लेषणक्षमताको आभास पाइन्छ भने त्र, व, व, जस्तो निबन्धमा भाषिक व्यङ्गय भेटिन्छ।' हिन्दी सिनेमा र हामी' मा उनका सुधारवादी चेतना र जातीय अस्मिताबोधका भाव व्यञ्जित भएको छ भने अनुहार र भुँडी जस्ता निबन्धमा व्यङ्गय र हास्य दुवै तत्व प्रबल छन्। मपाई र लोभी बाहुन वैयक्तिक कमजोरीमाथि गरिएका निष्करूण व्यङ्गयका नमूना हुन्। स्थानीय परिवेशका अङ्कन, परम्परामुक्त नयाँ नयाँ उपमाको प्रयोग, तर्कपूर्ण अभिव्यक्ति र कथात्मकता निबन्धकार रसिकका शलीगत विशेषताहरू हुन् भने सुधारवादी चेतना, जातीय अस्मिताबोध सामाजिक विकृति र व्यक्तिका चारित्रिक

दुर्बलतामाथि कठोर व्यङ्गय उनका प्रवृत्तिगत विशेषताहरू हुन्। वसुधैव कुटुम्बकम् स्वर्गलाई पृष्ठभूमि र देवगणलाई पात्र बनाएर लेखिएको प्रस्तुत 'वसुधैव कुटुम्बकम्' नामक व्यङ्गय निबन्धमा परिहास र व्यङ्गयको सन्तुलन छ। धार्मिक विसङ्गति र विकृतिहरूमाथि कडा प्रहार गर्ने प्रस्तुत व्यङ्गयरचना धर्मका अन्धभक्तहरूका लागि एउटा गम्भीर चुनौती पनि हो। धार्मिक आदर्शको सुकिलो घुम्टो ओढेर निहित स्वार्थ साध्न पल्कैका विविध धर्मावलम्बीहरूको छद्मवेशी चरित्रलाई उदाङ्ग पार्ने प्रयास यस निबन्धमा भएको छ। निबन्धकारले यसमा धर्मको आडमा गरिने शोषण, उत्पीडन, दुराचार र साम्राज्यवादी-विस्तारवादी नीतिको तीव्र भर्त्सना गरेका छन्। विविघ धर्मावलम्बीहरूका आचरण र व्यवहारमा देखिने कुटिल स्वार्थ, धार्मिक आदर्श र त्यसको व्यवहारपक्षमा देखापर्ने विसङ्गति, विरोधाभास, धर्मका नाममा गरिने कुकृत्यलाई सम्बन्धित धर्मको अवतारहरूकै मुखबाट व्यक्त गराएर धार्मिक अन्धभक्तिको खिल्ली उडाइएको छ। बुद्धको अहिंसाधर्म पालन गर्नेहरूलाई मासु नभई भात नरूच्नु, इस्लाम धर्मावलम्बीहरू विधर्मीको उन्मूलनका लागि खूनखराब गर्न तम्सिनु, इसाइ धर्मप्रचारकहरू धर्मप्रचारको बहाना बनाई विश्वमा साम्राज्यवाद-विस्तारवाद फैलाउन उद्यत रहनु, हिन्दूधर्मावलम्बीहरूले धर्मलाई शोषणको माध्यम बनाउन खोज्नु यी सबै निबन्धकारका दृष्टिमा धार्मिक विसङ्गति र विरोधाभासहरू हुन्। जबसम्म विभिन्न मतवाद र धार्मिक विचारहरूमा विश्व विखण्डित भइरहन्छ, तबसम्म विश्व-बन्धुत्वको भावना साकार हुन सक्तैन भन्नु नै 'वसुधैव कुटुम्बकम्' को मूल कथ्य हो। 'वसुधैव कुटुम्बकम्' को परिकल्पनालाई साकार पार्न भोकानाङ्गा, अशक्त र दीनदुःखीको उद्धार गर्न सक्ने एउटै मानवधर्म विश्वमा पालन गरिनुपर्छ भन्ने सन्देशात्मक स्वर पनि निबन्धमा मुखरित भएको छ। कथ्यको नाटकीय प्रस्तुति, नयाँ नयाँ व्यङ्गयोक्तिमूलक उपमाहरूको प्रयोग,

प्रगतिशील युगचेतना, भाषिक शिल्प र अभिव्यक्तिकौशलद्वारा हास्य रसको सृष्टि र धार्मिक पाखण्डप्रति निर्मम व्यङ्गय प्रस्तुत निबन्धका मुख्य मुख्य विशेषताहरू हुन्।

## 14.4.5 श्रीधर खनाल (1988)

नेपाली हास्यव्यङ्गय निबन्ध परम्परामा श्रीधर खनाल पनि एक सुपरिचित नाम हो। नेपाली हास्यव्यङ्गय निबन्धका विकासश्रृङ्खलामा उनका हास्यव्यङ्गय निबन्धहरूबाट पनि थप योगदान प्राप्त भएको छ। व्यङ्गयनिबन्धकार श्रीधर खनालको जन्म वि.स. 1988 सालमा काठमाडौंमा भएको हो। श्रीधर खनाललाई हास्यव्यङ्गय-निबन्धकारका रूपमा चिनाउने व्यङ्गयनिबन्धसङग्रह हो-'नमरी संसार देखिन्न' (2020)। यस निबन्धसङग्रहमा 11 वटा निबन्धहरू सङ्कलित छन्। नेपाली जीवनजगतका विकृतिलाई छोटो-छरिती पाराले हँसाई-हँसाई उछित्तो पार्ने ढङ्गले अभिव्यक्ति दिनु खनालको विशेषता हो। जिउँदो छँदा उपेक्षा र असहयोगको भावप्रदर्शन गर्ने सबै व्यक्तिहरू मरेपछि उत्पन्न संवेदन भएर सहानुभूति पोख्तछन्। तिनका गोही आँसुमाथि 'नमरी संसार देखिन्न' निबन्धले प्रस्तुत गरेको छ। 'रानीपोखरीको सेरोफेरो' मा काठमाडौंको विकृतस्थल यता, 'नाइलनको मोजा' मा सामाजिक र चरित्रिक दुर्गन्धलाई प्रस्तुत गर्दै तिनका विकृतिलाई निराकरण गर्ने सन्देश व्यङ्गयात्मक ढङ्गले प्रदर्शन भएको छ। 'विशिष्ट व्यक्ति' र बहुरूपि धुवाँ' जस्ता निबन्धले धाक र रवाफमा विशिष्टता प्रदर्शन गर्ने व्यक्तिका मूल्यलाई व्यङ्गयात्मक ढाचाले उखेल्न प्रयास गरिएको छ। सङग्रहका निबन्धमा खनाल अभ्यास-कालको प्रतिभाका रूपमा देखिन्छन्। तर उनको व्यङ्गयकारको विकसित अवस्था पछिका उनका रचनाबाट प्रस्तुत हुन्छ।

उनमा के विशेषता देखिन्छ भने पातलो हास्यको आवरणमा गहन व्यङ्गयको प्रस्तुतीकरण गर्न र समाजका विसङ्गतिलाई उच्छेद गर्नु उनको प्रमुख विशेषता हो। उनको लेखन अझै पनि क्रियाशील रहेको छ। थोरैमा धेरै भन्न खोज्नु सतहमा गहन अर्थ उभ्याउन खोज्नु उनको विशेषता हो।

**14.5.5 भैरव अर्याल (1993 - 2033) -** भैरव अर्याल नेपाली हास्यव्यङ्गयविधाका मूर्धन्य साहित्यकार मानिन्छन्। नेपाली हास्यव्यङ्गयविधालाई कलागत मूल्य प्रदान गरी त्यसको विधागत सभुन्नयन गर्नमा र त्यस विधालाई साहित्यिक धरातलमा प्रतिष्ठित तुल्याउनमा निबन्धकार भैरव अर्यालको महत्वपूर्ण योगदान रहेको छ। उनका प्रसिद्ध हास्यव्यङ्गय निबन्धसङ्ग्रहहरू हुन्-काउकुती (2019), जयभँडी (2022)। गलबन्दी (2026) र इतिश्री (2028) उनको 'प्रवेशिका निबन्ध' (2027) हास्यव्यङ्ग्येतर निबन्धसङ्ग्रह हो र यसमा निबन्धविधाको सैद्धान्तिक चर्चा र उपयोगी निबन्धहरू समाविष्ट छन्। निबन्धकार भैरव अर्यालमा समाजका कुन कुन अङ्गप्रत्यङ्गमा के कस्ता विकृति, रूग्णता, कुरूपता र कमजोरीहरू छन्, तिनको सम्यक् पहिचान गर्न सक्ने सूक्ष्म यथार्थदृष्टि छ र समाजका ती विकारहरूमाथि बेधक तरिकाले मर्मस्थलमै प्रहार गर्न सक्ने प्रखर व्यङ्गयचेतना पनि छ। आत्मपरक र वस्तुपरक दुवै अभिव्यक्ति प्रणाली अङ्गीकार गर्ने भैरव अर्यालका 'हास्यव्यङ्गय' निबन्धहरूमा पाठकलाई पेट मिचीमिची हँसाउन सक्ने शिल्पगत चमत्कार वा कला पनि बेजोडको छ। सतही रूपबाट हेर्दा उनका निबन्धहरू हाँस्ने-हँसाउने प्रयोजनका लागि मात्र लेखिएका जस्ता लागे पनि भित्री तहसम्म छिचोलेर निबन्धात्मक अन्तवस्तुको विश्लेषण गर्दा सामाजिक विसङ्गतिप्रतिको वेधक व्यङ्गयनै तिनको मूल लक्ष्य हो

भन्ने स्पष्ट हुनआउँछ। सामाजिक विसङ्गतिका दुष्प्रभाव र त्रासद परिणति भोग्न विवश पीडित मानवताप्रति निबन्धकारको गम्भीर सहानुभूति पनि त्यत्तिकै ह्रदयद्रावक छ। यी सबै कुरालाई विचार गर्दा सामाजिक युगबोध, यथार्थवादी चिन्तनदृष्टि, मानवतावाद र मनोरम हास्यमिश्रित प्रखर व्यङ्गयचेतना निबन्धकार भैरव अर्यालका प्रमुख प्रवृत्तिहरू देखा पर्दछन्। निबन्धमा हास्यचेत र व्यङ्गयचेत दुवै सशक्त रहेकाले हास्य र व्यङ्गयको सुन्दर सन्तुलन उनका निबन्धहरूको मुख्य विशेषता मानिन्छ। अक्षरमैत्री र पदमैत्रीको अदभुत मिलन गराई धाराप्रवाहरूपमा अनुप्रासयुक्त गद्यको प्रयोग गर्न सक्नु अर्यालको अर्को शैलीगत विशेषता हो। भैरव अर्यालका निबन्धहरूमा वैयक्तिक व्यङ्गयका साथै सामाजिक, सांस्कृतिक, साहित्यिक, आर्थिक, राजनैतिक एवं राष्ट्रिय - अन्तर्राष्ट्रिय विषम परिस्थितिप्रति पनि व्यङ्गय छ। यसरी उनका निबन्धहरू सङ्कीर्ण वा सीमित परिधिभित्र नखुम्चिएर तिनले व्यापक-विस्तृत परिवेश ओगटेका छन्। ती निबन्धहरूमा कतै आफ्ना चारित्रिक दोष, दुर्गुण र दुर्बलता लुकाएर समाजमा बाहिरी देखौवा आदर्शको खोक्रो आडम्बर भिरी व्यक्तिगत स्वार्थसिद्ध गर्न पल्केका पाखण्डी व्यक्तिका द्वैध चरित्रको मुखुण्डो उघ्रेको छ भने कतै राष्ट्रिय - अन्तर्राष्ट्रिय जीवनका विविध क्षेत्रमा देखापरेका विकृति-विरोधाभास र तिनका त्रासद परिणति भोग्न विवश पीडित मानवताको करूण स्वर पनि गुञ्जेको छ। आधुनिक युगजीवनका विसङ्गति, राजनैतिक-सांस्कृतिक सङक्रमणले निम्त्याएका संस्कारगत द्वन्द्व, छटपटी, असन्तुष्टि दृष्टिगत गर्दा अर्यालको यथार्थवादी व्यङ्गयचेतनामा युगबोधको अभाव छैन भन्ने कुरा स्पष्ट हुन्छ। सारा विकृति विषमतालाई बढारेर मानवताले निर्द्वन्द्व खेल्न पाउने स्वस्थ-स्वच्छ वातावरणको सृजना गर्ने आन्तरिक चाहनाबाटै भैरव अर्यालको

व्यङ्गयचेतना जागा भएको हो भन्न सकिन्छ। मानवतावादको पक्षधर भई सामाजिक दुर्विधान र दुष्कर्मको प्रतिकार गर्नु नै व्यङ्गयनिबन्धकार अर्यालको मूल अभीष्ट हो।

## 14.4.6 घटोत्कच शर्मा (1993 - 2033)

2020 सालपछिका वर्षमा निबन्धलेखनमा क्रियाशील रहने शर्मा हास्यव्यङ्गय निबन्धकारका रूबपमा परिचित छन्। निबन्धको समष्टि रचनामा छोटोछरितोपन, गघमा निजात्मक सरलता उनको विशेषता देखिन्छ। नेपाली  साहित्यकार र सामाचारका पत्रपत्रिकाका सम्पादकका रूपमा काम गर्ने, सम्पादक र प्रकाशक भएर काम गर्ने शर्मा आज 'गोरखापत्र' को प्रधानसम्पादकको भूमिका निर्वाह गरिरहेका छन्। उनमा लेखनको निरन्तरता पनि त्यत्तिकै कायम छ र व्यङ्गयले चाहि धेरै उदासीनता देखाएको छ।

शर्माका व्यङ्गयनिबन्धहरू 'दमाहा' शीर्षकमा सङग्रहीत छन्। यसले नेपाली हास्यव्यङ्गय जगतमा  शर्मालाई परिचित तुल्याएको छ। यसमा जम्मा 24 वटा निबन्ध समावेश भएका छन्। नेपाली समाजः नेपाली संस्कार, नेपाली जीवन आदिमा आएका विकृति र विसङ्गति-लाई प्रस्तुत सङ्कलनका निबन्धले व्यङ्गयका माध्यमले निराकरण गर्दै सुधारको चेतना मुखस्ति हुनुपर्ने कुरा व्यक्त गरेका छन्। काठमाडौं उपत्यकाको सङ्कीर्ण संस्कारका च्यापमा दिनप्रतिदिन थपिदै गएका विषम परिस्थिलाई व्यङ्गयात्मक ढङ्गले निराकरण गर्नुपर्ने चेतनाको प्रसार हुनुपर्ने कुरा आफ्ना निबन्धमा प्रस्तुत गरेका छन्। संस्कृति, साहित्य, राजनीति आदिमा  देखिन आएका विकृतिलाई आमूल निराकरण गर्नुपर्ने कुरा हास्यमिश्रित व्यङ्गयका माध्यमले व्यक्त गर्ने शर्माले निबन्धको

छोटो आयतनभित्र रहेर समाजमा देखिन आएका सम्पूर्ण विसङ्गतिप्रति झटारो प्रहार गर्ने काम गरेका थाहा लाग्छ।

## 14.5 उपसंहार

मान्छेले आदिम युगदेखि नै प्रसन्नता, उपलब्धि र उमङ्गको अवसर पाएका बेला हाँस्ने गर्‍यो। हास्यलाई मान्छेका भावनात्मक उद्रेकको प्रतिच्छाया हो भनेर बुझ्न सकिन्छ। व्यङ्ग्य चाहिँ प्रतिक्रियाका बीजबिन्दुको विकसित बोट हो। हास्यबारे पूर्वीय विद्वानहरूका मतानुसार अग्निपुराणमा स्थापित भएका चारवटा प्रमुख रसमध्ये श्रृङ्गारबाट सृजना भएको हास्य रसपछि व्यञ्जनामूलक अर्थको प्रसङ्ग वहन गर्न थालेपछि प्रयोजनमूलक हाँसो भएर हास्यका ठाउँमा व्यङ्ग्य समेत देखिन थाल्यो। हास्यका प्रथम तहका विभेदरेखा आत्मावलम्बन र परावलम्बनका रूपमा देखिन्छन्। यी दुवै वटा भेदलाई उत्तम, मध्यम र अधमसमेतका भेदले जम्मा छ वटा उपभेद स्वीकारिएका छन्। तेस्रो तहमा गएर उत्तमलाई स्मित र हसित, मध्यमलाई उपहसित र विहसित र अधमलाई अपहसित र अतिहसितजस्ता जम्मा 12 वटा भेदमा विभाजन गरिएको पाइन्छ। पश्चिमी साहित्यशास्त्रले हास्य नाम नदिई ट्रेजडी र कमेडीका रूपमा सुख र दुःख, करूणा र प्रसन्नताका रूपमा दुई खास भेद देखाएको भए तापनि मूलभूत रूपमा हास्य र व्यङ्ग्यका दुई शाखामा विभाजित गरेका छन्। माथि उल्लेख भएका हास्यका तीन वटा तत्त्वहरू निम्नअनुसार प्रस्तुत गर्नु उपयुक्त हुन्छ। जस्तै 1. आकस्मिक वा अप्रत्याशित अवस्थामा जन्मिने हास्य, 2. अज्ञात आलम्बनमा आश्रित भएर जन्मिने हास्य; 3. सुनियोजित आलम्बनमा आश्रित भएर जन्मिने हास्य। यसरी हास्य बाह्य कारणबाट आविर्भाव हुन्छ। इन्साइक्लोपेडिया ब्रिटेनिका अनुसार व्यङ्ग्यको अर्थ के

देखिन्छ भनेः- साहित्यिक विधाका रूपमा हास्यास्पद अभिव्यक्ति प्रस्तुत गर्नु, सामान्य ढङ्गले खिल्ली उडाउनु वा क्षोभ आदि प्रकट गर्नु व्यङ्ग्य हो। सम्पूर्णतामा जीवन एउटा विसङ्गति हो र यसको प्रस्तुति तीव्र व्यङ्गय हो। हाम्रा बँचाइ र भोगाइमा आउने घटनाहरू विदूषणात्मक हास्य हुन्। समष्टिमा जीवन र मृत्युका आलम्बनहरू व्यङ्गयका उपकरण स्वरूप विसङ्गतिहरू हुन्। हाम्रा अवस्थाका असमान विस्थापन र प्रतिस्थापनहरू जीवनका विद्रूपित प्रहसनहरू हुन्। यिनै तथ्यका भुमरीमा हामी सधैँ विद्रूपित जीवन बाँचिरहेका हुन्छौं। यसै विद्रूपित बँचाइलाई हास्यव्यङ्गयले उद्घाटन गरिरहेको हुन्छ।

## 14.6 सार

- हास्य / व्यङग्य दुवै तत्व एकै वस्तु र सन्दर्भको पर्यायवाची अस्तित्व लिएर आएको बुझिन्छ।
- परिणाम के हुनपुगेको देखिन्छ भने हास्यको अभावमा व्यङग्यको सिर्जना नै हुन नसकेको पाइन्छ।
- भारतीय नाट्यशास्त्रका प्रणेता भनेर जानिने भरतमुनिले हास्यलाई विभिन्न अर्थोद्घाटनका आधारमा वर्गीकरण गरेका छन्।
- आत्मस्थ र परस्थ भनी आफूमा रहने र अरूमा रहने हास्यलाई हास्यका प्रथम तहका विभेदरेखा आत्मावलम्बन र वरावलम्बनका रूपमा देखिन्छन्।
- साहित्यिक विधाका रूपमा हास्यास्पद अभिव्यक्ति प्रस्तुत गर्नु, सामान्य ढङ्गले खिल्ली उडाउनु वा क्षोभ आदि प्रकट गर्नु व्यङ्ग्य हो।

## 14.7 अनुशीलनी

(1) विद्वानहरूका मतानुसार हास्यको बारेमा स्वरूपगत चर्चा गर्नुहोस्।

(2) व्यङ्ग्य भन्नाले के बुझिन्छ? यसको स्वरूपबारे विस्तारपूर्वक चर्चा गर्नुहोस्।

(3) नेपाली हास्यव्यङ्ग्य निबन्धको लेखन परम्परामाथि गहकिलो टिप्पणी लेख्नुहोस।

(4) हास्यव्यङ्ग्य निबन्ध लेखन परम्परामा केशवराज पिँडालीको मूल्याङ्कन गर्नुहोस्।

(5) हास्यव्यङ्ग्य निबन्ध लेखन परम्परामा अच्छा राई 'रसिक' को मूल्याङ्कन गर्नुहोस्।

# 14.8 अतिरिक्त अध्ययन

| | |
|---|---|
| 1 - डा. केशवप्रसाद उपाध्याय | **साहित्य-प्रकाश** |
| 2 - रामलाल अधिकारी | **नेपाली निबन्ध यात्रा** |
| 3 - कृष्णविलास पौड्याल | **नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वरप्रसाद कोइराला** |
| 4 – प्रा. नरेश चन्द्र खाती | **अध्ययनः नेपाली निबन्धका** |
| 5 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा | **नेपाली साहित्यको संक्षिप्त इतिहास** |

# 14.9 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

13. हास्य र व्यङ्ग्यमाथि विद्वानहरूका मतहरू ।

..........................................................................................

..........................................................................................

.............................................................................

.........................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 14.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३.पूर्वीय विद्वानहरूका मतानुसार हास्यका प्रकारहरू।

.............................................................................

.............................................................................

.............................................................................

.........................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 14.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४.पाश्चात्य विद्वानहरूका मतानुसार हास्यका प्रकारहरू।

.............................................................................

.............................................................................

.............................................................................

.........................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 14.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. केही प्रमुख हास्यव्यङ्ग्य निबन्धकारहरू।

.............................................................................

.............................................................................

………………………………………………………………………………

……………………

( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 14.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )